# नेपाली

## कक्षा ९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं २०७९

*पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई केन्द्र हार्दिक स्वागत गर्दछ ।*

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुनु आवश्यक छ। विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ। विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप विकास भएको माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रमअनुसार तयार पारिएको पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेटी यो नमुना पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन तथा परिमार्जन कार्य प्रा.डा. ऋषिराम शर्मा, डा. दिनेश घिमिरे, श्री उमेश काफ्ले, श्री टुकराज अधिकारी, श्री इन्दु खनाल र श्री चिनाकुमारी निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, प्रा.डा. कृष्णप्रसाद घिमिरे, डा. देवी नेपाल, श्री विष्णु ज्ञवाली, डा. जानुका नेपाल र गणेशप्रसाद भट्टराई लगायतका महानुभावको विशेष योगदान रहेको छ । यसको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यसमा रचना उपलब्ध गराउने रचनाकार तथा पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ।

पाठ्यपुस्तकलाई शिक्षणसिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ। यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ। सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०७९

# विषयसूची



| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | मेघ बिजुली विवाह | कविता | १ |
| २. | स्वाद | कथा | १० |
| ३. | करेसाबारी | निबन्ध | २५ |
| ४. | निवेदन | निवेदन | ३६ |
| ५. | सत्यमोहन जोशी | जीवनी | ४६ |
| ६. | पर्यावरण सन्तुलन | संवाद | ५८ |
| ७. | कालजित र अजङ्गको राक्षसको कथा | कथा | ६९ |
| ८. | सारङ्गीमा देश | कविता | ८२ |
| ९. | कञ्चनजङ्घालाई नियाल्दा | नियात्रा | ९० |
| १०. | व्यक्तित्व विकासमा विद्यालयको भूमिका | वक्तृता | १०३ |
| ११. | समय पीडा | कथा | ११७ |
| १२. | माइकल फेराडे | जीवनी | १३१ |
| १३. | कार्यालयीय चिठी | चिठी | १४१ |
| १४. | नेपाली लोकबाजा | निबन्ध | १४९ |
| १५. | आमाको तस्बिर | कविता | १५९ |
| १६. | भविष्य निर्माण | कथा | १६८ |
| १७. | परिशिष्ट | सुनाइ पाठ | १७७ |

पाठ १

# मेघ बिजुली विवाह

भरतराज पन्त



बिहा हो यो पक्का जलद बिजुलीको गगनमा
जुरेको यो राम्रो ग्रहगति असारे लगनमा
बजेका हुन् भ्याली झिमझिम गरी बाँसहरुमा
हरीयो दोसल्ला भिरि नग पुरेतै छ विधिमा ।

मयूरीको बोली श्रुतिपथ हुँदा पद्धति भयो
हवाले हल्लेको वन जति सबै मण्डप भयो
थिए शैलश्रेणी उपर कदलीका दल पनि
भए शोभादायी रुचिर चँदुवा नै सरि बनी ।

भइन् पृथ्वी तन्ना, चउर छ गलैँचा मखमली
दुलाहाको रातो झलल पगरी भो हिमचुली
बकुल्लाका ताँती तरल गतिले आज नभमा
उडे जन्ती जस्तै रसबस बढाएर मनमा ।

शब्दार्थ

| | | |
|---|---|---|
| जलद | - | पानी बर्साउने तत्व, बादल |
| दोसल्ला | - | कुनै व्यक्ति विशेषलाई ओढाइने राम्रो खास्टो वा ओढ्ने, कसैलाई सम्मान स्वरूप ओढाइने मूल्यवान् ओढ्ने |
| नग | - | अग्लो डाँडो, पहाड, पर्वत, रुख, वृक्ष |
| श्रुतिपथ | - | श्रवण मार्ग वा बाटो, वेदपथ |
| पद्धति | - | काम गर्ने सिलसिलेवार नियम, कार्यप्रणाली, कार्यविधि |
| मण्डप | - | विवाह, व्रतबन्ध, यज्ञ आदि गर्नका लागि बनाइएको विशेष स्थान, पूजाघर |
| शैलश्रेणी | - | पहाडका शृङ्खला वा लहर |
| कदली | - | केरा |
| रुचिर | - | रुचिअनुसारको, सुन्दर, मनोहर |
| चँदुवा | - | धार्मिक कार्यका लागि मण्डप वा जग्गेका बिचमा टाँगिने चौकुने कपडा |
| पगरी | - | शिरमा फनफनी बेरेर लगाइने कपडा, फेटा |
| नभ | - | पृथ्वी र ग्रह नक्षत्रका बिचको शून्य स्थान, आकाश |

सितारे घुम्टी हुन् चमचम निशाका जुनकिरी
भए ती इन्द्रेनी वसन बहुरङ्गी फिरिफिरी
भयो रातो खास्टो रवि किरणले पश्चिम गिरि
निशाको त्यो कालो तम पटल भो नील कवरी ।

बज्यो छं छं गर्दै सकल रुखमा त्यो समयमा
भयो बज्ने कल्ली गजब दुलहीको पयरमा
अहो ! झल्की झल्कीकन नव बधू आज बिजुली
लुकेकी पर्दामा पलकभरमा क्यै सरम ली ।

सबै प्राणीलाई भुवनभरमा अन्नहरुको
खुवाएकै हो त्यो वर जलदले भोज यसको
सलामी बाजाले घननन गराएर गगन
गयो रानीलाई लिइ ऋतु शरद्मा रस लिन ।

*इन्द्रेनी* - *घामपानी भएको बेला घामको विपरीत दिशातर्फ देखिने अस्मानी, निलो, हरियो, पहेँलो, रातो बैजनी र सुन्तला रङ हुने, धनुका आकारको अर्धवृत्त, इन्द्रधनु*
*वसन* - *कपडा, वस्त्र, लुगा*
*खास्टो* - *बाक्लो ओढ्ने पछ्यौरा*
*निशा* - *रात, रजनी*
*तम* - *अन्धकार, अँध्यारो, अज्ञान*
*पटल* - *कुनै वस्तुलाई ढाक्ने साधन, आवरण*
*कवरी* - *केशपाश, कपालको चुल्ठो*
*कल्ली* - *गोडामा लगाउने सुन वा चाँदीको एक प्रकारको गोलाकार गहना*
*पयर* - *पाउ, गोडा, खुट्टा*
*पलक* - *एकचोटि आँखा झिम्म गर्दा बित्ने समय, पल, छिन*
*भुवन* - *संसार, जगत्, प्रकृतिको सिर्जना*
*सलामी* - *बाजा बजाई विशेष किसिमले अभिवादन गर्ने प्रक्रिया*

## शब्दभण्डार

**१. दिइएका अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) विवाह, व्रतबन्ध आदि शुभकार्य गर्न जुरेको योग

(ख) दुलही

(ग) नओइलाउने एक प्रकारको फूल

(घ) असोज र कात्तिक महिनामा पर्ने ऋतु

**२. दिइएका शब्द र विपरीत अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| रुचि | दिवस |
| आय | अरुचि |
| तरल | निष्क्रिय |
| सक्रिय | ठोस |
| सबल | पतन |
| स्थूल | दुर्बल |
| | सूक्ष्म |
| | व्यय |

**३. दिइएका समान ध्वनियुक्त शब्दको अर्थ पहिचान गरी अलग अलग वाक्यमा प्रयोग गर्नुहोस् :**

खाली खालि फुल फूल शव सब यश यस शीत सित

## बोध र अभिव्यक्ति

**१. दिइएका शब्दको कवितामा लयका निम्ति गरिने उच्चारण र स्वतन्त्र रूपमा हुने उच्चारणमा हुने भिन्नता सुनाउनुहोस् :**

गगन, लगन, झिमझिम, दल, उपर, गजब, मेघ, चमचम, पटल

२. ६ र ११ अक्षरमा विश्राम गरी 'मेघ बिजुली विवाह' कविता वाचन गर्नुहोस् ।

## ३. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'मेघ बिजुली विवाह' कवितामा कतिओटा श्लोक छन् ?

(ख) कविताका हरेक श्लोकमा कतिओटा पङ्क्ति छन् ?

(ग) कविताको कुन श्लोकमा छमछम बज्ने कल्लीको कुरा छ ?

(घ) कविताको तेस्रो श्लोकमा प्रकृतिका कुन कुन वस्तुलाई तन्ना र पगरीसँग तुलना गरिएको छ ?

## ४. दिइएको कवितांश पढी सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :

सितारे घुम्टी हुन् चमचम निशाका जुनकिरी
भए ती इन्द्रेनी वसन बहुरङ्गी फिरिफिरी
भयो रातो खास्टो रवि किरणले पश्चिम गिरि
निशाको त्यो कालो तम पटल भो नील कवरी ।

प्रश्नहरू

(क) रातका जुनकिरी भन्नाले विवाहका सन्दर्भमा कुन कुरा बुझिन्छ ?

(ख) कवितामा इन्द्रेनीलाई कुन रूपमा चिनाइएको छ ?

(ग) विवाहमा दुलहीको रातो पछ्यौरीको काम केले गरेको छ ?

(घ) तम पटल र नील कवरीले के कुरा बुझाएका छन् ?

## ५. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मेघ बिजुली विवाहको मण्डप र चँदुवाको काम के केले गरेका छन् ?

(ख) कविताको पाँचौं श्लोकमा के कुरा व्यक्त गरिएको छ ?

(ग) विवाह मण्डपमा कस्ता कार्य गरिन्छन्, कविताका आधारमा लेख्नुहोस् ।

(घ) कवितामा नेपालको प्रकृतिको वर्णन कसरी गरिएको छ ?

## ६. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ । सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा व्यक्त गर्न सकिँदैन, कविले त्यसलाई एकै पङ्क्तिमा राम्ररी भन्न सक्छ । प्रभातका एकै किरणमा सारा रङ र रूपको रमाइलो ढोका उघ्रन्छ । एकै धर्के प्रिय मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ । आमाको एउटै काखमा आशीर्वादका अनन्त फूल फक्रिन्छन् । स्रष्टाका कलाको तेस्रो आँखाले अर्कै रूप र अर्कै अभिप्राय देख्छ । एक जना अन्तरिक्ष यात्रीले भनेका थिए, "यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु त्यसको वर्णन म गर्न सक्दिनँ । यसका निम्ति कवि नै चाहिन्छ ।" सृष्टिमा जे जति छ, त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन तर कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ । वैशाखी रातमा कुहुकुहु गर्दै जसरी कोइली विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उड्छ र वसन्तलाई बोलाउँछ । बिहानीपख सूर्यका किरण जसरी छिरबिराउन थाल्छन् त्यसरी नै धोबिनी चरीका कलकण्ठबाट उसका चिरबिर वाणी चिरबिराउन थाल्छन् । अरू कोही एक शब्द पनि बोल्न सक्दैनन् तर यसमा कवि सहस्र सुन्दर र सरल शब्द बोल्न सक्छन् । यसरी कविको कवित्व शक्ति अतुलनीय हुन्छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) आशीर्वादका अनन्त फूल कहाँ फक्रिन्छन् ?

(आ) अन्तरिक्ष यात्रीले कविका बारेमा कस्तो अभिव्यक्ति दिएका छन् ?

(इ) सृष्टिको विचित्रता केमा मुखरित हुन्छ ?

(ई) 'कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ' भन्नुको आशय के होला ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'अन्तरिक्ष' र 'विचित्र' शब्दको अर्थ शब्दकोशबाट पहिचान गरी लेख्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यबाट दुईओटा नाम शब्द पहिचान गर्नुहोस् ।

(इ) 'एकै धर्के प्रिय मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ' वाक्यमा प्रयोग भएका विशेषण शब्द पहिचान गर्नुहोस् ।

(ई) अनुच्छेदबाट शब्दको सुरु र बिचमा ह्रस्व उकार लागेका दुई दुईओटा शब्द पहिचान गर्नुहोस् ।

## ७. कविताको पहिलो र दोस्रो श्लोकलाई गद्यमा रूपान्तर गर्नुहोस् ।

**८. व्याख्या गर्नुहोस् :**

भइन् पृथ्वी तन्ना, चउर छ गलैँचा मखमली

दुलाहाको रातो भ्रुलल पगरी भो हिमचुली ।

**९. 'मेघ बिजुली विवाह' कविताको मूल भाव लेख्नुहोस् ।**

**१०. 'मेघ बिजुली विवाह' कवितामा मेघ र बिजुलीलाई दुलहा दुलहीका रूपमा चित्रण गरिए जस्तै अन्य कुन कुन विषयवस्तुलाई के केसँग तुलना गरिएको छ ?**

**११. आकाश गर्जी बिजुली चम्किदा एक्कासि तपाईँको मनमा कस्तो भाव उत्पन्न हुन्छ, साथी साथीबिचमा छलफल गर्नुहोस् ।**

**१२. झमझम पानी परेको समयमा तपाईँलाई कस्तो अनुभूति हुन्छ, साथीबिच छलफल गर्नुहोस् ।**

**१३. नेपाली वर्णमालामा राखिएका वर्णको क्रम र नेपाली शब्दकोशमा राखिएका वर्णको क्रम पढ्नुहोस् अनि दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) नेपाली वर्णमालाको क्रम

(अ) अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः

(आ) क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ

(ख) नेपाली शब्दकोशको क्रम

(अ) अँ, अं, अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ

(आ) क (कँ, कं, क, का, कि, की, कु, कू, कृ, के, कै, को, कौ, क्य, क्र, क्ल, क्व, क्ष)

(इ) ख (खँ, खं, ख, खा, खि, खी, खु, खू, खे, खै, खो, खौ, ख् )

(ई) ग (गँ, गं, ग, गा, गि, गी, गु, गू, गृ, गे, गै, गो, गौ, ग् )

(उ) यसै गरी घ, ङ, च, छ, ज (ज्ञ), झ, ञ, ट, ठ, ड, ढ, ण, त (त्र), थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह वर्णबाट बनेका शब्द पनि शब्दकोशमा सजिलै भेट्न सकिन्छ ।

प्रश्नहरू

(क) शब्दकोशको क्रममा क्ष, त्र, ज्ञ कुन कुन वर्णपछि आउँछन् ?

(ख) कर, कंस, काम, कृषि, क्यारे, क्षय शब्दलाई शब्दकोशको क्रमअनुसार लेख्नुहोस् ।

(ग) आफ्नो कक्षाका पाँच जना साथीको नाम लेख्नुहोस् र तिनलाई नेपाली शब्दकोशको क्रमअनुसार मिलाउनुहोस् ।

(घ) पृथ्वी, ताँती, घुम्टी, श्रुति, ॠतु, किरण शब्दको अर्थ शब्दकोशबाट खोजी कापीमा लेखेर साथीहरूबिच छलफल गर्नुहोस् ।

## १४. दिइएको अनुच्छेद पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

(शिक्षकले कक्षामा कविता प्रतियोगिताको कार्यक्रम राख्नुभएको थियो । उक्त कार्यक्रममा अनिल चौधरीलाई उहाँले कार्यक्रम सञ्चालनको जिम्मा दिनुभएको छ ।)

(अनिल कुर्सीबाट जुरुक्क उठेर दुवै हात जोडी अलिकति निहुरिँदै) नमस्कार ! मलाई कार्यक्रम सञ्चालनको अवसर प्रदान गर्नुभएकामा आदरणीय कक्षा शिक्षक केदार यादवज्यूप्रति (शिक्षकतर्फ फर्केर शिर निहुराउँदै) आभार प्रकट गर्दछु । अब म आसन ग्रहणको कार्यक्रम राख्छु । म यस कार्यक्रमको सभाध्यक्षका रूपमा हाम्रा कक्षाका सहजकर्ता मित्र अब्दुल अहमदलाई आसन ग्रहणका लागि निवेदन गर्दछु । (दुवै हातले अब्दुलतर्फ इसारा गरी मञ्चतिर आउन अनुरोध गर्दै) आसन ग्रहण गर्नुभएकामा अध्यक्षज्यूप्रति आभार व्यक्त गर्दछु (अलिकति झुक्दै अध्यक्षतर्फ फर्केर सम्मान प्रकट गर्दै) । यसपछि आदरणीय शिक्षकज्यूलाई प्रमुख अतिथिको आसन ग्रहण गर्न अनुरोध गर्दछु (अलिकति झुक्दै शिक्षकतर्फ फर्केर आसनपट्टि बस्न इसारा गर्दै) । मित्रहरू, अब सविता पहाडीलाई आफ्नो कविता वाचन गर्न अनुरोध गर्दछु ।

अनिलले कार्यक्रम सञ्चालन गर्दा देखाएको विनयशील व्यवहार जस्तै तपाईं पनि कक्षामा हुन लागेको गीत प्रतियोगिता सञ्चालकको भूमिका अभिनयसहित निर्वाह गर्नुहोस् ।

## सुनाइ र बोलाइ

### १. सुनाइ पाठ १ सुन्नुहोस् र खाली ठाउँमा उपयुक्त शब्द छानी भन्नुहोस् :

(क) 'मैत्रीसूत्र' म देशको हुँ, सबमा .... छर्दै छु म । (एकत्व, महत्त्व, साथीत्व)

(ख) पाखामा खनजोत गर्छु श्रमले .... र लाठे म हुँ । (गर्मी, धर्मी, कर्मी)

(ग) आस्था, मानवता, उदार समता बस्ने .... हुँ म । (गलैँचा, फलैँचा, बगैँचा)

(घ) होली, क्रिस्मसको, पवित्र इदको .... आधार हुँ । (नवीन, ग्रामीण, प्राचीन)

२. **सुनाइ पाठ १ मा नेपाल र नेपालीको पहिचानलाई कसरी चिनाइएको छ, भन्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१ **दिइएको अनुच्छेद पढी रातो रङ लगाइएका शब्दमध्येबाट नाम, सर्वनाम र विशेषण पहिचान गर्नुहोस् :**

विजय र विनय मिल्ने साथी हुन् । उनीहरू सानैदेखि एउटै विद्यालयमा अध्ययन गर्दै आएका छन् । दुवैले आफू आफूमा तिमी भनेर सम्बोधन गर्छन् । उनीहरूको घर बझाङ जिल्लामा पर्छ । विजयका बुबा शिक्षक हुनुहुन्छ । उहाँ गाउँको विद्यालयमा नेपाली विषय पढाउनुहुन्छ । विनयका बुबा कृषिमा आबद्ध हुनुहुन्छ । त्यसैले उहाँलाई दालभातको जोहो गर्न दुःख छैन । उहाँ आधुनिक र व्यवसायमुखी कृषिलाई प्रोत्साहन गर्न सके व्यक्ति, समाज र राष्ट्रकै विकास सम्भव रहेको धारणा राख्नुहुन्छ ।

२. **दिइएको अनुच्छेदबाट नाम, सर्वनाम र विशेषण शब्दको अलग अलग सूची बनाउनुहोस् :**

हिमाली जिल्ला मुस्ताङमा स्याउ, आलु, जौ जस्ता फलफूल तथा अन्नबाली लगाइन्छ । यहाँका मानिस भेडा, च्याङ्ग्रा, चौरीलगायतका पशुपालन गर्छन् । भौगोलिक विकटताले गर्दा केही समय अघिसम्म नुन, तेल, ग्याँस, मटितेल आदि ओसारपसार गर्न कठिनाइ थियो । अहिले भने यातायातको सुविधा भएकाले त्यस्तो समस्या छैन । मुस्ताङमा बाह्रै महिना चिसो हावा चल्छ भने चैत वैशाखमा ठुलो हुरीबतास आउँछ । छिमेकीका बिचमा सुखदुःखमा सहयोग, दया, माया, सद्भाव आदि प्रकट गरी आत्मीय भाव प्रकट गर्छन् । तँ, ऊ, ती मान्छे, यी दाजुभाइ र आफ्ना नातापाता जस्ता कुराले भेदभाव गरी कसैको दुःखमा टुलुटुलु हेरेर बस्ने बानी उनीहरूमा छैन ।

३. **'मेघ बिजुली विवाह' कवितामा प्रयोग भएका मध्ये पाँच पाँचओटा नाम र विशेषण शब्द लेख्नुहोस् ।**

४. **चार चारओटा सर्वनाम र विशेषण शब्द पर्ने गरी मामाघर जाँदाको अनुभव समेटेर अनुच्छेद तयार पार्नुहोस् ।**

५. **दिइएको अनुच्छेदमा शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका शब्द पहिचान गर्नुहोस् :**

मेरो विद्यालय भोलि बिहान ठिक १० बजे सुरु हुन्छ । पहिलो कक्षा नेपाली विषय भएकाले

गोवर्धन गुरुले हामी सबैलाई रमाइलो चुट्किला सुनाउँदै कक्षा प्रारम्भ गर्नुहुन्छ । उहाँ रमाइलो गरी पढाउनुहुन्छ । टिनिनिनी घन्टी बजेर जब उहाँको कक्षा सुरु हुन्छ तब हामी कक्षामा पसिहाल्छौँ ।

**६. 'मेघ बिजुली विवाह' कविताबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका शब्द पहिचान गर्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

**१. दिइएको 'क' र 'ख' को अंशमा आवश्यकताअनुसार पद, पदावली र पङ्क्ति राखी कविता रचना गर्नुहोस् :**

### फूलबारी

(क) ढकमक्क फूल फुल्ने हाम्रो फूलबारी
सयपत्री फूल फुल्ने .... ...........
मखमली......................फूलबारी
रङ्गीचङ्गी ................ फूल.......

(ख) ..............................................
..............................................
..............................................
.................................................

**२. पुस्तकालयबाट देशप्रेमको भाव भएको एउटा कविता खोजी कक्षामा साथीलाई सुनाउनुहोस् ।**

पाठ २

# स्वाद

ध्रुवचन्द्र गौतम





साबुनलगायत अरू पनि कति चिजबिज किन्नु थियो । साबुन कति दिनदेखि सकिएको थियो र नुहाउन नपाएर जिउ मैलो भएको आफैँलाई अनुभव हुन्थ्यो । कपालमा चाया परेको छ । स्वास्नी त त्यसै पनि नुहाउँथी तर लोग्ने चाहिँ साबुन नभईकन नुहाउँदैनथ्यो ।

उसकी स्वास्नी भन्थी, “देशमा यतिका गरिब बस्छन् । कसैलाई साबुन जुर्दैन, तपाईंलाई मात्रै स्वाङ ।”

ऊ भन्थ्यो, “यो के राम्रो कुरा हो त ? आफूले भोग्नै पर्‍यो भन्दैमा गरिबीलाई सुम्सुम्याउने त ? म घृणा गर्छु । प्रत्येक गरिबले आफ्नो गरिबीसित घृणा गर्नैपर्छ ।”

आज बिहानै पनि यस्तो कुरा तिनीहरूका बिच भएको थियो । स्वास्नी नुहाउनमा जोड दिइरहेकी थिई । लोग्ने चाहिँ देशको गरिबीमाथि भाषण दिएर त्यसलाई टार्न खोजिरहेको थियो । अन्त्यमा आज पनि ऊ ननुहाएरै अड्डा गएको थियो ।

अड्डामा ऊ यौटा साधारण कारिन्दा थियो । कैयौँ वर्षदेखि ऊ यसै गरी साधारण थियो । बहाली भएको मितिदेखि ऊ त्यस पदमा आसीन थियो । उसको भाग्य के थियो भने एउटा पद उसले आजीवन पायो । नत्र कति मान्छे त कामै नपाएर फाल्टु भइरहेका छन् ।

*शब्दार्थ*

चाया – कपालको फेदमा जमेको मसिनो बुरबुरे सेतो धुलो
अड्डा – कार्यालय
कारिन्दा – लेखनदासको काम गर्ने व्यक्ति

आज तलब आउने दिन थियो । ऊ बिस गतेदेखि नै तलब आउने दिनलाई व्यग्रतासाथ पर्खिन्थ्यो । ज्यादै ढिला चालले त्यो दिन आइपुग्थ्यो । निश्चय नै यो एउटा दिन चाहिँ सधैँ उसलाई नोकरी गर्न पाएकामा गर्व हुन्थ्यो ।

"कसम !, भोलि नुहाउँछु ल ।" बिहानको नुहाउने बहसलाई उसले यसै भनेर टुङ्ग्यायो र टोपी मिलाउँदै अड्डातिर लाग्यो । स्वास्नी हाँस्न थाली । उसलाई पनि आज तलब बाँड्ने दिन हो भन्ने पत्तो थियो ।

"साबुनैसाबुन किनेर ल्याउनु क्या एक भारी ।" उसले भनी र घरखर्चको हिसाब गर्न कोठातिर पसी ।

ऊ धेरै पढेकी थिइन तैपनि घर चलाउनमा पक्का थिई । त्यो त आफ्नो आम्दानी नै खोटो भएपछि यहाँभन्दा कति घर चलोस् । उसको दोष थियो त यसमा ?

साँढे पाँच बजेतिर लोग्ने आयो प्रसन्न भएर । आउनासाथ भन्यो, "मैले हिसाब गऱ्याभन्दा बढी नै रकम पो आएछ त ?"

"कति बढी ?" स्वास्नीले सोधी ।

"साढे सात रुपियाँ ।"

सुनेर स्वास्नी खुसी भई र सिँगारपटार गर्न हिँडी ।

"अघि नै ठिक्क परेर बस्नुपर्दैन ?" लोग्ने झर्को मान्दै झर्कियो ।

"पाँच मिनेटमा ठिक्क पर्छु, के गर्नु छ र अब, गाजल लाइसक्या छ, कपाल आधा कोरिसक्या छ ।" स्वास्नीले भनी र ऐना हेरी हेरी बाँकी कपाल कोर्न थाली ।

लोग्ने घडी हेर्न थाल्यो ।

आधा घण्टापछि छोरोसहित तिनीहरू निस्के । दुवैको हातमा एक एकओटा झोला थियो । जसमा तलबले भ्याएजति माल कोच्नु थियो । तलबबाट केही रकम तिनीहरूले अपर्झट आइपर्ने घटना र आवश्यकताका लागि छुट्याएका थिए । बिस गतेसम्ममा त्यो रकमबिना कुनै घटना आफ्नो स्वाभाविक चालले बेपत्ता भइदिन्थ्यो ।

"चामल नकिन्ने आज ?" लोग्नेले सोध्यो ।

"छ अझै दुईचार दिनलाई । निकै फारो भो यसपालि ।" स्वास्नीले भनी ।

"अर्को महिनासम्म पुग्छ त ?"

"अँ पुग्छ ? दुईचार दिनपछि किन्नुपर्छ नि किन्न त ।"

त्यति भनेर स्वास्नीले सान्त्वना दिई, चामललाई चाहिने जति रुपियाँ छुट्याइदिएको छ ।

*व्यग्रता* – *व्यग्र हुनाको भाव वा अवस्था, व्याकुलता*
*खोटो* – *काम नलाग्ने*

लोग्ने सन्तुष्ट भएर हिँड्न थाल्यो । आउनासाथ उसले सारा तलब स्वास्नीलाई बुझाइदिएको थियो ताकि स्वास्नीलाई गुनासो नरहोस् र उसलाई अनिश्चिन्तता ।

सबभन्दा पहिले उसले साबुन नै किन्यो । त्यसपछि तेल मसला । स्वास्नीले महिनाबारी खर्चलाई बनाएको लिस्ट हेर्दै ऊ किन्थ्यो । जहाँ अक्षर बुझिन्नथ्यो, त्यहाँ स्वास्नी स्पष्ट पार्दै जान्थी ।

जब स्वास्नीको प्रवृत्ति प्रत्येक चिजमा संशोधन गर्दै जाने देखियो, लोग्ने पड्क्यो ।

"यस्तै हो बजेट ? याँ आएर थप्दै जाने ? मान्छेको मगज तात्दैन कि जिस्क्याएकी तिमीले मलाई" उसले भन्यो बम्कैरै ।

भैगो त भैगो, भोलि पुगेन भने मलाई के, पुगेन भन्दिन्छु ।" स्वास्नीले पनि आफ्नो कुराको सेखी झिकी । त्यसपछि स्वास्नीले लिस्ट संशोधन गर्न छाडिदिई र तिनीहरू जति कागतमा लेखिएको थियो, त्यति मात्र किन्न थाले ।

"अरू केही त बाँकी छैन किन्न ?" अन्त्यमा उसले सोध्यो ।

स्वास्नीले लिस्ट हेर्दै भनी, "पख्नुस्न हेरूँ, छुटपुट छ कि"

लोग्ने डराउन थाल्यो कुनै झिकी पो हाल्छे कि छुटपुट कुरो । झिकी पनि हाली, लिस्टमा नभए पनि, "मेरो चुरा लाउनु थियो, भैगो भोलि लाउँला ।"

त्यसपछि सामान पसलेकै जिम्मा लाएर तिनीहरू तरकारी बजारतिर हिँडे, छोरोलाई डोऱ्याउँदै ।

छोरो थियो चार पुगेर पाँच लागेको । अब बुझ्न थालेको थियो, के पाएदेखि उसलाई प्रसन्नता प्राप्त हुन्छ । त्यसकारण फर्माइस गर्नमा बुबाको विचारमा ऊ आफ्नी आमाभन्दा कम थिएन । फरक यति हो कि छोराको फर्माइस पूरा चाहिँ उस्तो हुन्नथ्यो ।

बजार एकै ठाउँमा भरिभराउ भएर लागेको थियो । मानिस किन्नुभन्दा बढी मोलतोल गरेर आनन्द लिइरहेका थिए । जुन तरकारी किन्नु थिएन वा जुन पहिल्यै किनिसकेका थिए, त्यसको पनि भाउ सोध्दै हिँडिरहेका थिए । किन्नु छैन भने एक रुपियाँ किलो भनेको वस्तुलाई, सुकीमा दिन्छौ भन्थे र हिँड्थे । हरेक ग्राहक आँसु मात्र झार्न बाँकी राखेर महँगीको चीत्कार गरिरहेका थिए ।

एउटा विशाल कोलाहलका बिचबाट बाटो बनाउँदै तिनीहरू हिँडिरहेका थिए ।

छोरो यस्तो ठाउँमा कहिलेकाहीँ मात्र आउन पाउँथ्यो त्यस कारण निकै रमाइलो मानिरहेको थियो । केही बेरपछि नै त्यो भोक लाग्यो पो भन्न थाल्यो । तिनीहरूले बडो कठिनाइसाथ त्यसलाई फकाए, घर जानासाथ मिठाई खान दिने भनेर । घरको वरपर कुनै मिठाई पसल थिएन । यो तिनीहरूलाई पक्का भएकाले यस्तो भनिएको थियो । सायद छोरो चाहिँ यसमा पक्का थिएन ।

*बम्कैरै – रिसका आवेगमा ठुल्ठुलो स्वरले गर्जेर*
*चीत्कार – पीडाले भरिएको चिच्याहट*
*कोलाहल – होहल्ला*

तिनीहरूले काउली किने, आलु किने । लोग्नेले सम्झ्यो, "सागपातमा धेरै भिटामिन हुन्छ, त्यस कारण हामीले स्वास्थ्यमाथि पनि केही ध्यान दिनुपर्छ ।" तिनीहरूले साग किने । लिस्टमा तरकारीको उल्लेख थिएन, स्वास्नीलाई हतार भएर हो कि लेख्न कन्नुपर्ने भएर हो । स्वास्नी महाभारत राम्ररी पढ्थी तर कण्ठ गरेर ।

स्वास्नी भन्दै जान्थी, के तरकारी किन्ने, लोग्ने किन्दै जान्थ्यो ।

"जाऔँ, अब त उचाल्नै नसकिने भयो यो झोला ।" लोग्नेले भन्यो तर झोला पूरा भरेको चाहिँ थिएन । हुन सक्छ उसलाई गह्रौं बढी लागेको होस् ।

अब तिनीहरू फर्किन थाल्छन् । स्वास्नीले त्यसै बखत भनी, "एकफेर मासुतिर हेर्ने कि ?"

"भो, नजाऔँ, महँगो छ ।" लोग्नेले भन्यो, "उसैमा पनि अहिले बाखी काट्छन् रे, भाउ चाहिँ खसीकै लिन्छन् ।"

"हैन, त्यतैतिरबाट जाऔँ र यस्सो सोधौँ त भाउ । खसी काट्या हेर्न छोरो असाध्यै रमाउँछ क्या ।" उसले भनी ।

तिनीहरू त्यतैतिर लागे, जता तिनीहरू एक एक महिना बिताएर जान्थे । छरछिमेकमा चाहिँ प्रचार गरिदिएका थिए छोरो त पूर्वजन्मको वैष्णव रहेछ क्यार, मासु खानै मन गर्दैन अनि ल्याउनु कसको लागि ? तर यो कुरो हैन । मासु पाएका दिन बरु छोरालाई भात बढी रुच्थ्यो ।

खसी काटेको हेर्नुअघि नै माछा बजार देखियो । तिनीहरू किसिम किसिमका माछा पो हेर्न थाले ।

"रहु माछा नखाएको त बर्सौं भइसक्यो ।" स्वास्नीले भनी ।

"नकराऊ, माछामा काँडा धेरै हुन्छन्, छोरालाई अड्क्यो भने ?"

"काँ हुन्छ रहु माछामा ज्यास्ती काँडा ?"

"महँगो हुन्छ नि त ।"

एक ठाउँमा टोकरीमा एउटा मात्र सिङ्गो माछा थियो विशाल रहु । स्वास्नी लोभिई ।

"कतिमा दिने" स्वास्नीले माछा बेच्ने मान्छेसँग सोधी ।

"१२ रुपियाँ किलो । अलिकति घटाइदिन्छु, लानुस् । यही एउटा माछा बाँकी छ, मलाई घर जान पनि हतार छ ।" माछा बेच्नेले भन्यो ।

छोरो माछा देखेर रमायो । किन्ने अड्डी कस्न थाल्यो ।

"कति छ यो माछा तौल गर त" स्वास्नीले भनी ।

माछा बेच्नेले तौल्यो र भन्यो, "पूरा डेढ किलो छ । तपाईंलाई १० रुपियाँ के. जी. को भाउ गरिदिन्छु ।

वैष्णव - विष्णुको उपासना गर्ने व्यक्ति

१५ रुपियाँ दिनुस्, लानुस् ।"

लोग्ने चाहिँ पनि अलि उत्सुक भयो र भन्यो, "महँगो भयो, अलि कम गर न ।"

"१२ रुपियाँ के. जी. को माछा १० रुपियाँ गरिदिएँ तैपनि महँगो भन्नुहुन्छ, यहाँभन्दा कति कम गर्ने । आफूलाई नोक्सान परिसक्यो । हामीले पनि किनेरै ल्याएर बेच्ने हो । यसैबाट दुईचार पैसा कमाएर पेट पाल्नुपर्छ । के गर्नु ।" माछावालले लामो गन्थन गऱ्यो ।

"१० रुपियाँमा सबै देऊ न" स्वास्नीले भनी ।

माछा विक्रेताले एकफेर टोकरीमा बाँकी रहेको त्यो ढाडे माछालाई हेऱ्यो र गम्यो । त्यसपछि भन्यो, "भैगो, सात रुपियाँ के. जी. भो, दश रुपियाँ पचास पैसा दिनुस् न ।"

लोग्नेले खल्ती छाम्यो । खल्तीबाट पाँच रुपियाँ र मोहर निस्क्यो । "के गर्ने, माछा त खानुपर्ने हो, यति सस्तो" उसले रहर र अभाव अनुभव गर्दै भन्यो, "तिमी यहीँ बस, म हेर्छु, चिन्या कोही भेट हुन्छ कि ।"

उसले भर्खर श्याम दाइलाई गोलभँडा मोल्न लागेको देखेको थियो । उसको विचार थियो, जरुरी देखाएर पाँच रुपियाँ माग्छु र आगामी महिनामा तिरिदिन्छु तर धेरै खोज्दा पनि श्याम दाइ फेला परेनन् । फर्कँदा उसले अचानक आफ्नै टोलको बगरे कान्छालाई देख्यो । ऊ आफ्नो पोजिसनको वास्ता नगरी त्यहाँ गयो, माछाको मात लागे झैँ भन्यो, "ए कान्छा दाइ, पाँचोटा रुपियाँ लेऊ त भोलि दिउँला ।"

कान्छाले भन्यो, "अर्काको खसी ज्यालादारीमा काटेको थिएँ, सबै पैसा भर्खरै त्यसैलाई बुझाइसकेँ ।"

उसले सोच्यो, हामी जस्ताले माग्दा झन् गौरव पो मान्नुपर्ने । त्यहाँबाट फर्केर ऊ माछा र स्वास्नी भएका ठाउँमा आयो ।

उसको अनुहार खस्केको थियो । त्यसमा यति सस्तो माछा लिन नपाएको तोड बाँकी थियो । यस्तो थाहा पाएको भए, अघि अरू तरकारी नै किनिन्न थियो ।

"अब ?" उसले स्वास्नीतिर हेरेर भन्यो ।

"शोभासित मागेर ल्याऊँ ?" स्वास्नीले भनी । उसले सम्झी शोभाको घर नजिकै छ र उसको केटाकेटीदेखिकै साथी हो ।

लोग्ने अलिक अनकनायो र माछातिर हेऱ्यो । त्यसपछि भन्यो, "जाऊ न त, तर माछालाई भनेर नमाग्नु नि । औषधी किन्न पुगेन भन न ।"

स्वास्नी लोग्नेको निर्देशनलाई सम्झिँदै गई । त्यतिन्जेल लोग्ने छोराको साथ माछा कुरिरह्यो ।

केही बेरपछि स्वास्नी फर्की । टाढैबाट उसले पाँच रुपियाँको नोट देखाई जुन देखेर लोग्ने पनि साँच्चिकै प्रसन्न भयो ।

*गौरव - महिमा, सम्मान*
*अनकनाउनु - अकमकाउनु, हिचकिचाउनु*

माछा किनेर उसले हातमा झुन्ड्यायो र सपरिवार हिँड्यो । बच्चो पटक पटक बुबाको हातमा झुन्डिएको माछालाई ट्याप्प समाउँथ्यो, छाड्थ्यो र खुसी हुन्थ्यो ।

डेरा पुगेर तिनीहरूले उत्साहसाथ माछा पकाए । त्यसपछि तृप्त भएर माछाभात खाए ।

राती सुत्दाखेरि ११ बजिसकेको थियो । तिनीहरूलाई कुनै समारोह र भोजको वास्तविक आनन्द आज कति वर्षपछि प्राप्त भएको थियो, त्योभन्दा बढी सस्तो माछा पाएको आनन्द, जसलाई भोलि छरछिमेकमा गर्वसाथ बयान गर्न सकिन्छ ।

सुत्नुअघि दुवैले कबुल गरे, "माछाको स्वाद ज्यादै मिठो थियो, अविस्मरणीय ।"

स्वास्नीले भनी, "यो स्वाद अब एक महिनासम्म मुखैमा झुन्डिरहन्छ ।"

लोग्नेले भन्यो, "अब अर्को महिनासम्म केही नखाए पनि हुन्छ त्यसो भए, न माछा न मासु । बरु शोभाको पाँच रुपियाँ भोलि नै तिरिदेऊ लगेर, राख्नुहुन्न ।"

"तिर्ने कसरी नि ?" स्वास्नीले सोधी ।

लोग्ने निदाउँदा निदाउँदै भन्यो, "कि ओखतीलाई छुट्याएको खर्चबाट तिरिदेऊ कि कोही अरूसित पैँचो मागेर, तर यो पैसा चाहिँ अब अर्को तलब नआई तिरिन्न ।

*उत्साह* – *हौसला, फुर्ती, जोस*

*तृप्त* – *सन्तुष्ट, अघाएको*

*अविस्मरणीय* – *बिर्सन नसकिने*

*पैँचो* – *पछि फिर्ता गर्ने गरी कसैसँग लिने वा कसैलाई केही दिने काम*

## शब्दभण्डार

### १. दिइएका शब्दको अर्थ लेख्नुहोस् :

बहाली, गर्व, फारो, भाउ, ज्यास्ती, नोक्सानी, अड्डी, तोड, टोकरी

### २. कथामा याँ, गऱ्या, सक्या, पाँचोटा, चिन्या, काट्या, काँ, पख्नुसन्, लानुस् जस्ता बोलीचालीमा प्रयोग गरिने शब्द आएका छन् । पाठको सन्दर्भ ख्याल गरी उक्त शब्दका शुद्ध रूप लेख्नुहोस् ।

### ३. कथामा प्रयोग भएका निम्नलिखित टुक्काको अर्थ बुझी वाक्यमा प्रयोग गर्नुहोस् :

खोटो हुनु, अड्डी कस्नु, मुखमै झुन्डिनु, सेखी झिक्नु

### ४. दिइएको अनुच्छेदमा प्रयोग भएका उखान टिप्नुहोस् । साथीसँग मिली अन्य पाँचओटा उखान खोजेर तिनका अर्थबारे छलफल गर्नुहोस् :

जाँगरप्रसाद मिहिनेती छन् । इलमीका भागमा दुध र भात हुने भइहाल्यो त्यसैले उनलाई जीवन चलाउन दुःख छैन । एक दिन उनका छिमेकी अल्छीप्रसाद आए र भने, "के दुःख गर्छौ, जाँगरप्रसाद ? खुरुखुरु बसेर खान छाडेर ।" जाँगरप्रसादले भने, "अहिले दुःख गरेर केही जोरजाम गऱ्यो भने बुढेसकालमा बसेर खान पाइन्छ, अघिको तितो पछिको मिठो भन्ने थाहा छैन ?" जाँगर न साँगर खाने बेलामा आँ गर् गरेर हुन्छ ? त्यसपछि अल्छीप्रसाद त्यहाँबाट हिडेँ । अलि पर पुग्दा एक जना मान्छेले गोरुलाई लखेट्दै थियो । अल्छीप्रसादले सोधे, "किन गोरु लखेट्दै छौ ? त्यस मान्छेले भन्यो, "हेर्नुहोस् न कत्रो मिहिनेत गरेर साग छरेको थिएँ । गोरुले सखापै पारेछ । रातभरि करायो दक्षिण हरायो झैँ पो भयो त ।" त्यस मान्छेले अल्छीप्रसादलाई भनेछ, "ए अल्छीप्रसाद काम नगरेर के लखरलखर डुल्दै हिँडेको तिमी, पछि दुःख पाउला नि । दिन उजेली सुती गुमाई, रात उजेली बिस्कुन सुकाई गरेर पनि कहीँ जीवन चल्छ ?"

### ५. दिइएको अनुच्छेद पढी अनुकरणात्मक शब्द पहिचान गर्नुहोस् :

सानो कान्छो लुरुलुरु आयो । पिर्कामा थपक्क बस्यो । आमासँग अलिकति पानी मागेर भन्यो, "थोरै पानी दिनुस्, यो दबाइ घुटुक्क निल्छु ।" आमा जुरुक्क उठ्नुभयो र सरासर गाग्रो भएको ठाउँमा जानुभयो । आमाले अम्खोरामा पानी सारेर दिनुभयो । सानो कान्छाले अम्खोराबाट घटघट पारेर सबै पानी खायो ।

६. **दिइएका अनुकरणात्मक शब्द र तिनले जनाउने कार्यबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| फटाफट | ओढ्नु |
| गम्लङ्ङ | हेर्नु |
| घ्याच्च | उज्यालो हुनु |
| कपाकप | हिँड्नु |
| छ्याङ्ग | रोकिनु |
| गलल्ल | हावा चल्नु |
| हुरुरुरु | उठ्नु |
| | खानु |
| | हाँस्नु |

## बोध र अभिव्यक्ति

१. **तल दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

घृणा, भाषण, स्वास्थ्य, टोकरी, सान्त्वना, गह्रौँ, महँगो, ज्यालादारी, विक्रेता

२. **'स्वाद' कथाका अनुच्छेद पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका शब्दको अक्षर संरचना पढ्नुहोस् र पाठबाट अक्षर सङ्ख्या फरक भएका पाँचओटा शब्द टिपी तिनको अक्षर संरचना देखाउनुहोस् :**

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| ऊ | उ | एक |
| त | त | एक |
| दोषी | दो.सि | दुई |
| पत्तो | पत्.तो | दुई |
| स्वाभाविक | स्वा.भा.बिक् | तीन |

## ४. 'स्वाद' कथाको संरचनासँग सम्बन्धित प्रश्नको उत्तर भन्नुहोस् :

(क) कथाको प्रारम्भ कुन सन्दर्भबाट गरिएको छ ?

(ख) कथाको संवादमा कति जना पात्र उपस्थित छन् ?

(ग) कथाको अन्त्य कुन घटनाबाट भएको छ ?

(घ) कथाले कहाँको परिवेश अँगालेको छ ?

## ५. दिइएको कथाको अंश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

अड्डामा ऊ यौटा साधारण कारिन्दा थियो । कैयौँ वर्षदेखि ऊ यसै गरी साधारण थियो । बहाली भएको मितिदेखि ऊ त्यस पदमा आसीन थियो । उसको भाग्य के थियो भने एउटा पद उसले आजीवन पायो । नत्र कति मान्छे त कामै नपाएर फाल्टु भइरहेका छन् ।

आज तलब आउने दिन थियो । ऊ बिस गतेदेखि नै तलब आउने दिनलाई व्यग्रतासाथ पर्खिन्थ्यो । ज्यादै ढिला चालले त्यो दिन आइपुग्थ्यो । निश्चय नै यो एउटा दिन चाहिँ सधैँ उसलाई नोकरी गर्न पाएकामा गर्व हुन्थ्यो ।

"कसम !, भोलि नुहाउँछु ल ।" बिहानको नुहाउने बहसलाई उसले यसै भनेर टुङ्ग्यायो र टोपी मिलाउँदै अड्डातिर लाग्यो । स्वास्नी हाँस्न थाली । उसलाई पनि आज तलब बाँड्ने दिन हो भन्ने पत्तो थियो ।

"साबुनैसाबुन किनेर ल्याउनु क्या एक भारी ।" उसले भनी र घरखर्चको हिसाब गर्न कोठातिर पसी ।

### प्रश्नहरू

(क) आफ्नो जागिरप्रति 'ऊ' पात्रको धारणा कस्तो थियो ?

(ख) पात्रले नुहाउन नसक्नाको कारण के हो ?

(ग) श्रीमती किन कोठाभित्र पसिन् ?

(घ) अनुच्छेदमा रहेको 'एउटा पद आजीवन पाउनु' भन्नुको आशय के हो ?

## ६. कथा पढी दिइएका संवाद कसले कोसँग भनेका हुन्, पहिल्याउनुहोस् :

(क) साबुनैसाबुन किनेर ल्याउनु क्या एक भारी ।

(ख) मैले हिसाब गर्‍याभन्दा बढी नै रकम पो आएछ त ?

(ग) सागपातमा धेरै भिटामिन हुन्छ ।

(घ) मलाई घर जान पनि हतार छ ।

(ङ) अर्काको खसी ज्यालादारीमा काटेको थिएँ, सबै पैसा भर्खरै त्यसैलाई बुझाइसकेँ ।

**७. कथामा आएका महिनाभरिको थप कमाइ साढे सात रुपियाँ, माछाको मूल्य सात रुपियाँ के.जी, एक रुपियाँ किलो तरकारी जस्ता भनाइबाट कथामा वर्णन गरिएको समय कति पहिलेको हो, अनुमान गर्नुहोस् ।**

**८. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'स्वाद' कथाका लोग्ने र स्वास्नी पात्रका चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।

(ख) कथामा नेपाली समाजको आर्थिक समस्यालाई कसरी चिनाइएको छ ?

(ग) कथाको मुख्य सन्देश के हो ?

**९. दिइएका घटनालाई कथाअनुसार क्रम मिलाएर लेख्नुहोस् :**

(क) स्वास्नीले नुहाउन जोड दिनु

(ख) लोग्नेले साबुन सकिएर राम्रोसँग नुहाउन नसक्नु

(ग) तलब आउने दिनको प्रतीक्षामा रहनु

(घ) स्वास्नीले शोभासँग पाँच रुपियाँ सापटी माग्नु

(ङ) एउटा अड्डामा साधारण कारिन्दाका रूपमा काम गर्दै आउनु

(च) पैसा पाउनासाथ किनमेलका लागि बजार जानु

**१०. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

गुल्मी र कफीको साइनो धेरै घनिष्ट छ । धेरै मान्छे गुल्मीको नाम सुन्दै कफी उच्चारण गर्न छुटाउँदैनन् । जिल्ला भित्रिने जोसुकैको चाहना गुल्मीको अर्गानिक कफीको स्वाद लिने हुन्छ। जिल्लाभित्र थुप्रै धार्मिक एवम् पर्यटकीय स्थल भए पनि कफीले सबैको शिर उचो बनाएको छ । गुल्मीलाई कफी खेतीको पकेट क्षेत्र पनि भनिन्छ । करिब ८० वर्षअगाडि स्थानीय हिरा गिरीले बर्माबाट ल्याएर कफीको बिरुवा हालको मुसीकोट नगरपालिकामा पर्ने आँपचौरमा रोपेका थिए। त्यो बिरुवा बारीमा फल्यो तर गाउँलेलाई के हो भन्नेबारे जानकारी भएन। तत्कालीन राजा वीरेन्द्र २०३८ सालमा जिल्ला भ्रमणकै क्रममा आँपचौर पुगेर कफीको अवलोकन गरेको इतिहास बुढापाकाहरू सुनाउँछन् । त्यसपछि कफी भन्ने पुष्टि भएको हो । सोही ठाउँमा व्यावसायिक

कफी खेती गर्न उनले नै किसानलाई प्रोत्साहन गरेका थिए । स्थानीयले राजा वीरेन्द्रसँग कफी प्रवर्धन कार्यक्रमको माग राखे । सोहीअनुसार २०४२ सालमा नेपालमा पहिलो पटक आँपचौरमै कफी विकास केन्द्रको स्थापना भयो । सोही ठाउँमा कफी कुलोको समेत निर्माण गरिएको थियो । उत्पादन राम्रो हुँदै गएपछि जिल्लाका अन्य स्थानमा कफीखेती विस्तार भयो । जिल्लाकै सबैभन्दा धेरै कफी खेती मुसीकोट नगरपालिकामै हुन्छ । कफी विज्ञका अनुसार गुल्मी नेपालमै धेरै कफी उत्पादन हुने जिल्ला हो । जिल्ला भित्रिने पाहुनालाई कफीले नै स्वागत गर्ने गरिन्छ । जिल्लाबाट फर्कनेले उपहारका रूपमा कफी लैजाने परम्परा नै बनेको छ ।

**(क) उत्तर दिनुहोस् :**

(अ) गुल्मीमा कफीको उत्पादन कहिलेदेखि सुरु भएको मानिन्छ ?

(आ) नेपालमा पहिलो पटक कफी विकास केन्द्रको स्थापना कहिले भयो ?

(इ) नेपालमा कफी खेतीको सुरुआत कसरी भयो ?

(ई) गुल्मीलाई किन कफी खेतीको पकेट क्षेत्र मानिन्छ ?

**(ख) भाषा संरचना पहिचान गर्नुहोस् :**

(अ) 'व्यावसायिक' शब्दको अर्थ स्पष्ट पार्नुहोस् ।

(आ) 'छुटाउँदैनन्' र 'भयो' क्रियापदको धातु पहिचान गर्नुहोस् ।

(इ) अनुच्छेदबाट एउटा सकर्मक र एउटा अकर्मक वाक्य पहिचान गरी लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दीर्घ ईकार लागेका शब्द पहिचान गरी लेख्नुहोस् ।

**११. 'स्वाद' कथामा नेपाली समाजका कस्ता सामाजिक तथा सांस्कृतिक विषयको चर्चा गरिएको छ, लेख्नुहोस् ।**

**१२. व्याख्या गर्नुहोस् :**

आफूले भोग्नै पर्‍यो भन्दैमा गरिबीलाई सुम्सुम्याउने त ? म घृणा गर्छु । प्रत्येक गरिबले आफ्नो गरिबीसित घृणा गर्नैपर्छ ।

**१३. दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) 'स्वाद' कथाले चर्चा गरे जस्तै हाम्रो समाजमा गरिबीको पीडा छ त, तर्क दिनुहोस् ।

(ख) जीवनका दैनिक आवश्यकतासम्म पूरा गर्न धौ धौ हुने नेपाली समाजको वास्तविकतालाई कथाले कसरी प्रस्तुत गरेको छ, समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

## १४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

रमेशले शनिबार घुम्न जाँदा गहुँको रोटी खाजा लगेछन् । रमिलाले पाउरोटी खाजा लगिछन् । रमेश र रमिलाले आआफ्ना खाजाका बट्टा नजिकै राखेका वेला रोटी र पाउरोटीले आपसमा कुरा गरेछन् । रोटीले सोधेछ, "तपाईं त बडो नरम हुनुहुन्छ जस्तो छ ? पाउरोटी भन्ने तपाईं नै हो ?" पाउरोटीले भनेछ, "हैन तपाईं त बडो च्याप्टो हुनुहुँदो रहेछ। हुन त म पनि अलि अलि च्याप्टै छु । तपाईंको नाम रोटी होइन र ? च्याप्टो भएकाले च्याप्टी नाम हुनुपर्ने !" रोटीलाई रिस उठेछ, "हेर्नुहोस्, पाउरोटीज्यू, तपाईं मेसिनबाट निस्केर बडो नरम छु भन्दैमा धेरै फुर्ती नलाउनुहोस् ।" पाउरोटीले पनि भनेछ, "म त मेसिनबाट बनेकाले नरम छु । तपाईं त तावाबाट बन्नुभएको होइन ?" रोटीले हो भनेछ र उल्टै पाउरोटीलाई सोधेछ, "तपाईं जति नरम भए पनि म जस्तो पोसिलो र तागतिलो हुनुहुन्न जस्तो छ ?" यतिकैमा नजिकै कसैले खसालेको गहुँको दानो गहुँप्रसादले रोटी र पाउरोटीको कुराकानी सुनेछ, त्यसले भनेछ "विवाद नगर, तिमीहरू दुवै मेरा सन्तान हौ ।"

घरमा बनाएका खाजा र पसलबाट किनेर ल्याएका यस्तै अन्य खाजाको तुलना गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# सुनाइ र बोलाइ

## १. सुनाइ पाठ २ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) युवकको मामाघरमा कुन कुन कुरा थिए ?

(ख) युवकको मामाघरको गाउँ कस्तो थियो ?

(ग) युवक के कुराले झल्याँस्स भए ?

(घ) एक मुठो अखबार किन ल्याएका रहेछन् ?

## २. यस लघुकथाको सन्देश के हो, सुनाइ पाठ २ का आधारमा भन्नुहोस् ।

# भाषिक संरचना र वर्णविन्यास

## १. दिइएको अनुच्छेदबाट क्रियापदका धातु पहिचान गर्नुहोस् :

उसले भर्खर श्याम दाइलाई गोलभैँडा मोल्न लागेको देखेको थियो । उसको विचार थियो, जरुरी देखाएर पाँच रुपियाँ माग्छु र आगामी महिनामा तिरिदिन्छु तर धेरै खोज्दा पनि श्याम दाइ फेला परेनन् । फर्कँदा उसले अचानक आफ्नै टोलको बगरे कान्छालाई देख्यो । ऊ आफ्नो पोजिसनको वास्ता नगरी त्यहाँ गयो, माछाको भात लागे झैँ भन्यो, "ए कान्छा दाइ, पाँचोटा रुपियाँ लेऊ त भोलि दिउँला ।"

## २. उदाहरणमा दिइए जस्तै 'हिँड्', 'भन्', 'सुत्', 'लेख्' धातुबाट क्रियापद निर्माण गर्नुहोस् :

उदाहरण

'बस्' : बस्यो, बस्छ, बस्ला, बस्दै छ, बस्ने छ, बसेको छ, बसिन्छ, बसेछ, बस्थ्यो, बसुन्, बसेस्

## ३. कथामा भएको उसले भर्खर .... दिउँला अनुच्छेदमा भएका कृदन्त शब्दबाट धातु पहिचान गर्नुहोस् ।

## ४. दिइएको अनुच्छेद पढी रातो रङ लगाइएका शब्दको धातु छुट्याउनुहोस् :

पद्मप्रसाद आफूले पढेको पुस्तक च्याकमा राखेर हँसिलो अनुहार लगाउँदै घुम्न हिँडे । बाटामा प्रहरीले चोरलाई पक्राउ गरी लाँदै रहेछ । वास्तवमा प्रहरी भनेका त समाजको रक्षा गर्ने व्यक्ति नै रहेछन् ।

## ५. दिइएको अनुच्छेद पढी सकर्मक र अकर्मक क्रियापद पहिचान गर्नुहोस् :

दधिराम दैलेख पुगे । उनले दुल्लुमा समरसिंहलाई भेटे । त्यहाँ गङ्गाराम गीत गाउँदै थिए । बबरप्रसाद नाच्दै थिए । त्यहाँ मानिस नाच हेर्दै थिए । कोही मानिस हाँस्दै थिए । त्यसै वेला सानुमैया जुरुक्क उठिन् । उनले साथीलाई नहाँस्न भनिन् । मानिसले प्रतिभा देखाउँदै छ । हामीले हौसला दिनुपर्छ । हामी कोही पनि नहाँसौँ ।

## ६ सकर्मक र अकर्मक क्रियापदबारे थप स्पष्ट हुन दिइएको संवाद पढ्नुहोस् :

सकर्मक : नमस्कार अकर्मक क्रियाज्यू, तपाईंको नाम किन अकर्मक भयो ?

अकर्मक : नमस्कार, ल ! सकर्मकज्यू, तपाईंका क्रियाले कर्म लिन्छन्, त्यसैले तपाईं सकर्मक भनेर चिनिनुहुन्छ । मेरा क्रियाका लागि कर्म नै चाहिँदैन । त्यसैले त म अकर्मक हुँ ।

सकर्मक : ए, त्यसो पो ! कसरी चिन्ने त तपाईंले कर्म लिनुहुन्न भनेर ?

अकर्मक : ल, सुन्नुहोस् । यो त कर्म लिने र नलिने आधारमा नै छुट्याउने हो । क्रियासँग 'के' र 'कसलाई' भनी प्रश्न सोध्दा उत्तरका रूपमा कर्म आउने भएकाले सकर्मक क्रिया भनिएको हो नि त । 'म खेल खेल्छु' वाक्यमा के खेल्छौ भनेर प्रश्न गर्दा खेल उत्तर आयो यसमा, 'खेल्छु' क्रियाले 'खेल' कर्म लियो । त्यसैले 'खेल्छु' क्रिया सकर्मक क्रिया भयो नि । अझै भूतकालको क्रिया हुँदा त कर्तामा 'ले' विभक्ति पनि लाग्छ । जस्तै : मैले खेल खेलेँ ।

सकर्मक : ए, त्यसो भए, अकर्मकज्यू चाहिँ क्रियाका अगाडि 'के' र 'कसलाई' भन्ने प्रश्नको उत्तरमा कर्म नआउने भएकाले अकर्मक हुनु भा ?

अकर्मक : हुन त हो तर त्यति 'के' र 'कसलाई' प्रश्नको उत्तर नआउने आधारमा मात्र म अकर्मक भन्ने बुझ्नु हुँदैन, राम्ररी थप कुरा बुझ्न गुरुलाई सोध्नू नि, ल अहिलेलाई फोन राखेँ ।

७. **सकर्मक र अकर्मक क्रियापदको प्रयोग गरी आफूले मनाउने एउटा पर्वको वर्णन गर्नुहोस् ।**

८. **दिइएका शब्द पढी सुरु, बिच र अन्तिममा दीर्घ ईकार भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :**

दीप, नवीन, परीक्षा, भनी, दिदी, डोटी, एकीकरण, समीभवन, नेपाली, इलमी, सीता, हीन, असी, सीमा, टीका, प्रार्थी, त्यागी, समीक्षा, भवदीय

९. **पाठमा प्रयोग भएका सुरु, बिच र अन्तिममा दीर्घ ईकार भएका शब्द पहिचान गरी साथीहरूसँग छलफल गर्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् :**

(क) एक जना किसान आफ्नी छोरीलाई लिएर ठुलो रेस्टुरेन्टमा जानु

(ख) छोरीका लागि एक प्लेट मात्र मिठाई माग्नु

(ग) एकछिनमा एक प्लेट मिठाई लिएर कामदार आउनु र छोरीलाई दिनु

(घ) उसले टुलुटुलु होटलको चारैतिर हेर्नु

(ङ) कामदारले किसानलाई 'अरू के ल्याऊँ' भनेर सोध्नु

(च) छोरी वादविवाद प्रतियोगितामा प्रथम भएपछि होटेलमा मिठाई खुवाउने वचन गरेकाले आउनु

(छ) दश दिनदेखिको पैसा जम्मा गरेर मिठाई खुवाउन आएको कुरा गर्नु

(ज) कामदारले होटेलवालालाई त्यो कुरा गरेको एकछिन पछि होटेलवाला आफैँ थप एक प्लेट मिठाई लिएर आउनु

(झ) अनौठो मान्दै आफूले मिठाई नमागेको कुरा गर्नु

(ञ) होटेलवालाले तपाईंकी छोरीको हौसलाका लागि हाम्रातर्फबाट उपहार हो भन्नु

(ट) श्रीमतीका लागि किसानले मिठाई घर लान खोज्नु

(ठ) होटेलवालाले घरको लागि छुट्टै पोका उपहारकै रूपमा तयार पारेका छौं, यो तपाईंका लागि हो खानुहोस् भन्नु

(ड) किसान ज्यादै खुसी हुनु

(ढ) सन्तानले राम्रो गर्दा आमाबुबा खुसी हुनु र गौरव बढ्नु

२. **सामाजिक विषयवस्तुमा लेखिएको कुनै एक कथा खोजी त्यसको विषयवस्तु र सन्देश कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ३

# करेसाबारी



घरले चर्चेको र आँगनले ओगटेर बाँकी रहेको जग्गालाई करेसो भनिन्छ । करेसाबारी चाहिँ घरनजिकैको सानो जग्गामा विभिन्न प्रकारका तरकारी खेती गरिने बारी हो । व्यावसायिक तरकारी खेतीबालीबाट बजारमा पठाइने तरकारी नै अहिले अधिकांश भान्सामा पाक्ने तरकारीको मुख्य स्रोत हो । व्यावसायिक ढङ्गले गरिने खेतीबालीमा रासायनिक मल, कीटनाशक औषधी प्रयोग गरिने हुँदा खानेकुरामा प्रयोग गरिने यस्ता रसायन सोझै हाम्रो शरीरमा भित्रिन्छन् । क्यान्सर, मिर्गौला र मुटु रोग जस्ता समस्या देखिनुको मुख्य कारण विषाक्त सागसब्जीको उपयोग पनि हो । त्यसैले विषादीरहित तरकारी सेवन गरेर स्वस्थ हुन करेसाबारीमा तरकारी खेती गर्नु जरुरी छ । भूगोल र मौसमअनुसार त्यस्ता बालीका विभिन्न प्रजाति करेसाबारीमा मिलाएर लगाउनुपर्छ । आफ्नै करेसाबारीमा ताजा, गुणस्तरीय र अर्गानिक तरकारी उत्पादन गरेर सजिलै पारिवारिक आवश्यकता पूरा गर्न सकिन्छ । हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ र वातावरण पनि स्वच्छ बन्न पाउँछ । आफ्नै करेसाबारीमा ताजा तरकारी फलाउने अभियान हरेक घरबाट सुरु गर्नु उपयुक्त हुन्छ ।

करेसाबारीका लागि जमिनको रेखाङ्कन र व्यवस्थापन कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । करेसाबारीमा तरकारी खेती गर्दा खाली जमिनको सदुपयोग हुन्छ । यस्तो खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्छ । करेसाबारीका लागि छुट्याइएको जमिनमा पर्खाल वा बाँस लगाई बारबन्देज गर्नुपर्छ । निश्चित

*शब्दार्थ*

*प्रजाति — प्राणी वा वनस्पतिका प्रमुख जातिको कुनै शाखा*

*प्राङ्गारिक — पातपतिङ्गर कुहाएर बनाइएको*

ठाउँमा खाडल खनी कम्पोस्ट मल बनाउनु उपयुक्त हुन्छ । नर्सरीका लागि पाहारिलो ठाउँ छुट्याउने, ससाना सुर्का बनाउने, सुर्काका बिचमा बाटो राख्ने जस्ता कार्य गरी जमिनको व्यवस्थापन गर्न सकिन्छ । करेसाबारीको छेउकुनाको बारबन्देज गरेको ठाउँमा लहरे तरकारी लगाउँदा थाँका दिनु पर्दैन । त्यस्ता तरकारीहरू करेसाबारीकै बारमा पनि लहराउने सम्भावना रहन्छ । यसअन्तर्गत वर्षामा फर्सी, लौका, घिरौँला, करेला, बोडी आदि र हिउँदमा सिमी, केराउ आदि लगाएर मौसमअनुकूल फाइदा लिन सकिन्छ । सुर्काका आलीमा जरे तरकारी लगाउने, बिचका सुर्कामा मौसमअनुसारका उपयुक्त तरकारी लगाउने गर्नाले थोरै जमिनको धेरै उपयोग हुन जान्छ ।

करेसाबारीमा थोरै जग्गाबाट धेरै उत्पादन लिन प्रभावकारी रूपमा जमिनको व्यवस्थापन गर्नु आवश्यक हुन्छ । यसका लागि मुख्य बालीसँगै सहायक बाली उत्पादन गर्न सकिन्छ । एउटा मुख्य बाली भएको ठाउँमै तरकारी बाली रोपेर गरिने खेतीलाई घुसुवा बाली भनिन्छ । यसरी खेती गर्दा पहिले लगाएर हुर्किसकेको बाली हटाउने वेलासम्म अर्को नयाँ तरकारी बाली पनि तयार भइसकेको हुन्छ । एकै जातको वा फरक जातको भए पनि यदि एकै पटक उत्पादन हुने तरकारी छ भने त्यसलाई समय अघिपछि पारेर लगाउँदा नियमित रूपमा तरकारी उत्पादन हुने गर्छ । यसो गरियो भने कहिले खाएरै नसकिने धेरै तरकारी उत्पादन हुने र कहिले करेसाबारीमा तरकारी नै नहुने अवस्था रहँदैन । कम्पोस्ट खाडल खनेको वरिपरि मुला, गाजर जस्ता जरेबाली लगाउन सकिन्छ । खाडलको वरिपरि लहरे बाली लगाउँदा कम्पोस्ट मलको संरक्षण पनि हुन्छ । करेसाबारीमा लसुन, प्याज, पुदिना बाली लगाउँदा अन्य बालीलाई समेत विभिन्न किराको प्रकोपबाट जोगाउन सकिन्छ । यसरी समग्रमा बारबन्देज गरेको ठाउँमा लहरे तरकारी, ड्याङमा जरेबाली र बाटाको छेउछाउमा केराउ जस्ता कोसेबाली लगाउँदा ठाउँको समुचित प्रयोग र प्रभावकारी व्यवस्थापन हुन जान्छ ।

करेसाबारीमा खेती गर्नेले खेती प्रविधिसँग समेत परिचित हुनु जरुरी हुनाका साथै करेसाबारीमा रोपिने तरकारीको विविधताका बारेमा पनि त्यत्तिकै जानकारी हुनु आवश्यक छ । जमिनको तयारी गर्दा जमिनलाई राम्ररी खनजोत गरी माटो खुकुलो र बुर्बुराउँदो पार्नुपर्छ । सम्भव भएसम्म जङ्गलको माथिल्लो तहको माटो प्रयोग गरी माटामा प्राङ्गारिक पदार्थको मात्रा बढाउन सकिन्छ । चिम्ट्याइलो माटो छ भने त्यसमा प्रशस्त रूपमा प्राङ्गारिक मलको मात्रा मिसाउनुपर्छ । खनजोत गर्ने क्रममा उक्त ठाउँमा रहेका बालीका अवशेषलाई माटामुनि पुरिदिँदा पछि सडेर बिरुवाका लागि खाद्यतत्त्व बन्न जान्छ । करेसाबारीमा रोपिने तरकारी एक थरी सिधै रोपिने र अर्को थरी नर्सरीमा बेर्ना तयार पारी रोपिने खालका हुन्छन् । सिधै लगाउन सकिने बालीमा बोडी, केराउ, मुला, गाजर, मेथी, पालुङ्गो, चम्सुर आदि हुन् । करेसाबारीमा रोप्ने बेर्ना तयार पार्न नर्सरीमा मौसमअनुसारको तरकारीका बिउबिजन रोप्नुपर्छ । बन्दा, काउली, गोलभैँडा, भन्टा, खुर्सानी, प्याज, रायो जस्ता तरकारीका बेर्ना नर्सरीमा तयार भएपछि करेसाबारीमा ल्याएर रोप्नुपर्छ । नर्सरीमा बिउ रोप्दा मसिनो आकारको बिउलाई धेरै

*सुर्को – जग्गाको सानो भाग वा गरो*
*थाँको – काँक्रो, घिरौँला आदिका लहरालाई फैलिन वा झाँगिनका लागि भुइँमा गाडिने काठको अड्डेसो*
*अवशेष – उपयोगमा आएर बाँकी वा शेष रहेको वस्तु*
*बेर्ना – रोप्न वा सार्ने अवस्थाको सानो बिरुवा*

पुर्नुहुँदैन । बालीको प्रकृतिअनुसार छापोले माथिबाट छोप्ने र बिरुवालाई तुसारो, वर्षा र तापक्रमबाट बचाउन उचित व्यवस्थापन गर्नुपर्छ ।

करेसाबारीमा खेती गर्न उपयुक्त हुने गरी मौसमका आधारमा तरकारीलाई हिउँदे, बसन्ते र बर्खे तरकारीका रूपमा पनि वर्गीकरण गरिन्छ । नेपालमा भदौदेखि असोजसम्म बिउ बेर्ना रोपेर कात्तिकदेखि माघसम्म उत्पादन लिन सकिने तरकारीलाई हिउँदे तरकारी भनिन्छ । यो समूहका तरकारी बालीको उत्पादन लिन चिसो मौसम र छोटो दिनको आवश्यकता पर्छ । पुसदेखि फागुनसम्म बिउ र बेर्ना रोपेर फागुनदेखि जेठसम्म उत्पादन लिन सकिने तरकारीलाई बसन्ते तरकारी भनिन्छ । वैशाखदेखि असारसम्म बिउ बेर्ना रोपी असारदेखि भाद्रसम्म उत्पादन लिन सकिने तरकारीलाई बर्खे तरकारी भनिन्छ । यो समूहका तरकारीमा लामो समयको वर्षा सहने गुण हुन्छ । यसो हुँदाहुँदै पनि हिजोआज बेमौसमी खेतीका कारण जुनसुकै मौसममा जुनसुकै तरकारीको खेती गर्ने चलन पनि चलेकै छ ।

करेसाबारीमा तरकारी खेती गर्दा मलखाद प्रयोग, सिँचाइ र गोडमेलमा विशेष ध्यान दिनुपर्छ । माटाको उत्पादकत्व र लगाइने बालीको प्रकृतिअनुसार मलको प्रयोग गर्नुपर्छ । पात टिपेर खाने तरकारी रायो, स्विसचार्ड, पालुङ्गो, बन्दा, ब्रोकाउली आदिलाई नाइट्रोजनको बढी आवश्यकता पर्छ । त्यसै गरी फल खाने बालीहरू फर्सी, काँक्रो, खुर्सानी, टमाटर, भन्टा, खरबुजा आदिलाई फस्फोरसको बढी आवश्यकता पर्छ । कोसे तरकारीहरू बोडी, सिमी, केराउ, भटमास, बकुल्ला आदिलाई नाइट्रोजनको बढी आवश्यकता पर्छ । जरेबालीहरू मुला, गाजर, सलगम, आलु, लसुन, प्याज आदिलाई पोटासको आवश्यकता पर्छ । यसरी करेसाबारीमा तरकारीको प्रकृतिअनुसार मलखादको जोहो गर्नुपर्छ । तरकारी हरियो हुने र तिनमा पानीको मात्रा बढी हुनाले पानीबिना ती ओइलाउने र सुक्ने स्थिति आउँछ । त्यसै हुनाले बढी मात्रामा सिँचाइको आवश्यकता पर्छ । सामान्यतया बिउ उम्रने वेला, बेर्ना सारेका वेला, मलखादको प्रयोग लगत्तै, गोडमेलपश्चात् डुकु आउने, फुल्ने र दाना लाग्ने वेलामा बिरुवालाई पानी नभई हुँदैन । बेर्ना सारेपछि कम्तीमा एक हप्तामा नियमित रूपमा सिँचाइको व्यवस्था हुनु जरुरी हुन्छ । करेसाबारीमा नियमित रूपमा गोडमेल गर्नुपर्छ । यसो गर्नाले लगाएको बाली फस्टाउनुका साथै झारपात उखेल्दा माटो खुकुलो पनि हुन्छ ।

करेसाबारीमा राम्रो व्यवस्थापनका लागि बाली हेरफेर र मल्चिङमा पनि ध्यान दिनु वाञ्छनीय मानिन्छ । फरक मौसममा उही बारीमा विभिन्न प्रकारका बाली उब्जाउ गर्ने अभ्यासलाई बाली हेरफेर भनिन्छ । तरकारीको हरिया पात, फल, फूल, जरा र कन्दमूललाई प्रयोग गर्न सकिन्छ । यस्ता तरकारीलाई फरक मौसममा फरक पारेर लगाउनु राम्रो हुन्छ । कुनै मौसममा मुला लगाएको बारीमा अर्को मौसममा फर्सी या साग लगाउनु र साग लगाएको बारीमा मुला वा गाजर आलोपालो गरी लगाउनु उपयुक्त हुन्छ । यसरी फरक पार्दा माटाको गुणस्तर घट्ने खतरा रहँदैन । सधैँ उही मौसममा उही बाली लगाइरहँदा

*छापो* – *बाली उमार्न र जमिन चिसो राख्न बिछ्याइएको घाँसपात आदि*
*चिचिन्डो* – *घिरौँलाका जस्ता पात र सेता वा काला धर्सा भएको तरकारी*
*उत्पादकत्व* – *उत्पादन गर्ने अवस्था वा भाव*
कन्दमूल – माटामुनि जराका रूपमा फल्ने तरुल, आलु, पिँडालु आदि फल

माटाको गुणस्तर घट्न सक्छ । मल्चिङ भनेको माटाको चिसो उम्कन नदिनका लागि बिरुवाको वरिपरि घास वा अन्य वस्तुले ढाक्ने काम हो । यसका लागि स्थानीय तहमा पाइने छुस्नु, पात पतिङ्गर आदिले बिरुवाको फेद वरिपरि छोप्नुपर्छ ।

करेसाबारीमा खेती गर्दा बाली संरक्षणमा सजग र सतर्क हुनुपर्छ । करेसाबारीमा आवश्यकताअनुसार वानस्पतिक विषादीको प्रयोग गर्नु उपयुक्त हुन्छ । तिता, टर्रा वा कडा गन्ध आउने आदि विभिन्न किसिमका वनस्पतिलाई मलमूत्रमा कुहाएर बनाइने वानस्पतिक विषादीको प्रयोगबाट करेसाबारी संरक्षण गर्न सकिन्छ । आफ्नो ठाउँमा पाइने तितेपाती, निम, सिस्नु, मेवा, असुरो, धतुरो, बकाइनो, खिर्रो, बोझ्को, टिमुर, खुर्सानी, सिमली आदिबाट यस्तो विषादी बनाउन सकिन्छ । यी वस्तुका पात तथा मुन्टा जम्मा गरेर ससाना टुक्रा गरेर काट्नुपर्छ । त्यसलाई ड्रममा दुईतिहाइ हुने गरी भर्नुपर्छ । त्यसपछि ड्रमको बाँकी भागमा गहुँत राखेर हावा नपस्ने गरी बिर्कोले राम्ररी बन्द गर्नुपर्छ । ड्रमभित्र भएको वनस्पति कुहाउनका लागि मौसमअनुसार २५ देखि ३५ दिनसम्म घाम लाग्ने स्थानमा राख्नुपर्छ । ड्रमभित्र राम्ररी कुहिएर तयार भएको झोललाई छानेर पानीमा मिसाई करेसाबारीमा प्रयोग गर्न सकिन्छ । यस्तो विषादीलाई सानो बिरुवाका लागि एक भाग विषादीमा १० भाग पानी हाल्नुपर्छ । ठुलो बिरुवाका लागि एक भाग विषादीमा छ भाग पानी मिसाएर छर्न सकिन्छ । यस्तो विषादी वर्षा मौसममा दुई दिन र हिउँद मौसममा चार दिनको फरकमा प्रयोग गर्नु उपयुक्त हुन्छ । यति गर्दा पनि बालीमा विभिन्न रोग र किराले सताएमा रोग र किराको प्रकृतिअनुसार प्राविधिकसँग सल्लाह लिई उपयुक्त विधि प्रयोग गर्दै रोग र किराबाट बाली बचाउन सजग रहनुपर्छ ।

हामीले आफूलाई आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा उत्पादन गर्नु आवश्यक हुन्छ । यसरी हामीले आफ्नो घर सेरोफेरोको जग्गालाई सदुपयोग गरिराखेका हुन्छौँ । आफ्नै करेसाबारीको तरकारी पकाउँदाका फाइदा छन् । हामीले चुलामा दिउरी वा ताप्के बसाल्न ठिक्क पारेर तरकारी टपाटप टिपेर केलाई मिठा र ताजा तरकारीका विभिन्न परिकार हाम्रा भान्सामा तयार पार्न सक्छौँ । यसबाट महँगो र विषादीयुक्त तरकारी किन्नु पर्ने अवस्थाबाट मुक्ति मिल्छ । आफ्नो मिहिनेत अनि पसिना मिसिएको स्वादिलो तरकारी खान पाइन्छ । यस्तो तरकारी खानुको स्वाद र मज्जा नै बेग्लै हुन्छ । त्यति मात्र होइन, करेसाबारीमा काम गर्दा व्यायाम, मनोरञ्जन र समयको समेत सदुपयोग हुन्छ । यसो गर्दा ताजा तरकारी उब्जाएर खान पाइने, तरकारी किन्ने खर्चको बचत हुने र बढी भएको तरकारी बिक्री गरेर आम्दानी लिन पनि सकिन्छ । अझ उत्पादन गरेका हरिया, ताजा र विषादीरहित तरकारी खाँदा विभिन्न रोगबाट बच्न सकिन्छ । त्यसैले यसलाई 'घर घरमा करेसाबारी, खाऔँ ताजा तरकारी' अभियानकै रूपमा अघि बढाउनु जरुरी छ ।

छुस्नु – पराल आदिको टुक्राटाक्री

सजग – सचेत, सावधान

विषादी – विषयुक्त

## शब्दभण्डार

### १ दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| गुणस्तरीय | सागको एक प्रकार |
| गोडमेल | पानीले चाँडै गलाउन नसक्ने खालको |
| खाडल | कृषिउपज |
| बाली | बोटबिरुवाका वरिपरि भएका झारपात उखेल्ने वा गोड्ने काम |
| लट्टे | खाल्टो |
| | गुणस्तर राम्रो भएको |
| | तरकारी खाइने लहरे फल |

### २. दिइएका विभिन्न क्षेत्रमा प्रयोग हुने प्राविधिक तथा पारिभाषिक शब्द पढ्नुहोस् र तिनका अर्थबारे छलफल गर्नुहोस् :

| | |
|---|---|
| कानुन | अधिवक्ता, मुचुल्का, वारेस, तारिख, बिगो, जमानत |
| प्रशासन | दर्ता, चलानी, टिप्पणी, सरुवा, बढुवा, परिपत्र |
| वाणिज्य | आयव्यय, राजस्व, भौचर, बेरुजु, निकासी, फर्स्योट |
| विज्ञान र प्रविधि | ऊर्जा, संवहन, तापक्रम, यौगिक, विकिरण, जीवाणु |
| वन | कटानी, फँडानी, वृक्षरोपण, निकुञ्ज, आरक्ष, टाँचा |
| शिक्षा | परीक्षा, मूल्याङ्कन, छात्रवृत्ति, पाठ्यक्रम, पृष्ठपोषण |
| साहित्य | रस, छन्द, अलङ्कार, विधा, वाद, दृष्टिबिन्दु |
| सञ्चार | प्रसारण, परिसंवाद, इमेल, सम्पादकीय, दूरसञ्चार, समाचार पत्र |

### ३. 'करेसाबारी' निबन्धबाट कृषि क्षेत्रमा प्रयोग हुने पाँचओटा पारिभाषिक तथा प्राविधिक शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।

### ४. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आत्मनिर्भर, कम्पोस्ट, नर्सरी, बिउबिजन, रासायनिक

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :**

अर्गानिक, प्रणाली, बुर्बुराउँदो, पालुङ्गो, प्याज, सिँचाइ, जैविक, विषादीयुक्त

२. **'करेसाबारी' निबन्धका अनुच्छेद पालैपालो शिक्षकले तोकेको समयभित्र सस्वरवाचन गर्नुहोस् ।**

३. **निबन्धको पहिलो अनुच्छेद श्रुतिलेखन गर्नुहोस् ।**

४. **निबन्धको आदि भागमा विषयवस्तुको परिचय दिइन्छ । मध्य भागमा विषयको विस्तार र उत्कर्ष रहन्छ । अन्तिम भाग निबन्धको निष्कर्ष भागका रूपमा रहन्छ । त्यसैले निबन्ध कम्तीमा तीन अनुच्छेददेखि आवश्यकताअनुसार अनुच्छेद सङ्ख्या बढाई रचना गर्न सकिन्छ । 'करेसाबारी' निबन्ध पढी निबन्धको संरचनाका बारेमा निम्नलिखित प्रश्नको उत्तर भन्नुहोस् :**

(क) करेसाबारी निबन्ध कति अनुच्छेदमा संरचित छ ?

(ख) निबन्धको दोस्रो अनुच्छेदको आशय के हो ?

(ग) वाक्य सङ्ख्याका दृष्टिले छोटो र लामो अनुच्छेद कुन हो ?

(घ) निबन्धमा बाली हेरफेरको विषयवस्तु कुन अनुच्छेदमा समावेश गरिएको छ ?

(ङ) निबन्धको निष्कर्ष कुन अनुच्छेदमा आएको छ ?

५. **दिइएको निबन्धको अंश पढी सोधिएको प्रश्नको उत्तर भन्नुहोस् :**

करेसाबारीमा खेती गर्न उपयुक्त हुने गरी मौसमका आधारमा तरकारीलाई हिउँदे, बसन्ते र बर्खे तरकारीका रूपमा पनि वर्गीकरण गरिन्छ। नेपालमा भदौदेखि असोजसम्म बिउ बेर्ना रोपेर कात्तिकदेखि माघसम्म उत्पादन लिन सकिने तरकारीलाई हिउँदे तरकारी भनिन्छ। यो समूहका तरकारी बालीको उत्पादन लिन चिसो मौसम र छोटो दिनको आवश्यकता पर्छ। पुसदेखि फागुनसम्म बिउ र बेर्ना रोपेर फागुनदेखि जेठसम्म उत्पादन लिन सकिने तरकारीलाई बसन्ते तरकारी भनिन्छ। वैशाखदेखि असारसम्म बिउ बेर्ना रोपी असारदेखि भाद्रसम्म उत्पादन लिन सकिने तरकारीलाई बर्खे तरकारी भनिन्छ । यो समूहका तरकारीमा लामो समयको वर्षा सहने गुण हुन्छ । यसो हुँदाहुँदै पनि हिजोआज बेमौसमी खेतीका कारण जुनसुकै मौसममा जुनसुकै तरकारीको खेती गर्ने चलन पनि चलेकै छ ।

**प्रश्नहरू**

(क) अनुच्छेदमा तरकारीलाई कुन कुन प्रकारमा वर्गीकरण गरिएको छ ?

(ख) हिउँदे तरकारी बालीका लागि कस्तो मौसम आवश्यक हुन्छ ?

(ग) बर्खे तरकारी र बसन्ते तरकारीमा कस्तो भिन्नता पाइन्छ ?

(घ) बेमौसमी तरकारी खेतीको चलन किन चलाइएको होला ?

## ६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बाली विविधता भनेको के हो ?

(ख) करेसाबारीमा तरकारी लगाउँदा जमिनको व्यवस्थापनमा ध्यान दिनुपर्ने पक्ष उल्लेख गर्नुहोस् ।

(ग) वानस्पतिक विषादीको निर्माण र प्रयोग गर्ने तरिका वर्णन गर्नुहोस् ।

## ७. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पृथ्वीमा रहेका बोटबिरुवा, कीटपतङ्ग, चराचुरुङ्गी, जनावर र मानिस परस्परमा निर्भर छन् । प्राणीले खाद्यतत्त्व र अक्सिजन बोटबिरुवाबाट पाउँछन् । बोटबिरुवाले पनि आफूलाई चाहिने हावा र खानेकुरा जीवजन्तुबाट लिन्छन् । मानिस तथा जनावरका मलमूत्र बोटबिरुवाका उत्तम खाना हुन् । सडेगलेका पातपतिङ्गरलाई कुहाएर बोटबिरुवाका लागि खान योग्य मल बनाउने काम कीटपतङ्गले गर्छन् । यसरी पृथ्वीका प्राणी र वनस्पतिका बिचमा लेनदेन प्रक्रिया चक्र झैँ घुमिरहन्छ । यस्तै अन्योन्याश्रित सम्बन्धले पृथ्वीमा जीवको अस्तित्व सम्भव भएको हो । यही लिने दिने प्रक्रिया नमिलेर अहिले वातावरणीय प्रदूषण बढेको छ । पृथ्वीमा रहेका सबै पशुपन्छी, कीटपतङ्ग र वनस्पति आपसमा निर्भर भएकाले पर्यावरणीय सन्तुलनका लागि यी सबैको आवश्यकता छ । खेतीपातीका शत्रु किरा, फट्याङ्ग्रा, सुलसुले, मुसा, खरायो, दुम्सी, बाँदरसमेत पर्यावरणीय सन्तुलनका लागि आवश्यक छन् । यस्ता जीवलाई मार्ने होइन धपाउने र भगाउने उपाय खोज्नुपर्छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) प्राणीले बोटबिरुवाबाट के पाउँछन् ?

(आ) कस्ता खाना बोटबिरुवाका लागि उत्तम खाना हुन् ?

(इ) प्राणी र वनस्पतिबिचको लेनदेन प्रक्रियाले के कुरा बुझाउँछ ?

(ई) पर्यावरणीय सन्तुलनका लागि कस्तो उपाय अपनाउनुपर्छ ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'वनस्पति' र 'प्रदूषण' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(आ) माथिको अनुच्छेदमा कुन कुन संयोजक प्रयोग भएका छन् ।

(इ) अनुच्छेदमा रहेको 'खेतीपातीका शत्रु किरा, फट्याङ्ग्रा, सुलसुले, मुसा, खरायो, दुम्सी, बाँदरसमेत पर्यावरणीय सन्तुलनका लागि आवश्यक छन् ।' वाक्यबाट नामयोगी पहिचान गर्नुहोस् ।

(ई) अनुच्छेदबाट सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेर बनेका एक एकओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

## ८. व्याख्या गर्नुहोस् :

हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ र वातावरण पनि स्वच्छ बन्न पाउँछ ।

## ९. दिइएका प्रश्नको विवेचनात्मक उत्तर लेख्नुहोस् :

(क) करेसाबारीमा मलखाद प्रयोग, सिँचाइ र गोडमेलका बारेमा पाठमा व्यक्त विषयवस्तुप्रति आफ्ना धारणा व्यक्त गर्नुहोस् ।

(ख) करेसाबारीको उपयोगबाट कसरी फाइदा लिन सकिन्छ, आफ्नै शैलीमा चर्चा गर्नुहोस् ।

## १०. दिइएको सन्दर्भ पढ्नुहोस् र 'करेसाबारी' निबन्धको दोस्रो र तेस्रो अनुच्छेदबाट शीर्ष वाक्य पहिचान गरी लेख्नुहोस् :

सिलसिलाबद्ध रूपमा विचार वा भावलाई एकै प्रवाहमा व्यक्त गरी लेखिएको वाक्य समूहलाई अनुच्छेद भनिन्छ । वर्णनात्मक, आत्मपरक, व्याख्यात्मक, आख्यानात्मक जस्ता सबै प्रकृतिका अनुच्छेदमा विचारले वाक्य शृङ्खलालाई एकीकृत गरेको पाइन्छ । अनुच्छेद आकारले सानो ठुलो जस्तो भए पनि आफैँमा पूर्ण हुन्छ । अनुच्छेद रचनामा आदि, मध्य र समापन भाग हुन्छ । अनुच्छेद लेखनको सुरुमा शीर्ष वा मुख्य वाक्य दिइएको हुन्छ । मध्यमा मुख्य वा शीर्ष वाक्यमा प्रस्तुत भएको विचारलाई पुष्टि गर्ने सहयोगी वाक्य आएका हुन्छन् । यी वाक्य लेखकको दृष्टिकोण प्रस्तुत गर्ने मुख्य वाक्यको क्षेत्रभन्दा बाहिर जाँदैनन् । समापन भागमा शीर्ष र मध्यमा भनिएका विचारको निष्कर्ष प्रस्तुत गरिन्छ । सामान्यतः अनुच्छेदमा यस्तै ढाँचालाई अपनाइएको हुन्छ । वर्णनात्मक अनुच्छेदमा विषयवस्तुको सूचना वा तथ्यलाई क्रमिक रूपमा प्रस्तुत गरिन्छ । यसमा शीर्षक वा विषयवस्तुलाई नै मुख्य मानिन्छ ।

## ११. 'फूलबारी' शीर्षकमा एउटा वर्णनात्मक अनुच्छेद तयार गर्नुहोस् ।

## १२. 'करेसाबारी' निबन्धको पाँचौँ अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् ।

## १३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मेरो नाम धनराज धामी हो । मेरो घर सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा पर्छ । मेरो घर भएको ठाउँ दार्चुलाको लेकम गाउँपालिका वडा नम्बर २ को धरमघर हो । म नौ कक्षामा पढ्छु । मेरो घरमा बुबा, आमा, दिदी, भाइ र म छौँ । मेरा आमाबुबाले खेती किसानी गर्नुहुन्छ । उहाँहरूले धान, गहुँ, कोदो, मकै फलाउनुहुन्छ । घरमा अन्न भित्र्याएको दिन आफूले गरेको मिहिनेतको फल देखेर होला उहाँहरू असाध्यै खुसी हुनुहुन्छ । घर वरिपरि करेसाबारी पनि छ । हाम्रो घरको करेसाबारीमा घरमा खानका लागि बर्सैभरि तरकारी उत्पादन गरिन्छ । करेसाबारीको काममा दिदी र मैले पनि सघाउँछौँ । मैले करेसाबारीको बिरुवा र तरकारीमा हप्तामा दुई दिन पानी लगाउने गर्छु । पानी लगाउने दिनमा चाहिँ म विद्यालयबाट आएर गृहकार्य सकेपछि एकछिन खेल्छु र बिरुवामा पानी लगाउँछु । बिरुवामा पानी हाल्दा पानी खान पाएर बिरुवा र तरकारी निक्कै खुसी भएका हुन् कि झैँ मलाई लाग्छ । यसरी आफ्नो पढाइ सकेर घरमा आमाबुबाको काममा सघाउन पाउँदा ज्यादै खुसीको अनुभव हुन्छ । आफैँले सिँचाइ गरेर उब्जाएको तरकारी खाँदाखेरि त मलाई साह्रै आनन्द पो आउँछ ।

घरमा कर्तव्यनिष्ठ भई कुनै काममा संलग्न भएको अनुभव कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

### १. सुनाइ पाठ ३ सुन्नुहोस् र उपयुक्त विकल्पमा ठिक चिह्न लगाई भन्नुहोस् :

(क) निबन्धकारलाई केमा बस्न मन लागेको छ ?

(अ) मेच (आ) टेबुल

(इ) सुकुल (ई) खाट

(ख) मेचमा बस्ने व्यक्तिमा कुन कुरा हुन्छ ?

(अ) चञ्चलता (आ) प्राकृतिकता

(इ) स्वाभाविकता (ई) परिवर्तनशीलता

(ग) मेचमा खुट्टा हल्लाएर बस्ने व्यक्तिलाई कस्तो व्यक्तिका रूपमा व्यङ्ग्य गरिएको छ ?

(अ) भलादमीका रूपमा (आ) कविका रूपमा

(इ) ऋषिमुनिका रूपमा (ई) स्वार्थीका रूपमा

### २. तपाईँलाई कस्तो प्राकृतिक वातावरण मन पर्छ, कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

**१. दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका पद नामयोगी, क्रियायोगी र संयोजकमध्ये के हुन्, पहिचान गर्नुहोस् :**

तिमी भऱ्याङ उक्लेर माथि जाऊ । भात खाई पढ्ने कोठामा जाऊ अनि बेन्चमाथि बस । तल फर्केर हेर । त्यहाँ कलम बेन्चतल खसेको छ । कलम टपक्क टिप र लेख्न थाल । जब तिमी त्यसले लेख्छौ तब तिमी खुसी हुने छौ । त्यो कलमले लेख्दा मसी लतपतिँदैन ।

**२. उदाहरणमा दिइए जस्तै नामयोगी, क्रियायोगी र संयोजक शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

| नामयोगी | क्रियायोगी | संयोजक |
|---|---|---|
| माथि, अगाडि ... | आज, भोलि ... | र, तर ... |

**३. दुई दुईओटा नामयोगी, क्रियायोगी र संयोजक पर्ने गरी 'समाज सेवा' शीर्षकमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

**४. दिइएको अनुच्छेद पढी निपात र विस्मयादिबोधक पद पहिचान गर्नुहोस् :**

आहा ! कस्तो सफा मौसम । सधैँ यस्तै रहे त सबै जना निरोगी भइन्थ्यो क्यारे । पुस महिना सम्झँदा पनि मलाई त अहिल्यै जाडो होला जस्तो पो लाग्छ ब्यारे । गर्मी मौसम पनि खै के राम्रो भन्नु र ? छ्या ! मलाई त गर्मीमा जताततै झिँगा भन्केको देख्दा नि दिक्क लाग्छ ।

**५. निबन्धबाट खोजेर पाँचओटा निपात शब्द टिपोट गर्नुहोस् ।**

**६. अरे, लौ, है, न, ओहो, बिचरा, कठै जस्ता शब्द प्रयोग गरी सडक दुर्घटना शीर्षकमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

**७. दिइएको अनुच्छेद पढी शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार ( ु ) लागेका शब्द पहिचान गर्नुहोस् :**

मुकुन्दमणि घिउ बेच्न उदयपुर हिँडे । उनले बाटामा उसिनेको आलु र पिँडालुको खाजा खाए । त्यसै वेला बाटामा गोरु देखेर कुकुर भुक्दै थियो । त्यतिखेर कतैबाट मुनिकुमार टुप्लुक्क आइपुगे । उनले भने, "कुकुरको पुच्छर बाह्र वर्षसम्म ढुङ्ग्रामा राखे पनि बाङ्गाको बाङ्गै हुन्छ ।" मुनिकुमारको बेसुरको कुरा मुकुन्दमणिले बुझ्नै सकेनन् ।

८. शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार ( ु ) हुने तीन तीनओटा शब्द पाठबाट खोजेर लेख्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. 'व्यवसायमुखी कृषि' शीर्षकमा निबन्ध तयार गर्नुहोस् ।

२. रेडियो तथा टेलिभिजन जस्ता विद्युतीय सञ्चार माध्यममा प्रसारित कृषि कार्यक्रम सुनेर वा हेरेर त्यसका विषयवस्तुबारे कक्षामा छलफल गर्नुहोस् ।

पाठ ४

# निवेदन

मिति २०७८।०८।२१

श्री अध्यक्षज्यू,

रामेछाप नगरपालिका, वडा नम्बर ३, रामेछाप ।

विषय : आर्थिक सहयोग सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा रामेछाप नगरपालिका, साँघुटारमा अवस्थित श्री हिमगङ्गा माध्यमिक विद्यालयमा बालबालिकाको संरक्षण र सुरक्षाका साथसाथै विद्यार्थीका शैक्षिक र अतिरिक्त क्रियाकलापमा थप मदत गर्ने उद्देश्यले बालक्लब गठन गरिएको छ । विद्यालयभित्रको यस बालक्लबले विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न लागेको कुरा यहाँ समक्ष विनम्र निवेदन गर्दछौँ ।

आज हरेक टोल टोल र गाउँ गाउँमा बालविवाह तथा बालहिंसाको रोकथामका लागि सचेतना कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक देखिन्छ । बालबालिकामा हुने घरेलु, सामाजिक, लैङ्गिक आदि प्रकृतिका हिंसा पूर्णतः रोकिन सकेका छैनन् भन्ने कुरा समय समयमा सञ्चारमाध्यममा आएका समाचारले पुष्टि गरेकै छन् । घरपरिवार, छरछिमेक र विद्यालयमा आइपरेका बालबालिकासम्बन्धी समस्या समाधानार्थ बालक्लबले सहजीकरण गर्न सक्छ । त्यसका साथै विद्यालयमा साइबर सदुपयोग र साइबर अपराधबारे सचेतना जागरणसमेत आवश्यक देखिएको छ । यसका लागि प्रथमतः विद्यालयका किशोरकिशोरीलाई नै सचेत गराउनुपर्ने हुन्छ । उनीहरूले साथीभाइका बिचमा आफ्ना समस्या खुलेर व्यक्त गर्ने, समस्याबारे विमर्श गर्ने, समस्या समाधानको बाटो खोज्ने जस्ता क्षमता विकास गर्ने खालका कार्यक्रम आयोजना गर्नुपर्ने देखिन्छ । किशोरकिशोरीको मूल समूह र त्यसपछि उपसमूह निर्माण गर्नुपर्ने हुन्छ । उनीहरूमा सिर्जनात्मक कौशल, आशावादी सोच र जीवनोपयोगी सिपबारे सचेतना प्रदान गर्नुपर्ने देखिन्छ । यस्ता कार्यक्रमबाट किशोरकिशोरीमाथि आइपर्न सक्ने समस्याको चेतना दिन तथा समस्याको समाधानमा सहयोग पुऱ्याउन सक्छन् ।

*शब्दार्थ*

*सचेतनामूलक – विशेष सचेतना वा सतर्कता फैलाउने खालको*

*हिंसा – अरूलाई पीडा दिने वा असर पुऱ्याउने काम*

*विमर्श – कुनै विषयवस्तुबारे गरिने विवेचना वा विचार, बहस*

*जीवनोपयोगी – जीवनका लागि काम लाग्ने*

बालक्लबले आमा समूह, युवाक्लब जस्ता सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्न सक्छ । यसले सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । बालबालिकाको आनीबानीमा परिवर्तन ल्याई सामाजिक मूल्य, मान्यता, संस्कृति र आचरण वृद्धि गर्न पनि विभिन्न खालका सचेतनामूलक कार्यक्रम आयोजना गर्नु आवश्यक छ । यस्ता गतिविधि सञ्चालनबाट बालबालिकाको अधिकार र कर्तव्यप्रति सचेतना जगाउन सकिन्छ । बालविवाह, बालहिंसा, सामाजिक दुर्व्यवहार जस्ता पक्षको न्यूनीकरणका लागि सङ्घसंस्था तथा स्थानीय निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा र त्यसपछि समाजमा गएर सचेतना फैलाउने उद्देश्य राखेको छ । उक्त उद्देश्यअनुरूप बिदाको दिन गाउँसहरका मुख्य स्थानमा विभिन्न सचेतना कार्यक्रम आयोजना गर्न लागेको छ । बालक्लबले लघुनाटक, प्रहसन, सूचना प्रवाह, आपसी छलफल आदि पद्धति अपनाई समाज सुधारको योजना पनि बनाएको छ । विद्यालयका समग्र बालबालिकाको हकहितका साथसाथै समाज परिवर्तनमा सघाउ पुऱ्याउने उद्देश्यले गर्न खोजिएको यस प्रकृतिका कार्यक्रमका लागि बालक्लबले अक्षयकोष खडा गरिसकेको छ । उक्त कोषमा विद्यालयका शिक्षक कर्मचारीले एक दिनको तलब जम्मा गरी विद्यार्थीको कामलाई थप आर्थिक सहयोग तथा हौसला प्रदान गर्नुभएको छ । बालक्लबले आयोजना गर्न लागेका यस किसिमका कार्यक्रमका लागि यस वडा कार्यालयबाट पनि आर्थिक सहयोग गरी विद्यार्थीको सत्प्रयासलाई मार्गदर्शनका साथै थप हौसला प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

निवेदक

(...............................)

अध्यक्ष

सिर्जनशील बालक्लब

हिमगङ्गा माध्यमिक विद्यालय

*प्रहसन – हँसाउने वा मनोरञ्जन दिने उद्देश्यले तयार पारिने रूपक विधाको एक भेद*

*प्रवाह – प्रचारप्रसार*

*अक्षयकोष – मूल धन नमासिने गरी बैङ्कमा राखिने पैसा*

## शब्दभण्डार

### १. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| उद्देश्य | सरल बनाउने काम |
| घरेलु | काम गरेबापत मासिक रूपमा पाउने रकम, वेतन |
| सहजीकरण | सँगसँगै गरिने काम |
| कौशल | व्यावहारिक |
| सहकार्य | खराब वा अनुचित व्यवहार |
| दुर्व्यवहार | प्रवीण |
| तलब | लक्ष्य, ध्येय |
| | घरायसी |
| | जटिलता |

### २. दिइएको अनुच्छेद पढी आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्द पहिचान गर्नुहोस् :

मोहनसँग फोनमा मेरो कुराकानी भइरहन्छ । भाइबर, स्काइप र मेसेन्जरमा कुरा गर्दा त फोटो पनि हेर्न सकिन्छ । ने.प्र.प्र. को सभा हलमा चल्दै गरेको नाचगान त मैले टेलिभिजनमा हेरेँ । मोहनले उक्त कार्यक्रम फेसबुक लाइभमा हेरेछन् । त्यहाँ रा.स.स. का पत्रकार पनि आउनुभएको रहेछ । का.म.पा.का मेयर पनि त्यहाँ हुनुहुन्थ्यो । प्रमुख अतिथिले भन्नुभयो, "आज न्वागीको दिन हो । यो चाड हाम्रो मुलुकमा शताब्दीदेखि नै मनाइँदै आएको छ । हामी सबैले परम्पराअनुसारका हाम्रा चाडबाड जीवन्त राख्नुपर्छ । अन्त्यमा नृत्य प्रतियोगितामा विजयी हुने सबैलाई शुभकामना ।"

### ३. दिइएका शब्द अलग अलग वाक्यमा प्रयोग हुने गरी एउटा अनुच्छेद रचना गर्नुहोस् :

शैक्षिक, बालक्लब, अपराध, आचरण, हकहित, संस्कृति, परिवर्तन

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :

संरक्षण, सिर्जनात्मक, विसङ्गति, आर्थिक, मार्गदर्शन, न्यूनीकरण, भविष्य, कोष

### २. 'निवेदन' पाठ सस्वरवाचन गर्नुहोस् र शिक्षकको सहयोगमा प्रत्येक साथीको वाचन समय, हाउभाउ, शुद्धता आदि पक्षमा छलफल गर्नुहोस् ।

### ३. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

सूचना सम्प्रेषणका लागि लेखिने अनुरोध पत्र निवेदन हो । विषयको प्रकृतिका आधारमा निवेदन लेखनमा विविधता हुन्छ। निवेदनको दायाँतिर सिरानमा मिति लेखिन्छ। त्यसको बायाँतिर संस्था प्रमुख वा संस्थालाई सम्बोधन गरिन्छ । त्यसको ठिक तल ठेगाना लेखिन्छ । त्यसपछि कुन विषयमा निवेदन लेखिएको हो, सो विषय उल्लेख गरिन्छ । त्यसको ठिक मुनि निवेदकले निवेदनमा उल्लेख गर्न खोजेका कुरालाई एक वा सोभन्दा बढी अनुच्छेदमा सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिन्छ । निवेदनका विषयवस्तु सकेपछि विशेष अनुरोध वा आग्रह जनाउने वाक्य राखिन्छ । निवेदनको अन्त्यमा दायाँतिर निवेदकको नाम, आवश्यकताअनुसार पद र ठेगानासमेत राखी हस्ताक्षर गरिन्छ ।

#### प्रश्नहरू

(क) निवेदन किन लेखिन्छ ?

(ख) निवेदनमा मिति कहाँ लेख्नुपर्छ ?

(ग) निवेदनमा विषय किन लेखिन्छ ?

(घ) निवेदनमा निवेदकको आग्रहको प्रस्तुति कहाँनेर गरिन्छ ?

### ४. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) निवेदन कसले कसलाई लेखेको हो ?

(ख) बालक्लबका अध्यक्षले कस्तो सहयोगको अपेक्षा गरेका छन् ?

(ग) किशोरकिशोरीले आफ्ना समस्या कसरी समाधान गर्न सक्छन् ?

(घ) साइबरको सदुपयोग कसरी गर्नुपर्छ ?

## ५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

बालविवाह, बालहिंसा, सामाजिक दुर्व्यवहार जस्ता पक्षको न्यूनीकरणका लागि सङ्घसंस्था तथा स्थानीय निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा र त्यसपछि समाजमा गएर सचेतना फैलाउने उद्देश्य राखेको छ । उक्त उद्देश्यअनुरूप बिदाको दिन गाउँसहरका मुख्य स्थानमा विभिन्न सचेतना कार्यक्रम आयोजना गर्न लागेको छ । बालक्लबले लघुनाटक, प्रहसन, सूचना प्रवाह, आपसी छलफल आदि पद्धति अपनाई समाज सुधारको योजना पनि बनाएको छ । विद्यालयका समग्र बालबालिकाको हकहितका साथसाथै समाज परिवर्तनमा सघाउ पुऱ्याउने उद्देश्यले गर्न खोजिएको यस प्रकृतिका कार्यक्रमका लागि बालक्लबले अक्षयकोष खडा गरिसकेको छ । उक्त कोषमा विद्यालयका शिक्षक कर्मचारीले एक दिनको तलब जम्मा गरी विद्यार्थीको कामलाई थप आर्थिक सहयोग तथा हौसला प्रदान गर्नुभएको छ । बालक्लबले आयोजना गर्न लागेका यस किसिमका कार्यक्रमका लागि यस वडा कार्यालयबाट पनि आर्थिक सहयोग गरी विद्यार्थीको सत्प्रयासलाई मार्गदर्शनका साथै थप हौसला प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

**प्रश्नहरू**

(क) विद्यालयमा गठित बालक्लबको उद्देश्य के हो ?

(ख) बालक्लबले कुन दिन सचेतना कार्यक्रम आयोजना गर्न लागेको हो ?

(ग) बालक्लबले समाजमा कसरी सचेतना फैलाउन खोजेको छ ?

(घ) बालक्लबका लागि बनाइएको अक्षयकोषमा कसरी स्रोत जुटाइएको छ ?

## ६. दिइएको शुभकामना पत्र पढी नयाँ वर्षको अवसरमा साथीलाई दिइने शुभकामना पत्र तयार गर्नुहोस् :

श्री ........................................................................ ज्यू,

**शुभकामना**

माघी पर्वका उपलक्ष्यमा यहाँ र यहाँको
परिवारको सुख, शान्ति, समृद्धि र आरोग्यको
हार्दिक शुभकामना
व्यक्त गर्दछौँ ।

दयाराम थारु एवम् परिवार

७. **नौ कक्षाका विद्यार्थीका तर्फबाट शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।**

८. **तपाईँको समाजमा आइपरेका सामाजिक समस्याबारे छलफल गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

९. **दिइएको निवेदनको नमुना पढी जेहेनदार छात्रवृत्तिका लागि विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् :**

मिति २०७८।०३।०५

श्री प्रधानाध्यापकज्यू,

भगवती माध्यमिक विद्यालय

खोटेहाङ गाउँपालिका ७, खोटाङ ।

विषय : पुस्तकालय व्यवस्थित गर्ने सम्बन्धमा ।

महोदय,

मानिसमा नयाँ नयाँ कुरा जान्ने रुचि हुन्छ । यही रुचिका कारण मानिस सर्वश्रेष्ठ प्राणी कहलिएको छ । हामी विद्यार्थीमा पनि नयाँ ज्ञान हासिल गर्ने भोक जाग्नु स्वाभाविक नै हो । हाम्रो विद्यालयले छुट्टै पुस्तकालयको व्यवस्था गरेको छ । यो खुसीको कुरा हो । यद्यपि पुस्तकालयमा विषयवस्तुको थप अध्ययनका लागि आवश्यक पर्ने शिक्षा, साहित्य, समाज, खेलकुद, विज्ञान, दर्शन, प्रविधि आदि पक्षसँग सम्बन्धित पुस्तकको अभाव नै देखिन्छ । कतिपय पुराना पुस्तक पल्टाउनै गाह्रो हुने गरी जीर्ण भइसकेका छन् । पुस्तकालयमा विभिन्न विषय क्षेत्रका ज्ञानवर्धक सन्दर्भसामग्री थप्नुपर्ने देखिएको छ । पुस्तकालयमा नियमित पढ्ने बानीको विकास गर्नका लागि बस्ने स्थानको समुचित व्यवस्थापन पनि आवश्यक रहेको छ । खाजा समय वा खाली पिरियडमा मात्र पुस्तकालयमा जानेभन्दा पनि हरेक दिन केही समय मिलाई पुस्तकालयमा नै बसेर अध्ययन गर्ने व्यवस्था मिलाइदिनुहुन सादर अनुरोध गर्दछौँ ।

निवेदक

नौ कक्षाका विद्यार्थी

१०. दिइएको बधाई पत्र पढ्नुहोस् र राष्ट्रिय महिला आयोगद्वारा आयोजित पालिका स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम भएकी छात्रालाई दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस् :

श्री सन्देश प्रजापतीज्यू,
जनता माध्यमिक विद्यालय ।

**बधाई ज्ञापन**

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित प्रदेशस्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गरी विद्यालयको गरिमा बढाउनुका साथै नौ कक्षाका विद्यार्थीको गौरवसमेत बढाउनुभएको हुँदा हामी यहाँलाई

हार्दिक बधाई

ज्ञापन गर्दछौँ ।

नौ कक्षाका सम्पूर्ण विद्यार्थी

११. दिइएको श्रद्धाञ्जली एवम् समवेदना पत्रको नमुना पढ्नुहोस् र यस्तै ढाँचामा एउटा श्रद्धाञ्जली तथा समवेदना पत्र तयार गर्नुहोस् :

| जन्म | मृत्यु |
|---|---|
| वि.सं. १९९८ साउन २५ | वि.सं. २०७८ भदौ ३ |

**श्रद्धाञ्जली तथा समवेदना**

यस विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष एवम् शिक्षाप्रेमी मधुवन बर्माको यही २०७८ भदौ ३ गते ८० वर्षको उमेरमा भएको असामयिक निधनबाट विद्यालय परिवार स्तब्ध बनेको छ। यस दुःखद क्षणमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौँ ।

प्रधानाध्यापक एवम्
लुम्बिनी माध्यमिक विद्यालय परिवार

**१२. कुनै सूचना वा सन्देश पठाउँदा म्यासेन्जर र टेलिफोनको शैलीमा भिन्नता हुन्छ । म्यासेन्जरमा दोहोरो श्रव्यदृश्य र लेख्य आदिका माध्यमबाट सूचना वा सन्देशको आदानप्रदान हुन्छ भने टेलिफोनमा केवल कथ्यश्रव्यका आधारमा मात्र सूचना वा सन्देश आदानप्रदान हुन्छ। यस्ता सञ्चारका माध्यम धेरै छन्। म्यासेन्जर र टेलिफोनमा रहेको भिन्नता खुल्ने गरी यी दुईलाई पात्रका रूपमा प्रस्तुत गरी तयार पारिने तलको संवाद पूरा गर्नुहोस् :**

(म्यासेन्जर र टेलिफोनको अकस्मात् भेट भयो । दुवै एकआपसमा परिचय र कुराकानी गर्दै छन्।)

म्यासेन्जर : नमस्कार, टेलिफोनज्यू, सन्चै हुनुहुन्छ ? दूरसञ्चारतिर हिँड्नुभयो कि के हो ?

टेलिफोन : नमस्कार, सन्चै छु, हजुरलाई कस्तो छ ? कसरी थाहा पाउनुभयो ? हो, म त्यतै हिँडेको ।

म्यासेन्जर : ..............................................

टेलिफोन : ..............................................

म्यासेन्जर : ..............................................

क्रमश :

**१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

भावनाका घरमा दाजुको विवाह छ। आमाबुबा विवाहका लागि सामान किन्न बजार जानुभएको छ । घरमा उनकी फुपू आउनुभयो । भावनाले फुपूलाई नमस्कार गरिन् र भित्र आएर सोफामा बस्न आग्रह गरिन् । "हिँडेर आउनुभएको, थाक्नुभयो होला । के लिन चाहनुहुन्छ ? चिया या पानी ?" फुपूले चिया खाने इच्छा व्यक्त गर्नुभयो । "आराम गर्दै गर्नुहोस् । म चिया बनाएर ल्याउँछु" भनी भान्सामा गएर चिया बनाइन् । फुपूलाई मिठो चिया खुवाइन् र सँगै बसेर हालखबर सोधिन् । एकैछिनमा आमाबुबा आउनुभयो । भावनाका बुबाले आफ्नी दिदीलाई ढोग्नुभयो र निम्तो स्वीकार गरेर समयमै आउनुभएकामा खुसी व्यक्त गर्नुभयो ।

तपाईंको घरमा कुनै अतिथिको आगमन हुँदा तपाईं कसरी स्वागत र आतिथ्य प्रकट गर्नुहुन्छ, कक्षामा अभिनयसहित प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) हुम्ला शिक्षक परिषद्ले सम्मान प्रदान गरेको छ ।

(ख) सम्मानित हुने व्यक्ति विद्यालयका प्रधानाध्यापक हुन् ।

(ग) विद्यालयको आर्थिक पक्षको उन्नयनमा हरिको उल्लेख्य भूमिका देखिन्छ ।

(घ) उक्त कार्यक्रम २०७८ असार १५ गते भएको हो ।

२. **सम्मान पत्रमा के के कुरा समेटिँदा रहेछन्, भन्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका शब्दको शब्दस्रोतबारे बुझ्नुहोस् :**

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| मित्र | मित | दोस्त |
| क्रम | पालो | रोल |
| अभ्यास | बानी | आदत |
| मनुष्य | मान्छे | आदमी |

२. **दिइएको अनुच्छेद पढी तत्सम, तद्भव र आगन्तुक शब्द पहिचान गर्नुहोस् :**

आदर्श, जीवन, भीम र प्रतीक्षा करिब आधा घण्टा हिँडेर अखबार किन्न पसल गए । त्यहाँ मानिसको भिड थियो । उनीहरूले अखबारमा प्रकाशित समाचारको शीर्षक मात्र हेर्दै गए । उनीहरूले नयाँ वर्षको अवसरमा इन्टरनेट जोड्न छुट दिइएको सूचना ध्यान दिएर पढे । उनीहरूले घर फर्कँदा डेरीमा पसेर दुध, दही र पनिर किनेर ल्याए ।

३. **पाठमा प्रयोग भएका दुई दुईओटा तत्सम, तद्भव र आगन्तुक शब्द टिपोट गर्नुहोस् ।**

४. **दिइएको अनुच्छेदमा रहेका मूल र व्युत्पन्न शब्द पहिचान गरी अलग अलग सूची बनाउनुहोस् :**

आकृतिले प्रकृतिका विषयमा एउटा सुन्दर कविता रचना गरिन् । उनले त्यो कृति पढेर जय, विजय र सञ्जयलाई सुनाइन् । उनले आफ्नो देश छोडेर विदेश गएका दाजुलाई पनि आफ्नो

कृतिको कृतित्वबारे सुनाइन् । उनलाई दाजुले तिमीमा राम्रो कवि बन्ने सम्भावना छ भने । दाजुले बहिनीलाई कविताका सिद्धान्तमा लेखेका सैद्धान्तिक कुरा र अरू कविले प्रयोग गरेका प्रयोगात्मक कुरा पनि हेर्दै गर्न सुझाए । उनको कविताका बारेमा विद्यालयका रवि गुरु, रवीन्द्र गुरु, कवि गुरु, कवीन्द्र गुरु, रक्षा गुरुमा र सुरक्षा गुरुमाले पनि निकै चर्चा परिचर्चा गरेको कुरा थाहा पाइन् ।

५. **पाठको 'आज हरेक टोल टोल .... पुऱ्याउन सक्छन्' भन्ने अनुच्छेदमा प्रयोग भएका पाँचओटा व्युत्पन्न शब्द टिप्नुहोस् ।**

६. **आफ्नो पढाइका बारेमा छोटो अनुच्छेद तयार पार्नुहोस् र उक्त अनुच्छेदमा रहेका मूल र व्युत्पन्न शब्द रेखाङ्कन गर्नुहोस् ।**

७. **दिइएको अनुच्छेदमा सुरु, बिच र अन्तिममा दीर्घ ऊकार ( ू ) प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

पूर्णमाया लिम्बूले आफ्नी साथी विभूतिका लागि स्विटर तयार पारेकी थिइन् । उनकी माइजूले हेरूँ हेरूँ लाग्यो भन्दै उक्त स्विटर आफूलाई दिनू भन्ने आग्रह गर्नुभयो । स्विटर बन्नुपूर्व नै फुपू र भाउजूले पनि त्यस्तै माग गरेकाले कसो गर्ने होला भनी सोच्न थालिन् ।

८. **साथीसँग छलफल गरी शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **सहरमा पढाइ सकेर गाउँ फर्की समाजसेवामा लाग्नुभएका दाजुसँग गाउँमा हुँदै गरेको विकासका बारेमा जिज्ञासा राखी चिठी लेख्नुहोस् ।**

२. **स्थानीय वा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित एक एकओटा बधाई र समवेदना पत्र खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ५

# सत्यमोहन जोशी



नेपाली भाषा साहित्यका अविश्रान्त साधक तथा नेपाल भाषा साहित्यका वरेण्य व्यक्तित्व सत्यमोहन जोशी नेपाली कला र संस्कृतिका समेत अनन्य उपासक हुन् । व्यक्तिगत हितभन्दा माथि उठेर आफ्नो जाति र देशको हितका लागि समर्पित भएकै हुँदा यिनको विशिष्ट योगदानले मुलुकको भाषा, साहित्य, संस्कृति र कला निरन्तर आलोकित छ । काठमाडौँ उपत्यकाभित्र ललितपुर सहरको बखुम्बहालमा वि. सं. १९७७ वैशाख ३० गते यिनको जन्म भएको हो । शङ्करराज जोशी र राजकुमारी देवीका ज्येष्ठ सुपुत्र सत्यमोहन जोशी आफ्ना आमाबुबाप्रति अत्यन्त भक्ति र श्रद्धाभाव राख्थे । सकारात्मक सोच तथा आशावादी जीवनदृष्टिका धनी जोशी 'कर्मण्येवाऽधिकारस्ते' अर्थात् व्यक्तिको अधिकार कर्ममा हुन्छ त्यसैले निरन्तर कर्म गर्नुपर्छ भन्ने ठान्थे । त्यसैले त उनी निष्काम कर्मयोगीले झैँ दीर्घकालसम्म सेवा गरी सम्पूर्ण नेपालीका हृदयमा बसेका छन् । नेपाली पोसाकप्रति गौरव गर्दै सधैँ दौरासुरुवाल र भादगाउँले टोपीमा सजिएर हिँड्ने जोशी 'सादा जीवन उच्च विचार' का आदर्श अनुयायी हुन् ।

सत्यमोहन जोशीको बाल्यकाल र शिक्षादीक्षा निकै उतारचढावयुक्त रह्यो । पाँच वर्षको उमेरसम्म पनि बोली नफुटेका कारण उनका आमाबुबा चिन्तित भए । भनिन्छ, बोली फुटोस् भन्नका लागि आमाबुबाले देवीदेवताको भाकल गरे । धामीझाँक्रीलाई देखाए तर केही सिप लागेन । त्यस वेलाको जनविश्वासअनुसार सूर्यविनायकको जङ्गलमा लगेर केही क्षण एक्लै छोडेछन् । त्यसपछि उनी 'माँ, ए माँ !' भनेर चिच्याएका थिए रे । उनको अक्षरारम्भ नेपाल भाषाका माध्यमबाट सात वर्षको उमेरमा घरबाटै भएको थियो । उनको अक्षरारम्भ सुरुमा छिमेकी गुरुबाट भएपछि उनलाई मङ्गल बजारस्थित भाषा पाठशालामा भर्ना गरियो । यसरी उनले नेपाली भाषा चाहिँ दश वर्ष पुगेपछि मात्र सिकेका थिए । अङ्ग्रेजी भाषा पढाउने हेतुले सुरुमा पाटन हाइस्कुलमा भर्ना गरिए पनि केही समयपछि उनलाई रानी पोखरीस्थित दरबार हाइस्कुलमा भर्ना गरियो । उनले त्यहीँबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे । काठमाडौँको त्रिचन्द्र कलेजबाट वि. सं. १९९८ मा आई. ए. उत्तीर्ण गरेपछि स्नातक तहमा भर्ना भए तर परिवारको जीविकाका लागि बिचैमा पढाइ छाडेर जागिरतिर लाग्न बाध्य भए ।

*शब्दार्थ*

वरेण्य - सर्वभन्दा उत्तम
आलोकित - उज्यालो पारिएको
गौरव - इज्जत प्रतिष्ठा

सरकारी सेवाका सामान्यदेखि उच्च ओहदासम्म काम गरेका जोशीले नेपाली भाषा, साहित्य र संस्कृतिका साथै नेपाल भाषामा समेत सशक्त कलम चलाएका छन् । वि. सं. २००१ मा 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा' बाट उनको जागिरे जीवनको सुरुआत भएको थियो । वि. सं. २००७ मा उनी सङ्ख्या विभागमा सुपरिवेक्षक भएका थिए । वि.सं. २०१४ मा राष्ट्रिय योजना परिषद्मा कार्यक्रम अधिकृत भई काम गरेका थिए । त्यसै गरी के.आई. सिंहको प्रधानमन्त्रीत्व कालमा मन्त्री परशुरामभक्त माथेमाको निजी सचिवसमेत भएर काम गरेका थिए । २०१६ सालमा पुरातत्त्व र संस्कृति विभागमा निर्देशक भएका जोशी नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवसम्म भइसकेका छन् ।

उनको साहित्यिक लेखनको प्रारम्भ वि. सं. १९९८ तिर भएको थियो । कलेज पढ्न थालेपछि उनले संस्कृत साहित्यबाट प्रभावित भई छन्दमा कविता लेख्न थालेका थिए । त्यति वेलै लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेको सङ्गतमा पुगेका उनले कविद्वयबाटै कविता लेख्ने प्रेरणा पाएको देखिन्छ । भाषानुवाद परिषद्का अध्यक्ष पुष्कर शमशेरको सान्निध्यमा आएपछि उनले अङ्ग्रेजी भाषाका कथा र कविता नेपालीमा अनुवाद गरेका थिए । जागिरको सिलसिलामा तनहुँ र लमजुङ जिल्लामा रहँदा त्यहाँका ग्रामीण लोकभाकाको सुस्केरा सुनेर उनलाई लोकसाहित्यमा लाग्ने प्रेरणा मिल्यो । त्यसपछि उनी संस्कृतिको अध्ययन अनुसन्धानमा आफूलाई समर्पित गर्न थाले । यसैको प्रेरणास्वरूप उनले वि. सं. २०१४ मा 'हाम्रो लोकसंस्कृति' नामक पुस्तक प्रकाशन गरेका थिए । उनले नेपाली साहित्यमा कविता, नाटक, समालोचनाका अतिरिक्त लोकसाहित्य, संस्कृति आदि क्षेत्रका दर्जनौँ कृति रचना गरेका छन् । उनले भाषा र नाटक, कविता, कथा, निबन्ध जस्ता साहित्यिक विधाका करिब तीन दर्जन जति कृति रचना गरेका छन् । उनका नेपाल भाषाका विभिन्न विषय र विधाक्षेत्रसँग सम्बन्धित करिब चार दर्जन रचना प्रकाशन गरी नेपाल भाषाको श्रीवृद्धिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनी 'नेपाल भाषा एकेडेमी' को स्थापना र नेवारी साहित्य, कला र संस्कृति जोगाउन क्रियाशील देखिन्छन् ।

विभिन्न ओहदामा रहँदा र कर्मक्षेत्रमा खटिँदा जोशीले चिरस्मरणीय योगदान दिएका छन् । उनले प्रज्ञा प्रतिष्ठानमा रहँदा दिलोज्यानले मुलुकका भाषा र संस्कृतिको विकासमा अहम् योगदान दिएका छन् । यिनकै संयोजकत्वमा विदेशीले नेपालका बारेमा तयार पारेका लेखरचना र पुस्तकको ग्रन्थसूची तयार भएको थियो । उनी प्रज्ञा प्रतिष्ठानमा रहँदा 'गाईजात्रा महोत्सव' को प्रवर्धन गरेका थिए । तत्कालीन प्रशासकलाई समेत व्यङ्ग्य गरिएको आरोप लगाई गाईजात्रा कार्यक्रम बन्द गराउन दरबारबाट आएको दबाबलाई उनले ठाडै अस्वीकार गरी कार्यक्रम जनतामाझ जनप्रिय रहेकाले बन्द गर्न नसकिने जबाफ फर्काइदिएका थिए । यसबाट उनी जनमतका विपरीत कसैको दबाब र धम्कीबाट पछि नहट्ने व्यक्ति थिए भन्ने प्रस्ट हुन्छ । उनकै प्रयासबाट समाजका विकृति विसङ्गतिका विरुद्ध गाईजात्राका माध्यमबाट हास्यव्यङ्ग्य विधाको विकास भएको थियो । यस कार्यक्रमको सफलताबाट हौसिएका जोशीले नेपाली नाटकलाई माथि उकास्ने हेतुले प्रतिष्ठानमै 'नाटक महोत्सव' गर्ने परिपाटी पनि बसालेका थिए । उनी आफ्नो जिम्मेवारीमा अहोरात्र

*सान्निध्य - समीप वा निकट हुनुको भाव, सामीप्य*
*दिलोज्यान - तन र मन दुवै लगाउनु*
*अहोरात्र - दिन वा चौबिसै घण्टा, दिनहुँ*

खटिरहन्थे । जमलमा राष्ट्रिय नाचघरका लागि जग्गा किन्ने र भक्तपुरमा राष्ट्रिय सङ्ग्रहालयको निर्माण गर्ने काम पनि जोशीकै सक्रियतामा भएको थियो । उनले प्रज्ञा प्रतिष्ठानमा सदस्य सचिव रहँदा नेपाली भाषाका साथै शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, मैथिली, लेप्चा, थारू, दनुवार, नेवार, चेपाङ, राजवंशीलगायतका भाषाको अध्ययन अनुसन्धान गरेका थिए । यिनै १४ भाषामा पर्यायवाची कोश निर्माणको कार्यसमेत सम्पन्न भएको थियो । सत्यमोहन जोशीले नेपालका प्राचीन मुद्राको खोज अनुसन्धान गरी 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक ग्रन्थ पनि लेखेका छन् । उनकै अध्ययनका आधारमा राजा जयप्रकाश मल्लका पालामा सबैभन्दा सानो सिक्का प्रचलनमा रहेको थियो भन्ने देखिन्छ । उक्त सिक्का संसारकै सबैभन्दा सानो सिक्का भनेर गिनिजबुक अफ वर्ल्ड रेकर्डमा समेत दर्ता भएको छ ।

उनले चीनमा नेपाली भाषाको प्रचारप्रसार गर्नुका साथै अन्य थुप्रै मुलुकको भ्रमण गरेका छन् । चीनबाट नेपाली भाषा पठनपाठनका लागि प्रशिक्षकका रूपमा बोलावट भएपछि उनी त्यहाँ गएर नेपाली भाषालाई चिनियाँमाझ पुऱ्याउने काममा सक्रिय रहे । उनले त्यहाँ आफ्ना विद्यार्थीको सहयोगमा नेपाली विभाग खोलेर नियमित रूपमा नेपालीमा समाचार प्रसारण गर्ने र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने चाँजो मिलाएका थिए । यसरी विदेशमा नेपाली भाषाको प्रसारण कार्यमा जोशीबाट उल्लेख्य योगदान पुगेको देखिन्छ । उनले चीनमा रहँदा कलाकार अरनिको र उनले चीनमा निर्माण गरेको श्वेतचैत्यबारे खोज अनुसन्धान गरी 'नेपाली वास्तुविद् कलाकार अरनिको' नामक शोधग्रन्थ प्रकाशित गरे । उनले भृकुटीबारे पनि खोज अनुसन्धान गरी तथ्य पहिल्याउने काम गरेका थिए । उनले प्रज्ञा प्रतिष्ठानको सदस्य रहँदा तत्कालीन सोभियत सङ्घको भ्रमण गरेका थिए । उनी नेवार बन्धुहरूको विश्व सङ्गठनले लन्डनमा आयोजना गरेको सम्मेलनमा अतिथिका रूपमा सहभागी भएका थिए । अमेरिका स्थित नेवार बन्धुको सङ्गठनले वासिङ्टन डिसीमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिका रूपमा समेत विदेश भ्रमण गरेका थिए । बङ्गलादेशमा सांस्कृतिक विविधतासम्बन्धी मन्त्रीस्तरको अन्तर्राष्ट्रिय सम्मेलनमा उनी सहभागी भएका थिए । उनले भारत र चीनका मुख्य मुख्य सहरमा समेत कैयौँ पटक भ्रमण गरेका थिए ।

नेपाल आमाका कर्मठ सपूत सत्यमोहन जोशीले थुप्रै पुरस्कार, सम्मान र पदक पाएका छन् । उनी नेपाल र नेपालीको गौरव उच्च पार्न सधैँ अग्रसर बने । उनलाई नेपाली वाङ्मय र संस्कृतिका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै काठमाडौँ विश्वविद्यालयबाट वि.सं. २०६८ मा महाविद्यावारिधिको उपाधि प्रदान गरिएको थियो । उनलाई त्रिमूर्ति निकेतनले २०७१ साल मङ्सिर १५ गते 'शताब्दी पुरुष' को उपाधि प्रदान गरेको थियो । नेपाल सरकारका तर्फबाट वि. सं. २०७४ वैशाख २१ मा उनलाई 'वाङ्मय शताब्दी पुरुष' को उपाधि प्रदान गरिएको थियो । उनको नाममा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' समेत मनाइएको थियो । उनी नेपाली र नेपाल भाषाको संरक्षण तथा नेपालीको राष्ट्रिय पहिचानका लागि निरन्तर लागिरहे । जोशीले 'गोरखा दक्षिण बाहु', 'मदन पुरस्कार', 'पृथ्वी प्रज्ञा पुरस्कार',

*पर्यायवाची - समान वा एउटै अर्थ बुझाउने*
*वास्तुविद् - भवन निर्माण कलासम्बन्धी राम्रो ज्ञान भएको व्यक्ति*

'भानुभक्त पुरस्कार' लगायतका दर्जनौँ पुरस्कार प्राप्त गरिसकेका छन् । उनलाई भन्डै दुई सय सङ्घसंस्थाले सम्मान तथा अभिनन्दनसमेत गरिसकेका छन् । वि. सं. २०७६ मा नेपाल राष्ट्र बैङ्कले जोशीको नाम र मुहार अङ्कित एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएको छ । उनले 'लोक संस्कृति', 'नेपाली राष्ट्रिय मुद्राहरू' र 'कर्णाली लोक संस्कृति' नामक कृतिका लागि तीन पटक मदन पुरस्कार पाउन सफल भएका थिए । उनी नै तीन तीन पटकसम्म मदन पुरस्कार प्राप्त गर्ने एक मात्र व्यक्ति हुन् ।

सत्यमोहन जोशी नेपाली भाषा, लोक साहित्य, संस्कृतिलगायतका क्षेत्रमा अनवरत रूपमा योगदान दिने विशिष्ट व्यक्तित्व हुन् । उनको जीवनका महत्त्वपूर्ण योगदानमा प्रज्ञा प्रतिष्ठानबाट गाईजात्रा महोत्सवको प्रवर्धन, कलाकार अरनिकोबारे अन्वेषण, प्राचीन नेपाली मुद्राको खोजी आदि अविस्मरणीय छन् । त्यस्तै नेपाल भाषा एकेडेमीको स्थापना, चिनियाँ कविताको नेपाली अनुवाद तथा कर्णाली लोकसंस्कृतिको अनुसन्धानमा समेत उनको अहम् योगदान रहेको छ । उनी व्यक्तिगत जीवनभन्दा राष्ट्र र राष्ट्रियताका लागि अनवरत रूपमा समर्पित हुने कर्मशील व्यक्ति हुन् । सत्यमोहनमा रहेको अथक प्रयास र कामप्रतिको लगावबाट हामी सबै निष्ठावान् भई देशसेवामा लाग्यौँ भने सजिलै देशको काँचुली फेर्न सकिन्छ भन्ने सन्देश प्राप्त गर्न सकिन्छ । सत्यमोहन जोशीले नेपाली भाषा र नेपाल भाषा दुवैमा दर्जनौँ कृतिको रचना गर्नु चानचुने कुरा होइन । बहुभाषिक र बहुसांस्कृतिक राष्ट्रलाई सशक्त र भावनात्मक रूपमा एकताको सूत्रमा बाँध्ने उनका प्रेरणादायी कार्यप्रति सिङ्गो राष्ट्र गौरव बोध गर्दछ ।

*निष्ठावान् - निष्ठा भएको, श्रद्धा राख्ने, आस्थावान्*

## शब्दभण्डार

### १. दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| गाईजात्रा | जनमानसमा प्रचलित संस्कार, कलाकौशल, क्रियाकलाप |
| जीवनदृष्टि | प्राचीन महत्त्वका, दुर्लभ र अनौठा वस्तु बटुलेर राखिने ठाउँ वा घर |
| संस्कृति | विद्या, बुद्धि, सम्पन्नता, रूप, गुण आदिको विकास |
| पुरातत्त्व | प्रतिष्ठापूर्व रूपमा स्थापित कुनै संस्था |
| सङ्ग्रहालय | जीवनदर्शन, जीवनलाई हेर्ने दृष्टि वा आधार |
| प्रतिष्ठान | प्राचीन समयका ऐतिहासिक तथा महत्त्वपूर्ण वस्तुको अध्ययन गर्ने विद्या |
| | कुनै राष्ट्र वा जातिका कलाकौशल, बौद्धिक विकाससम्बद्ध क्रियाकलाप |
| | जनैपूर्णिमाको भोलिपल्ट मनाइने जात्रा |

### २. दिइएका शब्दको विपरीत अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

अनुत्तीर्ण, विनाश, अविश्वास, स्वार्थ, निराशा, अरुचि, कपुत, स्वीकार, निष्क्रियता

### ३. दिइएका शब्दको विपरीत अर्थ आउने शब्द खोजेर लेख्नुहोस् :

सुरक्षित, सभ्य, नास्तिक, लौकिक, गहन, सूक्ष्म

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

वाङ्मय, अविश्रान्त, औद्योगिक, कर्मक्षेत्र, हास्यव्यङ्ग्य, काँचुली, सङ्घर्ष, संस्कृति

### २. जीवनीको पहिलो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

### ३. दिइएको अनुच्छेद मनमनै पढी संरचनाबारे सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

सत्यमोहन जोशी नेपाली भाषा, लोक साहित्य, संस्कृतिलगायतका क्षेत्रमा अनवरत रूपमा योगदान दिने विशिष्ट व्यक्तित्व हुन् । उनको जीवनका महत्त्वपूर्ण योगदानमा प्रज्ञा प्रतिष्ठानबाट गाईजात्रा महोत्सवको प्रवर्धन, कलाकार अरनिकोबारे अन्वेषण, प्राचीन नेपाली मुद्राको खोजी आदि अविस्मरणीय छन् । त्यस्तै नेपाल भाषा एकेडेमीको स्थापना, चिनियाँ कविताको नेपाली

अनुवाद तथा कर्णाली लोकसंस्कृतिको अनुसन्धानमा समेत उनको अहम् योगदान रहेको छ । उनी व्यक्तिगत जीवनभन्दा राष्ट्र र राष्ट्रियताका लागि अनवरत रूपमा समर्पित हुने कर्मशील व्यक्ति हुन् । सत्यमोहनमा रहेको अथक प्रयास र कामप्रतिको लगावबाट हामी सबै निष्ठावान् भई देशसेवामा लाग्यौं भने सजिलै देशको काँचुली फेर्न सकिन्छ भन्ने सन्देश प्राप्त गर्न सकिन्छ । सत्यमोहन जोशीले नेपाली भाषा र नेपाल भाषा दुवैमा दर्जनौं कृतिको रचना गर्नु चानचुने कुरा होइन । बहुभाषिक र बहुसांस्कृतिक राष्ट्रलाई सशक्त र भावनात्मक रूपमा एकताको सूत्रमा बाँध्ने उनका प्रेरणादायी कार्यप्रति सिङ्गो राष्ट्र गौरव बोध गर्दछ ।

प्रश्नहरू

(क) माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ख) अनुच्छेदको सबैभन्दा लामो वाक्य कुन हो, त्यो कति शब्दले बनेको छ ?

(ग) व्यक्तिगत स्वार्थमा नलागेको कुरा कुन वाक्यमा छ, त्यसको आशय के हो ?

## ४. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सत्यमोहन जोशीको साहित्य लेखनको प्रारम्भ कहिलेदेखि भएको हो ?

(ख) जोशीले कुन कुन सम्मान र पुरस्कार प्राप्त गरे ?

(ग) जोशीले लोक साहित्यको क्षेत्रमा के के काम गरेका छन् ?

(घ) नेपाल भाषा र संस्कृतिको संरक्षणमा जोशीको योगदान कस्तो रहेको छ ?

## ५. कोष्ठकभित्र साल र त्यसभन्दा तल सत्यमोहनको जीवनमा घटेका घटना दिइएका छन् । उक्त घटना कुन कुन सालमा भएका हुन्, पहिचान गरी लेख्नुहोस् :

(वि. सं. १९७७, १९९८, २००१, २०१४, २०६८, २०७१, २०७४, २०७६)

(क) हाम्रो लोकसंस्कृति नामक पुस्तक प्रकाशन

(ख) नेपाल सरकारबाट 'वाङ्मय शताब्दी पुरुष' को उपाधि प्राप्त

(ग) काठमाडौं विश्वविद्यालयबाट महाविद्यावारिधिको उपाधिले विभूषित

(घ) सत्यमोहनको जन्म

(ङ) त्रिचन्द्र कलेजबाट आई.ए. उत्तीर्ण

(च) नेपाल राष्ट्र बैङ्कले जोशीको नाम र मुहार अङ्कित धातुको सिक्का प्रकाशन

(छ) त्रिमूर्ति निकेतनबाट 'शताब्दी पुरुष' को उपाधि प्राप्त

(ज) जागिरे जीवनको सुरुआत

## ६. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

सत्यमोहन जोशीको बाल्यकाल र शिक्षादीक्षा निकै उतारचढावयुक्त रह्यो। पाँच वर्षको उमेरसम्म पनि बोली नफुटेका कारण उनका आमाबुबा चिन्तित भए। भनिन्छ, बोली फुटोस् भन्नका लागि आमाबुबाले देवीदेवताको भाकल गरे। धामीझाँक्रीलाई देखाए तर केही सिप लागेन। त्यस वेलाको जनविश्वासअनुसार सूर्यविनायकको जङ्गलमा लगेर केही क्षण एक्लै छोडेछन्। त्यसपछि उनी 'माँ, ए माँ !' भनेर चिच्याएका थिए रे। उनको अक्षरारम्भ नेपाल भाषाका माध्यमबाट सात वर्षको उमेरमा घरबाटै भएको थियो। उनको अक्षरारम्भ सुरुमा छिमेकी गुरुबाट भएपछि उनलाई मङ्गल बजारस्थित भाषा पाठशालामा भर्ना गरियो। यसरी उनले नेपाली भाषा चाहिँ दश वर्ष पुग पछि मात्र सिकेका थिए। अङ्ग्रेजी भाषा पढाउने हेतुले सुरुमा पाटन हाइस्कुलमा भर्ना गरिए पनि केही समयपछि उनलाई रानी पोखरीस्थित दरबार हाइस्कुलमा भर्ना गरियो। उनले त्यहीँबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे। काठमाडौँको त्रिचन्द्र कलेजबाट वि. सं. १९९८ मा आई. ए. उत्तीर्ण गरेपछि स्नातक तहमा भर्ना भए तर परिवारको जीविकाका लागि बिचैमा पढाइ छाडेर जागिरतिर लाग्न बाध्य भए।

**प्रश्नहरू**

(क) सत्यमोहन जोशीका आमाबुबा चिन्तित हुनुको कारण के हो ?

(ख) सत्यमोहन जोशीको अक्षरारम्भ कुन उमेरमा र कहाँ भएको थियो ?

(ग) उनको पढाइ अघि बढ्न नसक्नुको कारण के देखिन्छ ?

(घ) सत्यमोहनले कुन तहसम्मको शिक्षा हासिल गरेका थिए ?

## ७. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

'हातका मैला सुनका थैला के गर्नु धनले, साग र सिस्नु खाएको बेस आनन्दी मनले' देवकोटाको मुनामदनका यी पङ्क्तिमा सिस्नुको चर्चा छ। विपन्नका लागि अभावको वेला प्राण धान्ने खान्कीका रूपमा लिइने सिस्नु पछिल्ला दिनमा सम्पन्न र सम्भ्रान्तको पनि प्रिय भोजन बनेको छ। आज सिस्नुले स्वाद र स्वास्थ्य दुवैलाई लोभ्याउँदै छ। हाम्रा पाखापखेरामा पाइने सिस्नु विषादी र रासायनिक मलको प्रकोपबाट मुक्त विशुद्ध अर्गानिक उत्पादन हो। मध्यपहाडी तथा उपत्यकामा पाइने पोल्ने झार सिस्नुमा धेरै औषधीय गुण पाइन्छ। २५ प्रतिशतसम्म प्रोटिन हुने यसमा भिटामिन ए, भिटामिन सी, भिटामिन डी, लौहतत्त्व, पोटासियम, क्याल्सियम जस्ता

पौष्टिक पदार्थ पनि हुन्छन् । यसै कारण उत्तरी तथा पूर्वी युरोपमा यसको झोल लामो समयदेखि प्रचलित छ । सामान्यतः सिस्नुलाई पखाली उम्लेको तातोपानीमा राखी घोटेर पकाउने प्रचलन छ । विशेषगरी यसमा नुन, खुर्सानी, टिमुरको धुलो, लसुन, मकैका च्याख्ला राखेर पकाइन्छ । विदेशमा चाहिँ बटरमा प्याज, लसुन, गाजर र आलु राखेर सिस्नु पकाइन्छ । अन्त्यमा नुन, मरिच र क्रिम हालेर सुपका रूपमा प्रयोग गर्ने प्रचलन छ । यसलाई ग्रिनटीकै तरिकाले पनि सेवन गर्न सकिन्छ । बजारमा सहजै पाइने सिस्नुको पाउडरलाई सुप या तरकारीका रूपमा प्रयोग गर्न सकिन्छ । फूलको सुप बनाएर भात या मकैका च्याख्लासँग सेवन गर्दा निकै स्वादिष्ट हुन्छ ।

**(क) उत्तर दिनुहोस् :**

(अ) 'साग र सिस्नु खाएको बेस आनन्दी मनले' भन्नाले के बुझिन्छ ?

(आ) सिस्नुमा कुन पौष्टिक तत्त्व पाइन्छ ?

(इ) सिस्नुलाई किन अर्गानिक उत्पादन भनिएको हो ?

(ई) सिस्नु पकाएर खाने विभिन्न तरिका बताउनुहोस् ।

**(ख) भाषा संरचना पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदबाट 'आदि' र 'विपन्न' शब्दका विपरीतार्थी शब्द लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट चन्द्रबिन्दु लागेका शब्द टिप्नुहोस् ।

(इ) 'विशुद्ध' र 'प्रचलन' शब्दमा लागेका उपसर्ग छुट्याउनुहोस् । ती उपसर्ग लागेका थप दुई दुईओटा शब्द लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

**८. जीवनीमा रहेको 'नेपाल आमाका .... व्यक्ति हुन्' अनुच्छेदबाट मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

**९. सत्यमोहन जोशीको जीवनीबाट कस्तो शिक्षा पाइन्छ, तलका भनाइका आधारमा व्याख्या गर्नुहोस् :**

(क) सादा जीवन उच्च विचार लिनु

(ख) दुःखमा नआत्तिनु र सुखमा नमात्तिनु

(ग) जीवनका उकाली ओरालीमा हातेमालो गर्दै अघि बढ्नु

(घ) सङ्घर्ष नै जीवनको पर्याय हुनु

**१०. जीवनीका आधारमा सत्यमोहन जोशीलाई देशभक्त व्यक्तित्वका रूपमा चिनाउनुहोस् ।**

**११. तपाईँको समुदायमा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान दिएका कुनै एक जना व्यक्तिको व्यक्तिवृत्त तयार गर्नुहोस् ।**

**१२. दिइएका सन्दर्भका आधारमा सत्यमोहन जोशीका योगदानको चर्चा गर्नुहोस् :**




**१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

अञ्जलीका बुबाले आफ्नी छोरीलाई सही बाटामा हिँड्न अभिप्रेरित गर्दै भन्नुभयो, "आफ्नो लक्ष्यमा निरन्तर लाग्नुपर्छ । निरन्तर लागे एक न एक दिन सफलता प्राप्त हुन्छ भन्नेकुरा अरुणा लामाको जीवनीबाट प्रस्ट हुन्छ । 'यसपालि त मनै फाट्यो केले सिउने केले टाल्ने...' भन्ने अरुणा लामाको गीत निकै चर्चित छ । अम्बर गुरुङद्वारा रचित यस गीतमा सुमधुर स्वर भर्ने अरुणा लामाको जीवन दुःखैदुःखले भरिएको थियो । विवाह गरेको दश वर्ष नपुग्दै पतिवियोगबाट शोकमा डुबेकी उनलाई आर्थिक अभावले सताइरह्यो । जीवनमा जस्तोसुकै वज्रपात आइपरे पनि उनले आफ्नो गायन धर्मलाई कहिल्यै छाडिनन् । जतिसुकै दुःख र अभावका बिचमा पनि उनले निरन्तर गीत गाइरहिन् । त्यसैले आज उनी सफल गायकका रूपमा अजर अमर बनिन् । त्यसैले तिमीमा पनि क्षमता छ निरन्तर लागिरह्यौ भने सफलता प्राप्त हुन्छ । जतिसुकै अप्ठ्यारो आइपरे पनि आफ्नो लक्ष्य छोड्नुहुँदैन ।"

तपाईँ पनि आफ्ना साथी वा भाइबहिनीलाई आफ्नो लक्ष्य प्राप्तिका लागि लागिरहन कसरी अभिप्रेरित गर्नुहुन्छ, कक्षामा साथी साथी मिलेर भूमिका निर्वाह गरेर देखाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ५ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) म पात्र बाहिर निस्कन डराउनाको कारण के थियो ?

(ख) म पात्रले गाउँघरमा के खाए जस्तै गरी पान खाए ?

(ग) म पात्र किन हाँसोका पात्र भए ?

(घ) म पात्रलाई किन ग्लानि भयो ?

२. **नयाँ ठाउँमा जाँदा तपाईँलाई कस्तो अनुभूति हुन्छ, कक्षामा सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र शब्दको निर्माण प्रक्रिया ख्याल गर्नुहोस् :**

आज विद्यालयमा विशिष्ट अतिथिको आगमन हुन्छ । हामी उहाँलाई स्वागत गर्छौं । उहाँले हामीलाई पुरस्कार प्रदान गर्नुहुन्छ । अध्ययनमा उत्कृष्ट ठहरिएको भन्दै उपहार प्रदान गर्नुहुन्छ । अभिभावकहरू सन्तानको प्रगतिमा रमाउँदै कार्यक्रममा उपस्थित भएर अवलोकन गर्नुहुन्छ ।

माथिको अनुच्छेदमा आएका विशिष्ट (वि+शिष्ट), आगमन (आ+गमन), प्रदान (प्र+दान), अध्ययन (अधि+अयन), उत्कृष्ट (उत्+कृष्ट), उपहार (उप+हार), अभिभावक (अभि+भावक), प्रगति (प्र+गति), उपस्थित (उप+स्थित), अवलोकन (अव+लोकन) जस्ता शब्द उपसर्ग लागेर बनेका शब्द हुन् ।

२. **दिइएका उपसर्ग लागेर बनेका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :**

अनुसार, बदनाम, पराजय, प्रगति, प्रारम्भ, अपमान, संवाद, विभेद, अध्यादेश, अभिव्यक्ति, अत्युत्तम, विकल्प, प्रत्येक, नियोग, परिभाषा, उपहार, उपकरण, निर्दोष, निर्जीव, निर्भय, दुष्कर्म, दुर्गति, उल्लेख्य, दुर्घटना, अवशेष, आकृति, निबन्ध, नाजबाफ

३. **दिइएका उपसर्ग लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् :**

बद, ना, अधि, अनु, अभि, अति, अव, अप, उप, उत्, दुर्, दुस्, नि, निर्, परा, परि, प्र, प्रति, वि, सम्

४. **दिइएको अनुच्छेदबाट दशओटा उपसर्ग व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

नेपालमा पर्यटन उद्योगको प्रचुर सम्भावना देखिन्छ । यहाँको प्रकृति र पर्यावरणले पर्यटकलाई आकर्षण गरिरहेको छ । यसको प्रवर्धनका लागि विदेशबाट पर्यटक आउँदा अतिथिको सम्मानमा माला लगाएर भव्य स्वागत गर्नुपर्छ । यातायात र आवासको उचित प्रबन्ध गर्नुपर्छ । पर्यटकलाई कुनै असुविधा हुन दिनुहुँदैन । उनीहरू बिदा हुँदा उपहारसहित बिदाइ गर्नुपर्छ ।

## ५. दिइएको अनुच्छेदमा रातो रङ लगाएका शब्द कुन कुन प्रत्यय लागेर बनेका छन्, छुट्याउनुहोस् :

सहदेव दाइ बोलक्कड र सिपालु छन् । उनी अनेकौँ श्रव्य, दृश्य र पाठ्य कविता काव्य, नाट्य कृतिका सर्जक समेत हुन् । यी दङ्गाली दाइको दैनिक काम गराइ रमाइलो पाराको छ । घुस्याहा प्रवृत्ति विरुद्ध लड्ने र भ्रष्टाचारीलाई पक्राउ गर्न सहयोग गर्ने दाङ घोराहीका सहरिया सहदेव दाइलाई सबैले मन पराउँछन् । उनलाई अहिले युवा समूहको सदस्यको चुनावमा उठ्न भनी बोलावट भएको रहेछ । पाल्पाली र बैतडेली साथी पनि अब छिट्टै उनको दर्शन पाइने भयो भनेर खुसी भएछन् । सहदेव दाइ चुनावमा विजयी होउन् र पदाधिकारीमा समेत छनोट होउन् भनी उनीहरूले कामना गरेछन् । दङ्गाली काका खुसीले गद्गद भएर गाउँले साथी भेट्न गाउँ गएछन् ।

## ६. दिइएका प्रत्ययबाट एक एकओटा शब्द निर्माण गर्नुहोस् :

अक्कड, आइ, आउ, आली, आलु, आवट, आहा, इया, इलो, ई, एली, ओट, ली, ले, अक, अन, इक, ता, ति, य

## ७. दिइएको अनुच्छेद पढी शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दको अलग अलग सूची बनाउनुहोस् :

संयोग, संवेग र विवेक विद्यालय जाँदा सँगसँगै जान्छन् । उनीहरू खाजा खाँदा र खेल्दा पनि छुट्टिँदैनन् । उनीहरू एकआपसमा संवाद गर्दा कक्षाका संस्कृतिलगायत अन्य छात्रा र अरू साथीसँगीलाई पनि संलग्न गराउँछन् ।

## ८. दिइएको अनुच्छेदलाई शिरबिन्दु र चन्द्रबिन्दुको उपयुक्त प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :

सँस्कृतिविद् सत्यमोहन जोशीले नेपाल टेलिभिजनसंग सङ्क्षिप्त कुराकानी गर्दै हाम्रो सँस्कार र सँस्कृतिको सँरक्षण हामी आफैंले गर्नुपर्छ भन्ने धारणा राख्नुभयो । अझ, उहांले नेपाली गाउंघर र लेकबेंसीबाट लोकसाहित्यको संगालो नै भेटिने प्रतिक्रियासमेत दिनुभयो ।

## सिर्जना र परियोजना कार्य

**१. नाटककार बालकृष्ण समको व्यक्तिगत विवरण पढ्नुहोस् । दिइएका सूचनाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | - | बालकृष्ण सम |
| जन्म | - | वि. सं. १९५९ माघ २४ गते, ज्ञानेश्वर, काठमाडौँ |
| मातापिता | - | कृति राज्यलक्ष्मी र समर शमशेर जबरा |
| शिक्षा | - | आई.एस्सी. |
| सेवा | - | सैनिक सेवा, रेडियो नेपालको निर्देशक, गोरखा पत्रको सम्पादक |
| कृति | - | मुटुको व्यथा, अमरसिंह, भीमसेनको अन्त्य आदि नाटक, चिसो चुल्हो महाकाव्य, आगो र पानी खण्डकाव्य आदि |
| योगदान | - | आधुनिक नेपाली नाटकका प्रवर्तक<br>सुखान्त र दु:खान्त नाटकको रचना<br>सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुमा नाटक रचना |
| पुरस्कार | - | त्रिभुवन पुरस्कार, साझा पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार |
| मृत्यु | - | वि. सं. २०३८ साउन ६ गते, काठमाडौँ |

**२. पुस्तकालयको सहयोग लिई गीत सङ्गीतका क्षेत्रमा उल्लेख्य योगदान दिने एक जना व्यक्तिको जीवनी पढी कक्षामा सुनाउनुहोस् ।**

पाठ ६

# पर्यावरण सन्तुलन



(नौ कक्षाका विद्यार्थी शिक्षकसँग उद्यानको मनोरम वातावरणमा बसेर पर्यावरणीय सन्तुलनबारे कुराकानी गर्दै छन् ।)

शिक्षक : तिमीहरूलाई थाहा छ ? हाम्रो वरिपरि हावा, पानी, माटो, बोटबिरुवा, जीवजन्तु, सूर्यको प्रकाश जस्ता प्राकृतिक वस्तु छन् । यिनै वस्तु मिलेर बनेको हाम्रो वरिपरिको आवरणलाई नै पर्यावरण भनिन्छ ।

दीक्षा : पर्यावरण र पारिस्थितिक प्रणाली उस्तै हुन् र गुरु ?

शिक्षक : स्याबास ! जिज्ञासा राखेकामा । पारिस्थितिक प्रणाली पर्यावरणसँग सम्बन्धित कुरा अवश्य हो तर एउटै कुरा चाहिँ होइन । पर्यावरण भनेको हाम्रो जीवनलाई प्रभावित गर्ने भौतिक र जैविक परिवेश हो ।

सुवर्ण : त्यसो भए पारिस्थितिक प्रणाली भनेको के हो नि गुरु ?

शिक्षक : हाम्रो पर्यावरणका विभिन्न तत्त्वका बिचको अन्तरसम्बन्ध नै पारिस्थितिक प्रणाली हो ।

सुवर्ण : बल्ल प्रस्ट भयौँ गुरु । पहिले त मलाई पनि यी दुई कुरा एउटै हुन् जस्तो पो लागेको थियो ।

दीक्षा : पर्यावरणका विभिन्न तत्त्वको एकआपसको सम्बन्धबाट नै हाम्रो जीवनको अस्तित्व सम्भव हुँदो रहेछ, होइन गुरु ?

*शब्दार्थ*

*आवरण - बाहिरबाट ढाक्ने, छोप्ने प्रक्रिया, वरिपरि घेरिएको*

शिक्षक : हो, पृथ्वीमा उपलब्ध वायुमण्डल, पानी, सूर्यको प्रकाश, माटो तथा ओजन तहबिच रहने एकआपसको सम्बन्धका कारण नै यस पृथ्वी ग्रहमा जीवन सम्भव भएको हो, सम्पूर्ण जीवजगत्को अस्तित्व सम्भव भएको हो ।

दीक्षा : हाम्रो पृथ्वी जस्तो जीवनमैत्री ग्रह त अरू कुनै पनि छैन होला नि गुरु ?

शिक्षक : तिमीले ठिक भन्यौ, अहिलेसम्मका विभिन्न अनुसन्धानबाट पृथ्वीमा जस्तो अनुपम पर्यावरणीय संरचनाको संयोग अन्य कुनै ग्रहमा भेटिएको छैन र जीवनको अस्तित्व पनि पत्ता लागेको छैन ।

निशान्त : जीवनका लागि पर्यावरण आवश्यक त छँदै छ । त्यसमा पनि स्वच्छ र सन्तुलित पर्यावरणले मात्र मानव जीवन र सम्पूर्ण जीवजन्तु, वनस्पतिलाई स्वस्थ र सन्तुलित राख्न सक्ने रहेछ, हो गुरु ?

श्रेया : निशान्तको जिज्ञासा मलाई पनि ठिक लाग्यो । बरु गुरु, पर्यावरण असन्तुलित हुँदा जीवनमा पर्ने प्रभावका बारेमा बताइदिनुहोस् न ।

निहारिका : पर्यावरण असन्तुलित हुनमा त मानव र उसका क्रियाकलाप नै प्रमुख कारक रहन्छन् होइन र ?

शिक्षक : (खुसी हुँदै) हो, पर्यावरण सन्तुलन बिगार्ने गरी अनावश्यक वस्तु थपिँदा वातावरण असन्तुलित हुन पुग्छ जसलाई हामी वातावरण प्रदूषण भन्छौँ । उद्योगधन्दा, कलकारखाना, मोटरगाडीबाट निस्किने धुवाँ तथा अन्य रासायनिक पदार्थले हाम्रो वायुमण्डल, जमिन, पानी आदि प्रदूषित पार्छन् । बाढी, पहिरो, खडेरी, अतिवृष्टि, महामारी, अनिकाल जस्ता प्राकृतिक प्रकोप असन्तुलित पर्यावरणकै कारण उत्पन्न हुने गर्छन् । अम्लीय वर्षा, हरितगृह प्रभाव तथा ओजन तह क्षयीकरण आदि वर्तमान पर्यावरणीय चुनौतीभित्र पर्छन् । यी सबै कारणले गर्दा जीवजन्तु, वनस्पति तथा मानव जीवनमा नकारात्मक असर पर्न सक्छ ।

निहारिका : मैले हिजो मात्र इन्टरनेटमा अम्लीय वर्षाका बारेमा खोजी गरेकी थिएँ । वायुमण्डलमा नाइट्रोजन र सल्फरडाइ अक्साइड जम्मा हुँदा आकाशबाट परेको पानीसँग रासायनिक प्रतिक्रिया गरी नाइट्रिक एसिड र सल्फ्युरिक एसिड जस्ता कडा अम्ल उत्पन्न भई वर्षासँगै जमिनसम्म आउनुलाई अम्लीय वर्षा भनिन्छ । अम्लीय वर्षाका कारण भवन, मूर्तिलगायतका विभिन्न संरचनामा क्षति हुँदो रहेछ । यसले प्राणी तथा वनस्पतिमा नराम्रो असर गर्दो रहेछ । विशेष गरी पानीमा बस्ने प्राणीलाई यसको असर बढी पर्ने रहेछ । मैले यो हरितगृह प्रभाव र ओजन तह क्षयीकरणका बारेमा चाहिँ पढ्न भ्याएकी छैन ।

*अनुपम - उपमा नभएको, अतुलनीय, बेजोड*
*क्षयीकरण - खिइँदै वा नासिँदै जाने काम वा प्रक्रिया*

शिक्षक : हो त, यस्ता ज्ञानगुनका कुरा खोज्न सजिलो भएर त इन्टरनेटको लोकप्रियता र महत्त्व बढेको हो नि ।

श्रेया : ओजन तहले सूर्यबाट आउने हानिकारक पराबैजनी किरणलाई छेकेर पृथ्वीसम्म आउन दिँदैन भन्ने कुरासम्म मैले पनि इन्टरनेटबाटै पढेर थाहा पाएकी हुँ तर क्षयीकरणका बारेमा भने मैले पनि पढ्न अझै बाँकी छ ।

शिक्षक : तिमीहरू आफ्ना जिज्ञासाको समाधानका लागि इन्टरनेटको पनि प्रयोग गर्दा रहेछौ । यो एकदम ठिक हो । अँ, अब ओजन तहको क्षयीकरण र हरितगृह प्रभावका बारेमा कुरा गरौँ । सुन है, हाम्रो वायुमण्डलमा भएको ओजन तहको महत्त्वका बारेमा त श्रेयाले प्रस्ट पारिसकिन् । ओजन तह क्षयीकरण हुँदा पराबैजनी किरण पृथ्वीसम्म आई मानव, पशुपन्छी तथा वनस्पतिमा नराम्रो असर देखाउँछन् । तिनले आँखाको दृष्टिमा समस्या, छालाको क्यान्सर तथा वनस्पतिका हरितकणको क्षति पुऱ्याउन सक्ने हुँदा ओजन तह बचाउनु हाम्रो दायित्व हो । कलकारखाना, हवाई जहाज, रेफ्रिजिरेटर आदिबाट उत्सर्जन हुने क्लोरोफ्लोरो कार्बन नामक ग्याँस नै ओजन तह क्षयीकरणको प्रमुख कारक हो । यसैको कारण ओजन तह पातलिँदै गएको कुरा वैज्ञानिक बताउँछन् ।

दीक्षा : यस्तो खालको अन्तरक्रियाबाट त धेरै कुरा सजिलोसँग बुझ्न सकिने रहेछ । गुरु, अब हामीलाई हरितगृह प्रभावको बारेमा केही भनिदिनुहोस् न ।

शिक्षक : (विद्यार्थीतिर फर्केर) तिमीहरू कसैलाई हरितगृहका बारेमा केही थाहा छ भने भन त ।

निशान्त : (हात उठाएर बोल्न अनुमति माग्दै) यस बारेमा मैले इन्टरनेटमा हेरेको भिडियोबाट जानकारी पाएको कुरा भन्छु नि गुरु ।

शिक्षक : हुन्छ भन न, पढ्ने बुझ्ने भनेको यसरी नै त हो नि ।

निशान्त : नर्सरीमा साना तथा कलिला बिरुवाका लागि आवश्यक ताप व्यवस्थापनका लागि सिसा प्रयोग गरी हरितगृह बनाइएको हुन्छ । सूर्यबाट आएका किरण सजिलै निस्किन नसक्ने भएकाले हरितगृहभित्र बाहिरको तापक्रमभन्दा केही बढी न्यानोपन कायम रहन्छ । हाम्रो वायुमण्डलमा मुख्य रूपमा कार्बन डाइअक्साइडको मात्रा बढी हुँदा यसले सिसाको जस्तै गुण देखाउँछ र पृथ्वीको तापक्रम बढ्दै जान्छ । यसैलाई हरितगृह प्रभाव भनिन्छ । यसै कारणले पनि दिनानुदिन पृथ्वीको तापक्रम बढ्दै गइरहेको छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ रे ।

शिक्षक : स्याबास ! निशान्तले पाएको जानकारी शतप्रतिशत सही छ । तिमीहरूको उत्साहपूर्ण सहभागिताबाट मलाई साह्रै खुसी लाग्यो ।

सुवर्ण : गुरु, यसो हेर्दा त पर्यावरणीय असन्तुलनको कारण विशेष गरी मानिसले गरेका विकास तथा आविष्कार नै भएको महसुस भयो नि । मैले कतै गलत त बुझिनँ नि गुरु ?

*उत्सर्जन – छोड्ने, त्याग्ने काम*

शिक्षक : तिमीले बुझेको कुरा ठिक हो । अनियन्त्रित जनसङ्ख्या वृद्धि, बढ्दो सहरीकरण, स्रोत साधनको अत्यधिक प्रयोग आदि नै पर्यावरण विनाशका कारण हुन् । यी सबै मानव क्रियाकलापसँग सम्बन्धित छन् । कुनै पनि विकास कार्यक्रमले केही न केही पर्यावरणीय क्षति त अवश्य निम्त्याउँछ ।

दीक्षा : त्यसो भए त पर्यावरण संरक्षणका लागि विकास निर्माणका काम नै रोक्नु पर्‍यो नि होइन र ?

शिक्षक : पृथ्वी सम्पूर्ण प्राणीको साझा घर हो । यसको विनाशले सबैको जीवनमा नकारात्मक प्रभाव पर्ने तथा स्वयम् मानिस नै समस्यामा पर्ने गरेकाले अहिले आएर मानिसको चेतनामा परिवर्तन आएको छ । दिगो विकासको अवधारणाअनुरूप खानेपानी योजना, जलविद्युत् परियोजना, सडक निर्माण जस्ता विकास योजना निर्माण गरिनुपर्छ । दिगो विकास भनेको दीर्घकालीन वा लामो समयसम्म टिकाउ हुने विकास हो । यस्ता विकास योजना सुरु गर्दा विज्ञ समूहद्वारा उक्त योजनाले पार्न सक्ने पर्यावरणीय प्रभावको अध्ययन गरी तयार गरिएको प्रतिवेदनका आधारमा कार्यान्वयनमा ल्याउने परिपाटी बसिसकेको छ । जसका कारण विकासको काम पनि रोकिँदैन र पर्यावरण पनि सुरक्षित रहन्छ ।

श्रेया : दिगो विकासको कुरा त मलाई साह्रै ठिक लाग्यो । दिगो विकासको अवधारणाअनुसार कार्य गर्न सके विकास योजनाका कारण वातावरणमा पर्न जाने नकारात्मक प्रभावलाई न्यून गर्न सकिने पो रहेछ त ।

निहारिका : प्लास्टिकको बढ्दो प्रयोग, रासायनिक मल, कीटनाशक विषादी आदिले पनि वातावरणमा नकारात्मक प्रभाव पार्ने भएकाले यसबारे जानकारीमूलक कार्यक्रम आयोजना गरी जनचेतना बढाउन सके पर्यावरणीय सन्तुलन कायम गर्न केही टेवा पुग्ने थियो कि ?

शिक्षक : हो, हामीले हाम्रोतर्फबाट पर्यावरण जोगाउन धेरै काम गर्न सक्छौँ ।

सुवर्ण : यस्ता पर्यावरण जोगाउने उपाय पनि बताइदिनुहोस् न गुरु ।

शिक्षक : लौ सबैले सुन है, घरबाट निस्कने फोहोरको वर्गीकरण गरी सड्ने फोहोरलाई मल बनाई प्रयोग गर्न सके वातावरणीय सरसफाइमा टेवा पुग्छ । यसो गर्दा रासायनिक मलको प्रयोगलाई घटाउन सकिने भएकाले हामी सबैले आफ्नो घरबाटै पर्यावरण संरक्षणको अभियान सुरु गर्नु जरुरी छ । पेट्रोलियम पदार्थका सट्टामा जलविद्युत्, सौर्यऊर्जा, गोबरग्याँस जस्ता वैकल्पिक ऊर्जाका स्रोतको प्रयोग गर्नसके वातावरणीय प्रदूषण घट्न गई हामी स्वच्छ वातावरण पाउछौँ । फेरि हाम्रो देशमा जलविद्युत्, वायुऊर्जा तथा सौर्यऊर्जाको पर्याप्त सम्भावना पनि भएकाले यसतर्फ सबैलाई प्रेरित गर्न सके पर्यावरण संरक्षण मात्र होइन देशको अर्थतन्त्र पनि माथि उठ्ने कुरामा कुनै दुई मत छैन ।

निशान्त : यो नवीकरणीय र अनवीकरणीय स्रोतका बारेमा पनि केही जान्न पाए राम्रो हुन्थ्यो कि गुरु ।

शिक्षक : पर्याबरणमा भएका विभिन्न स्रोतसाधनको प्रयोग गरेर नै हाम्रो जीविका चलेको हुन्छ । पृथ्वीमा भएका प्राणीमध्येको मानिस सर्वोत्कृष्ट प्राणी भएकाले ऊ आफ्नो चेतना र ज्ञानको प्रयोग गरी पृथ्वीमा उपलब्ध स्रोतसाधनको उत्खनन र प्रशोधन गरी भरपुर प्रयोग गर्छ । भूमिगत तेल, भूमिगत पानी, विभिन्न धातु, वनजङ्गल, जडीबुटी, नदीनाला सबैको प्रयोग गर्न सक्ने क्षमता मानिसमा रहेको छ । कतिपय मानिसले यी स्रोतसाधन प्रयोग गरी मनग्य आर्थिक उपार्जन पनि गर्ने गरेका छन् । यस्ता स्रोतसाधनलाई नवीकरणीय र अनवीकरणीय स्रोत गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । एक पटक प्रयोग गरिसकेपछि पनि पुनः उपयोग गर्न सकिने स्रोतलाई नवीकरणीय ऊर्जा स्रोत भनिन्छ । जमिन, वनजङ्गल, जडीबुटी, भूमिगत पानी आदि नवीकरणीय ऊर्जाका स्रोत हुन् । एक पटक प्रयोग गरिसकेपछि फेरि उपयोग गर्न नसकिने स्रोतलाई अनवीकरणीय स्रोत भनिन्छ ।

सुवर्ण : ए साच्चै ! यी अनवीकरणीय स्रोतको प्रयोगमा ध्यान दिइएन भने त भावी पुस्ताले यिनीहरूको प्रयोग गर्न नपाउने पो रहेछन् त ।

दीक्षा : यी स्रोतको प्रयोग गर्दा त निक्कै नै ध्यान पुऱ्याउनुपर्ने पो देखियो नि गुरु । यिनीहरूको आवश्यकताभन्दा बढी प्रयोग गर्नु भनेको त आफ्नो खुट्टामा आफैँ बन्चरो हान्नु जस्तो पो रहेछ । दुवै खालका प्राकृतिक स्रोतको सही र उपयुक्त प्रयोग गर्न जान्यो भने मात्र पर्यावरण जोगिने रहेछ ।

शिक्षक : दुवै खालका स्रोतको यथोचित प्रयोग गरी पर्यावरण सन्तुलित राख्ने कुरामा मानव जीवनको ठुलो भूमिका हुन्छ । पर्यावरणीय असन्तुलनका कारण स्रोत साधन मात्र होइन जैविक विविधता पनि ह्रास भएर जाने सम्भावना हुन्छ र कतिपय वन्यजन्तु तथा वनस्पति लोप भएर जाने सम्भावनासमेत रहन्छ । वातावरणीय प्रणाली तथा खाद्यशृङ्खलाको एउटा अंशका रूपमा रहने हरेक प्राणी र वनस्पतिलाई लोप हुनबाट बचाउनु हाम्रो कर्तव्य हो । पर्यावरण सन्तुलनका सम्बन्धमा कुरा बुझ्यौ नि ?

सबै विद्यार्थी : बुझ्यौँ गुरु ।

(सबै जना कक्षाकोठातर्फ प्रस्थान गर्छन् ।)

## शब्दभण्डार

१. **संवादमा दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| वायुमण्डल | ओजन तह क्षयीकरण गर्ने एक किसिमको ग्याँस |
| ओजन तह | लामो समयसम्म टिकाउ हुने विकास |
| अतिवृष्टि | पृथ्वीको चारैतिर रहेको हावाको आवरण |
| पराबैजनी किरण | पर्यावरणीय विविधता |
| क्लोरोफ्लोरो कार्बन | चाहिनेभन्दा बढी मात्रामा पानी पर्नु |
| नर्सरी | सूर्यका पराबैजनी किरणलाई छेकेर पृथ्वीसम्म आइपुग्न नदिने वायुमण्डलको तह |
| | सूर्यको प्रकाशमा रहेको हानिकारक विकिरण |
| | बिरुवा हुर्काउने ठाउँ |

२. **दिइएका पद पदावलीलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

पारिस्थितिक प्रणाली, अम्लीय वर्षा, हरितगृह प्रभाव, ग्लोबल वार्मिङ

३. **संवादमा प्रयोग भएका पर्यावरण हरितकण आदि जस्ता पर्यावरणसँग सम्बन्धित कुनै पाँचओटा प्राविधिक र पारिभाषिक शब्द पहिचान गरी कक्षामा सुनाउनुहोस् ।**

४. **संवादमा प्रयोग भएका ग्लोबल वार्मिङ, नाइट्रिक एसिड जस्ता अङ्ग्रेजी भाषाबाट आएका अरू पाँचओटा शब्द टिप्नुहोस् ।**

५. **दिइएका वाक्यमा रातो रङ लगाइएका श्रुतिसमभिन्नार्थी शब्दको अर्थ लेख्नुहोस् :**

(क) म शब्दकोश किन्न एक कोस पर जान्छु ।

(ख) भाग्यशाली साली नानी कविता प्रतियोगितामा सर्वोत्कृष्ट भइन् ।

(ग) म राम्रा कृति लेखेर कीर्ति पनि राख्छु ।

(घ) म यस जन्ममा यश राख्ने प्रयासमा तल्लीन छु ।

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

वायुमण्डल, अतिवृष्टि, अम्लीय, प्राकृतिक, स्रोत, नवीकरणीय, वनस्पति

२. **संवादमा प्रयोग भएका पात्रको भूमिका निर्वाह गर्दै हाउभाउ झल्किने गरी कक्षामा संवादात्मक शैलीमा वाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) संवादमा उपस्थित पात्रको नाम उल्लेख गर्नुहोस् ।

(ख) संवादमा सबैभन्दा बढी पटक प्रश्न गर्ने विद्यार्थी को हो ?

(ग) संवादमा प्रयोग भएका कुनै दुईओटा प्रश्नात्मक वाक्य भन्नुहोस् ।

(घ) संवादको सबैभन्दा लामो अनुच्छेदमा कति वाक्य छन् ?

४. **दिइएको अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नर्सरीमा साना तथा कलिला बिरुवाका लागि आवश्यक ताप व्यवस्थापनका लागि सिसा प्रयोग गरी हरितगृह बनाइएको हुन्छ । सूर्यबाट आएका किरण सजिलै निस्किन नसक्ने भएकाले हरितगृहभित्र बाहिरको तापक्रमभन्दा केही बढी न्यानोपन कायम रहन्छ । हाम्रो वायुमण्डलमा मुख्य रूपमा कार्बन डाइअक्साइडको मात्रा बढी हुँदा यसले सिसाको जस्तै गुण देखाउँछ र पृथ्वीको तापक्रम बढ्दै जान्छ । यसैलाई हरितगृह प्रभाव भनिन्छ । यसै कारणले पनि दिनानुदिन पृथ्वीको तापक्रम बढ्दै गइरहेको छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ रे ।

(क) हरितगृह कसरी निर्माण गरिन्छ ?

(ख) हरितगृहमा न्यानोपन कायम रहनुको कारण के हो ?

(ग) वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा बढ्दा के हुन्छ ?

(घ) ग्लोबल वार्मिङ भन्नाले के बुझिन्छ ?

५. **दिइएका भनाइका वक्ता को को हुन्, पहिचान गर्नुहोस् :**

(क) पर्यावरण र पारिस्थितिक प्रणाली उस्तै हुन् र गुरु ?

(ख) मैले कतै गलत त बुझिनँ नि गुरु ?

(ग) दिगो विकासको कुरा त मलाई साह्रै मन पऱ्यो ।

(घ) हामी सबैले आफ्नो घरबाटै पर्यावरण संरक्षणको अभियान सुरु गर्नु जरुरी छ ।

## ६. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

शे फोक्सुन्डो राष्ट्रिय निकुञ्ज डोल्पाका दुई हिउँ चितुवामा स्याटेलाइट जिपिएस कलर जडान गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व तथा राष्ट्रिय प्रकृति संरक्षण कोष र विश्व वन्यजन्तु कोष नेपालको प्राविधिक एवम् आर्थिक सहयोगमा स्याटेलाइट जिपिएस कलर जडान गरिएको हो । डोल्पाको साल्दाङ ब्लकको निजाल गाउँनजिकको राप्का क्षेत्रमा ३७ केजी तौलको अन्दाजी सात वर्षको वयस्क भाले हिउँ चितुवाको घाँटीमा जिपिएस कलर जडान गरिएको छ । उक्त हिउँ चितुवाको नाम घाङ्ग्री घापी हिउल राखिएको छ । त्यस्तै साल्दाङ ब्लककै धोरामा ३८ कि.ग्रा. तौल भएको अन्दाजी छ वर्षको वयस्क भाले हिउँ चितुवामा पनि कलर जडान गरी सो हिउँ चितुवालाई लाङ्गेन नाम दिइएको छ । हिउँ चितुवाहरूले बासस्थानमा गरेको विचरण, पार गरेको दुरी, आनीबानी, व्यवहारलगायतका विषयमा जिपिएस कलरले १८ महिनासम्मको तथ्याङ्क दिने र त्यसबाट संरक्षणको रणनीति तथा योजना तर्जुमा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्याटेलाइट कलर जडान गरिएका घाङ्ग्री घापी हिउल र लाङ्गेनबाट प्राप्त जिपिएस लोकेसनका आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, विश्व वन्यजन्तु कोष नेपाल र शे फोक्सुन्डो राष्ट्रिय निकुञ्जबाट हिउँ चितुवाहरूको अनुगमन गरिएको छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) स्याटेलाइट जिपिएस कलर जडान गर्न कुन कुन निकायबाट आर्थिक सहयोग प्राप्त भएको छ ?

(आ) जिपिएस कलरले कति महिनासम्मको तथ्याङ्क दिन सक्छ ?

(इ) हिउँ चितुवाको अनुगमन कुन कुन निकायले गरेका छन् ?

(ई) हिउँ चितुवाको संरक्षण किन आवश्यक देखिन्छ ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदबाट दुई दुईओटा मौलिक र आगन्तुक शब्द खोजेर लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी टिपोट गर्नुहोस् ।

(इ) अनुच्छेदबाट एउटा द्वित्व शब्द पहिचान गरी लेख्नुहोस् ।

(ई) फरक फरक पञ्चम वर्ण प्रयोग भएका दुईओटा शब्द टिप्नुहोस् ।

## ७. पाठको विषयवस्तु बोध गरी दिइएका शीर्षकमा एक एक अनुच्छेद लेख्नुहोस् :

(क) ग्लोबल वार्मिङ

(ख) ऊर्जाका स्रोत

८. **दिइएका प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :**

(क) 'पर्यावरण सन्तुलन' संवादमा पर्यावरण संरक्षणबारे कस्तो विचार व्यक्त छ ?

(ख) हामीले वातावरणीय सन्तुलन कायम गर्न कसरी सहयोग पुऱ्याउन सक्छौँ, उल्लेख गर्नुहोस् ।

९. **दिइएका चित्रको अध्ययन गर्नुहोस् । प्रदूषण न्यूनीकरणका उपायबारे आफ्नो प्रतिक्रिया दिनुहोस् :**





१०. **'खेलकुदको महत्त्व' शीर्षकमा दुई जना साथीका बिचमा गरिएको संवाद रचना गर्नुहोस् ।**

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

आदित्य र उसका साथीका मनमा धेरै कुरा खेल्न थाल्छन् । उनीहरूमा पढाइ र खेलकुदमध्ये कुन ठुलो हो र हामीले कुन कुरामा ध्यान दिने भनेर बहस हुन्छ । आदर्शले पढाइलाई भन्दा खेलकुदलाई महत्त्व दिने भन्छन् । बबिताले पढाइलाई महत्त्व दिने भन्छिन् । यसरी त्यहाँ भएका धेरै जनाको मत फरक फरक हुन्छ । लामो समयको छलफलपछि दुवै कुराको महत्त्वबोध गरी पठन संस्कृतिको विकासका लागि पठन संस्कृति क्लब गठन गर्ने निर्णय गर्छन् । स्वस्थ र सक्रिय जीवनका लागि खेलकुद आवश्यक हुने भएकाले खेलकुद क्लब गठन गर्नुपर्ने निष्कर्ष आदित्यले सुनाउँछन् ।

कक्षामा चार चार जनाको समूह बनाउनुहोस् र शिक्षकले दिएका शीर्षकमा समूहगत छलफलबाट आएको निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

### १. सुनाइ पाठ ६ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) भोलिवादी प्रवृत्तिले मान्छेलाई कतातिर घचेटिरहेको छ ?

(ख) 'रात रहे अग्राख पलाउँछ' भन्नुको आशय के हो ?

(ग) भोलिवादको अपवाद के हो ?

(घ) पाठमा मान्छेको कस्तो मनोवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ?

### २. भोलिवादी सोचबाट कसरी मुक्त हुन सकिन्छ, आफ्ना विचार भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको अनुच्छेदमा रातो रङ लगाएका समस्त शब्दको विग्रह गर्नुहोस् :

वीरबहादुर आजभोलि घरबाहिर निस्कँदा मास्क लगाएर मात्र निस्कन्छन् । साँझबिहान हिँड्दा होस् वा दिनभरि काम गर्दा होस् उनी मास्क लगाउँछन् । दिन दुगुना रात चौगुना वायु प्रदूषण बढेकाले खाद्यसामग्री किन्न थोकव्यापारीकहाँ जाँदा होस् वा विद्यालय, देवालयमा जाँदा होस् उनले मास्क लगाउने गरेका छन् । पल्लो घरका सानिमा, ठुलीआमा, ठुल्दाइ र सान्दाइ सबैलाई यो कुरा भन्नुपर्छ । दोबाटो, चौबाटोमा त झनै मान्छेको भिड हुन्छ त्यहाँ जाँदा सतर्क हुनुपर्छ ।

### २. दिइएका विग्रहबाट समस्त शब्द बनाउनुहोस् :

मनलाई मोहक, भान्छाका लागि घर, नाफा वा नोक्सान, पाँचओटा अमृतको समूह, पीत छ अम्बर जसको, महान् कवि, गहुँ झैँ गोरो, विद्या नै धन, हरेक बखत, सम्भव भएसम्म

### ३. दिइएका शब्दलाई समस्त भए विग्रह र विग्रह भए समस्त शब्द बनाउनुहोस् :

आशातीत, खाद्य अन्न, वनमा भोज, न रुनु न हाँस्नु, गाईको जात्रा, त्रिवेणी, लामपुच्छ्रे, हरेक

### ४. संवादको 'पर्यावरणमा भएका .... धातु आदि' संवादको अंशमा प्रयोग भएका पाँचओटा समस्त शब्द टिपोट गर्नुहोस् ।

### ५. दिइएको अनुच्छेदमा रातो रङ लगाएका शब्दको बनोटबारे छलफल गर्नुहोस् :

मेरा दुई जना साथी बलराम र कृष्ण ससाना समस्या पनि मिलीजुली समाधान गर्थे । सँगसँगै घर भएकाले उनीहरूबिच सरसापट र ऐँचोपैँचो चल्थ्यो । आआफ्नो काममा व्यस्त हुने भए पनि

बिदाको दिन छरछिमेकका घर घर गई सुखदुःख साट्ने उनीहरूको झझल्को मलाई आज पनि आइरहन्छ ।

६. **द्वित्व प्रक्रियाबाट बनेका पाँचओटा शब्द पर्ने गरी एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

७. **दिइएको अनुच्छेद पढ्नुहोस् अनि ङ, ञ, ण, न, म प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

कुनै जमानामा पञ्चकृष्ण धुरन्धर पण्डित थिए । बिहान सबेरै उठेर गङ्गास्नान गरी शङ्खघण्ट बजाउँदै पूजा गर्थे । त्यसपछि पञ्चामृत खाएर मात्र घरबाहिर निस्कन्थे । उनका सञ्जय, शान्ति, सम्बन्ध र सन्ध्या गरी चार सन्तान थिए ।

८. **दिइएको अनुच्छेद शुद्ध गरी लेख्नुहोस् :**

पंचनाथ संत थिए । समाजसेवा गर्ने उनको संकल्प थियो । उनी कंठमा माला लगाउँथे । समाजमा उनको सबैसँग राम्रो संबन्ध थियो ।

## सिर्जना र परियोजना कार्य

१. **'मानव जीवनका लागि पानी' शीर्षकमा संवाद तयार पार्नुहोस् ।**

२. **पुस्तकालयबाट कुनै एउटा नाटकको पुस्तक खोजी त्यसमा प्रयोग भएको संवाद कक्षामा हाउभाउसहित प्रस्तुत गर्नुहोस् ।**

पाठ ७

# कालजित र अजङ्गको राक्षसको कथा

मोतीलाल पराजुली



एकादेशमा पहाडको काखमा खेतीकिसानी गर्ने र गाईवस्तु पालेर आफ्नो जीविका चलाउँदै आएका किसान चौपट्टै मिलेर बसेको एउटा सुन्दर गाउँ रहेछ । त्यस गाउँको नजिक घना वनजङ्गल र गाईवस्तु चर्ने ठुलो फराकिलो खर्क रहेछ । हिउँदका दिनमा दिउँसो किसान गीत गाउँदै घाँसदाउरा लिन त्यही वनमा जाने र साँझपख फर्किने रहेछन् । यसै गरी उनीहरूको दैनिकी चल्दो रहेछ ।

एक दिन त्यस गाउँमा ठुलो आपत् आइलागेछ । कुरो के भएछ भने त्यस दिन पनि दशबाह्र जना महिला सधैँ जस्तो घाँसदाउरा लिन भनेर वनमा गएका रहेछन् । धेरै टाढा गएर घाँसदाउरा गर्दाखेरि उनीहरू यताउता छरिएछन् अनि घाँसदाउराका आआफ्ना भारी तयार गर्दै रहेछन् । यत्तिकैमा एउटी महिलालाई एउटा अजङ्गको राक्षसले देखेछ र तिनलाई समातेर खाने सुर कसेछ । ती महिलाले चिच्याएर हारगुहार गरिछन् । वरपरका सबै महिला त्यहाँ जम्मा भएछन् । आम्मै नि ! त्यस डरलाग्दो राक्षसले ती महिलालाई आफ्ना लामा लामा नङ्ग्राले चिथोर्दै पो रहेछ । अरू महिलाले राक्षसका अगाडि केही गर्ने हिम्मत गरेनछन् । सबै डराएर रुँदै कराउँदै गाउँमा गुहार माग्न गएछन् । घाँसदाउरा गर्न वनमा गएका महिला कराउँदै गुहार माग्दै गाउँमा आएको देखेपछि सबै गाउँले जम्मा भएछन् । वनमा भएको उपद्रोका बारेमा जानकारी लिएछन् ।

शब्दार्थ

खर्क - गाईवस्तु चराउनका लागि राखिएको बाँझो जग्गा
राक्षस - क्रूर, मान्छेको प्रतिपक्षी नरभक्षी असुर जाति
उपद्रो - भाँडभैलो, उधुम, कुनै दुःखद घटना

त्यस राक्षसलाई नमारी भएन भनेर सबै गाउँलेले सल्लाह गरेछन् । आफ्ना घरमा भएका खुँडा, खुकुरी, तरबार र बन्चरो जस्ता घरेलु हातहतियार लिएर राक्षस भएको ठाउँतिर गएछन् । गाउँले ले हल्लाखल्ला गर्दै राक्षसमाथि ढुङ्गा बर्साउन थालेछन् । बाबै नि ! त्यस नरभक्षी राक्षसले आफ्नो शरीर फुलाउँदै लगेर एउटा पहाड जत्रो बनाएछ । उसले उल्टै गाउँलेलाई थर्काउँदै र तर्साउँदै भन्न थालेछ, "हेर मनुवा हो ! यस महिलाको काल आजै आएको थियो र मलाई पनि बिछट्टै भोक लागेको हुनाले मैले यसलाई खाइदिएँ । अब तिमीहरूले पनि मलाई जिस्क्यायौ भने म तिमीहरूलाई पनि एक एक गरी अहिल्यै खाइदिन्छु ।" यसो भनेर मुख 'आँऽऽऽ' गर्दै लामा लामा दाह्रा देखाउँदै आफूमाथि ढुङ्गा बर्साउने गाउँले माथि जाइलाग्न पो थालेछ । त्यसपछि त एउटी महिलालाई बचाउन खोज्दा सारा गाउँलेको ज्यानै जाने भो भन्ठानी सबै गाउँलेको सातोपुत्लो गएछ । गाउँले भागाभाग गर्दै गाउँतिर भरेछन् । भागिरहेका गाउँलेलाई चिच्याउँदै र गर्जंदै राक्षसले भनेछ, "ए गाउँले हो ! कति भाग्छौ ? भोलि गाउँमै आएर तिमीहरू सबैलाई सिध्याइदिन्छु । कि तिमीहरूले दैनिक मलाई एक एक जना मान्छे पठाउने गर"

त्यसपछि गाउँले नजिकैको चौतारामा भेला भएछन् । गाउँका एक जना भलादमीले भनेछन्, "यदि राक्षसबाट बच्ने उपाय छ भने सोचौँ नत्र भने सबै एकै पटक मर्नुभन्दा त यस राक्षसलाई हरेक दिन एक एक जनाका दरले आहारा पुऱ्याइदिऔँ ।" गाउँलेको सल्लाह मिल्यो र उनीहरू अर्को दिन बिहानै वनमा गए । उनीहरूले राक्षससँग भने, "हे राक्षस ! हे काल ! तिमी नरिसाऊ । हामी तिम्रो आहाराको व्यवस्था गरिदिने छौँ ।" त्यसपछि अगिल्लो दिनदेखि पहाड जत्रो पारेको जिउ राक्षसले सानो बनाएछ र पहिलेको जस्तै भएछ । गाउँलेले दिनको एक जनाका दरले आफूहरू आहारा बन्न तयार रहेको बताएछन् । गाउँलेको सामूहिक काल बनेर आएको त्यस राक्षसले भनेछ, "हे मानव हो ! त्यसो भए तिमीहरूले मलाई दैनिक एक मान्छे र एक मुरी अन्न दिन्छौ भने म तिमीहरूलाई केही गर्दिनँ, नत्र भने म तिमीहरूको गाउँ नै उजाड बनाइदिन्छु ।" यसरी राक्षसले कालै नआएका मान्छेलाई समेत खान थालेछ । "काल आएका मान्छेलाई मात्र खानू" भन्ने विधिको उल्लङ्घन गर्न थालेछ । त्यसपछि दैनिक एक मान्छे र एक मुरी अन्न राक्षसलाई दिने कबोल गरेर गाउँले गाउँमा फर्केछन् ।

गाउँमा आएपछि उनीहरूले एउटा नियम बनाएछन् । हरेक कुरियाको पालो बाँधेछन् । आफ्नो पालो पर्दाका दिनमा एक मुरी अन्न र एक जना मान्छे राक्षसको आहारको निमित्त हरेक कुरियाले व्यवस्था गर्नुपर्ने नियम बसालेछन् ।

एक दिन राक्षसको आहारा बन्ने एउटी दोजिया महिलाको पालो परेछ । लोग्ने परदेश गएको, सासूससुरा मरिसकेकाले उनी घरमा एक्लै बसेकी रहिछन् । आफू एक्ली भएकी हुनाले आफूबाहेक अरू मानिस आहारा पठाउनका लागि कोही भएनछन् । आफ्नो पेटको बच्चाको मायाले गर्दा उनी राक्षसको

भलादमी - असल स्वभाव वा चरित्र भएको मान्छे, सभ्य र प्रतिष्ठित मानिस
उल्लङ्घन - नियमको अवहेलना, नाघ्ने काम
कुरिया - घरधुरी, कुनै मालमत्ता वा जग्गा जमिन कुर्ने व्यक्ति, कुरुवा
दोजिया - गर्भवती

आहारा हुन जान पनि सकिनछन् । त्यसैले एक मुरी अन्न भरेर घरको पिँढीमा राखी आफू भागेर माइततिर टाप कसिछन् । दिउँसो बाह्र बजेसम्म पनि आफ्नो आहारा नआएपछि त्यो राक्षस गाउँको नजिक झरेछ र गाउँ नै थर्कने गरी कराएछ । यसरी राक्षस कराएपछि गाउँले पालो परेकी महिलाको घरमा गएछन् । उनले एक मुरी अन्न छुट्याएर राखेको देखेछन् तर महिलालाई देखेनछन् । राक्षस पनि रिसाउँदै र राता राता आँखा पार्दै गाउँमा नै आइपुगेछ । त्यसपछि गाउँलेले राक्षससँग भनेछन्, "आज पालो परेकी महिलाले धोका दिइन् । आज अन्न खाएर यही घरमा बस्नुहोस् । भोलिदेखि सर्तबमोजिमको आहारा दिने छौँ ।" राक्षसले सित्तैमा घरमा बस्न पाउने भएपछि गाउँलेको आग्रह स्वीकार गरेछ । ती महिलाले राखेको अन्न खाएछ त्यसै घरमा बस्न थालेछ । गाउँलेले सर्तबमोजिमको आहारा राक्षसलाई दिन थालेछन् ।

ती महिला माइतमा नै बस्न थालिछन् र चार महिनापछि तिनले छोरो जन्माइछन् । उनले छोराको नाम कालजित राखिछन् । समय बिस्तारै बित्दै गएछ, छोरो पनि ठुलो हुँदै गएछ । लगभग दशबाह्र वर्ष यत्तिकै बितेछ । एक दिन कालजित मावली गाउँका साथीसँग खेल्दै रहेछ । उसका साथीले बुबा र घर दुवै नभएको 'भतुवा' भनेर गिज्याउन थालेछन् । आफ्ना बुबाको माया नपाएको कालजितको मनमा भतुवा भन्ने वचनवाणले बेसरी घोचेछ । ऊ रन्थनिँदै घरमा आएछ । त्यसपछि उसले आमासँग भनेछ, "आमा, हाम्रो घर कहाँ हो ? मेरो बुबा कहाँ हुनुहुन्छ ?" छोराले एक्कासि यस्ता प्रश्न गरेको सुनेर ती महिलाले छोरालाई धेरै सम्झाउने प्रयास गरिछन् तर छोराले किमार्थ मानेनछ । त्यसपछि लाचार भएर ती महिलाले आफ्नो पूर्वकथा बेलीबिस्तार लगाइछन् । साहसिलो केटो कालजितले साथीको हेपाइ र वचनवाण खप्नुभन्दा आफ्नै घरमा जानु जाती ठानेर उसले आफ्नो घर जाने निधो गरेछ । यो निर्णय सुनेर आमा साह्रै नै आत्तिइछन् । कालजितले आमालाई सम्झाएछ र बाटामा खाने खाजा तयार गर्न भनेछ । आमाले मिठो रोटी पकाइदिइछन् । कालजितले ती रोटी झोलामा राखेछ र आफ्नो घरतिर हिँडेछ । आमालाई मावलीमै छाडेर कालजित आफनो गाउँ आइपुगेछ ।

गाउँमा गएपछि गाउँलेसँग सोधपुछ गरी उसले आफ्नो घर पत्ता लगाएछ । आफ्नो घरमा राक्षस बस्ने गरेको कुरा पनि उसले सुनेछ । ऊ आफ्नो घरमा जाँदा ढोका बन्द देखेर ढोका ढकढक्याएछ । भित्रबाट राक्षसले गर्जँदै भनेछ, "ढोका ढकढकाउने को हो ?" "मामा म तपाईंको भान्जो हुँ" कालजितले राक्षसलाई बाहिरबाटै भनेछ । भान्जो साइनो सुन्नेबित्तिकै उसले ढोका खोलिदिएछ । कालजित भित्र पसेछ र "ल मामा खानुहोस्" भन्दै आफ्नी आमाले बनाएका मिठा मिठा रोटी राक्षसलाई खान दिएछ । राक्षसले चिल्ला र गुलिया रोटी असाध्यै मिठो मानेर खाएछ र कालजितसँग खुसी हुँदै भनेछ, "ओहो भान्जा ! रोटी त ज्यादै मिठा पो छन् त ।" कालजितले भनेछ, "हेर्दै जानुहोस् न मामा, म तपाईंलाई अझै कति मिठा मिठा चिज खुवाउँछु !" यसरी कालजितले हरेक दिन गाउँमा गएर मिठा मिठा खानेकुरा ल्याएर राक्षसलाई खुवाउन थालेछ र दुवै जना मिलेर बस्न थालेछन् । कालजित र राक्षस सँगसँगै बसेको देखेर गाउँले पनि चकित परेछन् ।

*भतुवा - काम नगर्नै खाएर मात्र बस्ने व्यक्ति*
*वचनवाण - वाण झैँ बिझ्ने खालको तीक्ष्ण बोली*

राक्षस घरबाट कहिल्यै बाहिर जाँदैन रहेछ । गाउँलेहरूले पनि राक्षसको खानेकुरा त्यसै घरमा नै ल्याइदिँदा रहेछन् । राक्षसले गाउँलेलाई यसरी दुःख दिएको र आफ्नो घर कब्जा गरेर बसेको कुरा कालजितलाई मन परेनछ । त्यसैले उसले राक्षससँग भनेछ, "मामा ! तपाईं यो घरबाट बाहिर जानुहुन्न किन ?" राक्षसले भनेछ, "बाहिर गएर के गर्ने, हेर भान्जा ! मलाई अन्त जान त मन छैन । मैले काल आएका मान्छेलाई मात्र खान भनी भगवान्ले अराएको र मेरो जिम्माको काममा ठुलो गल्ती गरेको छु । भगवान्सँग माफी माग्नका लागि एक पटक भगवान्लाई भेट्न भने जान मन लागेको छ ।"

"ए मामा ! त्यसो भए तपाईं भगवान्लाई भेट्न आजै गइहाल्नुहोस् । यस्तो कुरामा ढिलो गर्नु उचित हुँदैन । बरु, जाँदा भगवान्सँग मेरो परमआयु पनि सोधेर आउनुहोस् है ।" राक्षसले हुन्छ त भनेछ तर ऊ गएनछ किनभने उसलाई एकातिर भगवान्ले के भन्नुहुन्छ भन्ने भय रहेछ भने अर्कातिर राक्षसलाई बसी बसी खाने बानी परेर अल्छी भइसकेको रहेछ । कालजितले दिनदिनै यो कुरो दोहोऱ्याउन थालेपछि र सारै करकर गरेपछि राक्षस एक दिन भगवान्लाई भेट्न भनेर हिँडेछ । एकहप्ता जति त्यो राक्षस त्यस गाउँबाट अलप भएछ । मान्छेको बस्तीमा बसी काल नआएका मान्छेलाई जथाभावी खाएर नियम कानुन मिच्दै हिँडेको राक्षसलाई भगवान्ले पक्कै पनि हप्काएको भएर होला निन्याउरो मुख लगाउँदै राक्षस फर्केर आएछ । यता राक्षस फर्केर आएपछि यसलाई कसरी मार्ने ? भन्ने युक्ति सोच्दै कालजित त्यसैको तयारीमा लागेछ । नभन्दै एक हप्ता पुगेका दिन राक्षस आइपुगेछ । तिनीहरूका बिच कुराकानी चलेछ ।

कालजितले भनेछ, "मामा ! मेरो परम आयु कति वर्षको छ अरे ?" राक्षसले उत्तर दिएछ, "हेर भान्जा, तिम्रो आयु त ७९ वर्षको छ रे । त्यस समयसम्म तिमीलाई कसैले केही पनि गर्न सक्दैन रे ।" कालजितले भनेछ, "हैन, मेरो आयु किन ७९ वर्ष राखेको होला ? कि ८० वर्ष बनाइदिएको भए हुन्थ्यो, कि त ७८ वर्ष बनाइदिएको भए हुन्थ्यो । ए मामा ! तपाईं गएर भगवान्सँग मेरो आयु कि एक वर्ष बढी कि एक वर्ष घटी बनाइदिन भन्नु न !"

राक्षस पनि भान्जाको कुरो हार्न नसकेर भोलिपल्ट नै भगवान्सामु गएछ र कालजितको आयु कि एक वर्ष घटाइदिनुपऱ्यो, कि एक वर्ष बढाइदिनुपऱ्यो भनेर अनुनय गरेछ । भगवान्ले भन्नुभएछ, "हेर काल ! यो आयु भावीले जुन दिन जति लेख्यो, लेख्यो । त्यसलाई घटाउन पनि सकिँदैन, बढाउन पनि सकिँदैन । त्यसैले कालजितलाई यही कुरो सुनाइ देऊ ।" फर्केपछि राक्षसले पनि कालजितका आयुका बारेमा भगवान्ले भनेका सबै कुरा बताइदिएछ । मेरो आयु ७९ वर्षको छ र भगवान्ले पनि एक वर्ष तलमाथि गर्न नसक्ने रहेछन् भने यो राक्षसले मलाई केही गर्न सक्दैन भन्ने कालजितलाई लागेछ ।

भोलिपल्ट बिहान सबेरै उठेर कालजितले बाहिरबाट धेरै दाउरा आँगनमा जम्मा पारेछ र अगेनामा आगो फुकेछ । त्यसपछि फलामका आँसी, बाउसो, बन्चरो, ओदान त्यही आगोमा तताएछ । फलाम

भय - डर, त्रास, कुनै अनिष्ट कुराको सम्भावनाबाट उत्पन्न हुने मानसिक स्थिति
अनुनय - शक्तिशाली व्यक्तिका सामुन्ने कसैको उद्धारका निम्ति गरिने नम्र अनुरोध, बिन्ती, अनुरोध
भावी - पौराणिक मान्यताअनुसार शिशुको भाग्य लेखन कर्ता

रातो भएपछि सनासाले समातेर राक्षसलाई टाढैबाट हान्न थालेछ। राक्षसले आत्तिँदै त्यसो नगर्न आग्रह गरेछ तर कालजितले तँलाई नमारेसम्म म र मेरा गाउँलेको रक्षा हुँदैन भन्दै हतियार बर्साइरहेछ। तातो फलामको डाहाले गर्दा राक्षस त्यहीँ लडेछ। कालजितले फलामका ताता डल्लाले राक्षसलाई अझ हान्दै गएछ। केहीबेरपछि राक्षस त्यहीँ मरेछ।

यसरी राक्षसलाई मारेपछि कालजितले गाउँलेलाई बोलाएछ र सबै मिलेर राक्षसको सद्‌गत गरेछन्। कालजितलाई गाउलेले प्रशंसा गरेर आफ्नो गाउँको प्रमुख चुनेछन्। त्यसपछि कालजितले मावलीमा गएर आमालाई लिएर आएछ। ऊ आफ्नो घर, खेतीबाली समाली बस्न थालेछ। काललाई पनि जितेर गाउँमा सुखशान्ति दिएको हुनाले गाउँलेले कालजितलाई सम्मानपूर्वक राख्न थालेछन्। सानो व्यक्तिको बुद्धि र पुरुषार्थले पनि सधैँका लागि गाउँमा शान्ति ल्याउन सफल भएछ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला !

यो कथा बैकुण्ठ जाला, भन्ने वेला तात्तातै मुखमा आइजाला !!

*सनासो* - *भाँडाकुँडा च्याप्न वा समात्न प्रयोग गरिने फलामको एक प्रकारको साधन*

*डाहा* - *मानसिक र शारीरिक पीडाबाट हुने छट्पटी, अरूको उन्नति देख्न नसकेर मनमा हुने कष्ट*

*सद्‌गत* - *दाहसंस्कार*

## १. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बिछट्टै | विवश, बाध्य, कुनै उपाय नभएको |
| नरभक्षी | भाँडा बसाल्नका लागि बलेको अगेनामाथि राखिने तीन खुट्टा भएको फलामे साधन |
| किमार्थ | केही गर्न नसक्ने |
| लाचार | कसै गरेर पनि, केही गरे पनि |
| ओदान | गाईवस्तु चराउने बाँझो जग्गा |
| पुरुषार्थ | मान्छेलाई खाने, दानव |
| | अचाक्ली, धेरै |
| | बहादुरी, पौरख, अद्भुत क्षमता |

## २. दिइएका अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :

प्रत्येक, आइमाई, मित्र, दैलो, भाग्नु, उमेर, देवता, विवेक

## ३. दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

टाप कस्नु, सातोपुत्लो जानु, आलु खानु, हातेमालो गर्नु, भाग्य चम्कनु, माया मार्नु

## ४. दिइएका पदावलीको प्रयोग गरी किसानका बारेमा एउटा अनुच्छेद तयार पार्नुहोस् :

गाउँमा बस्नु, खेतीकिसानी गर्नु, गाईवस्तु पाल्नु, घाँसदाउरा गर्नु, ताजा खानेकुरा खानु, जीविका चलाउनु

## ५. कक्षामा छलफल गरी दिइएका उखानको अर्थ लेख्नुहोस् :

(क) हुने बिरुवाको चिल्लो पात

(ख) बाँदरका हातमा नरिवल

(ग) खाने मुखलाई जुँगाले छेक्दैन

(घ) नपत्याउँदो खोलाले बगाउँछ

(ङ) नाच्न नजान्ने आँगन टेढो

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

अजङ्ग, राक्षस, शरीर, व्यवस्था, आग्रह, भगवान्, निर्णय, परमआयु, अँगेनो, बुद्धि, पुरुषार्थ

### २. कथाको 'त्यस राक्षसलाई .... सबैलाई सिध्याइदिन्छु' अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।

### ३. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कालजित कथाका मुख्य दुई जना पात्रको नाम के हो ?

(ख) कथाको तेस्रो अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ग) कुन घटनापछि कालजित आफ्नो गाउँ जाने निर्णयमा पुग्छ ?

(घ) जङ्गलमा कुन घटना घटेको थियो ?

(ङ) राक्षसले गाउँलेसँग कस्तो सर्त राख्यो ?

### ४. दिइएको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

एक दिन त्यस गाउँमा ठुलो आपत् आइलागेछ । कुरो के भएछ भने त्यस दिन पनि दशबाह्र जना महिला सधैँ जस्तो घाँसदाउरा लिन भनेर वनमा गएका रहेछन् । धेरै टाढा गएर घाँसदाउरा गर्दाखेरि उनीहरू यताउता छरिएछन् अनि घाँसदाउराका आआफ्ना भारी तयार गर्दै रहेछन् । यत्तिकैमा एउटी महिलालाई एउटा अजङ्गको राक्षसले देखेछ र तिनलाई समातेर खाने सुर कसेछ। ती महिलाले चिच्याएर हारगुहार गरिछन् । वरपरका सबै महिला त्यहाँ जम्मा भएछन् । आम्मै नि ! त्यस डरलाग्दो राक्षसले ती महिलालाई आफ्ना लामा लामा नङ्ग्राले चिथोर्दै पो रहेछ। अरू महिलाले राक्षसका अगाडि केही गर्ने हिम्मत गरेनछन् । सबै डराएर रुँदै कराउँदै गाउँमा गुहार माग्न गएछन् । घाँसदाउरा गर्न वनमा गएका महिला कराउँदै गुहार माग्दै गाउँमा आएको देखेपछि सबै गाउँले जम्मा भएछन् । वनमा भएको उपद्रोका बारेमा जानकारी लिएछन् ।

**प्रश्नहरू**

(क) महिला वनमा किन गएका रहेछन् ?

(ख) एउटी महिलालाई देखेपछि राक्षसले कस्तो सुर कसेछ ?

(ग) महिला कराउँदै गुहार माग्दै गाउँमा जानुको कारण के हो ?

(घ) राक्षसका अगाडि महिलाले केही गर्ने हिम्मत किन गरेनछन् ?

५. **दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) पाठका घटना कुन कुन स्थानमा घटेका छन्, उल्लेख गर्नुहोस् ।

(ख) पाठमा तपाईँलाई मन परेका कुनै दुईओटा संवादात्मक अंश टिपोट गर्नुहोस् ।

(ग) पाठको शीर्षक तपाईँलाई उपयुक्त लाग्यो कि लागेन, कारण दिनुहोस् ।

(घ) पाठको दोस्रो अनुच्छेद पढी दुईओटा प्रश्न बनाउनुहोस् ।

६. **दिइएका वाक्य कसले कसलाई भनेका हुन्, पहिचान गर्नुहोस् :**

(क) हेर मनुवा हो ! यस महिलाको काल आजै आएको थियो र मलाई पनि बिछट्टै भोक लागेको हुनाले मैले यसलाई खाइदिएँ ।

(ख) यदि राक्षसबाट बच्ने उपाय छ भने सोचौँ नत्र भने सबै एकै पटक मर्नुभन्दा त यस राक्षसलाई हरेक दिन एक एक जनाका दरले आहारा पुऱ्याइदिऔँ ।

(ग) हाम्रो घर कहाँ हो ? मेरो बुबा कहाँ हुनुहुन्छ ?

(घ) त्यसो भए तपाईँ भगवान्‌लाई भेट्न आजै गइहाल्नुहोस् । यस्ता कुरामा ढिलो गर्नु उचित हुँदैन ।

(ङ) तिम्रो आयु त ७९ वर्षको छ रे ।

७. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपाल ऐतिहासिक हिसाबले प्राचीन मुलुक मानिन्छ । त्यसैले विश्व इतिहासमा नेपालको छुट्टै पहिचान र विशिष्ट स्थान रहेको छ । नेपाल धार्मिक पर्यटनका दृष्टिकोणले विश्वमा सगरमाथा जत्तिकै उच्च र शान्तिका अग्रदूत गौतम बुद्ध झैँ शान्त र स्थिर अवस्थामा छ। समयको परिवर्तनसँगै कैयौँ कुरामा फेरबदल पनि आएको छ। प्रसिद्ध हिन्दु मन्दिर पशुपतिनाथ र बौद्धको आँखाका नानीका रूपमा रहेको लुम्बिनीका अतिरिक्त अन्य कैयौँ धार्मिक स्थलले नेपालको गौरव बढाएका छन् । भारतको रामेश्वर, बद्रीनाथ, द्वारका र जगन्नाथलाई चारधाम मानिन्छ । यीभन्दा उत्कृष्ट धामको नेपालमा कुनै कमी छैन । साबिकमा भारतमा लाग्ने गरेको कुम्भ मेला नेपालको चतराधाममा पनि उत्तिकै धुमधामसँग लाग्ने गरेको छ । एक पटकको मेला भर्न करिब डेढ करोड मानिस पुग्ने गरेका छन् । कैयौँ नेपाली भारतको केदारनाथ दर्शन गर्न पुग्छन् तर त्यसको शिर भाग भक्तपुरमा रहेको डोलेश्वर महादेव हो भन्ने जानकारी क्रमशः बढ्दै गएको छ । यस्ता सूचनालाई व्यापक रूपमा प्रचारप्रसार गरी धार्मिक पर्यटकको सङ्ख्या वृद्धि गर्न आवश्यक पूर्वाधार र रणनीति तर्जुमा गर्नु आवश्यक छ ।

(क) उत्तर दिनुहोस् :

(अ) धार्मिक पर्यटनका दृष्टिकोणले विश्व इतिहासमा नेपालको कस्तो पहिचान छ ?

(आ) कुन कुन धार्मिक स्थलले नेपालको गौरव बढाएका छन् ?

(इ) कुम्भमेला नेपालको कुन स्थानमा लाग्ने गरेको छ ?

(ई) धार्मिक पर्यटकको सङ्ख्या वृद्धि कसरी गर्न सकिन्छ ?

(ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'धार्मिक' र 'पर्यटन' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(आ) अनुच्छेदको 'त्यसैले विश्व इतिहासमा नेपालको छुट्टै पहिचान र विशिष्ट स्थान रहेको छ ।' वाक्यलाई भविष्यत् कालमा परिवर्तन गर्नुहोस् ।

(इ) अनुच्छेदको 'एक पटकको मेला भर्न करिब डेढ करोड मानिस पुग्ने गरेका छन् ।' वाक्यलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् ।

(ई) अनुच्छेदबाट 'ब' र 'व' लागी बनेका तीन तीनओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

८. व्याख्या गर्नुहोस् :

यो आयु भावीले जुन दिन जति लेख्यो, लेख्यो । त्यसलाई घटाउन पनि सकिँदैन, बढाउन पनि सकिँदैन ।

९. **कथाको दोस्रो अनुच्छेद अनुलेखन गर्नुहोस् ।**

१०. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) राक्षसले गाउँलेलाई के गरेर दुःख दिएको रहेछ, वर्णन गर्नुहोस् ।

(ख) कालजितले राक्षसलाई नमारेको भए गाउँमा कस्तो अवस्था आउँथ्यो होला, अनुमान गरेर लेख्नुहोस् ।

११. **'सानो व्यक्तिको बुद्धि र पुरुषार्थले गाउँमा शान्ति ल्याउन सफल भयो' भन्ने भनाइको आशय खुलाउनुहोस् ।**

१२. **'कालजित र अजङ्गको राक्षस' कथाका मुख्य मुख्य घटना नछुट्ने गरी बुँदागत रूपमा लेख्नुहोस् ।**

१३. **'कालजित र अजङ्गको राक्षस' कथाबाट के सन्देश पाउनुभयो, लेख्नुहोस् ।**

## १४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

समीक्षा भन्नाले कुनै पनि विषयवस्तु वा कुराका गुणदोष छुट्याई निष्पक्षतापूर्वक गरिने व्याख्या, विवेचना आदि भन्ने बुझिन्छ । पाठको विषयवस्तु कहाँबाट लिइएको छ ? यसको शीर्षकले विषयवस्तु समेटेको छ कि छैन ? पाठको मूलभाव के हो ? पाठबाट कस्तो सन्देश पाइन्छ ? पाठमा पात्र कति छन् ? तिनको स्वभाव कस्तो छ ? पाठको परिवेश गाउँ वा सहरमध्ये कुन हो ? त्यहाँको समाज कस्तो छ ? पाठको भाषा सरल, जटिल कस्तो छ ? संवाद कस्ता छन् ? पाठ पढेपछि मनमा कस्तो लाग्यो ? जस्ता प्रश्नको उत्तर खोजी गरेर पाठको समीक्षा गर्नुपर्छ ।

तपाईँले पढेको वा सुनेको कुनै एउटा कथाको समीक्षा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

### १. सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) कुमालहरू वास्तवमा माटाका भाँडा बनाउने कुशल शिल्पी थिए ।

(ख) विशेषतः माघ महिनामा बाली उठाइसकेपछि बारी जोतिन्थ्यो ।

(ग) बाँझो बारी जोत्दा यस वर्ष ससाना डल्ला निस्किएछन् ।

(घ) डल्लाहरू मान्छेले जस्तै बोल्ने र कुरा पो गर्ने रहेछन् ।

(ङ) धुलो माटो हुँदाहुँदै हामीलाई मात्र किन खोजी खोजी लगेका होलान् भनेर डल्लालाई पिर परेछ ।

### २. सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) उनीहरू माटाका भाँडा बनाउनुका अतिरिक्त के काम गर्थे ?

(ख) माटाका भाँडा बनाउन कस्तो माटो उपयुक्त मानिन्छ ?

(ग) माटाका डल्लाहरूको बैठक किन बसेछ ?

(घ) माटाका भाँडा कसरी बनाइन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएका वाक्यमा प्रयोग भएका क्रियापद पहिचान गर्नुहोस् :

(क) म वनभोज गएँ । मैले साथीसँग रमाइलो गरेँ । म पनि नाचगानमा सहभागी भएँ । म साँझ छ बजे घर फर्कें ।

(ख) ऊ छुट्टीको दिन घरमै बस्छ । ऊ गृहकार्य गर्छ । ऊ केही समय भाइबहिनीसँग खेल्छ । ऊ आमाबुबालाई घरको काममा सघाउँछ ।

(ग) तिमीहरू बजार जाने छौ । तिमीहरू बजारमा सामान किन्ने छौ । तिमीहरू सामान झोलामा राख्ने छौ । तिमीहरू सामान लिएर घर फर्कने छौ ।

### २. कोष्ठकमा दिइएको निर्देशनअनुसार तलका अनुच्छेदलाई परिवर्तन गर्नुहोस् :

(क) गाउँमा विद्यालय खुल्यो । अशिक्षित पनि शिक्षित भए । उनीहरूले आफूमाथि भएको शोषणको विरोध गरे । शोषकले शोषण गर्न छाडे । सबै जना मिलेर बस्न थाले । (वर्तमान काल)

(ख) हामी देश सेवामा लाग्छौँ । हामी आफ्नै माटामा परिश्रम गर्छौं । आधुनिक खेती प्रणाली अपनाएर अन्न उब्जाउछौँ । आफ्नै धर्तीलाई हराभरा बनाउछौँ । यसबाट देश विकासमा टेवा पुग्छ । (भविष्यत् काल)

(ग) बहिनी मिहिनेत गर्छे । ऊ परीक्षामा सफल हुन्छे । ऊ पुरस्कार पाउँछे । ऊ खुसी हुँदै घर आउँछे । त्यो कुरा सुनेर आमाबुबा खुसी हुनुहुन्छ । (भूत काल)

### ३. दिइएको अनुच्छेद पढ्नुहोस् र क्रियापदका पक्ष पहिचान गर्नुहोस् :

म सानामा चरचुरुङ्गी देखेर रमाउथेँ । एक दिन परेवा देखेर च्याप्प समाउन खोजेँछु । परेवा भुर्र उड्दा मलाई पनि उड्न मन लाग्यो । शनिबारको दिन बुबाले मलाई सहर घुमाउन लैजानुभएको थियो । सहरमा मोटरगाडी गुडिरहेका थिए । त्यो दृश्यले मलाई चकित तुल्यायो ।

### ४. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) सदिच्छा विज्ञान विषय पढ्छिन् । उनले डाक्टर बन्ने कुरा सोचेकी छन् । उनी बिरामीको सेवा गर्ने छिन् । सबैले उनलाई धन्यवाद दिने छन् । (अपूर्ण पक्ष)

(ख) आशिका जनकपुरबाट हेटौँडा जाँदै छिन् । उनी हजुरआमालाई फलफूल लाँदै छिन् । हजुरआमाले नातिनीको बाटो हेर्दै हुनुहुन्छ । उहाँ नातिनीलाई मन पर्ने सेलरोटी पकाउँदै हुनुहुन्छ । (पूर्ण पक्ष)

**५. दिइएको अनुच्छेद पढ्नुहोस् र अज्ञात पक्षका क्रियापद पहिचान गर्नुहोस् :**

अज्ञातप्रसाद गजबको छ । ऊ कति वेला काम गर्छ थाहै हुन्न । काम भइसकेपछि मात्र पो थाहा हुन्छ । अज्ञातलाई बुबाले गृहकार्य गर भन्नुभएछ । उसले त मैले हिजो गरेँ पो भनेछ । त्यसपछि बुबाले आमालाई भन्नुभयो, "यो अज्ञातले त हामीले थाहै नपाई गृहकार्य गरेछ ।" हिजो राती घरमा चोर आएको कुरा अज्ञातले आज मात्र थाहा पाएछ । ऊ भन्छ, "पुलिसले चोर समातेछ नि बुबा ।"

**६. दिइएको अनुच्छेदलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् :**

राती असिनापानी पऱ्यो । पल्लो डाँडामा पहिरो गयो । खेत पनि पानीले डुबायो । चराको गुँड पनि भत्कायो । पानी त गजबसँगै नै पऱ्यो त । अबेर राती बुबाले पनि थाहा पाउनुभयो । बहिनीले पनि थाहा पाइन् । भाइले पनि राती नै थाहा पाए । तैँले मात्र कसरी थाहा पाइनस् ?

**७. दिइएको अनुच्छेदलाई अभ्यस्त पक्षमा परिवर्तन गर्नुहोस् :**

यसरी राक्षसलाई मारेपछि कालजितले गाउँलेलाई बोलाएछ र सबै मिलेर राक्षसको सद्गत गरेछन् । कालजितलाई गाउलेले प्रशंसा गरेर आफ्नो गाउँको प्रमुख चुनेछन् । त्यसपछि कालजितले मावलीमा गएर आमालाई लिएर आएछ । ऊ आफ्नो घर, खेतीबाली समाली बस्न थालेछ । काललाई पनि जितेर गाउँमा सुखशान्ति दिएको हुनाले गाउँलेले कालजितलाई सम्मानपूर्वक राख्न थालेछन् । सानो व्यक्तिको बुद्धि र पुरुषार्थले पनि सधैँका लागि गाउँमा शान्ति ल्याउन सफल भएछ ।

**८. डुल्, भन्, उठ्, पढ् धातुबाट बन्ने अभ्यस्त पक्षका क्रियापद प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् ।**

**९. दिइएका अनुच्छेद पढ्नुहोस् र 'ब' र 'व' को प्रयोग पहिचान गर्नुहोस् :**

(क) विजय वेदविद्याश्रममा वेद पढ्छन् । विवेक, वृषभनाथ, वर्षमान, विज्ञानराम र विकल्पप्रसाद पनि वेद विद्यालयमा वैदिक मन्त्र पढ्छन् । कविता र सविता पनि विक्रम संवत् २०७८ को शैक्षिक सत्रमा वेद पढ्न भर्ना भएका छन् । पढ्नु विद्यार्थीको कर्तव्य हो । पढाइले मान्छेको व्यवहारमा सकारात्मक परिवर्तन ल्याइदिन्छ ।

(ख) बुद्धप्रसाद, बुद्धिनाथ, बलबहादुर र अम्बिकादेवीले धरहरा हेरे । गगनचुम्बी धरहरा हेर्न उनीहरू जस्तै बाँके, बर्दिया, बझाङ, बैतडीबाट मात्र होइन बर्दिबासबाट समेत मान्छे आए ।

(ग) भूकम्पमा बरबाद भएको धरहरा बनेकाले अब म पनि आमाबुबा र बहिनीलाई लिएर धरहरा हेर्न जान्छु र बस्नेत खाजाघरमा गएर बारा र बिरौँला खान्छु ।

(ग) राम्रो वकालत गरेर वाहवाह कमाएका दुई जना वकिल भवन वरपरको चउरमा वाल्ल परेर हेर्दै थिए । उनीहरू अदालत गए वा वडा कार्यालय मलाई थाहै भएन ।

**१०. कथामा रहेका 'व' लेख्दा 'ब' उच्चारण हुने, 'ब' लेख्दा 'ब' नै उच्चारण हुने अनि 'व' लेख्दा 'व' नै उच्चारण हुने शब्दको अलग अलग सूची बनाउनुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

**१. दिइएका बुँदाका आधारमा एउटा छोटो कथा तयार पार्नुहोस् :**

(क) एकादेशमा एक जना मन्त्री हुनु

(ख) मन्त्री भ्यागुताका सौखिन हुनु

(ग) जिउँदा भ्यागुता जम्मा पारेर एकै ठाउँमा राखी उफार्दा रमाइलो लाग्नु

(घ) एक दिन भ्यागुतालाई नबाँधी र नथुनीकन एक धार्नी बनाएर ल्याएमा एक धार्नी असर्फी पुरस्कार दिने घोषणा सुनाउनु

(ङ) मन्त्रालयमा भ्यागुता जोख्नेको भिड लाग्नु

(च) भ्यागुता उफ्रेका उफ्रै गर्नाले धार्नी नपुग्नु

(छ) भ्यागुताको धार्नी कहिल्यै पुग्दैन भन्दै सबै बिदा हुनु

**२. तपाईँले पढेको वा सुनेको कुनै विषयवस्तुमा आधारित छोटो कथा लेखेर ल्याउनुहोस् ।**

पाठ ८

# सारङ्गीमा देश

धीरेन्द्र प्रेमर्षि

गाउँदै आयो यो नेपाली सारङ्गीमा देश
मेची काली हिमाल पहाड तराई मधेस ।

जीवनको कथा, व्यथा, सङ्घर्षमा बाँच्छ
हाम्रै आँसु हाँसोसँग सधैँ रुन्छ हाँस्छ
सिर्जनामा रम्दै अनि साधनामा जम्दै
पौरखीका पसिनाको सुवासमा नाच्छ ।

बक्खु, भाङ्ग्रा, धोती सबै भन्छ मेरै भेष
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

हिमाललाई न्यानो दिन्छ तराईको काख
मधेसको पङ्खा बनी बस्छन् भिरपाखा
स्वाभिमानको मियोमाथि पिरतीको दियो
बाली मुस्कुराएका छन् कोटी कोटी आँखा ।

नलागोस् है कसैको नि भावनामा ठेस
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।



*शब्दार्थ*

*व्यथा* - *मानसिक वा शारीरिक पीडा, कष्ट*
*बक्खु* - *ऊनको बाक्लो कोट जस्तो लामो कपडा*
*भाङ्ग्रा* - *पाटबाट बुनेको बोरा जस्तो खस्रो कपडा*
*मियो* - *दाईं गर्न खलाको बिचमा बलियो गरी गाडिने खम्बा, केन्द्र वा मुख्य*
*कोटी* - *करोड*

जन्मे यहीँ बुद्ध अनि भृकुटी र सीता
यही माटामा कर्मयोग सिकाउँछ गीता
ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि यही
गर्वसाथ गाउने गर्छ, जय धर्ती माता !

जता हेर्‍यो त्यतै देख्छ विशेषै विशेष
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

प्रकृतिले सम्झाउँछ अमर गौरव गाथा
संसारकै शिरपोस हाम्रो सगरमाथा
समृद्धिको शिखर चुम्दै जान माथि माथि
रेटिँदै छ मानो रोपी फलाउन पाथी ।

सिङ्गो धर्ती सजाउने स्वर्णिम परिवेश
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

*कर्मयोग* - *सफलता र विफलताको वास्ता नराखी समान भावले गरिने शुभ कार्य*
*तपोभूमि* - *देवता र ऋषिमुनिहरूले तपस्या गरेको भूमि*
*शिरपोस* - *शिरमा लगाइने टोपी, पगरी, फेटा*
*समृद्धि* - *समृद्ध हुनाको भाव वा अवस्था, सम्पन्नता*
*स्वर्णिम* - *सुन जस्तै चम्किलो, सुनौलो*

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| सारङ्गी | उद्यमशील |
| सङ्घर्ष | इज्जत, प्रतिष्ठा |
| पौरखी | पृथ्वी, जमिन |
| धर्ती | सुन जस्तो चम्किलो, सुनौलो |
| गौरव | तारमा रेटेर बजाइने एक प्रकारको नेपाली बाजा |
| समृद्धि | वेग, चाल |
| स्वर्णिम | उचाइ |
| | समस्यासँगको जुधाइ, कठोर परिश्रम |
| | उन्नति, प्रगति |

२. **दिइएका शब्दका पर्यायवाची शब्द कविताबाट खोजेर लेख्नुहोस् :**

हिउँचुली, नयन, वासना, सृष्टि, तातो, टाकुरा

३. **दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

स्वाभिमान, भावना, ज्ञानभूमि, गाथा, परिवेश

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

स्वप्नभूमि, भाङ्ग्रा, बुद्ध, ज्ञान, प्रकृति, स्वर्णिम

२. **'सारङ्गीमा देश' कविता गति, यति, लय मिलाई वाचन गर्नुहोस् ।**

३ **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'सारङ्गीमा देश' कविता जम्मा कति पङ्क्तिमा रचना भएको छ ?

(ख) कविताको 'जन्मे यहीँ बुद्ध अनि भृकुटी र सीता' पङ्क्तिमा कति अक्षर छन् ?

(ग) कवितामा बक्खु भाङ्ग्राको प्रसङ्ग कतिऔँ श्लोकमा आएको छ ?

(घ) कवितामा 'गाउँदै आयो यो नेपाली सारङ्गीमा देश' भन्ने पङ्क्ति कति पटक आएको छ ?

(ङ) अनुप्रास मिलाउन पङ्क्तिको अन्त्यमा दिइएका देश मधेस, बाँच्छ हाँस्छ जस्तै गरी अरू तीन जोडी शब्द पाठबाट खोजेर भन्नुहोस् ।

## ४. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हिमाललाई न्यानो दिन्छ तराईको काखा
मधेसको पङ्खा बनी बस्छन् भिरपाखा
स्वाभिमानको मियोमाथि पिरतीको दियो
बाली मुस्कुराएका छन् कोटी कोटी आँखा ।

प्रश्नहरू

(क) तराईले हिमाललाई न्यानो दिन्छ किन भनिएको हो ?

(ख) यस कवितांशमा पिरतीको दियो कुन अर्थमा आएको छ ?

(ग) मधेसका लागि पङ्खाको काम केले गरेको छ ?

## ५. दिइएका कवितांशलाई गद्यमा रूपान्तर गर्नुहोस् :

(क) नलागोस् है कसैको नि भावनामा ठेस
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

(ख) प्रकृतिको सम्झाउँछ अमर गौरव गाथा
संसारकै शिरपोस हाम्रो सगरमाथा ।

## ६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सबै नेपालीको भावनालाई सम्मान गर्न के के गर्नुपर्छ ?

(ख) 'पौरखीका पसिनाको सुवासमा नाँच्छ' भन्नुको आशय के हो ?

(ग) कवितामा नेपालका कस्ता कस्ता सांस्कृतिक विशेषता उल्लेख गरिएको छ ?

## ७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

नेपाललाई सगरमाथाको देश र नेपालीलाई सगरमाथाको देशका नागरिक भनेर संसारभर चिनाउने विश्वको सर्वोच्च शिखर सगरमाथा हाम्रो गौरव हो । विश्वको ध्यान आकृष्ट गर्ने यस सगरमाथाको प्राकृतिक मनोरम छटाले मोहित नहुने को पो होलान् र ! हिमालको सुन्दरता तस्बिरमा हेर्न जति सजिलो छ, नजिक पुगेर दृश्यावलोकन गर्नु त्यति सहज छैन । त्यसमा पनि धर्तीको स्वर्गका रूपमा रहेको सगरमाथाको आरोहण अझै कठिन र चुनौतीपूर्ण छ। तीव्र इच्छाशक्ति छ भने सपना साकार हुन समय पनि लाग्दैन । धेरैले सर्वोच्च शिखर सगरमाथा चढ्ने सपना देखेका हुन्छन् । नसके कम्तीमा ५,३६४ मिटरको उचाइमा रहेको सगरमाथाको आधार शिविरसम्म भए पनि पुग्ने धोको राख्छन् । आधार शिविरमा पुग्नका लागि दोलखाको जिरी र सोलुखुम्बुको सल्लेरीबाट गरिने पदयात्रा लामो छ । काठमाडौँबाट सोझै लुक्ला उडान गरी आधार शिविरमा छरितो पदयात्रा पनि गर्न सकिन्छ । आधार शिविरबाट विश्वकै अग्लो सगरमाथा (८,८४८.८६ मि.) नजिकबाट छर्लङ्ग देखिने हुँदा यो आधार शिविर सबैका लागि लोकप्रिय गन्तव्य बन्दै गएको छ । शेर्पा संस्कृति, हिम झरनाको दृश्य, ऐतिहासिक बौद्ध गुम्बाको दर्शन तथा हिम नदीको मनोरम दृश्यले आधार शिविरको यात्रालाई थप रोचक बनाउँछन् । त्यसैले पनि धेरै विदेशी र स्वदेशीका लागि सगरमाथा आधार शिविरको पदयात्रा उच्च प्राथमिकतामा पर्ने गर्छ । हजारौँ पदयात्री हरेक वर्ष त्यहाँ पुग्छन् । उनीहरू सगरमाथा र सेरोफेरोको सौन्दर्यलाई आँखाका नानीभित्र लुकाउँदै आनन्दातिरेकमा डुब्छन् ।

### (क) उत्तर दिनुहोस् :

(अ) नेपाली विश्वभर कुन नामले चिनिन्छन् ?

(आ) कुन कुन ठाउँबाट सगरमाथाको आधार शिविरसम्म पुग्न सकिन्छ ?

(इ) आधार शिविरसम्मको यात्रालाई थप रोचक बनाउने कुरा के के हुन् ?

(ई) सगरमाथालाई धर्तीको स्वर्ग किन भनिएको होला ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदका 'स्वर्ग' र 'सपना' शब्दका विपरीतार्थी शब्द लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट 'हजारौँ पदयात्री हरेक वर्ष त्यहाँ पुग्छन् ।' वाक्यलाई इच्छार्थक वाक्य बनाई लेख्नुहोस् ।

(इ) 'धेरैले सर्वोच्च शिखर सगरमाथा चढ्ने सपना देखेका हुन्छन् ।' वाक्यलाई सम्भावनार्थ वाक्य बनाई लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दुई दुईओटा हलन्त र अजन्त क्रियापद पहिचान गरी लेख्नुहोस् ।

८. **दिइएको कविताशंको व्याख्या गर्नुहोस् :**

ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि यही
गर्वसाथ गाउने गर्छ, जय धर्ती माता !

९. **दिइएका बुँदालाई आधार मानी कविताको मूलभाव लेख्नुहोस् :**

(क) सारङ्गीमा सारा नेपालीका कथाव्यथा अभिव्यक्त

(ख) हिमाल, पहाड र तराईप्रतिको समभाव

(ग) राष्ट्र र राष्ट्रियता सबैभन्दा प्यारो हुन्छ भन्ने धारणा

(घ) प्राकृतिक सुन्दरताले भरिपूर्ण पावन भूमिको महिमा गान

(ङ) विविधतामा एकता राखी समृद्धितर्फ उन्मुख हुनुपर्ने विचार

१०. **'सारङ्गीमा देश' कवितामा रहेका विषयवस्तुबारे कक्षामा छलफल गर्नुहोस् ।**

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

चार कक्षामा पढ्ने बहिनी नृत्य प्रतियोगितामा प्रथम भइन् । उनी खुसी हुँदै घर आएर भनिन्, "दिदी मैले त नृत्यमा पुरस्कार पाएँ नि !" त्यसपछि दिदीले बहिनीलाई माया गर्दै भनिन्, "स्याबास नानु, मेरी बहिनीले पुरस्कार पाउँदा म धेरै खुसी छु । आमाबुबा पनि यो खबरले निकै खुसी हुनुहुने छ । सधैँ यस्तै गर्नू है ।"

तपाईँको साथी पुरस्कृत भएको परिकल्पना गरी कक्षामा पुरस्कृत साथीप्रति स्नेह र प्रशंसा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ८ सुन्नुहोस् र खाली ठाउँमा मिल्ने शब्द राखी भन्नुहोस् :**

(क) ठिटो विश्वलाई ...........भरमा थर्काउँछ ।

(ख) नेपाली ठिटोले आफू हिँड्ने बाटो आफ्नै.........ले खन्छ ।

(ग) आफ्नै पसिनाले देशको ........... भिजाउँछ ।

(घ) ठिटाले राम्रो लाउनका लागि ..........गर्दैन ।

(ङ) ठिटाले जातिपाती ........... मान्दैन ।

२. **के आजका सबै नेपाली ठिटाठिटी 'यो नेपाली ठिटो' पाठमा भने जस्तै छन् त, सुनाइ पाठ ८ का आधारमा भन्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढी रेखाङ्कित क्रियापदको भाव पहिचान गर्नुहोस् :**

अञ्जनादेवी घर जान्छिन् । घर पुग्नासाथ आमाले नानी पढ र खाना खाऊ भन्नुहुन्छ । उनी खाना खान्छिन् र पढ्न थाल्छिन् । उनी मिहिनेती छिन् । उनको परीक्षा चल्दै छ । उनको परीक्षा राम्रो होओस् । उनी परीक्षामा सफल होउन् । परीक्षामा सफल भएपछि उनले जागिर पाउलिन् । उनले जागिरमा राम्रो गर्लिन् । उनको बढुवा होला । उनको बढुवा भए राम्रो हुन्थ्यो । उनी जस्ता इमानदारलाई जागिर दिए जनताले सेवा पाउँथे ।

२. **दिइएका वाक्यलाई सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) अञ्जना भात .......... । (खा : सम्भावनार्थ)

(ख) तिमीहरू रसुवा .......... । (जा : आज्ञार्थ)

(ग) ऊ मुस्ताङ भ्रमणबाट........। (फर्क : इच्छार्थ)

(घ) रमेश राम्ररी .......... सफल हुन्छ । (पढ् : सङ्केतार्थ)

(ङ) दाइ, एक किलो चिउरा......... । (दि : आज्ञार्थ)

(च) हामी सबै फुटबल ........... । (खेल् : इच्छार्थ)

(छ) उनीहरू कक्षाभित्र.......... । (आउ : सम्भावनार्थ)

३. **कवितामा प्रयुक्त पाँचओटा सामान्यार्थक क्रियापद टिपी इच्छार्थकमा बदल्नुहोस् ।**

४. **आज्ञार्थक क्रियाको प्रयोग गरी साथीलाई पढाइमा लगनशील भएर लाग्न सल्लाह दिनुहोस् ।**

५. **'क' र 'ख' समूहका वाक्य पढ्नुहोस् र त्यसबारे साथीसँग छलफल गर्नुहोस् :**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| (क) काम गर्छ ऊ । | (क) ऊ काम गर्छ । |
| (ख) राधेश्याम भेट्छ भाइलाई । | (ख) राधेश्याम भाइलाई भेट्छ । |
| (ग) जुनिता राईले दिइन् उपहार प्रेमलाई । | (ग) जुनिता राईले प्रेमलाई उपहार दिइन् । |
| (घ) खेलाडी हुन् उमाकान्त । | (घ) उमाकान्त खेलाडी हुन् । |
| (ङ) उसलाई टोल प्रमुख बनायौँ हामीले । | (ङ) हामीले उसलाई टोलप्रमुख बनायौँ । |
| (च) भैँसीको शुद्ध दुध पाइन्छ यहाँ । | (च) यहाँ भैँसीको शुद्ध दुध पाइन्छ । |

६. **दिइएका वाक्यलाई पदक्रम मिलाएर लेख्नुहोस् :**

(क) सानैदेखिको साथीलाई भेट्यो उसले ।

(ख) अद्यावधिक हुँदै गए मान्छे ज्ञानको कारण ।

(ग) चिसो बढेर निस्किन पनि सकिएन आज बिहान ।

(घ) बन्नुपर्छ सबै हामी कर्मशील सधैँभरी ।

(ङ) प्राकृतिक सौन्दर्यका दृष्टिले धनी छ नेपाल ।

७. **दिइएका कविताका अंश पढ्नुहोस् र पदक्रम मिलाई गद्यमा लेख्नुहोस् :**

(क) हिमाललाई न्यानो दिन्छ तराईको काखा
मधेसको पङ्खा बनी बस्छन् भिरपाखा ।

(ख) नलागोस् है कसैको नि भावनामा ठेस
गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

८. **दिइएका हलन्त र अजन्तका उदाहरण पढ्नुहोस् :**

| समूह 'क' | समूह 'ख' | समूह 'ग' |
|---|---|---|
| लेखन र उच्चारण दुवै हलन्त | लेखनमा अजन्त र उच्चारणमा हलन्त | लेखनमा र उच्चारण दुवैमा अजन्त |
| (अ) **क्रिया** : गर्, उठ्, गरोस्, जान्छस्, लेखिन्, पढिन्, गर्छस्, खालास्, गरिन्, पढोस्, लेख्<br>(आ) **नाम/विशेषण** : बलवान्, भगवान्, विद्वान् | (अ) **नाम/सर्वनाम** : काम, कपास, रमानाथ, रमेश, केशव, भेष, देश, भिर, हिमाल, यस, त्यस<br>(आ) **अनुकरणात्मक शब्द** : गडबड, चमचम, झलमल, झिमझिम<br>(इ) **विशेषण** : असल, खराब, इमानदार, बेइमान, तरल, सरल | (अ) **क्रिया** : गर, उठ, लेखिन, पढिन<br>(आ) **अव्यय** : आज, वर, पर, तर, तल, अब, लहलह, झलमल्ल, झिम्मझिम्म<br>(इ) **नाम** : भय, लय, शिव, सह |

९. **कक्षामा छलफल गरी लेखनमा अजन्त र उच्चारणमा हलन्त हुने कुनै दशओटा शब्द टिप्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'मेरो घर' शीर्षकमा छोटो कविता तयार पार्नुहोस् ।**

२. **पत्रपत्रिका पढी आफूलाई मन परेको एउटा कविता खोजेर कक्षामा साथीलाई सुनाउनुहोस् ।**

# कञ्चनजङ्घालाई नियाल्दा

राजेन्द्रमान डङ्गोल



नेपाल पर्यटनका दृष्टिले धर्तीको स्वर्ग हो । अनेकौँ सम्पदाले भरिएको मेरो प्यारो नेपालको प्रकृति, संस्कृति र माटो गौरवशाली छ । मलाई वेला वेला नेपालका यिनै सम्पदाका नजिकै पुगेर धीत मर्ने गरी हेर्ने भोक लाग्छ र तिर्खा मेटिने गरी पिउने र तृप्त हुने हुटहुटी जाग्छ । म धेरै पटक सपनामा पूर्वी नेपालको प्राकृतिक सौन्दर्यमा रमाउने रमरम कल्पनामा डुबिरहेको हुन्थेँ । त्यसैले मलाई कञ्चनजङ्घा पदयात्रा गर्ने रहर जागेको थियो । साँच्चै भनुँ भने मलाई कञ्चनजङ्घाले तानिरहेको थियो ।

कञ्चनजङ्घा यात्राको सपना पूरा गर्न पाइला अघि बढे । हवाई उडानबाट मेरो यात्रा प्रारम्भ भयो । मेरो मनमा निकै अटेसमटेस उद्वेलन थियो । कञ्चनजङ्घा आधार शिविरको पदयात्रा गर्ने रहर कुँदिएका मेरा पाइलाले सार्थकता पाउने अर्थमा म अत्यन्तै हर्षित थिएँ । काठमाडौँबाट भद्रपुरका लागि उडेको जहाजले धावनमार्ग छाडेर आकासिने बित्तिकै लाङटाङ, दोर्जेलाक्पा, जुगल, गौरीशङ्कर, तुम्बुर, चोयू, सगरमाथा, मकालु र सूदुरपूर्वसम्मकै हिमालका शृङ्खलामा मेरा आँखा ठोक्किन पुगे । जहाज भद्रपुरको धावनमार्गमा अवतरण नहुन्जेल ती हिमशृङ्खलाबिचमा अन्तिम गन्तव्य कञ्चनजङ्घा बेसक्याम्म त्यतै कतै होला भनेर म रोमाञ्चित थिएँ । मेरो यो रङ्गीन यात्रामा अरू दुई जना हितैषी मित्र थिए ।

*शब्दार्थ*

सम्पदा - सम्पत्ति, धन

उद्वेलन - छचल्किने अवस्था, अटाइनअटाई बग्ने काम

कञ्चनजङ्घाका अनेकौँ अर्थ होलान् । 'कञ्चन' भन्नाले स्वच्छ वा सफा र 'जङ्घा' भन्नाले जाँघ वा तिघ्रा भन्ने अर्थ होला । हिमाल सेतो, सफा र भीमकाय हुने भएकाले पो 'कञ्चनजङ्घा' भनिएको हो कि । स्थानीय भने कञ्चनजङ्घालाई आआफ्नै खालका अर्थ लगाउँदा रहेछन् । कसै कसैले कञ्चनजङ्घालाई सुन, चाँदी, मणि, अन्न र पवित्र ग्रन्थको अर्थ लगाएका रहेछन् भने लिम्बूभाषीले यसलाई 'सेसेलुङ' अर्थात् अटलता र पवित्रताको प्रतीक मान्दा रहेछन् ।

भोलिपल्ट बिहान गाडी चढेर कञ्चनजङ्घा आधार शिविरलाई गन्तव्य बनाई झापाको बिर्तामोडबाट चारआलीतर्फ लाग्यौँ । हामी पूर्वपश्चिम राजमार्गलाई चारआलीनेरै छाडेर मेची राजमार्गतर्फ उकालियौँ । सात घण्टाको पहाडी बाटामा कैयौँ पहाडको फन्को मार्दै साँझ ताप्लेजुङ पुग्यौँ । मेची राजमार्गमा गुड्दै गर्दा पहाडका मायालु काखमा बसेका मानव बस्ती, मनोरम थुम्काथुम्की र तरेली परेका खेतबारी विपरीत दिशातिर बेगिइरहेको भान हुन्थ्यो । मान्छे आफ्नैखाले दिनचर्यामा देखिन्थे । कोही खेतबारीमा पसिना चुहाउँदै गरेका, कोही कोही सडकछेउ बसेर फलफूल बेचिरहेका, कोही घाँसको भारी त कोही दाउरा बोकेर घर फर्किरहेका । यी दृश्य हेर्दा मैले गाउँमा छँदा ठुलीवनबाट आफैँले घाँस दाउरा गरेको झलझली सम्झेँ ।

कन्याम, फिक्कल र फिदिम हुँदै पहाडी घुम्ती अनि विभिन्न आरोह अवरोह पार गरेपछि आइपुग्दो रहेछ, ताप्लेजुङ बजार । मध्यकालमा 'ताप्ले' नाम गरेका राजाले यस क्षेत्रमा शासन गर्थे रे । लिम्बू भाषामा 'जुङ' को अर्थ 'किल्ला' हुन्छ । उनै 'ताप्ले' राजाको अधीनमा रहेको किल्ला भएकाले 'ताप्ले' र 'जुङ' शब्दको संयोजन गरी 'ताप्लेजुङ' नामकरण गरिएको हो भन्ने जनश्रुति रहेछ । यसरी ताप्लेजुङ जिल्लाको नामकरण लिम्बू भाषाबाट भएको मानिँदो रहेछ । मेची राजमार्गको साँघुरो, घुमाउरो र नागबेली परेको सडकमा गुड्दै र हुत्तिँदै ताप्लेजुङ पुग्दा साँझको छ बजिसकेको थियो । हामी निरन्तर साढे सात घण्टाको यात्राले निकै थाकेर लखतरान भइसकेका थियौँ । यस्तो लाग्थ्यो, अर्को दिन कतै पदयात्रा सुरु गर्न आजको थकाइ मेटिने हो कि होइन । ओइलाएको साग झैँ लल्याकलुलुक भएको आफ्नै शरीरप्रति मलाई त्यति भरोसा थिएन । ताप्लेजुङमा चिसो सिरेटाको साम्राज्य चलिरहेको थियो । सिरेटासँग सिँगौरी खेल्दै हामीले स्थानीय एक होटेलको कोठामा पुगेर झोला थन्क्यायौँ र खाना खान होटेलको भान्सातर्फ लाग्यौँ । अलिकति चियाको चुस्की लिएपछि खानाको सुरसार भयो ।

खानापछि रात्रिकालीन समयलाई आआफ्नै तरिकाले रोमाञ्चक बनायौँ ।

अर्को दिन । चराको चिरबिरे कलरवले मलाई मिरमिरेमै हठात् ब्युँझाइदिन्छ । सायद तिनीहरू मलाई भन्दै थिए, "अब उठ राजेन्द्र ! कञ्चनजङ्घा पदयात्रामा निस्केको पदयात्री यसरी सुतेर हुन्छ ?"

*नागबेली - नागको जस्तो आकार परेको वा सर्पको हिँडाइ जस्तो बाङ्गोटिङ्गो रेखा परेको*
*भरोसा - अरूबाट हुने भरको आशा वा विश्वास*
*सिरेटो - चिसो हावा, शीत लहर*
*कलरव - मिठो र सुरिलो आवाज*
*मिरमिरे - अलि अलि उज्यालो भएको अवस्था, बिहानीपखको समय*

मेरो शरीरमा काठमाडौँबाट हिँड्दाका झैँ पूर्ण रूपले स्फूर्ति आइसकेको थियो । अब म पुनः पुरानै जोस, जाँगर र उमङ्गले भरिएको थिएँ । घामले पनि बिस्तारै आँखा खोल्दै गयो । झ्यालको खापा चुम्दै घामका किरण कोठाभित्रै प्रवेश गरे । म तिनै सुनौला किरणले चङ्गिएँ । ताप्लेजुङमा हरेक शुक्रबार बजार बन्द हुँदो रहेछ । संयोगले त्यो दिन शुक्रबार परेछ । बजारको शान्त वातावरण देखेर बन्द, हड्ताल हुँदा राजधानीमा छाउने सन्नाटाको झझल्को पो आयो मलाई । चहलपहल नभए पनि होटलबाट बाहिर निस्केर बिहानको आठ बज्दासम्म पनि ताप्लेजुङको त्यो शून्यतामा म हराइरहेँ ।

हामीले छिरुवा छिचोल्नुपर्छ आजै तर लामो थियो तय गर्नुपर्ने यात्राको लम्बाइ । गन्तव्यका लागि हाम्रा पाइला अघि बढे । कदम उठायौँ हामीले । ताप्लेजुङको आँगनबाट यसो तलतिर चियाएर हेऱ्यौँ । चञ्चले तमोर नदी सल्बलाइरहेको दृश्यले झनै म मोहित भएँ । तमोर नदीको साँघुरो उपत्यकामा जताजतै हरियाली पोतिएको छ । बादलका टुक्राटाक्री तमोर माथिका अग्ला पहाडका बिचमा छुनमुनाइरहेका थिए । चञ्चल वायु र चराचुरुङ्गीका कलरव श्रवण गर्दै हामीले जोसिला पाइला चाल्यौँ । मेरो मनले तमोर सेरोफेरोका प्राकृतिक सौन्दर्यको आकाशमा उडान भर्न थाल्यो । त्यसैले त पदयात्रा झन्झन् रोमाञ्चक हुँदै गयो । अनगिन्ती उकाली ओराली आए र एकपछि अर्को पहाडका छाती टेक्दै आस्वादन गरेका प्राकृतिक मनोरम दृश्यले क्षणिक नै किन नहोस् भोकतिर्खा टर्दो रहेछ । सिस्ने पुगेपछि खाना खानका लागि एकछिन रोकियौँ । तावागाउँको पातलो बस्ती हुँदै गन्तव्यतर्फ निरन्तर अगाडि बढ्यौँ र त्यो दिनको पदयात्रा छिरुवामा पुगेर टुङ्ग्यायौँ ।

यतिका हिँड्दा त कञ्चनजङ्घा भेटिनु नि ? जति जति कञ्चनजङ्घातर्फ अघि बढ्यो त्यति त्यति कञ्चनजङ्घा झन्झन् पर पर सर्दो रहेछ कि क्या हो ? गन्तव्य चुम्न अझैँ यस्ता बस्ती, जङ्गल र उच्च पहाड छिचोल्न बाँकी छन् । अदम्य इच्छा शक्तिले मेरा जोसिला पाइलालाई दगुराएका छन् । त्यो अन्तिम गन्तव्य पुगेर मैले लेख्नु छ, एउटा रोचक यात्रा वृत्तान्त । रामताङ नपुगी कञ्चनजङ्घाको दर्शन पाउन सकिन्न । कतिखेर त्यहाँ पुगौँला र आँखालाई कञ्चनजङ्घासम्म पुऱ्याउँला भन्नेमा म छु । साँच्चै भनुँ भने कञ्चनजङ्घाबाहेक अरू कुनै कुरा थिएन, मेरो मनमस्तिष्कमा । मेरा नयनमा सुनेको कञ्चनजङ्घा मात्र प्रतिबिम्बित भइरहेथ्यो ।

हरेक दिन सूर्योदयसँगै उठ्नु, हतारहतार हातमुख धुनु र बिहानको नास्ता गर्नेबित्तिकै अर्को गन्तव्यका लागि बाटो तताउनु नै दैनिकी जस्तै भइसकेको थियो । सुन्दर तमोर नदीको तट हुँदै छिरुवाबाट सेकाथुम (१६४० मिटर) तर्फ लाग्दा बाटामा पाइलैपिच्छे पाकेका ऐँसेलु र काफल भेट्यौँ । कति मज्जा ! टिप्दै खाँदै । सुकेको आँतलाई रसिला काफल र ऐँसेलुले भिजाउँदै हिँड्नुको मज्जा नै अर्कै । एकातिर वनस्पतिको बास्ना, अर्कोतिर जिब्रुल्ले जिब्रालाई कन्दमूलको स्वाद । सोचेभन्दा छिट्टै सेकाथुम पुगेर ज्यानलाई बिसायौँ । जापानटार पनि भनिँदो रहेछ सेकाथुमलाई । उचाइ बढ्दै गएकाले पो हो कि ? सेकाथुमपछिका दिन खासै सहज भएनन् । जति जति उचाइ बढ्थ्यो, त्यति त्यति नै

*आस्वादन - स्वाद लिने काम, आनन्दको अनुभूति*
*वृत्तान्त - बयान, बेलिविस्तार*
*आँत - शरीरको भित्रीभाग, आन्द्रो*
*जिब्रुल्ले - मिठो मिठो खान खोज्ने*

कठिन हुन्थ्यो हाम्रो यात्रा । सेकाथुमबाट हिँडेका दिन आम्जिलासा (२५१० मिटर) मा पुग्ने हाम्रो मनसुबा पूरा हुन सकेन । मौसमको प्रतिकूलताले हामी थाङ्यानी (२४०५ मिटर) को उचाइको एउटा सानो चिया घरमा बास बस्न बाध्य भयौँ । कञ्चनजङ्घा आधार शिविर पुगेर फर्केका विदेशी पर्यटक पनि त्यही टुप्लुक्क आइपुगेका थिए, त्यो साँझ । मेरो ज्यान उकालो हिँड्दा हिँड्दा गलेर लखतरान पऱ्यो । त्यसैले होला हरेक रातको निन्द्रा यति मिठो हुन्थ्यो कि, हामी बेलुका सुतेपछि भुसुक्कै निदाउँथ्यौँ र बिहान मात्र ब्युँझन्थ्यौँ ।

हाम्रो यात्राको सातौँ दिन अरुणोदयअघि नै घुन्सातर्फ अगाडि बढ्छ । हामीलाई घ्याप्लादेखि घुन्सासम्मको घना लेकाली जङ्गल पार गरेर झन्डै ३६०० मिटर उचाइमा पुग्नु थियो । बाटामा रङ्गीबिरङ्गी लालीगुराँसलगायतका अनेकौँ फूलले हामीलाई स्वागत गरे । लालीगुराँसको सौन्दर्यको लालिमाले प्रत्येक पाइलामा ऊर्जा थपिएको भान हुन्थ्यो । मन्त्रमुग्ध बनाइरहेको थियो जीवन्त रूपमा गुन्जिएका पन्छीका मधुर धुनले । हतारोको ठेलाइमा बगिरहेको घुन्सा खोलाले पनि गड्केरै हाम्रो आगमनलाई स्वागत गरिरहेको आभास हुन्थ्यो । हाब्रेको त्यो संसारमा एउटै हाब्रे नदेख्दा भने म अचम्मित भइरहेको थिएँ । 'आज कहाँ गए होलान् ती हाब्रे ? कति रमाइलो हुन्थ्यो होला हाम्रो आतिथ्यमा तिनीहरूको पनि उपस्थिति भइदिएको भए ! स्वभावैले ती लज्जालु हाब्रे सायद लाजले भुतुक्क हुँदै कुनै कुनाबाट हामीलाई नै हेरिबसेका त छैनन् ?' मनमा अनेक कुरा खेलाउँदा खेलाउँदै फलेगाउँ (३१४० मिटर) पुगिएछ । सुन्दर उपत्यका झैँ लाग्छ, चारैतिर पहाडले घेरिएको फलेगाउँ । प्रकृतिका कालिगढले कुँदेर बनाएको कलात्मक र सुन्दर उपत्यका झैँ पो देखिएको रहेछ । त्यो त गुराँसको पछ्यौरा ओढेर बसेको बस्ती जस्तो आभास हुन्थ्यो । आफैँमा उमङ्गित भएर पारिपट्टि पाखाबाट छङछङिरहेछ सुन्दर छहरो । झिमिक्कै नगरी ती सुन्दर दृश्यमा मेरा आँखा डुलिरहे । चौँरीगाईका बाच्छाबाच्छीसित रमाइरहेका थिए, तिब्बती मूलका अबोध शिशुहरू । तिनलाई देख्दा जगत्कै सम्पूर्ण खुसी बटुलेर फलेगाउँलाई सुनमा सुगन्ध छरिरहेको प्रतीत हुन्छ । यस्तो लाग्छ, स्वर्गभित्रको एउटा छुट्टै स्वर्ग हो फलेगाउँ । यहाँ मानव बस्ती छ । यहाँको आफ्नो संस्कार र संस्कृति छ । घुन्सा पुग्न डेढ घण्टा लाग्थ्यो । खानापछि हामी केही बेर सुस्ताएर आफ्नो गन्तव्यतर्फ बाटो लाग्यौँ ।

घुन्सा पुग्नुअगावै आँखामा ठोक्किन आइपुग्छ एउटा स्मारक । त्यो स्मारक वि. सं. २०६३ मा भएको हेलिकोप्टर दुर्घटनामा ज्यान गुमाएका यात्रुको सम्झनामा बनाइएको पो रहेछ । केही बेर म घोत्लिन पुग्छु । कञ्चनजङ्घा संरक्षण आयोजनासम्बन्धी कार्यक्रमको समापनपश्चात् घुन्साबाट काठमाडौँका लागि उडेको हेलिकोप्टर त्यति वेला नजिकैको डाँडामा ठोक्किएको मैले पनि समाचारमा सुनेको थिएँ । दिवङ्गत हुनेहरू सबै ख्याति प्राप्त व्यक्तित्व थिए । मानवीय संवेदनाले मलाई छोयो । मलाई डा. हर्क गुरुङको स्मरण भयो । नेपालको पर्यटन क्षेत्रमा उनको योगदान अविस्मरणीय छ । मैले ती ज्ञातअज्ञात

*अरुणोदय - सूर्य उदाउनुभन्दा पहिलेको समय*
*लालिमा - रातोपना, लाली*
*मन्त्रमुग्ध - मोहित पारिएको, लट्ठ पारिएको*
*अबोध - केही पनि नबुझ्ने*
*स्मारक - कुनै व्यक्ति वा विषयलाई सम्झाउनका निम्ति बनाइने स्तम्भ, तालिक आदि*
*दिवङ्गत - मृत्यु भएको वा मरेको*

मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेँ । उनीहरू जस्ता मान्छे जन्मिएलान् त फेरि ? कस्तो निर्दयी हुन्छ काल पनि । नलग्नु पर्ने मान्छेलाई चटक्क चुँडेर अकालमै लगिदियो । घुन्सा नपुगुन्जेल मलाई यिनै प्रश्नले पटक पटक चिमोटिरहे ।

विभिन्न जातजातिको बसोबास रहेको अनेकौँ जातजातिको फूलबारी जस्तै ताप्लेजुङको भूगोललाई नियाल्दै हामी घुन्सा पुग्यौँ । अरू ठाउँको तुलनामा ३५९५ मिटर उचाइमा अवस्थित घुन्सा विकसित रहेछ । यहाँ बिजुली बत्ती र टेलिफोनको सुविधा रहेछ । होटेल व्यवसायी अतिथि सत्कार र सन्तुष्टि प्रदान गर्ने अनुभवले खारिएका रहेछन् । किञ्चित् थकान त उनीहरूसँगको आत्मीयताले पनि मरेथ्यो । भोलिपल्ट हामीले बिदा माग्यौँ । मेरा उनीहरूसँगका पल स्मृतिपटमा नमेटिने गरी कुँदिए र यात्रा जीवन्त बनिरहे ।

आजको हाम्रो यात्रा ४१०० मिटरको उचाइमा रहेको खाम्बोचेनतर्फ सोझियो । बाटो हिँड्दा देखिने दृश्य रमाइलो भए पनि ठाउँ ठाउँका पहिराले भने अलिक अप्ठ्यारो पाऱ्यो । खाम्बोचेन पुग्नुअघि कहीँ पनि खानेबस्ने सुविधा थिएन । रामपरक खर्क पुगेपछि आफूसँग भएको खाजाले भोक माऱ्यौँ । रामपरक खर्कपछिको ठाडो उकालाले हामीलाई निकै चुनौती दियो । यस्तो लाग्थ्यो, जिन्दगीको खाता कतै यतै बन्द गर्नुपर्ने त होइन ! माथिबाट झरिरहने ढुङ्गाबाट जोगिनु कठिन थियो । यही कारणले यात्रालाई विराम लगाउनु पनि बुद्धिमानी हुँदैनथ्यो । जोखिम मोलेरै किन नहोस् हामी अगाडि बढी नै रह्यौँ । वास्तवमा जीवन भन्नु नै यात्रा रहेछ । यात्रा चाहिँ जोखिम नमोलिकन कहिल्यै पूरा हुँदो रहेनछ । सामुन्नेको ठुलो झरना र पारिपट्टिको ७७११ मिटरको भीमकाय कुम्भकर्ण हिमालले पनि हामीलाई जिस्क्याइरहे झैँ लाग्थ्यो । कष्टपूर्ण क्षण भनेको यस्तै हुँदो रहेछ । हामी मनभित्र त्रास बोकेरै खाम्बोचेन पुग्यौँ । हिँड्दै गर्दा ६००० मिटरभन्दा माथिका बेगिन्ती हिमाल आँखैअगाडि आए । आफैँमा पनि मनोरम बस्ती हो खाम्बोचेन । यो उचाइबाट देखिने दृश्य झनै मनोहर थिए । यो ठाउँलाई आधुनिकताले फिटिक्कै छोएको छैन । लोभ र लालचको लेस पनि नभएका यहाँका बासिन्दा सहरियाभन्दा खुसी छन् । यहाँ न कुनै कुराको विकृति छ न कुनै विसङ्गति नै । निरोगी छन् उनीहरू । बाहिरबाट हेर्दा जति निश्चल देखिन्छन् भित्र पनि त्यत्तिकै कञ्चन छन्, कञ्चनजङ्घा जस्तै ।

हामीलाई अब लोनाक हुँदै रामताङ पुग्नु थियो । लोनाक पुग्नका लागि अझै ७०० मिटर उक्लनुपर्छ । उचाइका कारण खतरा हुन सक्ने सम्भावनातर्फ सचेत हुँदै खाम्बोचेनमै बास बसी भोलिपल्ट बिहानै हिँड्यौँ । ठाउँ ठाउँमा ढुङ्गा खस्ने र पहिरा पार गर्नुपर्ने भएकाले लोनाकतर्फको गोरेटो पनि ज्यादै चुनौतीपूर्ण थियो । तिब्बती भेडा न्यानो खोजेर पहिराका कुना कुनामा बसिरहेका देखिन्थे । मान्छे पहिरो नजिक पुग्दा ती भाग्थे । ढुङ्गाको वर्षा नरोकिएसम्म पर्खनुपर्थ्यो । करिब १५ मिनेटको त्यो कठिन आरोहणपछि हामी फेरि प्राकृतिक सौन्दर्यमा रम्न थाल्यौँ । करिब दुई घण्टाको हिँडाइपछि दुर्बिनडाँडा भनेर चिनिने रामताङ पुग्यौँ । यहाँबाट कञ्चनजङ्घालगायत अनेकन् हिमाल दुरबिनले नजिकै देखिँदा रहेछन् । एकनास उभिएका हिमालका प्राकृतिक सौन्दर्यलाई म शब्दमा कसरी वर्णन गरूँ ? सुहाउँदा

*स्मृतिपट - अभिलेख, सम्झनाको भण्डार*
*भीमकाय - ठुलो जिउ भएको*

शब्द नै भेटिएनन् । हामीले कञ्चनजङ्घा हेरिरह्यौं आँखा नथाकुन्जेल तर पनि तृप्त हुन सकेनौं । ती दृश्यको आस्वादनले हाम्रो भोक पनि भागिसकेछ ।

हाम्रो यात्रा निरन्तर अगाडि बढ्छ । लोनाकसम्म पुगुन्जेल रामताङ, कञ्चनजङ्घालगायत थुप्रै हिमनदी देखिन्छन् । नेपालका ठुला हिमनदी यिनै हुन् भन्ने प्रतीत हुन्छ । हिमपहिरोका दृश्य पनि हाम्रा लागि नौला भएनन् । त्यही दिन मौसमले निकै तुजुक देखायो । हामीलाई तर्साउन पो हो कि, मेघ गर्जनसहित बिजुली चम्क्यो । गड्याङगुडुङ गर्दै मेघ गर्ज्यो । मुटु नै छेड्ला जस्तो गरी सिरेटो चल्यो । एक्कासि आकाशबाट कपास बर्स्यो, आमै नि त्यो त हिमपात पो रहेछ । जिउले थेग्नै नसक्ने गरी चिसो बढ्यो । यतिखेर कुन दुलामा होलान् यहाँका हिउँ चितुवा ? म सोच्दै थिएँ ।

सहयात्री लाल भन्दै थिए, "ताप्लेजुङको तोङ्बा भइदिएको भए यो मौसममा कति काम दिन्थ्यो !"

रामले ठट्यौलो पारामा भने, "अब तातोपानी माग्ने र त्यसैलाई तोङ्बा सम्झेर पिउने ।"

रामको कुरामा मेरो स्वीकारोक्ति थियो । तोङ्बा सम्झेरै मनग्य तातो पानी पियौं । हामी पाँच बजेतिरै खाना खाएर कोठाभित्र छिर्‍यौं । यात्रा तालिकाअनुसार भोलिपल्ट पाङ्पेमा अर्थात् कञ्चनजङ्घा आधार शिविर जानु छ । भोलिको मौसम नबिग्रियोस् । बस्, यही मात्र थियो हाम्रो कामना ।

भोलिपल्ट बिहान ५ बजेसम्म मौसममा सुधार आउने छेकछन्द थिएन । खुल्दुली यथावत् थियो मनमा । मौसम सुध्रेन भने के गर्ने होला ? तर, नास्ता गर्दा गर्दै हठात् मौसम सुध्रने लक्षण देखा पर्‍यो । आखिर मौसम न हो । कतिखेर बिग्रने र कतिखेर सप्रने कसलाई थाहा हुन्छ र !

"मौसमले साथ दिने भयो । अब आकाश खुल्छ । जान आउनका लागि करिब सातआठ घण्टा लाग्छ । अबेर नगरौं !" तयार रहन रामले तातो लगाए ।

नभन्दै आकाश खुल्दै गयो । विलम्ब नगरी यात्रा सुरु गर्‍यौं हामीले । बाटो अप्ठ्यारो भए पनि सुध्रिएको मौसमले हामी उल्लासित थियौं । केही बेर त जोसिएका थियौं । हामीमा भएको जोस भने धेरै बेर टिकेन । ४५०० मिटरभन्दा माथिको उचाइ, त्यसमाथि पनि उकालो । लामो लामो निश्वास लिँदै उकालियौं । लाल सबैभन्दा अगाडि पुगेर पर्खिरहेका हुन्थे । ६५०० मिटरका चुलीमा समेत सफल आरोहण गरिसकेका उनको गतिमा हिँड्न म कहाँ सक्नु र ! म उकालामा सामर्थ्यको अग्निपरीक्षा दिँदै थिएँ । मनकामनाको जस्तै केबलकार यो ठाउँमा पनि भइदिए जुत्ताको तलुवा खियाउनु पर्ने नै थिएन । म कल्पनामा डुब्दै उकालिइरहें र उचालिइरहें ।

लक्षित गन्तव्य कञ्चनजङ्घाको जाँघमै आइपुग्दा प्रकृतिसँग लाप्पा खेल्दै ५००० मिटरको पाङ्पेमा अर्थात् कञ्चनजङ्घा आधार शिविर पुगेका थियौं । त्यो वेला ८५८६ मिटर उचाइको कञ्चनजङ्घाको शिरमा बादल सलबलाइरहेको थियो । कञ्चनजङ्घालाई बादलले त्यसरी ढपक्क ढाक्न खोज्दा हावालाई

*मनग्य - मनले चिताए जति, प्रशस्त*
*विलम्ब - ढिलो, अबेर*

झोक चलेछ कि क्या हो ? हावा गएर बादलका ससाना दललाई लखेट्यो । बादलको झुल्कालाई माथि उचाल्यो अनि आतिथ्यमा कञ्चनजङ्घाले हामीलाई झुकेर अभिवादन गऱ्यो । कञ्चनजङ्घालाई नजिकैबाट हेर्ने हाम्रो सपना पूरा भयो । यात्राभरिका हाम्रा दुःख, कष्ट र पीडा कञ्चनजङ्घालाई हेर्नासाथ हराएर गए ।

यति वेला हामी विश्वको तेस्रो अग्लो शिखर कञ्चनजङ्घाको काखमा थियौँ । यो नेपाल र भारतको सिमाना छुट्याउने प्राकृतिक पर्खाल र नेपाल आमाको पहरेदार पनि हो । सिर्रसिर्र हावा चलिरहेको थियो । मौसम सफा थियो । कञ्चनजङ्घालगायत वरिपरिका सम्पूर्ण हिमशृङ्खला मुसुमुसु मुस्कुराइरहेका थिए। घामको लालीले कञ्चनजङ्घा सिँगारिएको थियो। यात्राको सबैभन्दा रोमाञ्चक क्षण थियो यो । लाग्थ्यो, हिउँ चुम्दै ब्युँझेको अरुणको मलिन किरणको फैलावटसँगै कञ्चनजङ्घा शीतल पवनमार्फत पहाड र तराईलाई शान्तिको सन्देश पठाइरहेछ । त्यो क्षण हामी त्यति नै खुसी थियौँ, सायद जो ब्राउन र जर्ज ब्रान्ड पहिलो पटक सन् १९५५ मा कञ्चनजङ्घाको सफल आरोहण गर्दा जति खुसी भएका थिए । मैले कञ्चनजङ्घालाई खुब नियालेर हेरेँ । फेरि पनि कञ्चनजङ्घाको अर्थ खोज्ने प्रयत्न गरेँ । वास्तवमा कञ्चनजङ्घा त एउटा नियति रहेछ, प्रकृतिसित उसले गरेको सम्झौता र स्वीकारोक्तिले शरीरभरि सेतो र चिसो हिउँको उपर्ना ओढेर हाँसिरहेको एउटा यथार्थता र विवशता रहेछ ।

नेपालको राष्ट्रियता, स्वाभिमान र मातृत्वभावको झल्को दिने किरण खरेलको कञ्चनजङ्घाको महिमा गान गरिएको गीत आधार शिविरबाट फर्कने क्रममा मैले गुन्गुनाएँ :

कति राम्रो यो प्यारो कञ्चनजङ्घा<br>
कञ्चनजङ्घा, कञ्चनजङ्घा<br>
स्वर्गलाई छुन्छ यो कञ्चनजङ्घा<br>
कति राम्रो यो प्यारो कञ्चनजङ्घा.....

*उपर्ना - पछ्यौरा, दोसल्ला*

## शब्दभण्डार

१. **दिइएका अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) गौरव वा महिमाले युक्त

(ख) सुन्दर हुनाको भाव

(ग) आँखा

(घ) बिर्सनै नसकिने, भुल्न नहुने

(ङ) जिउँदो वा जीवित

(च) हलचल नगर्ने, स्थिर

(छ) काम गर्ने क्षमता, शक्ति

२. **नियात्रामा प्रयोग भएका निम्नलिखित पद, पदावलीको अर्थबारे छलफल गर्नुहोस् :**

कञ्चनजङ्घा, धावनमार्ग, हिमशृङ्खला, मनोरम दृश्य, बुद्धिमानी, स्वीकारोक्ति, प्राकृतिक सौन्दर्य

३. **शब्दकोश हेरेर दिइएका शब्दको अनेक अर्थ लेख्नुहोस् :**

तिर, चुली, किन, अर्थ, मूल

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :**

कलरव, सेसेलुङ, कञ्चनजङ्घा, मन्त्रमुग्ध, उद्वेलन, मातृत्वभाव, थाङ्यानी, स्मृतिपट

२. **नियात्राको आठौँ अनुच्छेद पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **नियात्राको 'अब हामी...रहेछ' अनुच्छेद पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(ख) अनुच्छेदको सबैभन्दा लामो वाक्य कुन हो ?

(ग) अनुच्छेदको सबैभन्दा छोटो वाक्यमा कतिओटा शब्द रहेका छन् ?

(घ) अनुच्छेदको उपयुक्त शीर्षक के हुन सक्छ ?

## ४. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

कन्याम, फिक्कल र फिदिम हुँदै पहाडी घुम्ती अनि विभिन्न आरोह अवरोह पार गरेपछि आइपुग्दो रहेछ, ताप्लेजुङ बजार । मध्यकालमा 'ताप्ले' नाम गरेका राजाले यस क्षेत्रमा शासन गर्थे रे । लिम्बू भाषामा 'जुङ' को अर्थ 'किल्ला' हुन्छ । उनै 'ताप्ले' राजाको अधीनमा रहेको किल्ला भएकाले 'ताप्ले' र 'जुङ' शब्दको संयोजन गरी 'ताप्लेजुङ' नामकरण गरिएको हो भन्ने जनश्रुति रहेछ । यसरी ताप्लेजुङ जिल्लाको नामकरण लिम्बू भाषाबाट भएको मानिँदो रहेछ । मेची राजमार्गको साँघुरो, घुमाउरो र नागबेली परेको सडकमा गुड्दै र हुत्तिँदै ताप्लेजुङ पुग्दा साँझको छ बजिसकेको थियो । हामी निरन्तर साढे सात घण्टाको यात्राले निकै थाकेर लखतरान भइसकेका थियौँ । यस्तो लाग्थ्यो, अर्को दिन कतै पदयात्रा सुरु गर्न आजको थकाइ मेटिने हो कि होइन । ओइलाएको साग झैँ लल्याकलुलुक भएको आफ्नै शरीरप्रति मलाई त्यति भरोसा थिएन । ताप्लेजुङमा चिसो सिरेटाको साम्राज्य चलिरहेको थियो । सिरेटासँग सिँगौरी खेल्दै हामीले स्थानीय एक होटेलको कोठामा पुगेर झोला थन्क्यायौँ र खाना खान होटेलको भान्सातर्फ लाग्यौँ । अलिकति चियाको चुस्की लिएपछि खानाको सुरसार भयो ।

**प्रश्नहरू**

(क) ताप्लेजुङ बजार कसरी पुगिन्छ ?

(ख) ताप्लेजुङको नामकरण कसरी भएको जनश्रुति पाइन्छ ?

(ग) लेखकलाई आफ्नो शरीरप्रति भरोसा नलाग्नुको कारण के हो ?

(घ) 'सिरेटासँग सिँगौरी खेल्नु' भन्नुको आशय के हुन सक्छ ?

## ५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

भोलिपल्ट बिहान गाडी चढेर कञ्चनजङ्घा आधार शिविरलाई गन्तव्य बनाई झापाको बिर्तामोडबाट चारआलीतर्फ लाग्यौँ । हामी पूर्वपश्चिम राजमार्गलाई चारआलीनेरै छाडेर मेची राजमार्गतर्फ उकालियौँ । सात घण्टाको पहाडी बाटामा कैयौँ पहाडको फन्को मार्दै साँझ ताप्लेजुङ पुग्यौँ । मेची राजमार्गमा गुड्दै गर्दा पहाडका मायालु काखमा बसेका मानव बस्ती, मनोरम थुम्काथुम्की र तरेली परेका खेतबारी विपरीत दिशातिर बेगिइरहेको भान हुन्थ्यो । मान्छे आफ्नैखाले दिनचर्यामा देखिन्थे । कोही खेतबारीमा पसिना चुहाउँदै गरेका, कोही कोही सडकछेउ बसेर फलफूल बेचिरहेका, कोही घाँसको भारी त कोही दाउरा बोकेर घर फर्किरहेका । यी दृश्य हेर्दा मैले गाउँमा छँदा ठुलीवनबाट आफैँले घाँस दाउरा गरेको झलझली सम्झेँ ।

**प्रश्नहरू**

(क) माथिको अनुच्छेदमा कस्तो भौगोलिक परिवेश वर्णन गरिएको छ ?

(ख) अनुच्छेदका आधारमा त्यहाँका मानिसको पेसा व्यवसायबारे अनुमान गर्नुहोस् ।

६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) लेखकलाई कञ्चनजङ्घाको पदयात्रा गर्ने रहर किन जाग्यो ?

(ख) घुन्साको बसाइमा लेखकले कस्तो अनुभव गरेका छन् ?

(ग) पाठका आधारमा कञ्चनजङ्घाको सौन्दर्य वर्णन गर्नुहोस् ।

७. **नियात्रा पढेपछि हिमालको सुन्दरताका बारेमा मनमा उत्पन्न भाव समेटी एउटा अनुच्छेद तयार पार्नुहोस् ।**

८. **नियात्राका आधारमा पदयात्राका रमाइला क्षण र आइपर्ने कठिनाइको चर्चा गर्नुहोस् ।**

९. **नियात्राको 'हाम्रो यात्राको...बाटो लाग्यौँ' अनुच्छेद पढी कुनै तीनओटा प्रश्न निर्माण गर्नुहोस् र उक्त प्रश्नको उत्तर लेखी शिक्षकलाई देखाउनुहोस् ।**

१०. **व्याख्या गर्नुहोस् :**

वास्तवमा जीवन भन्नु नै यात्रा रहेछ । यात्रा चाहिँ जोखिम नमोलिकन कहिल्यै पूरा हुँदो रहेनछ ।

११. **रेडियो, टेलिभिजनमा प्रसारित विकास निर्माणसम्बन्धी समाचार सुनी त्यसबारे आफूलाई लागेको कुरा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

१२. **पहाडको उकालो ओरालो बाटो हिँड्दा मनमा उत्पन्न हुने रमाइला भाव समेटी एउटा निजात्मक अनुच्छेद तयार गर्नुहोस् ।**

१३. **नियात्राको 'आजको हाम्रो .... कञ्चनजङ्घा जस्तै' अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् ।**

१४. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

भोजनपछि हाम्रो यात्रा खप्तड क्षेत्रमा प्रवेश गर्छ । खप्तड क्षेत्रका देवदारु वृक्ष आफ्नो छातीमा सङ्केत पाटीमा टाँगेर उभिएका देखिन्छन् । समुद्री सतहबाट १२ हजार फिटको उचाइमा अवस्थित खप्तड क्षेत्रमा रहेका त्रिवेणी,चर्चित भगवती कालिकाको स्थानबाट वरिपरि पर्ने देवस्थल खप्तडका प्रख्यात देवपीठ हुन् । त्रिवेणीबाट सिधैँ पूर्वतिर विस्तारित निकुञ्ज र सैनिक गुल्मको कार्यालय, त्यसबाट थोरै पूर्वतिर अवस्थित खप्तड दह, दक्षिणतिरको शिखरमा अवस्थित सहस्रेश्वर शिवालय

र उत्तरतिरको शिखरमा अवस्थित खप्तडबाबाको आश्रम । खुला आकाशमा उत्तरपूर्वतिर हेर्दा देखिने मानसरोवर क्षेत्रसम्मको रमाइलो हिमाली दृश्य त्यसमाथि प्राकृतिक शैली । लामा लामा नाङ्गा फाँट स्थानीय भाषामा पाटन । हरियो भुइँमा राता र पहेला बुट्टा भरिएका गलैँचाको आकारमा अर्द्धनिद्रित प्रकृति, अलिकति रमणीय, अलिकति अत्यास, अलिकति शान्ति, अलिकति एकान्त सबैको सम्मिश्रण खप्तड । सैनिक संरक्षण र मृग बनेलका सिकार र सिंहको अभिवृद्धि एउटा रमाइलो समागम । यी सबैको समीकरणमा निरापद अवस्थित खप्तड । मान्छेले निगालाको एउटा लौरो मात्र टेके पनि निकुञ्जको नियम उल्लङ्घन भएको ठान्छ खप्तड । निकुञ्ज वास्तवमा वन्य सम्पदाको भण्डार हो । त्यसको सुरक्षाका निमित्त छओटा चौकी र एउटा सैनिक गुल्मसमेतको व्यवस्था गरिएको छ । यसलाई सम्पदाको रूपमा सुरक्षित गर्न सके लाभ नहुने कुरै छैन ।

### (क) उत्तर दिनुहोस् :

(क) त्रिवेणीको पूर्व र दक्षिणतिर देखिने दृश्य वर्णन गर्नुहोस् ।

(ख) खप्तडलाई के केको सम्मिश्रण भनिएको छ ?

(ग) कस्तो कार्यबाट निकुञ्जको नियम उल्लङ्घन हुन्छ ?

(घ) तपाईँलाई खप्तडको प्राकृतिक सौन्दर्य मन पर्नाका कारण लेख्नुहोस् ।

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) उपयुक्त वर्णविन्यास पहिचान गर्नुहोस् :

कार्यालय, कार्‍यालय, कार्‌यालय, कार्यालए

(आ) 'मान्छेले निगालाको एउटा लौरो मात्र टेक्यो' वाक्यमा रहेका उद्देश्य र विधेय पहिचान गर्नुहोस् ।

(इ) 'पाटी, 'तिर' शब्दका विभिन्न अर्थ लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दुईओटा विभक्ति पहिचान गरी लेख्नुहोस् ।

## १४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

धनकुमारीले कृषि विषय पढिन् । कृषिमा स्नातक सकेपछि उनले जागिर खाने विचार गरिनन् । आमाबुबाले छोरीले कृषि विषय पढेपछि राम्रो जागिर खालिन् भन्ने अपेक्षा गरेका थिए तर धनकुमारीलाई जागिरबाट भन्दा आफ्नो पढाइअनुसार गर्ने आधुनिक कृषिबाट नै धेरै राम्रो हुन्छ भन्ने विश्वास थियो । उनले आफ्ना गाउँमा परम्परागत कृषि गर्ने सबै आमाबुबा, दाजुभाइ, दिदीबहिनीलाई आधुनिक प्रणालीअनुसार कृषिको तालिम दिने विचार भएको कुरा बताइन् । धनकुमारीका आमाबुबालाई छोरीको कुरामा विश्वास लाग्यो र खुसी भए ।

आमाबुबाले भविष्यमा इन्जिनियर बनाउने अपेक्षा राखे पनि तपाईं आफूले पशुविज्ञान विषय पढेर राम्रो गर्न सक्ने कुरा कसरी विश्वास दिलाउनुहुन्छ, कक्षामा मौखिक रूपमा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ ९ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) आफूले इज्जत पाउनका लागि अरूलाई इज्जत दिनुपर्छ ।

(ख) गालीले तारिफ फर्काउँछ, तारिफले गाली निम्त्याउँछ ।

(ग) राम्रो कामलाई राम्रो भन्नु र स्याबासी दिनु हामी सबैको कर्तव्य हो ।

(घ) एकतर्फी मानसिकता सभ्य समाजको सबैभन्दा ठुलो गुण हो ।

**२. मान्छेको कर्तव्य के हो, सुनाइ पाठ ९ आधारमा भन्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

**१. तल दिइएको अनुच्छेदमा रातो रङ लगाइएका पदमध्ये सरल वा तिर्यक् कारक पहिचान गर्नुहोस् :**

यो घर काकाको आफ्नै हो । यस घरमा काकाको छोरो बस्छ । यस घरमा बस्ने काकाका छोराले साइकल किनेको छ । ऊ भर्खरको ठिटो छ । यस ठिटाले त राम्ररी साइकल चलाउँछ ।

**२. रातो रङ लगाइएका शब्दको अर्थका आधारमा कारक पहिचान गर्नुहोस् :**

सान्जेन गाउँदेखि बसबाट विराटनगर आएको छ । उसको रुचि घुमफिरमा छ । त्यहाँ उसले साथीलाई भेट्छ । उसले साथीलाई कोसेली ल्याएको छ । दुवै जना मिलेर कोसेलीको पोको खोल्छन् । यति मिठो कोसेली देख्दा उसको साथी रामभरोस खुसीले गद्गद हुन्छ ।

**३. दिइएको अनुच्छेदबाट कारक र विभक्ति पहिचान गर्नुहोस् :**

समीक्षा नौ कक्षामा पढ्छिन् । समीक्षाले मामालाई फोन गरिन् । मामाले हातले इसारा गर्नुभयो । मामाले भान्जीलाई किताब ल्याइदिनुभयो । मामा घरबाट हिँड्नुभयो र भान्जीको घरमा आइपुग्नुभयो ।

**४. ले, लाई, देखि, बाट, मा विभक्तिको प्रयोग गरी आफ्नो साथीका बारेमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

५. **दिइएको सन्दर्भ पढ्नुहोस् :**

(क) हर्कबहादुर आए ।

(ख) पल्लो गाउँका हर्कबहादुर हिजो आए ।

(ग) पल्लो गाउँका ठुलाखर्के हर्कबहादुर चार वर्षपछि हिजो आए ।

माथिका तीनओटै वाक्यमा 'हर्कबहादुर' उद्देश्य हो भने 'आए' विधेय हो । 'क' मा उद्देश्य र विधेय मात्र भएर पनि वाक्य पूरा भएको छ । वाक्य पूरा हुन उद्देश्य र विधेय अनिवार्य हुन्छन् । 'ख' र 'ग' मा उद्देश्य विस्तारकका रूपमा 'पल्लो गाउँका' र 'पल्लो गाउँका ठुलाखर्के' आएका छन् भने विधेय विस्तारकका रूपमा 'हिजो' र 'चार वर्षपछि हिजो' आएका छन् । 'ख र 'ग' वाक्यमा उद्देश्य र विधेय झिकिदिने हो भने बाँकी रहेका शब्दले मात्र वाक्य बन्दैनन् । यसर्थ विस्तारकले मुख्य पदको अर्थलाई थप विस्तारित गर्ने काम मात्र गर्छन् । तिनको वाक्यमा मुख्य भूमिका रहँदैन ।

६. **तल दिइएको अनुच्छेदबाट उद्देश्य र उद्देश्य विस्तार तथा विधेय र विधेय विस्तार पहिचान गर्नुहोस् :**

राममायाकी दिदी हरिमाया हिजो काठमाडौँ आएकी हुन् । अत्यन्तै मिहिनेती ती हरिमाया आजबाट काममा फर्केकी छन् । काठमाडौँकी स्थायी बासिन्दा हरिमायाको कार्यालयमा पाँच जना कर्मचारी छन् ।

७. **उद्देश्य र उद्देश्य विस्तार तथा विधेय र विधेय विस्तार प्रयोग गरी एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

८. **दिइएको अनुच्छेदमा 'ए' र 'य' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

बयर खान खोलाछेउ गएको यमबहादुर एक्कासि चिप्लियो । उसले यताउता हेऱ्यो । एकराजलाई देखेर उसले भन्यो, "ए ! एकराज यता आऊ । म त डङ्ग्रङ्गै पछारिएँ । मेरो हात समाएर बिस्तारै उठाएर डोऱ्याउँदै अस्पताल लैजाऊ है ।"

९. **नियात्राको सातौँ अनुच्छेदबाट 'ए' र 'य' प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **'प्राकृतिक सुन्दरता' शीर्षकमा एउटा निबन्ध तयार पार्नुहोस् ।**

२. **आफूले भ्रमण गरेको रमणीय ठाउँको वर्णन गरी एक अनुच्छेद तयार गर्नुहोस् ।**

# व्यक्तित्व विकासमा विद्यालयको भूमिका




विद्यालयमा नौ कक्षाका विद्यार्थीको वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुँदै छ । आफ्नो कक्षाकोठाबाट निस्केर सबै विद्यार्थी विद्यालयको सभाहलमा पुगिसकेका छन् । कक्षामा भएको प्रतियोगिताबाट छानिएका दुई जना विद्यार्थी प्रथम स्थानका लागि आजको यस प्रतियोगितामा सहभागी भइरहेका छन् । सभाकक्षको मञ्चमा कार्यक्रमका अध्यक्ष तथा विद्यालयका प्रधानाध्यापकज्यू हुनुहुन्छ । प्रमुख अतिथिका रूपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले आसन ग्रहण गर्नुभएको छ । मञ्चको देब्रे छेउमा तीन जना शिक्षक निर्णायकको भूमिकामा आआफ्नो आसनमा बसिसक्नुभएको छ । मञ्चको दाहिने छेउमा प्रतियोगी दुई विद्यार्थी बोल्ने समय र पालो पर्खँदै बसेका छन् । विद्यालयका एक जना कर्मचारीलाई समयपालकको जिम्मेवारी दिइएको छ । कार्यक्रम सञ्चालनको अभिभारा नौ कक्षामा अध्ययनरत एक जना विद्यार्थीलाई दिइएको छ । कार्यक्रम सञ्चालकले प्रतियोगिताका नियम स्पष्ट पार्दै प्रतियोगी अमृता नेम्बाङलाई मञ्चमा आमन्त्रण गर्छन् ।

अमृता नेम्बाङ

यस कार्यक्रमका आदरणीय सभाध्यक्ष, प्रमुख अतिथि, निर्णायक मण्डल, श्रद्धेय गुरुवर्ग, प्रतियोगी र अन्य सम्पूर्ण साथीहरू ! 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' शीर्षकको यस वक्तृत्वकला प्रतियोगितामा म अमृता नेम्बाङ आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु ।

आदरणीय महानुभावहरू !

सर्वप्रथम त म 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' शीर्षकलाई परिभाषित गर्न चाहन्छु । व्यक्तित्व शब्दको अङ्ग्रेजी समानार्थी शब्द 'पर्सनालिटी' हो । सामान्यतया व्यक्तित्व शब्दले बाह्य अनुहार र बाहिरी वेशभूषा भन्ने अर्थ बुझाउँछ । शब्दकोशीय अर्थले बुझाउने अनुहार, बोली र बाह्य व्यवहार व्यक्तित्वका बाहिरी पाटा होलान् । यसको पनि महत्त्व होला तर म के भन्छु भने व्यक्तित्वको वास्तविक रूप उसको चिन्तन, सोच, आचरण तथा मनको प्रकृति र क्षमता हो । त्यसैले विद्यालयमा विद्यार्थीको चिन्तन, सोच, आचरण तथा मनको प्रकृतिलाई अनुकूल गराउने गरी वातावरण निर्माण गर्नु र तदनुकूल शिक्षण क्रियाकलाप गर्नुले विद्यार्थीको व्यक्तित्व विकासमा टेवा पुग्छ भन्ने मेरो धारणा छ ।

श्रद्धेय श्रोतागण !

हामी विद्यार्थी विद्यालयमा ज्ञान आर्जन गरी योग्य नागरिक बन्ने अभिलाषा लिएर आउँछौँ । हाम्रा अभिभावक हामीलाई धेरै पढ्न र सफल बन्न हौस्याइरहनु हुन्छ । अझै हामीलाई तिमीहरू भविष्यमा यो वा त्यो बन्नुपर्छ भनेर उत्प्रेरित गरिरहनु हुन्छ । कहिलेकाहीँ विद्यार्थीलाई भावी जीवनको भारी देखाएरभन्दा उनीहरूको आफ्नै रुचि जे छ त्यसैमा उत्प्रेरित गरेर हौस्याइयो भने विद्यार्थीको व्यक्तित्व निर्माण सहज रूपमा हुन सक्छ ।

वर्तमानमा विद्यालयमा हामीलाई पढाइन्छ, सिकाइन्छ, कक्षाकार्य र गृहकार्य दिइन्छ । हामी ती कार्य पूरा गर्दै विद्यालय जीवन बिताउँछौँ र सफलताको प्रमाणपत्र लिएर हामी निस्कन्छौँ । यसो गर्दा हामीले सूचना र ज्ञान पायौँ होला, हाम्रो बौद्धिक व्यक्तित्वको विकास भयो होला तर समाजमा समायोजन हुने खालको व्यक्तित्व विकास र हामीभित्र रहेको असीमित ऊर्जालाई उजागर गर्ने काममा हाम्रा विद्यालयले कसरी अभिमुखीकरण गरेका छन् ? हामीभित्र रहेको सकारात्मक सोच प्रवर्तन गर्न र आत्मविश्वास जागृत गर्न हाम्रा विद्यालयले कस्तो वातावरण सिर्जना गरेका छन् त ? विद्यार्थीको समग्र व्यक्तित्व विकासमा विद्यालयको दायित्व के हुनुपर्छ, यसमा व्यापक बहस हुनु जरुरी छ ।

सभाध्यक्ष महोदय !

पहिलो कुरा विद्यार्थीभित्र रहेको अनन्त ऊर्जा जगाउने काम हाम्रा विद्यालयले निर्बाध रूपमा गरुन् र विद्यार्थीमा स्वशक्तिको पहिचान गराउने काम होओस् । हरेक मानिसभित्र सकारात्मक र नकारात्मक दुवै खालको मन हुन्छ, सकारात्मक मन र सकारात्मक सोच मात्र जगाउने काम विद्यालयमा होस् । दोस्रो कुरो विद्यार्थीमा आत्मविश्वास जगाउने र उनीहरूभित्रको असीमित ऊर्जालाई प्रज्वलित गर्ने काम विद्यालयमा होओस् । बहुभाषिक र बहुसांस्कृतिक सौन्दर्य अझै उज्यालो हुने गरी हरेक विद्यार्थीले आफ्नो सांस्कृतिक पृष्ठभूमिप्रति गौरव गर्ने वातावरण विद्यालयमा सिर्जना होओस् । विद्यार्थीभित्र विद्यमान प्रतिभा र बौद्धिकता जगाउने वातावरण विद्यालयले सिर्जना गरोस् । विद्यार्थी सिकाइमा विद्यार्थीमुखी कार्यकलाप गरियोस् । हामीलाई ठुलो मान्छे होइन असल मान्छे बन्न प्रेरित

*शब्दार्थ*

*असीमित - सीमा नभएको*

*प्रवर्तन - चालनाे, आविष्कार*

गरियोस् । हामी विद्यालयका शिक्षकका कुराबाट भन्दा उहाँहरूका आदत, बानी र व्यवहारबाट सिक्न पाऔँ । ज्येष्ठ नागरिकको सम्मान गर्नुपर्छ भन्ने कुरा कापीमा उत्तर लेखेर होइन, बसमा चढेका, बाटो काट्दै गरेका उनीहरूलाई सिट छाडेर अन्य किसिमका सहयोग गरेका आधारमा हाम्रो मूल्याङ्कन होओस् । दीनदुःखी र फरक क्षमता भएकालाई सहयोग एवम् सद्भाव व्यक्त गरेका आधारमा हाम्रो मूल्याङ्कन गरियोस् । किताबका अक्षर घोकेर उत्तरपुस्तिकामा पोखेकै आधारमा मात्र हाम्रो मूल्याङ्कन गर्ने प्रणालीले के हामी विद्यार्थीको समग्र व्यक्तित्व विकास हुन्छ त ? मेरा यी प्रश्नतर्फ म यहाँ उपस्थित सम्पूर्ण श्रोतागणको ध्यान आकृष्ट गर्न चाहन्छु । त्यसैले विद्यालयलाई किताबका पानामा रहेका कुरालाई व्यावहारिक जीवनसँग जोडेर सिकाउने व्यवस्था मिलाइयोस् र हाम्रो व्यक्तित्व विकासको उपयुक्त वातावरण निर्माण होओस् । क्रियाकलाप र सहक्रियाकलापलाई सिकाइकै अङ्ग बनाइयोस् ।

आदरणीय गुरुवर्ग !

हावर्ड गार्डनरले हरेक व्यक्तिमा हुने बहुबौद्धिकता वा बहुप्रतिभाको जुन कुरा गरेका छन्, त्यसमा ध्यान दिएर शिक्षण क्रियाकलाप सम्पन्न गरियो भने विद्यार्थीको बौद्धिक विकास हुन सक्थ्यो कि ? गार्डनरका अनुसार बौद्धिकताका प्रकारमध्ये संसारका हरेक व्यक्ति र सिकारुमा सबै वा अधिकांश प्रतिभा अलग अलग मात्रामा सन्तुलित वा सुषुप्त रूपमा रहेकै हुन्छन् । संसारका सबै व्यक्ति वा सिकारुमा रहेका यी प्रतिभा वा बौद्धिकतालाई विकसित गरी शिक्षणमा र विद्यार्थीको व्यक्तित्व विकासमा उपयोग गर्न सकिन्छ । गार्डनरको सिद्धान्तको सार हो, जो जुन कुरामा गहिरो रुचि राख्छ, तिनैसित सम्बन्धित क्रियाकलापमा तिनलाई भाग लिन दिनुपर्छ । उदाहरणका लागि साहित्यमा विशेष रुचि भएकाका लागि कथा, कविता, निबन्ध र सिर्जनात्मक लेखन क्रियाकलाप बढी उपयोगी हुन्छ भने शारीरिक क्षमता भएकाका लागि खेलकुद । हामीलाई थाहै छ, डार्विनको प्रतिभालाई कक्षाकोठाको खुराकले नपुगेर उनले प्रकृतिलाई नै आफ्नो पाठशाला बनाए र विकासवादको सिद्धान्त प्रतिपादन गरे । पारस खड्का, सन्दीप लामिछाने आदिको रुचिले नेपाली क्रिकेटलाई उचाइ प्रदान गरेको कुरा हामीलाई थाहै छ । सङ्गीतमा रुचि भएकालाई गीत सङ्गीतमा प्रतिभा प्रस्फुटन गर्ने वातावरण विद्यालयले तयार पार्नु जरुरी हुन्छ । आज विभिन्न आइडलका नाममा सञ्चालन भइरहेका कार्यक्रमले लुकेका प्रतिभाको व्यक्तित्वलाई उजागर गरी शिखरमा पुऱ्याएको छ त्यो कुरा हेर्दा यो छर्लङ्ग नै हुन्छ । अचेल कसरी बाल प्रतिभाले लोकदोहोरी गायनमा घगडान व्यक्तित्वलाई आच्छु आच्छु पारेका छन् यी सन्दर्भले पनि यो कुरालाई पुष्टि गरेकै छन् ।

उपस्थित महानुभावहरू !

विद्यालयमा गरिने सहक्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई विद्यार्थीभित्रको उच्च तहको सिर्जनशील चिन्तन, समीक्षात्मक चिन्तन, सञ्चार सिप, निर्णय क्षमता, समस्या समाधानलगायतका सिप विकाससित पनि जोड्दै लैजानुपर्छ । उनीहरूको बहुमुखी व्यक्तित्व विकासमा विद्यालय लाग्न आवश्यक छ ।

(जनाउ घन्टी बज्छ ।)

*सुषुप्त – गाढा निद्रामा परेको, निष्क्रिय अवस्थामा रहेको*

अन्त्यमा म के भन्छु भने विद्यार्थीको शैक्षिक र बौद्धिक व्यक्तित्व विकासमा विद्यालयको भूमिका रहेकै छ तर मान्छेलाई समाजमा समायोजन हुन र आफ्ना कर्तव्यप्रति सचेत हुन विद्यालयको भूमिका रहेको हुन्छ । विद्यार्थीभित्र निहित आत्मविश्वास, आँट, हिम्मत जागृत गर्न पनि विद्यालयको अहम् भूमिका हुन्छ । भविष्यमा एक होनहार, सफल र आत्मविश्वासयुक्त नागरिक निर्माण गर्न विद्यालयले अहम् भूमिका निर्वाह गरोस् भन्ने मेरो अपेक्षा हो ।

धन्यवाद ।

उद्घोषकले अर्का प्रतियोगी छिरिङ लामालाई आफ्नो वक्तृताका लागि मञ्चमा आमन्त्रण गर्छन् ।

छिरिङ लामा

आदरणीय सभाध्यक्ष महोदय ! प्रमुख अतिथिज्यू, गुरुवर्ग, निर्णायक मण्डल एवम् मेरा प्रतिस्पर्धी तथा सम्पूर्ण मित्र

आज आयोजित यस वक्तृत्वकला प्रतियोगितामा सहभागी भई आफ्ना भनाइ राख्न पाउँदा म गौरवान्वित छु । आजको वक्तृताको विषय छ, 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका ।'

सभाध्यक्ष महोदय !

व्यक्तित्व भनेको व्यक्तिभित्र रहेका गुणको त्यो समूह हो जसले कुनै व्यक्तिलाई अर्को वा दोस्रो व्यक्तिभन्दा पृथक् राख्दछ । लङ्मेन डिक्सनरीका आधारमा कुनै व्यक्तिको सम्पूर्ण स्वभाव वा चरित्र उसको व्यक्तित्व हो । क्याम्ब्रिज इन्टरनेसनल डिक्सनेरीअनुसार तपाईंको व्यवहार गराइ, महसुस गराइ र सोचाइको तरिका तपाईंमा जुन देखिने गर्छ त्यो नै तपाईंको व्यक्तित्व हो । नेपाली बृहत् शब्दकोशले व्यक्तित्वलाई व्यक्तिको वैयक्तिक विशेषता देखाउने गुण, निजीपन, व्यक्तिमा निहित अरूलाई प्रभाव पार्ने विशेषताका रूपमा चिनाएको छ । त्यसैले म के भन्छु भने हरेक व्यक्तिमा शिष्टाचार, नैतिकता, आचरण, आत्मविश्वास, साहस, सोचाइ, व्यवहार, बोलीचाली र आनीबानीमा समेत झल्किने जुन भाव छ त्यो नै व्यक्तित्व हो । यी सबै कुरामा विद्यार्थीलाई सशक्त बनाउन र उनीहरूमा भावी जीवनको उज्यालो पक्ष देखाउन विद्यालयको गहन भूमिका रहन्छ भन्ने मलाई लाग्छ ।

उपस्थित महानुभावहरू !

विद्यालयले विद्यार्थीमा जुन किसिमको जीवनमूल्यलाई महत्त्व दिन्छ, विद्यार्थी त्यस्तै मूल्यमा प्रवृत्त हुँदै जान्छन् र त्यसैलाई ग्रहण गर्छन् । विद्यालयको परिवेश र वातावरण जस्तो हुन्छ, विद्यार्थीको धारणा निर्माणमा त्यही परिवेशले बढी प्रभाव पार्छ भन्ने मलाई लाग्छ ।

विद्यालय विद्यार्थीको दोस्रो घर हो । विद्यार्थीको अधिकांश समय घरपरिवारका अतिरिक्त विद्यालयमा नै बित्ने गर्छ । चार पाँचवर्षसम्म आमाबुबाको पालनपोषणबाट एक प्रकारको व्यक्तित्वको जग बसिसकेको हुन्छ । पारिवारिक परिवेशभित्र निर्मित व्यक्तित्वको त्यो जगलाई ठड्याउने र दरिलो बनाउने काममा विद्यालयको उदात्त परिवेशको अहम् भूमिका रहन्छ ।

*समायोजन – वातावरण वा परिस्थिति अनुकूल बनाउने काम, संयोजन*

विद्यालयमा विद्यार्थीको शिक्षक र साथीसँग सोझो सम्पर्क हुन्छ। विद्यार्थीका लागि शिक्षक पनि आमाबुबा जस्तै आदर्श हुन्छन् । संवेदनशील र सहानुभूतिपूर्ण स्वभाव भएका शिक्षकबाट विद्यार्थीको व्यक्तित्वमाथि गहिरो प्रभाव पर्छ। कक्षाका साथीको राम्रो र नराम्रो व्यवहारको पनि विद्यार्थीमाथि धनात्मक र ऋणात्मक प्रभाव पर्छ। यसरी हामी के भन्न सक्छौँ भने शिक्षकको प्रभावशाली व्यक्तित्व, उसको सहानुभूतिपूर्ण व्यवहार, विषयगत योग्यता तथा शिक्षण शैलीको विद्यार्थीको व्यक्तित्वमाथि अनुकूल र राम्रो प्रभाव पर्छ। शिक्षकको मनोवृत्ति तथा व्यवहारको प्रभाव विद्यार्थीको व्यक्तित्वमाथि अनायास रूपमै परेको हुन्छ। शिक्षकले पढाएका कुरासँगसँगै उहाँहरूका आनीबानी, बोलीवचन र व्यवहारबाट विद्यार्थीले धेरै कुरा सिकिरहेका हुन्छन् । तिनले विद्यार्थीको व्यक्तित्वमा शनैः शनैः प्रभाव नपार्ने कुरै आउँदैन ।

श्रद्धेय महानुभावहरू !

विद्यार्थीको व्यक्तित्वमा विद्यालयको भौतिक परिवेश अनि भावात्मक र संवेगात्मक वातावरणले समेत प्रभाव पार्छ भन्ने मलाई लाग्छ । ध्वनि, वायु वा यस्तै कुनै कारणले प्रदूषित वातावरणमा यदि विद्यालय भवन छ भने त्यहाँका विद्यार्थीको स्वास्थ्यमा गम्भीर असर पर्छ । विद्यालय भवन र कक्षाकोठाको वातावरणले पनि विद्यार्थीको पठनपाठनमा प्रभाव पर्न सक्छ। त्यसले विद्यार्थीका मनमा एक प्रकारको चिन्ता र त्रास जस्ता भाव पैदा भई उनीहरूको संवेगपूर्ण व्यक्तित्वमाथि नकारात्मक असर पर्न सक्छ । विद्यार्थीको व्यक्तित्वमाथि गम्भीर र नकारात्मक प्रभाव पार्ने कुरामा सम्बन्धित पक्ष सचेत हुनु जरुरी छ भन्ने मलाई लाग्छ।

उपस्थित महानुभावहरू !

विद्यालयमा विद्यार्थीभित्र आत्मविश्वास र आत्मअनुशासनको वातावरण सिर्जना गरियोस् । विवेकानन्द भन्छन् "आफूमा विश्वास राख्नुहोस्, सम्पूर्ण शक्ति तपाईंमा नै छ, यसलाई बाहिर ल्याउनुहोस् ।" विद्यार्थीभित्र रहेको सकारात्मक सोच र शक्तिलाई यसै गरी उजागर गरियोस् । असफलता र गल्तीलाई कमजोरी होइन शिक्षाका रूपमा लिने चेतना अनि विद्यार्थीभित्रको इच्छाशक्तिलाई दरो पार्ने वातावरण सिर्जना होओस् । एउटा कथन छ "हामी सफलताभन्दा पनि आफ्ना गल्ती र असफलताबाट बढी सिक्छौं, किनकि गल्ती नै हाम्रा शिक्षक हुन् ।" हो, विद्यार्थीले गल्ती गर्दा दण्ड होइन त्यो गल्तीले तिमीलाई यो पाठ पढायो त्यसैले त्यो तिम्रो शिक्षक हो भनी बताइयोस् । विद्यार्थीमा असीमित तागत छ । त्यस तागतलाई सिर्जना र निर्माणमा प्रयोग गर्ने वातावरण सिर्जना गर्दै व्यक्तित्व विकासमा विद्यालय समर्पित होउन् ।

(जनाउ घन्टी बज्छ ।)

*संवेदनशील* – *मानिसमा हुने मार्मिक अनुभूति, मानवीय अनुभूति*
*सहानुभूति* – *अरूको दुःखमा दुःखी हुनु वा सँगसँगै दुःखको अनुभूति गर्नु*
*अनायास* – *प्रयत्नबिना नै, अकस्मात्, एकाएक*
*भावात्मक* – *भाव प्रबल रूपमा रहेको, भावमूलक*
*संवेगपूर्ण* – *संवेगको अवस्था, शारीरिक वा मानसिक क्रियामा आउने उत्तेजना*

विद्यार्थीलाई भावी जीवनको सुन्दर भविष्यको गोरेटो मात्र देखाइयोस् । यो विषय अध्ययन गर्छु, यसबाट मेरो भविष्य सुनिश्चित छ भन्ने एउटा उत्प्रेरणा उनीहरूमा जगाउन सकियोस्, जहाँ अब विद्यार्थीलाई पढ पढ भनेर समय खेर फाल्नु नपरोस्, विद्यार्थी स्वयम् पढ्नका लागि आतुर होउन्, कामप्रति लगनशील होउन्, राष्ट्रप्रति समर्पित होउन् ।

विद्यार्थीको व्यक्तित्व विकासमा विद्यालयको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यालयको वातावरण र शिक्षकका आचरणबाट निस्सृत असल प्रभावले नै विद्यार्थीको बहुमुखी व्यक्तित्व मुस्कुराउन र समाजमा सुवास छर्न सक्छ । विद्यार्थीको प्रतिभा प्रस्फुटित भई बहुमुखी व्यक्तित्व विकास गर्न विद्यालयले सकारात्मक ऊर्जा प्रदान गर्न सक्छ भन्दै मेरो भनाइ यहीँ समाप्त गर्दछु । धन्यवाद !

*निस्सृत - निस्केको, बहेको*

## शब्दभण्डार

**१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अभिभारा | बोलीवचन |
| उजागर | कुनै इच्छा वा चाहना पूरा गर्ने उच्च अभिलाषा |
| घगडान | वातावरण, परिस्थिति आदिसँग मिल्दोपन |
| शनैः शनैः | बाहिर ल्याउनु, प्रकाश पार्नु |
| इच्छाशक्ति | बिस्तारै बिस्तारै |
| समायोजन | कुनै कामको जिम्मेवारी, उत्तरदायित्व |
| | खुब अनुभवी, धेरै सिपालु |
| | चारैतिर परिधि वा घेरा भएको |

**२. दिइएका प्राविधिक र पारिभाषिक पद पदावलीको अर्थ लेख्नुहोस् :**

बहुमुखी व्यक्तित्व, वक्तृत्वकला, सहक्रियाकलाप, संवेगात्मक, वातावरण, ऊर्जा

**३. दिइएका शब्दको उल्टो अर्थ दिने शब्द वक्तृताबाट खोजेर लेख्नुहोस् :**

विनाश, आन्तरिक, ऋणात्मक, पुरस्कार, सकारात्मक, प्रतिकूल

**४. दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सभाध्यक्ष, उत्कृष्ट, प्रतिभा, स्वावलम्बी, शिष्टाचार, सहानुभूति

## बोध र अभिव्यक्ति

**१. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

सञ्चालन, अध्यक्ष, शिक्षक, विद्यालय, विकास, इच्छाशक्ति, आत्मविश्वास, प्रदूषित, व्यक्तित्व

**२. वक्तृताको 'पहिलो कुरो विद्यार्थीभित्र .... सिकाइकै अङ्ग बनाइयोस् ।' अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

**३. वक्तृताको 'व्यक्तित्व भनेको .... मलाई लाग्छ' अनुच्छेद श्रुतिलेखन गर्नुहोस् ।**

## ४. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) वक्तृतामा कार्यक्रमको अध्यक्षता र सञ्चालन गर्ने व्यक्ति को को हुन् ?

(ख) छिरिङले सम्बोधन पछिको पहिलो वाक्यमा कुन कुरा व्यक्त गरेका छन् ?

(ग) वक्तृतामा कतिओटा प्रश्नात्मक वाक्य रहेका छन् ?

(घ) अमृताले कुन सन्दर्भबाट आफ्नो भनाइ टुङ्ग्याएकी छन् ?

## ५. दिइएको वक्तृतांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

विवेकानन्द भन्छन् "आफूमा विश्वास राख्नुहोस्, सम्पूर्ण शक्ति तपाईंमा नै छ, यसलाई बाहिर ल्याउनुहोस् ।" विद्यार्थीभित्र रहेको सकारात्मक सोच र शक्तिलाई यसै गरी उजागर गरियोस् । असफलता र गल्तीलाई कमजोरी होइन शिक्षाका रूपमा लिने चेतना अनि विद्यार्थीभित्रको इच्छाशक्तिलाई दरो पार्ने वातावरण सिर्जना होओस् । एउटा कथन छ "हामी सफलताभन्दा पनि आफ्ना गल्ती र असफलताबाट बढी सिक्छौं, किनकि गल्ती नै हाम्रा शिक्षक हुन् ।" हो, विद्यार्थीले गल्ती गर्दा दण्ड होइन त्यो गल्तीले तिमीलाई यो पाठ पढायो त्यसैले त्यो तिम्रो शिक्षक हो भनी बताइयोस् । विद्यार्थीमा असीमित तागत छ । त्यस तागतलाई सिर्जना र निर्माणमा प्रयोग गर्ने वातावरण सिर्जना गर्दै व्यक्तित्व विकासमा विद्यालय समर्पित होउन् ।

प्रश्नहरू

(क) वक्तृतांशमा किन आफैंमा विश्वास राख्न भनिएको हो ?

(ख) वक्तृतांशमा विफलतालाई किन शिक्षाका रूपमा लिन भनिएको होला ?

(ग) विद्यार्थीको व्यक्तित्व विकासमा विद्यालयको भूमिका कस्तो हुनुपर्छ ?

(घ) गल्ती कसरी शिक्षक हुन सक्छ, तर्क दिनुहोस् ।

## ६. दिइएको वक्तृतांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

वर्तमानमा विद्यालयमा हामीलाई पढाइन्छ, सिकाइन्छ, कक्षाकार्य र गृहकार्य दिइन्छ । हामी ती कार्य पूरा गर्दै विद्यालय जीवन बिताउँछौं र सफलताको प्रमाणपत्र लिएर हामी निस्कन्छौं । यसो गर्दा हामीले सूचना र ज्ञान पायौं होला, हाम्रो बौद्धिक व्यक्तित्वको विकास भयो होला तर समाजमा समायोजन हुने खालको व्यक्तित्व विकास र हामीभित्र रहेको असीमित ऊर्जालाई उजागर गर्ने काममा हाम्रा विद्यालयले कसरी अभिमुखीकरण गरेका छन् ? हामीभित्र रहेको सकारात्मक सोच प्रवर्तन गर्न र आत्मविश्वास जागृत गर्न हाम्रा विद्यालयले कस्तो वातावरण सिर्जना गरेका छन् त ? विद्यार्थीको समग्र व्यक्तित्व विकासमा विद्यालयको दायित्व के हुनुपर्छ, यसमा व्यापक बहस हुनु जरुरी छ ।

प्रश्नहरू

(क) वक्तृतांशका अनुसार अहिले कस्तो शिक्षा प्रचलनमा रहेको देखिन्छ ?

(ख) समाजमा समायोजन हुने खालको व्यक्तित्व विकास गर्न के गर्नुपर्छ ?

**७. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) विद्यालयले कसरी विद्यार्थीको व्यक्तित्व विकास गर्न सक्छ, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

(ख) आफ्नो व्यक्तित्व विकासका लागि विद्यार्थीले के कस्ता कार्य गर्नुपर्छ, लेख्नुहोस् ।

**८. माथिको वक्तृतामा अमृता नेम्वाङले भनेका कुरालाई दशओटा बुँदामा टिपोट गर्नुहोस् ।**

**९. वक्तृता कसरी सञ्चालन गरिन्छ, कक्षामा छलफल गर्नुहोस् ।**

**१०. 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' शीर्षकमा छोटो वक्तृता तयार पार्नुहोस् ।**

**११. तलको दैनिकीको नमुना पढ्नुहोस् र तपाईँले भ्रमण गरेको कुनै एउटा रमणीय स्थलको विषयवस्तु समेटी एक दिनको दैनिकी तयार पार्नुहोस् :**

२०७९ वैशाख ०१

रातको ९ बजे

नयाँ वर्ष

आज नयाँ वर्षको पहिलो दिन, म बिहान सबेरै बिउँझिएँ । बाहिर चराचुरुङ्गी चिरबिर स्वरमा कराउँदै थिए । मलाई लाग्यो, यी कञ्चन प्राणी पनि आफ्नै भाषामा शुभकामना साटासाट गर्दै होलान् । आमाबुबाले हिजै बेलुकी भन्नुभएको थियो, "भोलि बिहानै घुम्न जाने भनेका छौ । अबेरसम्म सुतौला नि ।" तन्द्रामै मैले आमाबुबाको कुरा सम्झिएँ र हत्तपत्त उठेँ । त्यसपछि नयाँ वर्षका दिन नयाँ ठाउँको भ्रमणमा जाने हाम्रो पूर्वयोजनाअनुसार म तयार हुन थालेँ ।

पोखराबाट हाम्रो बस बिहान ९ बजे छुट्यो । हामी जम्माजम्मी १६ जना मिल्ने साथी मात्र थियौँ । हाम्रो शैक्षिक भ्रमणस्थल थियो तनहुँको व्यास गुफा र त्यहाँका वरपरका ठाउँ । साथीसँग रमाइलो गर्दा करिब ५० किलोमिटरको यात्रा पार गरेको पत्तै भएनछ । हामी वेद, महाभारतलगायतका अनेकौँ ग्रन्थका रचयिता वेदव्यासले तपस्या गरेको व्यासगुफा अनि सेती र मादी नदीको सङ्गमस्थलसम्म पुग्यौँ । गुफा जाने बाटामा ढुङ्गाले बनाएका सिँढी, ऋषिको तपस्यास्थल, आश्रम, ढुङ्गाका विभिन्न आकृति, सेती र मादी नदीतटको सुन्दर प्रकृतिमा

रमाउँदै घरबाटै लगेको खानेकुरा खाएर दिउँसोको ४ बजे पोखराका लागि रमाना भयौँ । नयाँ वर्षको रमाइलाले जिउमा छुट्टै फुर्ती दिएको थियो । नयाँ जोसका साथ यस वर्षको पहिलो दिन व्यतीत गरी साँझको खाना खाएँ । त्यसपछि छोटो दैनिकी तयार पारी राती ९:३० बजेतिर सुतेँ ।

## १२. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हार्बड गार्डनरको बौद्धिकतासम्बन्धी सिद्धान्तलाई बहुबौद्धिकताको सिद्धान्त भनिन्छ । यस सिद्धान्तअनुसार सामान्यतया भाषिक, तार्किक गणितीय, स्थानिक दृश्यात्मक, प्राकृतिक, सङ्गीतात्मक, शारीरिक गतिबोधक, अन्तरवैयक्तिक र अन्तः वैयक्तिक गरी मान्छेमा आठ प्रकारका बौद्धिकता वा प्रतिभा हुन्छन् । भाषिक बौद्धिकताअन्तर्गत मौखिक र लिखित रूपमा प्रभावकारी ढङ्गले भाषा प्रयोग गर्ने क्षमता पर्छ । तार्किक गणितीय बौद्धिकताले तर्क र गणितसँग सम्बन्धित क्षमतालाई बुझाउँछ । स्थानिक दृश्यात्मक प्रतिभामा हस्तकौशलयुक्त सामर्थ्य र प्रतिभा पर्छन् । प्राकृतिक बौद्धिकता भएका व्यक्तिमा प्रकृति जगत्का विभिन्न वस्तुप्रति प्रेम, रुचि र प्रकृतिका समीपमा रहने इच्छा जस्ता विशेषता रहेका हुन्छन् । साङ्गीतिक बौद्धिकता भएका व्यक्तिमा सङ्गीतसँग सम्बन्धित सामर्थ्य रहने गर्छ । शारीरिक गतिबोधक बौद्धिकताअन्तर्गत आफ्नो विचार व्यक्त गर्न व्यक्तिले शरीरको हाउभाउ र लचकता उपयोग गर्ने सामर्थ्य पर्छन् । अन्तरवैयक्तिकता बौद्धिकताले अन्य व्यक्तिका सूक्ष्म व्यवहारप्रति संवेदनशील हुने बहिर्मुखी क्षमतालाई सङ्केत गर्छ । त्यस्तै अन्तः वैयक्तिक बौद्धिकता भनेको व्यक्तिको संज्ञानात्मक क्षमतामा निहित अन्तरमुखी प्रतिभा हो । कुनै प्रतिभाशाली व्यक्तिमा यी सबै प्रकारका बौद्धिकता हुन्छन् भने अधिकांश सबैमा कम्तीमा दुई वा तीन प्रकारका बौद्धिकता रहन्छन् भनिन्छ । शिक्षकले व्यक्तिको बौद्धिकता पहिचान गरी शिक्षण गरेमा शिक्षण सिकाइ प्रभावकारी हुने विश्वास गरिन्छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) बहुबौद्धिकताको सिद्धान्तका प्रतिपादक को हुन् ?

(आ) बहुबौद्धिकताका प्रकार उल्लेख गर्नुहोस् ।

(इ) भाषिक बौद्धिकताअन्तर्गत पर्ने कुरा के हो ?

(ई) तपाईंमा मुख्य रूपमा कुन बौद्धिकता रहे जस्तो लाग्छ ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस्

(अ) अनुच्छेदमा भएका कुनै दुई पारिभाषिक शब्द लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट एकवचन र बहुवचनका एक एकओटा क्रियापद टिप्नुहोस् ।

(इ) अनुच्छेदबाट श, ष, स प्रयोग भएका एक एकओटा शब्द लेख्नुहोस् ।

(ई) 'हाउभाउ' र 'रुचि' शब्दको अर्थ लेख्नुहोस् ।

## १३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

राजकिशोर राठौर नौ कक्षामा पढ्छन् । उनी कक्षाका नेतृत्वकर्ता हुन् । उनी आफ्ना साथीका समस्या विद्यालय प्रशासनसमक्ष पुऱ्याउँछन् । कक्षामा होहल्ला हुन दिँदैनन् । शिक्षकको अनुपस्थितिमा पनि साथीलाई स्वाध्ययन गर्न प्रेरित गर्छन् । कक्षा खाली भएमा प्रधानाध्यापकलाई जानकारी गराउँछन् । उनी साथीलाई कहिल्यै काखा र पाखा गर्दैनन् । मिलनसार, सहयोगी र आत्मीय व्यवहारका कारण साथी माभ्m उनी लोकप्रिय बनेका छन् ।

राजकिशोरले कक्षाको राम्रोसँग नेतृत्व गरे भैंm कक्षाका साथीको नेतृत्व गर्नका लागि नेतृत्वकर्ताका रूपमा मन्तव्य व्यक्त गर्नुहोस् ।

## सुनाइ र बोलाइ

## १. सुनाइ पाठ १० सुन्नुहोस् र उपयुक्त विकल्प छनोट गरी भन्नुहोस् :

(क) भाषणमा कस्तो भाषा प्रयोग गर्नुपर्छ ?

(अ) औपचारिक (आ) अनौपचारिक

(इ) कामचलाउ (ई) सामान्य

(ख) हामीले कस्तो कला विकास गर्न सकियो भने राम्रा अवसर प्राप्त गर्न सकिन्छ ?

(अ) लेखनकला (आ) पठनकला

(इ) वाक्‌कला (ई) ग्रहणकला

(ग) विद्यार्थीमा कुन कुराको विकासमा भाषण कलाको महत्त्वपूर्ण भूमिका रहन्छ ?

(अ) साथीत्व (आ) व्यक्तित्व

(इ) महत्त्व (ई) अपनत्व

(घ) भाषणमा वक्ताले श्रोताको के कुरा आफूप्रति केन्द्रित गर्न सक्नुपर्छ ?

(अ) मन (आ) ज्ञान

(इ) ज्यान (ई) ध्यान

## २. भाषण कलाको महत्त्वबारे भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढी तालिकाको खाली ठाउँमा ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

भाइ पाँच कक्षामा पढ्छ । बहिनी सात कक्षामा पढ्छे । म नौ कक्षामा पढ्छु । तिमी पनि नौ कक्षामा पढ्छौ । साथीहरू पनि सँगै पढ्छन् । उनीहरू प्रशस्त अन्तरक्रिया गर्छन् । शिक्षक विनोदले पहिलो घन्टी नेपाली विषय पढाउनुहुन्छ । शिक्षक सुनिताले दोस्रो घन्टीमा गणित पढाउनुहुन्छ ।

| वाक्य | लिङ्ग | | वचन | | पुरुष | | | आदर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | एक. | बहु. | प्र. | द्वि. | तृ. | सा. | म. | उ. |
| भाइ पाँच कक्षामा पढ्छ । | | | | | | | | | | |
| बहिनी सात कक्षामा पढ्छे । | | | | | | | | | | |
| म नौ कक्षामा पढ्छु । | | | | | | | | | | |
| तिमी पनि नौ कक्षामा पढ्छौ । | | | | | | | | | | |
| साथीहरू पनि सँगै पढ्छन् । | | | | | | | | | | |
| उनीहरू प्रशस्त अन्तरक्रिया गर्छन् । | | | | | | | | | | |
| शिक्षक विनोदले पहिलो घन्टी नेपाली विषय पढाउनुहुन्छ । | | | | | | | | | | |
| शिक्षक सुनिताले दोस्रो घन्टीमा गणित पढाउनु हुन्छ । | | | | | | | | | | |

२. **हरेक कोठाबाट एक एक शब्द लिई लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिलेका वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| ऊ, तँ, उनी, तिमी, उहाँ, तपाईं, म, हामी | कहाँ, त्यहाँ | जान्छस्, जानुहुन्छ, जान्छ्यौ, जान्छौ, जान्छु, जान्छ, जान्छिन्, जान्छौँ |

३. **दिइएका वाक्यलाई लिङ्गका आधारमा क्रियाको पदसङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

भाइ रुन्छे । त्यो देखेर बहिनी पनि रुन थाल्छ । अमृता नेम्बाङ भाइबहिनीलाई माया गर्छ । ऊ खेलौना दिन्छन् । खेलौना पाएर भाइ दङ्ग पर्छे । बहिनी पनि खेलौना चाहियो भनेर बिलौना गर्छ ।

## ४. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) मामा राम्रा राम्रा कविता लेख्नुहुन्छ । (स्त्रीलिङ्ग)

(ख) तँ भोलि आउलास् । (उच्च आदर)

(ग) ऊ केही दिन आराम गर्छ । (प्रथम पुरुष)

(घ) तिमीहरू वक्तृत्वकलामा भाग लिने छौ । (एकवचन)

(ङ) हामी लोकगीत गाउथ्यौँ । (तृतीय पुरुष, मध्यम आदर)

(च) छोरी कार्यालय गइन् । (पुलिङ्ग)

(छ) तपाईं गृहकार्य गर्नुहोस् । (निम्न आदर)

(ज) मेरो भाइ पाँच कक्षामा पढ्छ । (बहुवचन)

## ५. दिइएको अनुच्छेद पढ्नुहोस् र पदसङ्गति पहिचान गर्नुहोस् :

गुरुले मेघ बिजुली विवाह कविता पढाउनुभयो । उहाँले त्यो पाठ राम्ररी बुझाउनुभयो । हाम्रो कक्षामा सोझी विमला, टाठी निर्मला मात्र होइन बाठो नरेश र सोझो नृपेश पनि छन् । हाम्रो कक्षाकी निर्मलाको भाइ आठमा पढ्छ । नृपेशकी बहिनी सातमा पढ्छे । नरेशकी दिदी दशमा पढ्नुहुन्छ । निर्मलाले नरेशलाई सोध्छे, "तँ कविता लय हालेर पढ्छस् ?" नरेशले निर्मलालाई भन्छ, "तँ पढ्छेस् त ?" गुरुले तिनीहरूका कुरा सुन्नुभयो र तिनीहरूलाई भन्नुभयो, "साथीलाई तिमी, तपाईं भन्नुपर्छ ।"

| कर्ता र क्रियाबिच पदसङ्गति | नाम र सर्वनामबिच पदसङ्गति | विशेषण र विशेष्यबिच पदसङ्गति | भेदक र भेद्यबिच पदसङ्गति |
|---|---|---|---|
| गुरुले – भन्नुभयो<br>साथीहरू – छन्<br>भाइ – पढ्छ<br>बहिनी – पढ्छे<br>दिदी – पढ्नुहुन्छ<br>निर्मलाले – सोध्छे<br>तँ – पढ्छस्<br>तँ – पढ्छेस् | गुरुले – उहाँले<br>विमला, निर्मला, नरेश र नृपेश – तिनीहरू | सोझी– विमला<br>टाठी– निर्मला<br>बाठो –नरेश<br>सोझो –नृपेश | हाम्रो – कक्षा<br>नृपेशकी – बहिनी<br>नरेशकी – दिदी<br>तिनीहरूका – कुरा |

६. **दिइएको अनुच्छेद पढी श, ष, स प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :**

उषाले आफ्नो शिशुलाई काखमा राखेर सगरमाथा स्वास्थ्य केन्द्र लगिन् । छोरालाई इमर्जेन्सीमा भर्ना गरिन् । डाक्टर ऋषभ शिवाकोटीले बच्चाको स्वास्थ्य जाँच गरे । उनका श्रीमान् शिशिर पनि त्यहाँ आइपुगे । उषाका ससुरा पनि नातिलाई भेट्न स्वास्थ्य केन्द्र आए ।

७. **वक्तृताबाट श, ष, स प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'भाषाको विस्तारमा प्रविधिको भूमिका' विषयमा वक्तृता तयार पार्नुहोस् ।**

२. **तपाईँले सुनेको कुनै वक्तृताबाट मुख्य मुख्य विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# समय पीडा

पद्मावती सिंह



बिहान उठेर केही समय हिँड्ने रामनाथको दिनचर्या नै थियो । पाँच वर्षदेखि लगातार उनी पाँच बजे ओछ्यान छोड्छन् । बेलुका नौ बजेको समाचार सुनेपछि सरासर उनी बिछ्यौनामा ढल्छन्, एकैछिनमा मस्त निदाउँछन् तर आनन्दीलाई त दिनभर दुनियाँभरको कामले व्यस्त बनाइरहन्छ । त्यसो त घरमा जोईपोइबाहेक कोही छैनन् । दुवै छोरा विदेशमै छन् । चुप लागेर बस्न नसक्ने स्वभावले गर्दा उनी बिहान उठेदेखि नसुतुन्जेल कुनै न कुनै काममा अल्झिरहन्छिन् उनी । बिहान उठेपछि घरको सफासुग्घर गर्नु, पूजापाठ गरी खाना तयार पार्नु, रामनाथ अफिस गएपछि केहीबेर बगैँचामा टहल्दै फूल स्याहार्नु, भान्छा उठेपछि कोठा तह लगाउने यावत् काम गर्दै रातको दश बजुन्जेल उनी काममै व्यस्त रहन्छिन् । राती रामनाथ सुतेपछि घरधन्दा सकी पत्रपत्रिका पढ्नु, बिदेसिएका छोराहरूसित कुरा गर्नु अथवा पुराना एल्बम खोलेर छोराहरूको तस्बिर हेरी आँखा भिजाउनु उनको दैनिकीभित्र पर्ने कुरा हुन् । यति गर्दागर्दै रातको एघार बज्छ त्यसपछि उनी ओछ्यानमा ढल्छिन् ।

बिछ्यौनामा ढले पनि धेरैबेरसम्म उनी निदाउन सक्तिनन् । उनी छोराहरूकै चिन्तामा डुबिरहन्छिन् । छोराहरू विदेशमा सात समुद्रपार छन् । उनीहरू नोकरी, घरगृहस्थी धानी विदेशमा कति सङ्घर्ष गर्दै होलान् ! विशेष गरी पढ्दै गरेको सानो छोराको विशेष चिन्ता लाग्छ आनन्दीलाई । पढ्नु, नोकरी गर्नु अनि पकाइतुल्याइ गर्नु, घरमा गाग्रोबाट पानीसमेत नसारेर खानेले घरको सबै काम गरी कसरी जीवन धानेका होलान् ! सम्झी सम्झी उनको आँखाका परेली भिज्छन् । घरमा सबै सुखसयल भए पनि विदेशमै बस्ने, जति नै दुःख झेल्न परे पनि उतै बस्न रमाउने युवा पिँढीको मनस्थितिका अगाडि रामनाथ र आनन्दीले घुँडा नटेकी सुखै पाएनन् तर दुवै छोरा बिदेसिए पनि एउटी छोरी स्वदेशमै छिन् । ती दुईको लागि सन्तोषको कुरा यही एउटा छ ।

छोराहरू बिदेसिएपछि घर शून्य त हुने नै भयो । त्यसमाथि घरको सबै काम आफैंले गर्नुपर्ने र सारा सामाजिक व्यवहार आफैंले धान्नुपर्दा आनन्दी कहिलेकाहीँ दिक्क हुन्छिन् । सधैं अफिसमै व्यस्त, हृदयरोगी हुनाले रामनाथलाई घरायसी कुनै चिन्ता दिन उनी चाहँदिनन् । घरको सारा बोझ आफ्नो थाप्लामा बोकी, छोराछोरीको चिन्तामा पिल्सिएर कहिलेकाहीँ त उनी छटपटाउँछिन् । आधुनिक जीवनशैली यस्तै हुँदो रहेछ, जसरी भए पनि समयको पदचापलाई पछ्याउनैपर्ने रहेछ भनी आफ्नो मन आफैं बुझाउँछिन् । ठुलो छोरा परिवारसहित अस्ट्रेलियातर्फ काम र मामको खोजीमा बिदेसिएपछि सानो छोरालाई आफ्नै साथ राख्न उनीहरूले नचाहेका होइनन् तर दिनरातको अमेरिका गई पढ्ने सुगारटाइबाट विवश भई कान्छालाई अमेरिका पढ्न पठाउन उनीहरू सहमत भएका थिए । दुई आँखाका नानी जस्ता दुवै छोरा आफ्ना आँखाबाट ओझेल भएपछि ६० पार गरिसकेका दुवै दम्पती मणि हराएका सर्प जस्तै भएका छन् । रामनाथ जत्तिकै पिरोलिए पनि श्रीमतीका अगाडि आफ्नो पिर पोख्दैनथे । आनन्दी पनि रामनाथको अगाडि कहिल्यै आँखा भिजाउँदिनथिइन् । दुवैले आआफ्ना पिर आपसमा लुकाउँथे । त्यसो त दुवैले फोन गरी आमाबुबासित कुराकानी गरिरहन्छन् तर टाढा फोनबाट मात्रै सम्पर्क गरी आमाको ममताको फूल फक्रिन कहाँ पाउँछ र ? उनी त सधैं दुवैलाई आफ्नो आँखा अगाडि देख्न चाहन्छिन् । कहिलेकाहीँ छोराहरूलाई मनपर्ने परिकार भान्छामा पाक्दा आनन्दीको आँखा रुझ्छ । चाडबाडमा उनीहरूलाई सम्झी उनको मुखबाट गाँसै छिर्दैन ।

"आज माघेसङ्क्रान्ति, उनीहरूले माने कि मानेनन् ? घिउचाकु तताएर भातमा झ्वाइँ गरेर खान कान्छालाई खुबै मन पर्छ, खाए होलान् र त्यसरी ?"

"बुढाबुढी भइसकेका आमाबुबा छोडी विदेशमा गएका छोराहरूको केको चिन्ता गर्नु ? घिउचाकु खाँदा हुन् र ? पिजा, बर्गर खाएर रमाइरहेका होलान् नि ... । बिनसित्ति उनीहरूको के चिन्ता गर्छ्यौ ... ।" रामनाथले झर्किएर आफ्नो मनको पीडा पोखे ।

रामनाथ झर्किनु पनि जायजै हो । रामनाथको आफ्नै व्यापारव्यवसाय छ । त्यही व्यापार धाने पनि छोराहरूलाई सनग्य पुग्छ । काम र मामको खोजीमा विदेशमा भौंतारिनु ठुलो छोरालाई पर्दैनथ्यो तर समयको हावाले गर्दा स्वदेशको सुखभन्दा विदेशको सङ्घर्ष नै ती दुई छोराले आफ्नो लक्ष्य बनाएपछि कसको के लाग्छ र ... ! सानो छोरा त पढाइका लागि गए तर ठुलो छोराले त बुबाको व्यवसायलाई अँगाल्नुपर्ने होइन र ... ? कपडाको ठुलै व्यापार छ, त्यसलाई नै फुलाउनु पर्ने होइन र ... ? विदेशमा अर्काको नोकरी दिन र रात एक गरी गरिरहेका छन् । दोस्रो नागरिकको पीडा सहेर बाँचिरहेका छन् । यो कस्तो रहर हो ? रामनाथले बुझ्न सकिरहेका छैनन् । रामनाथ त्यसैले छोराहरूको कुरै गर्न चाहँदैनन् । आफ्नो व्यवसायमा दुवैले ध्यान दिएका भए आज उनले कामदार राख्नै पर्दैनथ्यो । आफूले नभ्याएका कारण कारोबार हेर्न म्यानेजर राखेका छन् । अरू कामदार त कति छन् कति ... ।

*शब्दार्थ*

| | | |
|---|---|---|
| *पदचाप* | - | *पैतालाको चिह्न, पाइला राख्दाको आघात* |
| *विवश* | - | *इच्छा नहुँदा नहुँदै वा विपरीतको काम गर्न बाध्य हुनु* |
| *सनग्य* | - | *प्रशस्त, मनले चिताएजति* |

एउटी छोरी स्वदेशमै नभएकी होइनन् ... तर बिहे गरी पठाइसकेको र पत्रकारिता पेसा अँगालेकी हुँदा उनलाई एकछिन फुर्सद छैन । त्यसमाथि साना दुई केटाकेटी छन्, घर हेर्नु, बच्चाको स्याहार गर्नु र जागिर धाउनुमा नै उनी व्यस्त रहन्छिन् । कहिलेकाहीँ मात्र माइतमा गोडा टेक्न आउँछिन् । आजकालको व्यस्त जीवनमा कसलाई फुर्सद छ र ! बुढाबुढी भएका आमाबुबासित बसी कुराकानी गर्नलाई ... । आनन्दी आफ्नो मन आफैँ बुझाउँछिन् ।

"हेर्नुस् मा । मलाई त बिहान उठेदेखि बेलुकी आधारात नहुन्जेल फुर्सदै हुन्न । छोराछोरी सुतेपछि लेख्छु । कहिलेकाहीँ त कम्प्युटरको अगाडि बस्दाबस्दा कुखुरा बास्छ । घरधन्दा गर्न बिहानै नउठी सुखै पाइँदैन । छोराछोरीलाई विद्यालय पठाऊ अनि आफू अफिसतिर कुँद, कहिले फुर्सद पाउनु र भेट्न आउनु ... ?" कहिलेकाहीँ फोनमै हालचाल सोधी छोरी गनगनाउँछिन् । हुन पनि आजकाल सबै व्यस्त छन् । व्यस्त भएको त राम्रै हो । महिला पनि घरायसी कामका अतिरिक्त बाहिरी काममा व्यस्त हुनु त समयको माग हो तापनि आफ्ना वृद्ध आमाबुबालाई समय दिनै नसक्ने व्यस्तताप्रति भने आनन्दीलाई दिक्क लागेर आउँछ । प्रायः रामनाथ सुतेपछि आनन्दीले छोराहरूसित सम्पर्क गर्थिन् । राती नै छोरीले पनि उनीसित सम्पर्क राख्छिन् । दिनभरि त सबै आआफ्नै जीवन धान्न कुँदिरहेका हुन्छन् । उनलाई फुर्सद हुने पनि राती नै हो । उनी मात्रै दिनभर त्यसै बसेकी हुन्छिन् । घरको काम पनि प्रशस्तै हुन्छ । घरको व्यवस्थापन पनि कम झन्झटिलो र समय खाने हुँदैन र ... ? छोराछोरीसित कुराकानी गरेपछि मन केही हल्का भए पनि ओछ्यानमा ढल्किएपछि आनन्दीलाई निद्रा पर्दैन । उनी छोराछोरीले गरेका कुरालाई मनमा खेलाई चिन्तित भइरहन्थिन् । उनी अरूले पस्केका समस्यामा पिरोलिरहन्छिन् । मनमा अनेक चिन्ताको जालो बुन्दै कतिखेर निदाउँछिन् उनले पत्तै पाउँदिनन् ।

एकाबिहानै फोनको घन्टी बज्नाले रामनाथ र आनन्दीको निद्रा खुल्यो । दुवैको मुटुको धड्कन तेज भयो । असमयमा फोन आउँदा मुटुको धड्कन तेज हुनु र हुनसम्म हडबडाउनु आनन्दीको पुरानै रोग भने पनि हुन्छ । छोराछोरी साथमा हुँदा त कुसमयमा फोनको घन्टी बज्दा उनी झसङ्ग हुन्थिन् र फोन नै उठाउन डराउँथिन् । अहिले छोराहरू बिदेसिएपछि त कुसमयमा फोनको घन्टी बज्यो कि उनी थरथर काम्छिन् । उनको यो रोग झनै बढ्यो । रामबुबाले फोन उठाए । फोन अस्ट्रेलियाबाट आएको रहेछ ।

"किन यति सबेरै फोन गरेको ? सबै हालचाल त ठिकै छ होइन ?" रामनाथले चिन्तित हुँदै सोधे ।

"सब ठिक छ बुबा ... एकपल्ट आमालाई दिनोस् न ।"

"छोरा सन्चै छौ ?" आनन्दीले मुटु ढुकढुक पार्दै सोधिन् ।

"हामी सन्चै छौँ तर सानुलाई सन्चो नभई अस्पताल भर्ना गरेका छौँ । उसलाई निमोनियाँ भएको छ । एकपल्ट उसको नाउँमा कुलदेवतालाई बत्ती बालिदिनोस् न ।" ठुलो छोराको कुरा सुनी आनन्दी हुनसम्म पिरोलिइन् । उनले उत्तिखेरी नुहाइधुवाइ गरी चोखो लुगा लगाएर कुलदेवताको पूजा गरी नातिनीको सुस्वास्थ्यको कामना गरी दीप प्रज्वलित गरिन् । पूजाकोठाको सबै देवीदेवताको सामु प्रार्थना गरिन् । शङ्कटा, महाङ्काल, भद्रकालीमा गई पूजा गरिन् ।

दिनभरि आनन्दीलाई केही काम गर्न मन लागेन । घरी घरी उनको दृष्टि कोठामा झुन्ड्याइएको

छोराबुहारी र नातिनातिनीको तस्बिरमा गई अल्झिरह्यो । उकुसमुकुसमै उनले दिन बिताइन् । साँझ रामनाथ आउनासाथ उनलाई बरन्डामा झोक्रिएर बसिरहेको देखी रामनाथले भने, "भर्खरै ठुलोबाबुको फोन आएको थियो अफिसमा । नातिनीलाई अलि सन्चो भएको छ रे । अस्ट्रेलिया जस्तो विकसित देशमा राम्रो औषधोपचार भइहाल्छ नि, बिनासित्ती कति चिन्ता गर्छ्यौ ?" रामनाथले पत्नीलाई चिन्ताबाट मुक्त गर्नका लागि उनको पिठिउँ थपथपाए ।

"ए हो र ?" आनन्दीको चिन्ताको बादल मडारिरहेको मनाकाशमा झुलुक्क घाम झुल्कियो ।

"जाऊ, तातोतातो चिया बनाएर ल्याऊ । आज दुवै साथै चिया पिऔँ ।" रामनाथले पत्नीलाई अह्राए ।

आनन्दी पिर र चिन्ताले दिनभरि केही खाएकी थिइनन् । उनले साँझ परेपछि मात्र पतिको साथ चिया पिइन् । चिया पिएपछि आनन्दीले अस्ट्रेलियामा छोराको मोबाइलमा सम्पर्क राखिन् ।

"सानुलाई अहिले कस्तो छ ?" उनले एकै सासमा सोधिन् । "अहिले निक्कै बेस छ । स्वास्थ्यमा निक्कै सुधार आएको छ । अब चिन्ता लिनु पर्दैन भनेर डाक्टरले भनेका छन् ।" छोराले निश्चिन्त हुँदै भनेको कुरा सुनेर बल्ल आनन्दीले सन्तोषको सास फेरिन् । कहिले नातिनीको मुख हेरूँ झैँ भइरहेको आनन्दीले रामनाथको सामु बिस्तारै आफ्नो मन फुकाइन् । "छोराले अस्ट्रेलिया बोलाएको बोलायै छ ... । जाऔँन एकपल्ट उनीहरूलाई भेटेर आऔँ । नातिनी एक वर्ष हुँदा काठमाडौँ छोडेका अहिले त सानु पाँच वर्ष पुगिसकी कहिले देखूँ झैँ भएको छ ।"

"हुन्छ जाऔँला ... ।" रामनाथले पत्नीको मन राख्न भने । केही दिनपछि सानो छोराले अमेरिकाबाट फोन गरे । "आमा, मैले परीक्षा उत्तीर्ण गरेँ । अब तपाईँहरूले मलाई खर्च पठाउनु पर्दैन । यतै केही वर्ष काम गरी बस्ने मनसाय बनाएको छु ।" छोराको आवाज सुन्न पाई आनन्दी हुनसम्म आनन्दित भइन् । "किन र बाबु पढाइ सकेपछि काठमाडौँ फर्की यतै काम गर्छु भनेको होइन ? फेरि तेरो बिहे पनि गर्नुपर्छ नि ... ।"

"केही वर्ष त काम गरी अनुभव बटुल्नुपर्‍यो नि ... । बिहेसिहेको कुरा छोड्नुस् । मैले त यतै केटी मन पराइसकेको छु । मेरो बिहेको चिन्ता छोड्नुहोस्, मिल्छ भने यतै बिहेका लागि आउनुहोला ।" यति भनी सानो बाबुले फोनको सम्पर्क बिच्छेद गरेपछि आनन्दी आकाशबाट झरेसरी भइन् । पढ्न जाँदा सानो छोराले पढाइ सकेपछि काठमाडौँ फर्की यतै काम गर्ने र यतै आई बिहे गर्ने बाचा गरी गएका थिए । उनले त आफूलाई उतै अमेरिकामा बस्ने मेसो गरिसकेछन् । सानो छोराको कुरा सुनी आनन्दी हुनसम्म दुःखी भइन् । फोन हातैमा लिएर उनी किंकर्तव्यविमूढ भई टोलाइरहिन् । रामनाथ साँझ घर फर्केपछि रुँदै उनले सानो छोराले भनेको कुरा सुनाइन् ।

एकछिन त रामनाथ आनन्दीको कुरा सुनी हतप्रभ भए । उनको अनुहारमा पीडाका रेखा सलबलाए तर पछि धैर्यधारण गरी उनले रोइरहेकी आफ्नी पत्नीको आँसु पुछ्दै भने, "हेर आनन्दी ... उनीहरू

हतप्रभ - मनमा प्रभा वा कान्ति हराएको अवस्था, पराजित मनस्थिति

आफ्नो जिन्दगी बाँचिरहेका छन् भने हामी आफ्नो जिन्दगी बाँचिरहेका छौँ । रातदिन छोराहरूको चिन्ता छोड । अब हामीले उनीहरूबिना बाँच्न सिक्नुपर्छ । विदेशको मोह र रमझमले उनीहरूलाई हामीबाट टाढा पुऱ्यायो । त्यहीको हावापानी र रमझममा उनीहरू रमिसके । न अब तिनीहरू फर्कन्छन्, न हामी यहाँबाट उम्किन सक्छौँ । व्यर्थै तिमी आफ्नो मुटु नजलाऊ, उनीहरूलाई हाम्रो पर्वाह र चिन्ता छैन भने हामी मात्र सधैँ उनीहरूकै चिन्तामा किन जलिरहने ?"

"तपाईंको मुटु त ढुङ्गाको पो हो कि ... ?" आनन्दीले रुँदै भनिन् ।

"तिमीसित आमाको हृदय छ भने मसित पनि बुबाको हृदय छ । तिमीले बिर्स्यौ ? तिनै छोराहरू बिरामी पर्दा हामीले रात रातभरि नसुती बोकेर डुलाएका थियौँ । तिनीहरू कहिलेकाहीँ टाइममा घर नफर्के चिन्तित भई यताउति खोजी हिड्थ्यौँ । के दिन, के रात उनीहरूकै सुखसुविधा र शिक्षादीक्षाका लागि जिन्दगीभर हामीले दौडधुप गऱ्यौँ । तिमीले उनीहरूको स्याहारसुसारमा जिन्दगी खर्च गऱ्यौ भने मैले दिनरात कमाएर उनीहरूको हर सुविधाको ख्याल गरेँ । राम्रो खानपिन, राम्रो शिक्षादीक्षा र रहनसहनको बन्दोबस्त गरेँ तर उनीहरूले हाम्रो लागि के गरे । एक पैसा खर्च नगराई ठुलेको बिहे गरिदिएँ र कारोबारमा लगाउन प्रयत्न गरेँ । एउटा बच्चा जन्मिनासाथ आफ्नो परिवार लिएर यत्रो कारोबारलाई लत्याएर अस्ट्रेलिया गयो । अर्को साने पनि जिद्दी गरी अमेरिकातर्फ पढाइको बहानाले हिँड्यो । पढाइ त एक बहाना हो । के यहाँ राम्रा क्याम्पस छैनन् ? आमाबुबालाई लत्याएर आफ्नो स्वार्थका लागि बिदेसिने छोराहरूप्रति केको माया अनि केको चिन्ता ? यत्रो घर, सम्पत्ति अनि कारोबारलाई लत्याएर काममामको खोजीमा उनीहरूलाई बिदेसिनुपर्छ र ... ? भन यसको जवाफ छ तिमीसित ? स्वतन्त्र जीवन बाँच्न र विदेशको रमझममा रङ्गिन होइन र ?"

रामनाथले यतिन्जेल मनभित्र गुम्सिएका तितो ओकले । आनन्दी रुन छोडी पतिको मुख हेरी टोलाइन् । पतिको कुरामा लुकेको सत्यतालाई उनले हृदयङ्गम गरिन् ।

सानो छोरा पनि नफर्किने सुरसार देखेपछि आनन्दीको मनमा सधैँ चिन्ताको बादल मडारिन थाल्यो । सानो छोराको बिहे गरी नातिनातिना खेलाई सुखपूर्वक बाँकी जीवन बिताउने उनको सपना तुहिएकामा उनी हुनसम्म विचलित भइन् । उनलाई अब संसारै अँध्यारो भए जस्तै लाग्न थाल्यो । उनी आफूप्रति दिन प्रतिदिन लापरवाह गर्न थालिन् । रामनाथ मनमनै बिरक्तिएर आफ्नै काममा व्यस्त रहन थाले । आनन्दीका दिन तथा रातहरू बिरानोसित बित्न थाले । उनी चुपचाप आफ्नो जिन्दगीलाई घिसार्न थालिन् । कहिलेकाहीँ छोरी घाम झैँ झुल्किन आइपुग्थिन् तर अब उनको मन सांसारिक प्रपञ्चबाट तथा मोहबाट झन्झन् टाढा हुन थाल्यो । उनी आफ्नो पीडा कसैसित बाँड्न सक्दिनथिइन् । हृदयरोगी पति, अति व्यस्त छोरी दुवैसित उनले आफ्नो मन साट्न पाइनन् । एकाएक आनन्दी उठ्नै नसक्ने गरी बिरामी परिन् । रामनाथले अझसम्म पत्नीलाई कहिल्यै बिरामी देखेका थिएनन् । अहिले आएर पत्नीलाई उठ्नै नसक्ने गरी बिरामी भएको देखी उनलाई पर्नु पिर पऱ्यो । बुढेसकालमा आएर उनले पत्नीको स्याहारसुसार गर्नुपर्ने भयो । केही दिन त छोरीले आवतजावत गरी आमाको सक्दो हेरविचार गरिन् तर आफ्नो घरगृहस्थी र जागिरले गर्दा उनले त्यसो गर्न भ्याइनन् ।

*हृदयङ्गम - हृदयमा राम्रोसँग बोध गर्नु, मर्मस्पर्श हुनु*

अब पत्नीको रेखदेख र हेरविचारका लागि रामनाथले घरमा एक महिला सेविकालाई प्रशस्तै पैसा तथा सुविधा दिएर राखे तर आनन्दी दिन प्रतिदिन अस्वस्थ हुँदै गइन् । रामनाथको वर्तमान तथा भविष्य दुवै सङ्कटमा पर्‍यो । आफ्नो आशा तथा अभीप्सा दुवै अन्धकारको गहिराइभित्र डुब्दै गरेको प्रतीत भयो रामनाथलाई । दुवै बिदेसिएका छोरालाई आमाको बिरामीको खबर नपठाएका होइनन् रामनाथले तर एक जना बिदा नमिलेको बहाना र अर्को अध्ययनमा दखल पर्ने बहानाले आमालाई स्याहार्न आएनन् । बुहारीले आउने आशा त देखाइन् तर छोरीको स्वास्थ्य ठिक नभएका कारण देखाई उनी पनि घर फिरिनन् । आनन्दी मुखले केही बोल्दिनथिन् तर छोरा, बुहारी तथा नातिनीको मुख हेर्न र उनीहरूको आगमनको उनलाई प्रतीक्षा भइरह्यो । पति नभएको वेला उनी एल्बम झिकी हेर्थिन् र छोराछोरीको बाल्यावस्थाको तस्बिरलाई चुम्बन गर्दै रुन्थिन् । मानौँ ती तस्बिर नभई छोराछोरी नै हुन् भने झैँ गरी काखमा राखी थपथपाइरहन्थिन् । एकपल्ट उडेर छोराछोरीको अनुहार हेरेर फर्किन पाए पनि हुन्थ्यो भनेर मनमनै कल्पेर आँखा रुझाइरहन्थिन् ।

त्यसो त छोराहरूले उनलाई दिनहुँ झैँ फोन गरी उनको हालचाल सोधिरहन्छन् र बिदा मिल्नासाथ घर आउने आश्वासन दिइरहन्छन् तर आमा तीन महिना ओछ्यान पर्दा पनि उनीहरूलाई घरमा आई बिरामी आमालाई हेर्ने अनुकूल मिलेन । रामनाथ, छोरी र घरकी सेविकाले जत्तिकै स्याहारसुसार र हेर विचार पुऱ्याए पनि छोराहरूको सामीप्यको अभावले उनको मुटु चिरा चिरा परि नै रहेको छ । आँखा प्रतीक्षामा भित्रि नै रहेका छन् ।

पत्नीको पीडाले विह्वल मनलाई सान्त्वना दिन रामनाथले भन्ने गर्छन्, "छोराछोरीहरू चराचुरुङ्गीका बचेरा जस्तै हुन् । चराचुरुङ्गीका बचेरा पखेटा लागेपछि उडेर बसाइँ सर्छन् । मान्छेका बच्चा पनि गोडा लागेपछि आमाबुबाको काख छोडी गाँस, बास, कपासका लागि यताउति बसाइँ सर्छन् र आमाबुबाबाट टाढा हुन्छन् । यो प्रकृतिको नियम नै हो । हाम्रा मात्र होइन, अहिले त घर घरमा यही स्थिति छ । सन्तान बिदेसिने क्रम बढ्दो छ । तसर्थ तिमीले मुटुमा घाउ नपार । म छँदै छु नि तिम्रो साथमा । अन्त्यमा बुढाका लागि बुढी, बुढीका लागि बुढा, यही नै शाश्वत सत्य हो ।"

पतिको सान्त्वनायुक्त कुरा सुनेर आनन्दीले बादलले ढाकेको मनाकाशमा घामको झुल्का देखापर्छ । बुढा हृदयको रोगी भए पनि काममा खटेका छन्, आफू भने ओछ्यानबाट उठ्नै नसक्ने भएकी हुनाले आनन्दीलाई हुनसम्म दुःख लाग्छ । उनको मनभित्र पीडाको सागर उर्लन्छ ।

सधैँ केही न केही गुनासो गरी कचकच गर्ने, आफूले भने जस्तो नभए क्रोधित हुने, कहिलेकाहीँ केही भनाभन भए खाँदै नखाई बाहिरिने पतिका दुर्गुण अहिले सद्‌गुणमा परिणत भएको देख्दा उनी अहिले मनमनै आनन्दित हुन्छिन् । समय र परिस्थितिले मानिसलाई कस्तो परिवर्तन गर्दो रहेछ । उनी मनमनै सोचिरहन्छिन् । जीवनको सन्ध्याकालमा आएर उनले बुझिन्, पतिपत्नीको माया जस्तो अमूल्य संसारमा केही रहेनछ भनी ।

*अभीप्सा - प्रबल इच्छा वा तीव्र चाहना*
*दखल - निपुणता, कार्यकुशलता, विजय*
*आश्वासन - कसैबाट प्राप्त आडभरोसा, विश्वास*
*सामीप्य - निकटता वा नजिक हुनुको भाव*

यसरी मनमा अनेक तर्कना निम्त्याई चिन्ताको सागरमा डुबुल्की मारिरहेकी पत्नीलाई मायालु स्पर्श गर्दै रामनाथ भन्छन्, "आनन्दी, दिनरात व्यवसायमा डुब्नुपर्दा तिमीसित घुमफिर र रमाइलो गर्ने समय कहिल्यै निकाल्न सकिनँ । तिम्रो इच्छा तथा आकाङ्क्षाको कहिल्यै पर्बाह गरिनँ । अब मेरो चेतना खुल्यो, दिनरात खटेर यत्रो सम्पत्ति जोडेँ कसका लागि ... ? आखिर यी सब हामीले साथमा लिएर जाने होइन ... । जिन्दगीभर छोराछोरी भनियो, अब ती सबै स्वार्थी भए । आफ्ना खुसीका लागि तिनीहरूले हामीलाई त्यागिदिए । छोरी नै हाम्रो बुढेसकालको सहारा भइन् ।" यसो भन्दै बिरामी पत्नीको हात समाएर रामनाथ निःशब्द रुन थाले । पतिलाई यसरी असहाय झैँ रोएको देखी आनन्दी पनि भक्कानिएर रोइन् ।

त्यति नै वेला फोनको घन्टी बज्यो । सायद अस्ट्रेलिया वा अमेरिकाबाट आएको होला भनी रामनाथले फोन उठाउन जाँगर देखाएनन् । खालि फोनबाटै आमाको हालचाल सोधी औपचारिकता निर्वाह गर्ने छोराहरूप्रति रामनाथको मनमा वितृष्णा जागृत भएर आयो । फोन धेरैबेर चिच्याइरह्यो कानै खाने गरी । केहीबेरपछि थाकेर चुप लाग्यो ।

भक्कानिएर रोइरहेकी पत्नीलाई स्नेहपूर्वक अँगाल्दै रामनाथले भने, "आनन्दी जबसम्म तिम्रो साथमा म छु, तिमी कुनै धन्दा नमान । संसारको कुनै कुनामा लगेर भए पनि म तिमीलाई निको पार्छु । यो सम्पत्ति आखिर के कामका लागि ? तिमी साथमा भए सबै सम्पत्ति खर्चिन पनि पछि पर्दिनँ । मात्र तिमीले पुत्रमोह त्यागिदेऊ । उनीहरूको चिन्ता गरी मन दुखाउन छोडिदेऊ । चिन्ताले नै तिमीलाई चितातर्फ धकेलिरहेछ ।"

पतिको कुराबाट आश्वस्त भई आनन्दीले पतिको न्यानो अँगालोमा संसार भुलिन् । पतिको अनुहारमा मायालु दृष्टि फ्याँकी उनले आँखा चिम्लिन् र फेरि कहिल्यै ती आँखा खोलिनन् ।

*वितृष्णा - तृष्णा वा इच्छा नभएको अवस्था*

## शब्दभण्डार

१. **दिइएका पद पदावली र तिनले दिने अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| मणि हराएको सर्प | निर्णय शक्तिको अभावमा के गरूँ कसो गरूँ हुनु |
| सुगारटाइ | सागर वा समुद्र |
| शाश्वत सत्य | कठोर हृदय |
| किंकर्तव्यविमूढ | एकोहोरो घोक्ने वा भन्ने काम |
| ढुङ्गाको मुटु | मूल्यवान् वस्तु गुमाएको अवस्था |
| | कहिल्यै नाश नहुने खालको, स्थायी सत्य |
| | सन्तान मोह |

२. **दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

घुँडा टेक्नु, मुटुमा चिरा पर्नु, तितो ओकल्नु, उकुसमुकुस हुनु, मनमा घाम झुल्कनु

३. **शब्दकोश हेरेर दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

यावत्, शून्य, परिकार, पीडा, पेसा, निमोनियाँ, मोह, प्रतीक्षा, सन्ध्या, स्नेह

४. **सरासर, झ्वाइँ, ढुकढुक, झुलुक्क जस्ता घटना वा कार्य आदिको नक्कल जनाउने खालका कुनै पाँचओटा अनुकरणात्मक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

बिछ्यौना, हृदय, बगैँचा, सङ्क्रान्ति, व्यवसाय, अस्पताल, आवतजावत, आकाङ्क्षा

२. **कथाको एक एक अनुच्छेद पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) पाठको तेस्रो अनुच्छेद कति वाक्य र कति शब्द सङ्ख्याले बनेको छ ?

(ख) कथाको अन्त्य कुन घटनाबाट भएको छ ?

(ग) कथामा सहरको परिवेश झल्कने कुरा के के छन् ?

(घ) माघेसङ्क्रान्तिमा घिउचाकु खाने प्रसङ्ग कुन अनुच्छेदमा आएको छ ?

## ४. दिइएको कथांशको मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

पत्नीको पीडाले विह्वल मनलाई सान्त्वना दिन रामनाथले भन्ने गर्छन्, "छोराछोरीहरू चराचुरुङ्गीका बचेरा जस्तै हुन् । चराचुरुङ्गीका बचेरा पखेटा लागेपछि उडेर बसाइँ सर्छन् । मान्छेका बच्चा पनि गोडा लागेपछि आमाबुबाको काख छोडी गाँस, बास, कपासका लागि यताउति बसाइँ सर्छन् र आमाबुबाबाट टाढा हुन्छन् । यो प्रकृतिको नियम नै हो । हाम्रा मात्र होइन, अहिले त घर घरमा यही स्थिति छ । सन्तान बिदेसिने क्रम बढ्दो छ । तसर्थ तिमीले मुटुमा घाउ नपार । म छँदै छु नि तिम्रो साथमा । अन्त्यमा बुढाका लागि बुढी, बुढीका लागि बुढा, यही नै शाश्वत सत्य हो ।"

**प्रश्नहरू**

(क) 'छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै हुन्' भन्नुको आशय के हो ?

(ख) अनुच्छेदमा के कुरालाई प्रकृतिको नियम भनिएको छ ?

(ग) रामनाथले कुन कुरालाई शाश्वत सत्य भनेका छन् ?

(घ) रामनाथले पत्नीलाई सान्त्वना दिनुपर्नाको कारण के देखिन्छ ?

## ५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

दिनभरि आनन्दीलाई केही काम गर्न मन लागेन । घरी घरी उनको दृष्टि कोठामा झुन्ड्याइएको छोराबुहारी र नातिनातिनीको तस्बिरमा गई अल्झिरह्यो । उकुसमुकुसमै उनले दिन बिताइन् । साँझ रामनाथ आउनासाथ उनलाई बरन्डामा झोक्रिएर बसिरहेको देखी रामनाथले भने, "भर्खरै ठुलोबाबुको फोन आएको थियो अफिसमा । नातिनीलाई अलि सन्चो भएको छ रे । अस्ट्रेलिया जस्तो विकसित देशमा राम्रो औषधोपचार भइहाल्छ नि, बिनासित्ती कति चिन्ता गर्छ्यौ ?" रामनाथले पत्नीलाई चिन्ताबाट मुक्त गर्नका लागि उनको पिठिउँ थपथपाए ।

**प्रश्नहरू**

(क) अनुच्छेदका आधारमा आनन्दीको स्वभाव वर्णन गर्नुहोस् ।

(ख) रामनाथले पत्नीलाई विश्वास दिलाउने आधार के थियो ?

## ६. कथा पढी दिइएका संवाद कसले कोसँग भनेका हुन्, पहिल्याउनुहोस् :

(क) बुढाबुढी भइसकेका आमाबुबा छोडी विदेश गएका छोराको केको चिन्ता गर्नु ?

(ख) हामी सन्चै छौं तर सानुलाई सन्चो नभई अस्पताल भर्ना गरेका छौं ।

(ग) विदेशमा दोस्रो नागरिकको पीडा सहेर बाँचिरहेका छन् । यो कस्तो रहर हो ?

(घ) यतै केही वर्ष काम गरी बस्ने मनसाय बनाएको छु ।

(ङ) किन र बाबु, पढाइ सकेपछि काठमाडौं फर्की यतै काम गर्छु भनेको होइन ?

## ७. 'समय पीडा' कथाका आधारमा दिइएका घटनाको क्रम मिलाउनुहोस् :

(क) समयको पदचापलाई पछ्याउनै पर्ने बुझी चित्त बुझाउनु

(ख) आनन्दी रातको दश बजुन्जेल घरको काममै व्यस्त रहनु

(ग) कान्छो छोरो पढ्नका लागि अमेरिकातिर लाग्नु

(घ) छोराहरूले आफ्नो व्यवसायमा ध्यान नदिएकामा रामनाथलाई दिक्क लाग्नु

(ङ) नातिनी बिरामी परेको खबरले आनन्दीलाई दिनभर काम गर्न मन नलाग्नु

(च) बिछ्यौनामा ढले पनि छोराहरूकै चिन्ताले अबेरसम्म निदाउन नसक्नु

(छ) जेठो छोरो परिवारसहित अस्ट्रेलियातर्फ लाग्नु

(ज) सानो छोराले पढाइ सकेपछि विदेशमै बिहे गरेर बस्ने कुरा गर्नु

(झ) विदेशको मोहले छोराहरू आफूबाट टाढिएकोमा दुःख मान्नु

## ८. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

योगको सुरुआत करोडौं वर्ष पहिले पूर्वीय ऋषिमुनिहरूले गरेका थिए । योग एउटा पूर्ण विज्ञान हो । एक महत्त्वपूर्ण जीवन शैली हो र पूर्ण चिकित्सा पद्धति पनि हो । योग लोकप्रिय हुनुको रहस्य यो कुनै लिङ्ग, जाति, वर्ग, सम्प्रदाय, क्षेत्र एवम् भाषाका भेदसँग आवद्ध नहुनु हो । योगलाई व्यवहारमा अवलम्बन गरेर साधक, अभ्यासी, ब्रह्मचारी, गृहस्थी लाभान्वित हुन सक्छन् । योग व्यक्तिको व्यक्तित्व उत्थान र निर्माणमा मात्र नभई परिवार, समाज, राष्ट्र र विश्वको चौतर्फी विकासमा उपयोगी सिद्ध भएको छ । आधुनिक मानव समाज जो तनाव, अशान्ति, आतङ्कवाद, अभाव एवम् अज्ञानको शिकार भएको छ त्यसको समाधान केवल योगसँग छ। योग मनुष्यलाई सकारात्मक चिन्तनको पथमा ल्याउने महत्त्वपूर्ण विद्या हो । महर्षि पतञ्जलिले यसलाई अष्टाङ्ग योगका रूपमा सङ्गठित गरी अभ्यासमा ल्याएका थिए । योगको अन्तिम लक्ष्य भनेको मानव कल्याण नै हो । योगको अनुसरणबाट मात्र स्वस्थ व्यक्ति र सुखी समाजको निर्माण सम्भव छ ।

(क) उत्तर दिनुहोस् :

(अ) योगको सुरुआत कसले गरेका थिए ?

(आ) योग लोकप्रिय हुनाको कारण के हो ?

(इ) योगलाई किन महत्त्वपूर्ण विद्या भनिएको हो ?

(ई) योगबाट मानिस कसरी लाभान्वित हुन सक्छन् ?

(ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'अष्टाङ्ग' र 'कल्याण' शब्दको अर्थ शब्दकोशबाट खोजेर लेख्नुहोस् ।

(आ) अनुच्छेदको 'योगको सुरुआत करोडौँ वर्ष पहिले पूर्वीय ऋषिमुनिहरूले गरेका थिए ।' वाक्यलाई प्रेरणार्थक वाक्य बनाउनुहोस् ।

(इ) माथिको अनुच्छेदमा कुन कुन लेख्य चिह्न प्रयोग भएका छन् ।

(ई) 'योग लोक प्रिय हुनु को रहस्य यो कुनै लिङ्ग, जाति, वर्ग, सम्प्रदाय, क्षेत्र एवम् भाषा का भेद सँग आवद्ध नहुनु हो ।' वाक्यका पदलाई आवश्यक स्थानमा पदयोग गर्नुहोस् ।

९. **रामनाथ र आनन्दीले सन्तानबाट कस्तो आशा राखेका थिए, वर्णन गर्नुहोस् ।**

१०. **'समय पीडा' कथाबाट के सन्देश पाउन सकिन्छ, उल्लेख गर्नुहोस् ।**

११. **रामनाथ र आनन्दीमध्ये तपाईँलाई कुन पात्र मन पऱ्यो, मन पर्नुको कारणसमेत उल्लेख गर्नुहोस् ।**

१२. **व्याख्या गर्नुहोस् :**

तिमीसित आमाको हृदय छ भने मसित पनि बुबाको हृदय छ ।

१३. **पढाइ सकेपछि त्यतै विवाह गरेर विदेशमै घरजम गर्ने सानो छोराको विचारप्रति असहमति प्रकट गर्दै आफ्ना धारणा प्रस्तुत गर्नुहोस् ।**

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

विक्रान्तले लागुपदार्थको सेवन गर्न छोडेको आज दुई वर्ष पुग्यो । त्यस वेला लागुऔषधका कारण उनको स्वास्थ्य निकै कमजोर भएको थियो । कुलतका कारण कलेज नगई दिनभर झोक्राएर बसिरहने, घरमा सबैसँग झर्केर कुरा गर्ने, आमाबुबाले दिएको पैसाले नपुग्दा

चोर्नसमेत पछि नपर्ने जस्तो अवस्थामा पुगेका थिए । नवजीवन सुधारगृहका कारण दुई वर्षमा उनको जीवनमा ठुलो परिवर्तन आएको छ । उनमा कुलत छुटेको छ । उनले जीवनको महत्त्व बुझ्न थालेका छन् । आज उनी अरू युवाको भविष्य बचाउनका लागि तल्लीन छन् । अहिले उनी लागुऔषध सेवनका विरुद्ध जनचेतना जगाउने काममा देशका विभिन्न ठाउँमा पुगेर कार्यक्रम गरिरहेका छन् । यस कार्यबाट उनलाई प्रशंसा मिलेको छ । जीवनमा केही गर्न सक्छु भन्ने आशा पलाएको छ । जीवनबाट विचलित र निराशाको बादलले छोपिसकेका युवालाई उनी विगतको आफ्नो तितो अनुभव सुनाउँदै कुलत त्यागेर सत्मार्गमा लाग्न प्रेरणा प्रदान गरिरहेका छन् ।

कुलत त्यागेर सत्मार्गमा लागेको कुनै व्यक्तिलाई आफ्नो भविष्य सुन्दर बनाउन प्रोत्साहित गर्दै कक्षामा मन्तव्य प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ११ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) गाउँले आफ्ना सन्तानबाट के आश गरेको थियो ?

(ख) सन्तान गाउँ हुँदा खेतपाखा कस्ता थिए ?

(ग) तीन आनासँग मितेरी गाँस्नुको आशय के रहेछ ?

(घ) अहिले गाउँ के कुरामा दङ्ग छ ?

**२. सहरमा ज्ञान, सिप र सभ्यता सिकेर गाउँ फर्कने र गाउँको सेवा गर्ने आशय तपाईँलाई कस्तो लाग्यो, किन ?**

## भाषिक संरचना र वर्णविन्यास

**१. दिइएको सन्दर्भ पढ्नुहोस् :**

एक दिन 'गर्', 'हिँड्', 'बस्', 'डुल्' जस्ता सामान्य धातु घुम्न भनी हिँडेछन् । उनीहरू प्रेरणानगर भन्ने सहरमा पुगेछन् । त्यो सहरमा प्रवेश गर्ने जतिलाई 'आउ' नामको प्रत्ययको गुच्छाले स्वागत गरिँदो रहेछ । प्रेरणानगरमा उनीहरूलाई 'आउ' प्रत्यय दिइएछ र तिनीहरूले त्यसलाई आफ्नो पछाडि गाँसेर हिँडेछन् । यसरी गाँसेर हिँड्दा तिनीहरू 'गराउ', 'हिँडाउ', 'बसाउ' र 'डुलाउ' जस्ता धातु बनेछन् । तिनी र त्यस्तै अरूलाई आजकल प्रेरणार्थक धातु भनेर चिन्ने गरिन्छ ।

२. **दिइएका वाक्य सामान्यार्थक वा प्रेरणार्थक के हुन्, छुट्याउनुहोस् :**

(क) रमानाथ खुब हाँस्छन् ।

(ख) भैरवनाथ चुट्किला सुनाएर रामनाथलाई हँसाउँछन् ।

(ग) कक्षामा रमानाथ राम्रो पढ्छन् ।

(घ) गुरु रमानाथलाई पढाउनुहुन्छ ।

(ङ) रामकली पनि व्याकरण सिक्छिन् ।

(च) दिदीले रामकलीलाई व्याकरण सिकाउनुहुन्छ ।

(छ) सानी बहिनी रुँदै छे ।

(ज) भाइले बहिनीलाई जिस्काएर रुवाउँदै छ ।

(झ) करुणाले बिरुवा सारिन् ?

(ञ) आमाले फेरि करुणालाई बिरुवा सार्न लगाउनुभयो ।

३. **कथाको पहिलो र दोस्रो अनुच्छेदबाट पाँचओटा सामान्यार्थक वाक्य टिपी प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् ।**

४. **दिइएको अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्नुहोस् :**

सदिच्छा गीत गाउँछिन् । उनी कक्षामा कविता पनि सुनाउँछिन् । उनका साथीहरू पनि कविता लेख्छन् । सबै जना कविता प्रतियोगितामा भाग लिन्छन् ।

५. **प्रेरणार्थक वाक्यको प्रयोग गरी विद्यालयमा गरिएको कुनै कार्यक्रमको वर्णन गर्नुहोस् ।**

६. **दिइएको अनुच्छेदमा कुन कुन लेख्य चिह्न प्रयोग भएका छन्, पहिचान गर्नुहोस् :**

के तपाईंले विजय मल्लका बारेमा सुन्नुभएको छ ? छैन भने ल सुन्नुहोस्, "विजय मल्ल एक प्रसिद्ध कथाकार, कवि र नाटककार हुन् । उनका 'जिउँदो लास', 'कोही किन बरबाद होस्' र 'बहुला काजीको सपना' जस्ता नाटक तथा 'पत्थरको कथा', 'दोभान' र 'भित्तेघडी' जस्ता एकाङ्की प्रकाशित छन् । उनको बालमनोविज्ञानमा आधारित 'कोही किन बरबाद होस्' भन्ने नाटक जसले पढ्छ त्यसले आहा ! यो कति राम्रो नाटक नभनी छाड्दैन ।"

७. **पूर्णविराम, अल्पविराम, अर्धविराम र उद्धरण चिह्नको प्रयोग गरी ग्रामीण जलविद्युत्का विषयमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

## ८. दिइएका वाक्य पढी पदयोगबारे बुझ्नुहोस् :

| पदयोग नमिलेका वाक्य | पदयोग मिलेका वाक्य |
|---|---|
| बुबाले छोरा लाई सम्झाउनु भयो । छोरातिमी धेरै चक चक नगर । तिमी शान्त सँग बस र मन लगाएरपढ । | बुबाले छोरालाई सम्झाउनुभयो । छोरा तिमी धेरै चकचक नगर । तिमी शान्तसँग बस र मन लगाएर पढ । |

## ९. दिइएको अनुच्छेदबाट पदयोग र पदवियोगसम्बन्धी त्रुटि पहिचान गरी सच्याएर लेख्नुहोस् :

नेपाल जलस्रोतका दृष्टिले विश्व मा ब्राजिलपछि दोस्रोधनी देश हो भने एसिया को सबै भन्दा सम्पन्न देश हो । यहाँअसङ्ख्य नदीनाला हरू छन् । तिन मा ८३ हजार मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने सामर्थ्य छ ।

# सिर्जना र परियोजना कार्य

## १. दिइएका बुँदाका आधारमा एउटा छोटो कथा तयार पार्नुहोस् :

(क) साथीहरूको लहैलहैमा लागेर विज्ञानले पढाइमा कम ध्यान दिनु

(ख) साथीहरूसँग डुलिरहन खोज्नु

(ग) आमाबुबाले सम्झाउने प्रयत्न गर्नु

(घ) छोराको भविष्यका बारेमा आमाबुबा चिन्तित हुनु

(ङ) उनीहरूले शिक्षकसँग छोरालाई सम्झाइदिन अनुरोध गर्नु

(च) शिक्षकले उसलाई असल साथीको सङ्गत गर्ने सल्लाह दिनु र पढाइको महत्त्व बुझाउनु

(छ) विज्ञानले शिक्षकले भनेको मान्नु र पढाइमा ध्यान दिनु

(ज) उसले पढाइमा प्रगति गर्दै जानु

(झ) आमाबुबा छोराको प्रगतिमा खुसीले गद्गद हुनु

## २. पत्रपत्रिकाबाट एउटा कथा खोजी त्यस कथाको मुख्य पात्रको स्वभाव कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ १२

# माइकल फेराडे



संसारमा कैयौँ मानिस जन्मन्छन् र मर्छन् । तीमध्ये मानव सभ्यतालाई नयाँ युगतर्फ डोऱ्याउने केही व्यक्ति मात्र आफ्ना महान् कर्मका फलले संसारमा अमर हुन्छन् । यसरी मानव सभ्यताको इतिहासमा वैज्ञानिक आविष्कारका माध्यमबाट चिरकालसम्म जीवन्त रहने एक दृष्टान्त हुन् वैज्ञानिक माइकल फेराडे । गाँस, बास र कपासको अभावमा पिरोलिएको परिवारमा जन्मेका फेराडे गरिबी र अभावमा हुर्कँदै गए । भौतिक विज्ञान र रसायन विज्ञानका क्षेत्रमा अविस्मरणीय योगदान दिएका फेराडेका सिद्धान्त र आविष्कारबाट आधुनिक जगत् कृतकृत्य छ । विज्ञानका क्षेत्रमा नयाँ नयाँ सिद्धान्त प्रतिपादन गर्नुका साथै उनले नयाँ नयाँ वस्तुको समेत आविष्कार गरी आधुनिक जगत्लाई आलोकित पारे । उनका वैज्ञानिक योगदानका अंशको परिणामस्वरूप आज हामीले ल्यापटप र मोबाइल जस्ता विद्युतीय उपकरण प्रयोग गरिरहेका छौँ । जेनरेटर र पानी तान्ने मोटर पनि प्रयोग गरिरहेका छौँ । उनको निरन्तरको साधना र आविष्कारले गर्दा नै आज हाम्रो जीवन सहज र सरल बनेको छ ।

फेराडेले संसारलाई नै वैज्ञानिक आविष्कारको नयाँ ज्योति प्रदान गरे । बेलायतको लन्डनस्थित न्युविङ्टनमा सन् १७९१ सेप्टेम्बर २२ का दिन जन्मेका माइकल फेराडेका बुबाको नाम जेम्स फेराडे र आमाको नाम मार्गरेट हस्बेल थियो । माइकल फेराडेको परिवार गरिब भएकाले माइकल नजन्मँदै बेलायतको योर्कसायरबाट कामको खोजीमा न्युविङ्टन आएका थिए । उनीहरू त्यहाँ फलामको काम गर्थे । आरनमा जति जोतिए पनि बिहान बेलुकाको छाक टार्न र घर चलाउन धौ धौ परेका वेला जेम्स फेराडेकी गर्भवती पत्नी बिरामी परेकी थिइन् । पत्नीको उपचार गर्न नपाएर आमा र गर्भे शिशुसमेत बचाउन नसकिने भो भनी माइकलका बुबा चिन्तामा डुबेका थिए । यस्तै भयावह गरिबीका समयमा जेम्स फेराडेका घरमा एउटा शिशुको जन्म भएको थियो र त्यसै शिशुको नाम माइकल फेराडे राखियो । भोक, रोग र गरिबीले थिल्थिलिएको परिवारमा जन्मेका माइकलले जन्मैदेखि निकै कष्ट

शब्दार्थ

दृष्टान्त - उदाहरण

कृतकृत्य - गर्नुपर्ने कुनै काम सम्पन्न गरेको, धन्य

भयावह - डर उत्पन्न गर्ने खालको, भयकारक

सहनुपऱ्यो । चरम विपन्नताका कारण कैयौँ महिनासम्म हप्ताको एउटा रोटी मात्र खाएर प्राण धानेका उनै माइकल फेराडेका आविष्कारले संसार हल्लाइदियो र उनी संसारकै विख्यात वैज्ञानिक बने ।

जेम्स फेराडेको परिवार म्यानचेस्टर स्क्वायरको सानो डेरामा बस्न थालेपछि माइकल फेराडेको सङ्घर्षमय र सफलताको यात्रा सुरु भयो । सुरुमा उनलाई साधारण विद्यालय भर्ना गरियो । साधारण विद्यालयमा पढे पनि माइकलमा ज्ञानको असाधारण भोक थियो । उनले त्यहाँ पढ्ने र लेख्नेदेखि लिएर गणितसम्मका धेरै कुरा सिके । बुबाले आरनमा काम गरिरहँदा उनी निकै घोरिएर हेरिराख्थे उनको त्यो गहिरो हेराइमा ज्ञानको अनन्त रहस्य लुकेको हुन्थ्यो । १३ वर्षका भएपछि गरिबीकै कारण माइकलको औपचारिक पढाइ एक्कासि रोकियो र नाबालक उमेरमा नै उनले काम गर्नुपऱ्यो । उनले एउटा पुस्तक पसलमा किताबको जिल्दा हाल्ने काम पाए । यसरी दिनभरि काम र रातमा पढाइ गर्दै एउटा कलिलो बालकले कठोर सङ्घर्ष गर्नुपऱ्यो । भनिन्छ, राती पढ्दा नै उनमा बिजुलीसम्बन्धी जिज्ञासाको बीज अङ्कुरण भएको थियो । उनले फुर्सद निकालेर आफ्नै इच्छा र रुचिबमोजिमका किताब पढ्न थाले । त्यो जागिरको सात वर्षसम्म थुप्रै किताब पढेर उनको बुद्धि तीक्ष्ण हुँदै गयो । त्यसमध्ये जेन मार्सेटद्वारा लिखित रसायन विज्ञानमा कुराकानी र विभिन्न पत्रपत्रिकामा छापिएका बिजुलीसम्बन्धी लेख पढेपछि भने उनमा विज्ञानप्रति गहिरो रुचि जाग्यो ।

नामी र चर्चित वैज्ञानिक हम्फ्री डेवीको सान्निध्य प्राप्त गरेपछि माइकल फेराडेको वैज्ञानिक प्रतिभाले पल्लवित हुने मौका पायो । हम्फ्री डेवीले सन् १८१२ लन्डनको रोयल इन्स्टिच्युसनमा विज्ञानसम्बन्धी भाषणको एउटा शृङ्खला नै सञ्चालन गरेका थिए । त्यो भाषण शृङ्खला सुन्न गएका माइकल फेराडेका जीवनमा उक्त भाषणले नयाँ मोड ल्याइदियो । भाषण सुन्न उपस्थित तमाम दर्शक डेवीले आविष्कार गरेका सामग्री प्रदर्शन गर्दै गर्दा त्यो देखेर र सुनेर तालीका पर्रा बर्साउँथे । त्यही भाषण सुनिरहेका फेराडे चाहिँ उक्त भाषणलाई एक एक गरी नोट गर्नमा तल्लीन हुन्थे । भाषणबाट निकै प्रभावित भएका फेराडेले भाषण विस्तृत रूपमा तयार पारी भाषण शृङ्खलाका नोटलाई जम्मा पारेर ३०० पेजको एउटा पुस्तक बनाई डेवीका हातमा पुऱ्याइदिए । त्यसको केही समयपछि डेवीले फेराडेलाई बोलाए र अन्तर्वार्ता लिए । आफ्नै प्रयोगशालामा कुनै वैज्ञानिक प्रयोग परीक्षण गर्दा एक दिन डेवीका आँखामा चोट लागेपछि डेवीले आफ्नो भाषण सुनेर नोट बनाउने माइकल फेराडेलाई बोलाउन पठाए । उनैलाई आफ्नो प्रयोगशालामा काम गर्ने जिम्मा दिए । पछि फेराडेलाई डेवीले सहयोगीका रूपमा राम्रो तलब दिएर काम दिए । सोही वर्ष डेवी युरोपको यात्रामा जाँदा माइकल फेराडेलाई पनि सँगै लगेर गए । यस भ्रमणको क्रममा उनले विश्वका केही प्रमुख रसायन विज्ञसँग भेट गर्ने सौभाग्य प्राप्त गरे । भ्रमणका वेला साथमा रहँदा डेवीले उनलाई दिनहुँ पढाउने गर्थे भने यो भ्रमणले फेराडेको ज्ञानको क्षितिज निकै फराकिलो भयो भन्ने गरिन्छ ।

*विख्यात - नाम चलेको, प्रसिद्ध*
*जिल्दा - गाता, पुस्तकको सुरक्षाका लागि बाहिरबाट लगाइने मोटो पत्र*
*जिज्ञासा - कुनै कुरा जान्ने इच्छा, थाहा पाउने अभिलाषा*
*अङ्कुरण - आँकुरा निस्कने काम*
*तीक्ष्ण - तिखारिएको, प्रखर, टाठो*

फेराडेले चुम्बकीय क्षेत्रबाट विद्युतीय धारा उत्पादन गर्न सकिन्छ भन्ने प्राक्कल्पना गर्दै त्यसलाई सफल पारेरै छाडे । चुम्बकीय उपपादनको सिद्धान्त नामक उनको वैज्ञानिक सिद्धान्तबाट संसारले थुप्रै उपलब्धि हासिल गऱ्यो । उनले प्रतिपादन गरेका प्रमुख आविष्कार फेराडेज ल अफ इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन हो । यसलाई हामी विद्युतीय चुम्बकीय उपपादनको सिद्धान्तको नामले चिन्छौँ । सन् १८२० मा हेन्स ओस्टेडले कुनै तारमा विद्युत् धाराको प्रवाहद्वारा चुम्बकीय क्षेत्र पैदा हुन्छ भन्ने तथ्य आविष्कार गरे । फेराडेले यस आविष्कारका बारेमा सुनेपछि उनको दिमाग घोरिन थाल्यो । वैज्ञानिक ओस्टेडले भने झैँ 'विद्युतीय धाराको प्रवाहले चुम्बकीय क्षेत्र उत्पन्न हुन्छ' भने यसको उल्टो पनि त सम्भव छ भन्ने अनुमान गरे । यसो गर्दा 'चुम्बकीय क्षेत्रबाट विद्युतीय धारा उत्पादन पनि त गर्न सकिन्छ' भन्ने प्राक्कल्पना गरे । यसका लागि उनले एउटा प्रयोग गरे जसमा उनले एक खालका मुन्द्रा जस्ता कुन्डली बनाए । त्यसलाई चुम्बकको नजिकै राखे तर कुन्डलीमा कुनै बिजुली देखा परेन । उनले आफ्ना प्रयोग धेरै पटक दोहोऱ्याए तर हरेकचोटि असफल भए । धेरै प्रयासपछि एक दिन उनले कुनै चालक वा कुन्डलीलाई कुनै नजिकैको चुम्बकीय क्षेत्रमा प्रवेश गराए । चालक वा कुन्डलीका बिच विद्युत् वाहक बल उत्पन्न भयो र उनी आफ्नो प्रयोगमा सफल भए । त्यस समयमा फराडेलाई यदि कुन्डली र चुम्बकको बिचमा आवश्यक गति छ भने विद्युत् उत्पादन हुन्छ भन्ने थाहा भयो । यो चुम्बकीय उपपादनको सिद्धान्तका रूपमा आविष्कृत भयो ।

माइकल फेराडेले डायनामोको आविष्कारका साथै रसायन विज्ञानसँग सम्बन्धित अन्वेषणसमेत गरेका छन् । उनले सन् १८३१ मा इङ्ल्यान्डमा डायनामोको आविष्कार गरेका थिए । हुन त त्यस वेला स्वतन्त्र रूपमा जोसेफ हेनरीले पनि डायनामो बनाएका थिए भनिन्छ तर उनले भने आफैँले प्रतिपादन गरेको चुम्बकीय उपपादनको सिद्धान्तमा टेकेर डायनामो बनाएका हुन् । उनले मेकानिकल ऊर्जालाई विद्युत् ऊर्जामा रूपान्तरण गर्ने सिद्धान्त पनि प्रतिपादन गरे । इलेक्ट्रोम्याग्नेटिक प्रेरणाको अध्ययन गरेर नियमहरू बनाए । यिनै नियमका आधारमा उनले इलेक्ट्रिक जेनरेटर आविष्कार गरे जुन बिजुलीका क्षेत्रमा विश्वका लागि वरदान बन्न पुग्यो । माइकल फेराडेले भौतिक विज्ञानका साथै रसायन विज्ञानमा पनि अत्यन्त चाख राखेर उल्लेख्य र उपलब्धिमूलक अनुसन्धान गरेका छन् । क्लोरिन, कार्बन डाइअक्साइड जस्ता ग्याँसलाई तरल रूपमा परिवर्तन गर्नु, बेन्जिन तथा अन्य हाइड्रोकार्बनको अन्वेषण गर्नु आदि उनका थुप्रै रसायन विज्ञानसँग सम्बन्धित अन्वेषण हुन् ।

माइकल फेराडेका वैज्ञानिक योगदानलाई सिद्धान्त र आविष्कारमा वर्गीकरण गरी तिनलाई समेत विभिन्न वर्गमा बाँड्न सकिन्छ । फेराडेज ल अफ इन्डक्सन, फेराडेज ल अफ इलेक्ट्रोमेग्नेटिक इन्डक्सन र फेराडेज ल अफ इलेक्ट्रोलाइसिस उनका मुख्य सिद्धान्त हुन् । आफ्नै सिद्धान्तमा आधारित रहेर उनले दर्जनौँ चिजको आविष्कार गरेका छन् । आज हामीले घरभित्र प्रयोग गर्ने मिक्स्चर, घरबाट बाहिर निस्कँदा चढ्ने गाडी, हामीले आआफ्नो घरमा पानी तान्नका लागि जडान गरेका

अन्वेषण – लुकेछिपेर रहेका कुराको खोजीनिती गर्ने काम, अनुसन्धान

मोटर  ती सबै फेराडेको यही फेराडेज ल अफ इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन सिद्धान्तकै मातहत चलेका छन् । उनका यी सिद्धान्त र आविष्कार त्यस वेला साना कुरा जस्ता भए पनि पछि गएर यसले तहल्का मच्चायो अनि यिनै आविष्कार अल्बर्ट आइन्सटाइन जस्ता थुप्रै वैज्ञानिक हिँड्ने वैज्ञानिक राजमार्ग बने । भनिन्छ, यिनकै अनुसन्धानलाई कोसेढुङ्गा मानी अघि बढेर आइन्स्टाइनले सापेक्षतावाद जस्तो वैज्ञानिक सिद्धान्त विश्वलाई उपहार दिए ।

माइकल फेराडेले जीवनमा थुप्रै सम्मान, पुरस्कार र पदक पाए । उनले रोयल मेडल (सन् १८३५ र १८४६), कप्ली मेडल (सन् १८३२ र १८३८), र्‍याम्फोर्ड मेडल (सन् १८४६) र अल्बर्ट मेडल (सन् १८६६) प्राप्त गरे । सन् १८३२ मा अक्सफोर्ड विश्वविद्यालयले उनलाई सिभिल कानुनमा विद्यावारिधिको मानार्थ उपाधि प्रदान गर्‍यो । उनी सन् १८३३ मा बेलायतको रोयल इन्स्टिच्युटमा रसायन विज्ञानका पहिलो प्राध्यापक बने । सन् १८३२ मा फेराडे अमेरिकी कला र विज्ञान प्रतिष्ठानको एक विदेशी मानार्थ सदस्य चुनिए । उनी सन् १८३८ मा रोयल स्विडिस एकेडेमी अफ साइन्सेजका विदेशी सदस्य पनि चुनिएका थिए । सन् १८४४ मा फ्रान्सेली एकेडेमी अफ साइन्सेजमा निर्वाचित आठ विदेशी सदस्यमध्ये उनी पनि एक थिए । सन् १८४९ मा उनी नेदरल्यान्ड्सको रोयल इन्स्टिच्युटको सम्बद्ध सदस्यको रूपमा चुनिए । यो संस्था दुई वर्षपछि रोयल नेदरल्यान्ड्स कला र विज्ञान प्रतिष्ठान बन्न पुग्यो र पछि उनलाई विदेशी सदस्य बनाइयो । फेराडेले सामान्य औपचारिक शिक्षा हासिल गरे पनि उनी पढेरभन्दा परेर र गरेर जान्ने इतिहासका प्रभावशाली वैज्ञानिकमध्ये एक बने ।

माइकल फेराडेले जीवनको उत्तरार्धमा थुप्रै पैसा आउने जागिर पाए तर उनी कहिल्यै पनि पैसालाई महत्त्व दिँदैनथे । त्यसैले उनी प्रचुर आम्दानी हुने जागिर छाडेर एकोहोरो अनुसन्धानमा लागिरहे । उनमा वैज्ञानिक आविष्कारको भोक तृप्त भएको थिएन । यसरी जागिर छाडेर अनुसन्धानमा लाग्दा उनलाई पुनः पैसाको सङ्कट पर्‍यो । उनी बिरामी पनि परे । यस्तो अवस्थामा पत्नी साराले उनलाई दिलोज्यानले साथ दिइन् र सेवा गरिन् । उनको योगदानको कदर गर्दै तत्कालीन राजा विलियमबाट वर्षको ३०० पाउन्ड पेन्सनको व्यवस्था भयो ।

सङ्घर्ष नै सङ्घर्षले खारिएका माइकल फेराडेको जीवनमा दुःख र कष्टका कहाली लाग्दा कहरले बाटो छेक्न खोजे पनि उनले कहिल्यै हरेस खाएनन् । त्यसैले त उनी गरिबीको गर्तबाट उठेर विज्ञानका आविष्कारमार्फत प्रसिद्धिको शिखर चुम्न पुगे । एउटा साधारण परिवारको व्यक्ति पनि आफ्नो अठोट र लगाव भयो भने जस्तोसुकै लक्ष्यमा पुग्न सम्भव हुँदो रहेछ भन्ने प्रेरणा माइकल फेराडेको जीवनबाट प्राप्त गर्न सकिन्छ । यिनै महान् फेराडेको २५ अगस्त १८६७  हैपटन कोर्ट स्थित निवासमै निधन भयो । उनको निधन भए पनि उनले प्रतिपादन गरेका सिद्धान्त र अनुसन्धान गरेका आविष्कारका माध्यमबाट युग युगसम्म उनी बाँचिरहेकै छन् र बाँचिरहने छन् ।

*कोसेढुङ्गा* - *सीमा निर्धारण गर्न योग्य, उल्लेखनीय कुरा*
*सापेक्षतावाद* - *विश्वका हरेक वस्तु एकअर्कासित कुनै न कुनै रूपमा सम्बद्ध रहने कुरामा विश्वास राख्ने सिद्धान्त*
*गर्त* - *सतहभन्दा निकै गहिरो ठाउँ, खाडल*

## शब्दभण्डार

१. **दिइएका शब्द र तिनका अर्थका बिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| आलोकित | विद्युत् आदि सञ्चालन हुने पदार्थ |
| साधना | मान पदवी |
| सौभाग्य | नयाँ विषय वा सिद्धान्त खोज्ने वा पत्ता लगाउने काम |
| प्राक्कल्पना | भौतिक संसार |
| प्रतिपादन | सफलता प्राप्त गर्नका लागि गरिने अभ्यास |
| चालक | सत्य पहिल्याउनका लागि गरिने पूर्वकल्पना, अनुकल्पना |
| | सुख र समृद्धि प्राप्त हुने भाग्य |
| | उज्यालो पारिएको, चहकिलो पारिएको |

२. **माइकल फेराडेले .... वैज्ञानिकमध्ये एक बने अनुच्छेदबाट आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**

३. **दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

ल्यापटप, मेडल, जेनेरेटर, मिक्स्चर, एकेडेमी, इन्स्टिच्युट

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

भौँतारिनु, रहस्य, एक्कासि, सङ्घर्ष, जिज्ञासा, अङ्कुरण, तीक्ष्ण, विज्ञान

२. **'माइकल फेराडे' पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **पाठको संरचनाबारे सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) माइकल फेराडेको बाल्यकालसम्बन्धी वर्णन कुन अनुच्छेदमा छ ?

(ख) माइकल फेराडेले इलेक्ट्रिक जेनरेटर आविष्कार गरेको प्रसङ्ग कुन अनुच्छेदमा छ ?

(ग) जीवनीको सबैभन्दा लामो अनुच्छेद कुन हो ?

(घ) 'माइकल फेराडेले .... व्यवस्था भयो' अनुच्छेदको लामो वाक्य टिप्नुहोस् ।

४. **पाठको दोस्रो अनुच्छेद मौन पठन गर्नुहोस् ।**

५. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) माइकल फेराडे कस्तो परिवारमा जन्मेका थिए ?

(ख) उनको बाल्यकाल कसरी बित्यो ?

(ग) उनले जीवनमा कसरी प्रेरणा प्राप्त गरे ?

(घ) उनको जीवनीबाट के सन्देश पाइन्छ ?

६. **दिइएका आगन्तुक शब्दको अर्थ पहिचान गर्नुहोस् र तिनलाई पाठमा भन्दा भिन्न तरिकाले वाक्यमा प्रयोग गर्नुहोस् :**

ल्यापटप, मोबाइल, सेप्टेम्बर, बुकलेट, जेनरेटर, मोटर, मिक्स्चर, मेडल

७. **दिइएका मितिमा माइकल फेराडेको जीवनमा कुन कुन घटना भएका थिए लेख्नुहोस् :**

सन् १७९१, सन् १८२०, सन् १८३१, सन् १८३३, सन् १८३२, सन् १८६७

८. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

माइकल फेराडेका वैज्ञानिक योगदानलाई सिद्धान्त र आविष्कारमा वर्गीकरण गरी तिनलाई समेत विभिन्न वर्गमा बाँड्न सकिन्छ । फेराडेज ल अफ इन्डक्सन, फेराडेज ल अफ इलेक्ट्रोमेग्नेटिक इन्डक्सन र फेराडेज ल अफ इलेक्ट्रोलाइसिस् उनका मुख्य सिद्धान्त हुन्। आफ्नै सिद्धान्तमा आधारित रहेर उनले दर्जनौँ चिजको आविष्कार गरेका छन्। आज हामीले घरभित्र प्रयोग गर्ने मिक्स्चर, घरबाट बाहिर निस्कँदा चढ्ने गाडी, हामीले आआफ्नो घरमा पानी तान्नका लागि जडान गरेका मोटर ती सबै फेराडेको यही फेराडेज ल अफ इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन सिद्धान्तकै मातहत चलेका छन् ।

**प्रश्नहरू**

(क) माइकल फेराडेका वैज्ञानिक आविष्कारलाई कति समूहमा वर्गीकरण गरिएको छ ?

(ख) उनका मुख्य सिद्धान्त के के हुन्, लेख्नुहोस् ।

(ग) हामीले प्रयोग गर्ने फराडेको सिद्धान्तमा आधारित कुनै तीन उपकरणको नाम लेख्नुहोस् ।

(घ) उनका सिद्धान्तको मुख्य आधार के हो ?

## ९. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

जेम्स फेराडेको परिवार म्यानचेस्टर स्क्वायरको सानो डेरामा बस्न थालेपछि माइकल फेराडेको सङ्घर्षमय र सफलताको यात्रा सुरु भयो । सुरुमा उनलाई साधारण विद्यालय भर्ना गरियो । साधारण विद्यालयमा पढे पनि माइकलमा ज्ञानको असाधारण भोक थियो । उनले त्यहाँ पढ्ने र लेख्नेदेखि लिएर गणितसम्मका धेरै कुरा सिके । बुबाले आरनमा काम गरिरहँदा उनी निकै घोरिएर हेरिराख्थे उनको त्यो गहिरो हेराइमा ज्ञानको अनन्त रहस्य लुकेको हुन्थ्यो । १३ वर्षका भएपछि गरिबीकै कारण माइकलको औपचारिक पढाइ एक्कासि रोकियो र नाबालक उमेरमा नै उनले काम गर्नुपर्‍यो । उनले एउटा पुस्तक पसलमा किताबको जिल्दा हाल्ने काम पाए । यसरी दिनभरि काम र रातमा पढाइ गर्दै एउटा कलिलो बालकले कठोर सङ्घर्ष गर्नुपर्‍यो । भनिन्छ, राति पढ्दा नै उनमा बिजुलीसम्बन्धी जिज्ञासाको बीज अङ्कुरण भएको थियो । उनले फुर्सद निकालेर आफ्नै इच्छा र रुचिबमोजिमका किताब पढ्न थाले । त्यो जागिरको सात वर्षसम्म थुप्रै किताब पढेर उनको बुद्धि तीक्ष्ण हुँदै गयो । त्यसमध्ये जेन मार्सेटद्वारा लिखित रसायन विज्ञानमा कुराकानी र विभिन्न पत्रपत्रिकामा छापिएका बिजुलीसम्बन्धी लेख पढेपछि भने उनमा विज्ञानप्रति गहिरो रुचि जाग्यो ।

**प्रश्नहरू**

(क) माइकल फेराडे कस्तो स्वभावका थिए ?

(ख) उनले आफ्नो पढाइलाई कसरी निरन्तरता दिए ?

## १०. व्याख्या गर्नुहोस् :

एउटा गरिब र विपन्न परिवारको व्यक्ति पनि आफ्नो अठोट र लगाव भयो भने जस्तोसुकै लक्ष्यमा पुग्न सम्भव हुँदो रहेछ ।

## ११. माइकल फेराडेले जीवनमा सफलता प्राप्त गरेका मुख्य मुख्य घटना वर्णन गर्नुहोस् ।

## १२. पाठको चौथो अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।

## १३. व्यक्तिवृत्त वा व्यक्तिगत विवरणमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, जन्मस्थान, सम्पर्क ठेगाना, योग्यता, सेवा वा कार्य गरेको अनुभव, तालिम, प्राप्त गरेका सम्मान तथा पुरस्कार आदि जस्ता व्यक्तिगत सूचना समावेश गरिन्छ । यिनै विषयवस्तु समेटिने गरी आफ्नो व्यक्तिगत विवरण तयार पार्नुहोस् ।

## १४. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था तनाव हो । जीवनका पीडा, सङ्घर्ष, चिन्ता, वातावरणीय दबाब, कामको चाप आदिले तनाव सिर्जना गरिरहेका हुन्छन् । सामाजिक वातावरणका साथै व्यक्तिमा आएका शारीरिक तथा मानसिक परिवर्तनका कारण पनि तनाव उत्पन्न हुन्छ । तनावले व्यक्तिको दैनिक काममा समेत असर पर्न सक्छ । तनाव व्यवस्थापनका लागि समर्पण, सङ्घर्ष, सम्झौता जस्ता रणनीति अपनाउन सकिन्छ । सामाजिक राजनीतिका व्यवहारजन्य गतिविधिबाट उत्पन्न चुनौती स्वीकार गर्नु समर्पण हो । जीवनमा आइपरेका चुनौतीको सामना गर्दै अघि बढ्नु सङ्घर्ष हो । त्यस्तै व्यक्तिका आचरण र व्यवहार जन्य गतिविधिसँग सहकार्य गर्दै अघि बढ्नु सम्झौता हो । योगध्यान, मनोरञ्जन, सङ्गीत, खेलकुद, शारीरिक व्यायाम, सन्तुलित खानपान आदिका साथै सिर्जनात्मक, सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय भएर पनि तनाव कम गर्न सकिन्छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) तनाव भनेको के हो ?

(आ) तनाव उत्पन्न हुनाका कारण के के हुन् ?

(इ) तनाव व्यवस्थापनमा कस्ता रणनीति अपनाउन सकिन्छ ?

(ई) तनाव कम गर्न अपनाउनुपर्ने उपाय लेख्नुहोस् ।

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदबाट कुनै दुईओटा संयुक्त वाक्य पहिचान गर्नुहोस् ।

(आ) 'तनावले व्यक्तिको दैनिक काममा समेत असर पर्न सक्छ ।' वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

(इ) 'तनाव व्यवस्थापनका लागि समर्पण, सङ्घर्ष, सम्झौता जस्ता रणनीति अपनाउन सकिन्छ ।' वाक्यलाई पदवियोग गरी लेख्नुहोस् ।

(ई) 'मानसिक' र 'गतिविधि' शब्दलाई उच्चारणअनुसार लेख्नुहोस् ।

## १५. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

गोपालप्रसाद रिमालको जन्म वि.सं. १९७५ जेठ १० गते काठमाडौँमा र मृत्यु वि. सं. २०३० कात्तिक ८ गते भएको थियो । उनका आमाबुबाको नाम आदित्यकुमारी र उमाकान्त हो । गोपालप्रसाद रिमाल एक निडर, क्रान्तिकारी, स्वाभिमानी र देशभक्त साहित्यकार हुन् । आई. ए. पढ्दापढ्दै आर्थिक अभावका कारण पढाइ छोड्न पुगेका रिमाल वि. सं. १९९० तिरबाटै

साहित्य लेखनमा प्रवेश गरेका थिए । उनका 'मसान', 'यो प्रेम' जस्ता नाटक अनि 'आमाको सपना' कविता सङ्ग्रह अति नै लोकप्रिय छन् । उनले मदन पुरस्कार, त्रिभुवन पुरस्कार जस्ता प्रसिद्ध पुरस्कारसमेत प्राप्त गरेका थिए ।

तपाईँले चिनेको समाज सुधारका क्षेत्रमा उल्लेख्य योगदान दिने व्यक्तिको जीवनका महत्त्वपूर्ण घटना टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

### १. सुनाइ पाठ १२ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) धन सम्पत्ति स्वाहा भएपछि 'ऊ' पात्र कस्तो अवस्थामा पुग्यो ?

(ख) उसले आगन्तुकसँग के माग्यो ?

(ग) आगन्तुकले उसलाई के आशीर्वाद दिए ?

(घ) ऊ कसरी कर्मशील बन्यो ?

### २. 'कर्मशीलताले नै मानिसको जीवन चम्कन्छ' भन्ने कुरा सुनाइ पाठ १२ का आधारमा व्याख्या गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको अनुच्छेदमा रहेका सरल, संयुक्त र मिश्र वाक्य छुट्याउनुहोस् :

रमा घर गइन् । उनले खाना खाइन् । उनले एकछिन किताब पढिन् । उनी बैठक कोठातिर लागिन् । जति वेला उनी बैठक कोठामा पुगिन् त्यति वेला टुप्लुक्क रमाका मामा आउनुभयो । जब मामाले भान्जीलाई देख्नुभयो तब मामाले आफ्नो झोला खोतल्न थाल्नुभयो । मामाले रमालाई एउटा कथाको किताब ल्याउनुभएको रहेछ अनि त्यो देखेर उनी साह्रै खुसी भइन् । उनले मनमनै मामालाई धेरै धन्यवाद दिइन् र स्वागतमा एक गिलास फलफूलको रस टक्र्याइन् ।

### २. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) उसलाई सर्पले टोक्यो । उसले उपचार गर्‍यो । (मिश्र वाक्य)

(ख) सुमित्रा बजार गइन् र स्वागत मिश्रलाई भेटिन् । (सरल वाक्य)

(ग) लाक्पा शेर्पा रेडियो किन्छन् । उनी घर जान्छन् । (संयुक्त वाक्य)

(घ) जुन देश विकसित हुन्छ त्यो देशका जनता खुसी हुन्छन् । (सरल वाक्य)

(ङ) आकाश गड्याङगुडुङ गर्छ अनि मुसलधारे पानी पर्छ । (मिश्र वाक्य)

(च) जसले परिश्रम गर्छ उसले सफलता पाउँछ । (सरल वाक्य)

३. **जीवनीको दोस्रो अनुच्छेदमा प्रयोग भएका सरल र संयुक्त वाक्य टिपोट गर्नुहोस् ।**

४. **संयुक्त र मिश्र वाक्यको प्रयोग गरी व्यावहारिक शिक्षाका बारेमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

५. **रातो रङ लगाइएका शब्दलाई पदवियोग गरी लेख्नुहोस् :**

उमानाथले आफ्ना कुरा सुनाउनका लागि 'लसुन' भनेकारहेछन् । हरिलेचाहिँ खाने लसुन भन्ने बुझेर लसुनल्याएर दिएछन् । त्यसपछि उमानाथ नरुनुनहाँस्नु भएछन् ।

६. **दिइएको अनुच्छेद पदयोग र पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस् :**

माइकल फेराडे ले जीवनको उत्तरार्ध मा थुप्रै पैसा आउने जागिर पाएतर उनले छँदा खाँदाको जागिर छाडेर एकोहोरो अनुसन्धानमालागे । त्यति वेला उनलाई पुन पैसाको सङ्कटपऱ्यो । उनी बिरामीपनि परे । यस्तो अवस्थामा पत्नीसाराले उनलाई दिलोज्यानले साथदिइन् र सेवा गरिन् । उनको योगदानको कदर गर्दै तत्कालीनराजा विलियमबाट वर्षको ३०० पाउन्ड पेन्सनको व्यवस्थाभयो ।

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा फ्लोरेन्स नाइटिङ्गेलको छोटो जीवनी तयार पार्नुहोस् :**

(क) जन्म सन् १८२० मे १२ इटाली, मृत्यु सन् १९३० अगस्त १३

(ख) फेनी स्मिथ र विलियम एडवार्ड नाइटिङ्गेलकी छोरी

(ग) उदार हृदय र भावुक स्वभाव, परोपकारी भावना

(घ) नर्स बनेर समाज सेवा गर्ने लक्ष्य

(ङ) लेडी विथ द ल्याम्पको उपनामले विश्व प्रख्यात

(च) नर्सिङ पेसालाई मर्यादित बनाउनु, बिरामीको प्रेरणा स्रोत

(छ) उनको नामबाट सहरको नामकरण

२. **सामाजिक सञ्जालबाट खोजेर एक जना विश्व प्रसिद्ध खेलाडीको जीवनी तयार पार्नुहोस् ।**

पाठ १३

# कार्यालयीय चिठी

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तालिम केन्द्र
रुपन्देही

प.स. ..............                                                                 मिति ........................

च.न. ..............

श्री पाठ्यक्रम विकास केन्द्र,
सानोठिमी भक्तपुर ।

विषय : नेपाली विषयका विज्ञ उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा यस तालिम केन्द्रले माध्यमिक शिक्षा (कक्षा ९-१०) नेपाली भाषा विषयका शिक्षकका लागि शिक्षण विधि र प्रविधिसम्बन्धी तालिमको आयोजना गर्न लागेको छ । त्यस केन्द्रबाट नेपाली भाषा पाठ्यक्रममा समयानुकूल परिमार्जन गरी सोहीअनुरूप नयाँ पाठ्यपुस्तक विकास गर्ने कार्य भएको छ । परिवर्तित पाठ्यक्रमअनुरूप विकास गरिएका पाठ्यपुस्तक प्रयोगमा आइसकेका छन् । यसै सन्दर्भमा माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम, २०७८ अनुरूप परिमार्जन गरिएका नेपाली विषयको शिक्षणमा अपनाउनुपर्ने सिकाइ सहजीकरणका विभिन्न प्रक्रिया र शिक्षणविधिबारे छलफल र अन्तरक्रिया गरी सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य यस तालिम केन्द्रले लिएको छ। परिवर्तित पाठ्यक्रममा बहुबौद्धिकता, समालोचनात्मक सोच, सहकार्यात्मक सिकाइ जस्ता क्रियाकलापमार्फत सिकाइ सहजीकरण गर्नुपर्ने उल्लेख छ । सिकाइ सहजीकरणका यी र अन्य नयाँ क्रियाकलापबारे शिक्षकलाई प्रयोगपरक अभ्यास गराउन सकियो भने शिक्षण सिकाइ प्रभावकारी हुने विश्वास गरी यो तालिम सञ्चालन गर्न लागिएको हो ।

यसै सन्दर्भमा यस तालिम केन्द्रमा नेपाली विषयका विज्ञ नभएको हुँदा नयाँ पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि नेपाली विषयका विज्ञको आवश्यकता परेकाले २०७८ चैत २० गतेदेखि २३ गतेसम्मका लागि त्यस केन्द्रबाट नेपाली विषयका दुई जना विज्ञ उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

........................................

प्रमुख

शिक्षा तालिम केन्द्र, रुपन्देही

***शब्दार्थ***

*प्रविधि* – *कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति*

*परिमार्जन* – *लेखरचनामा रहेका दोष हटाई राम्रो बनाउने काम*

*सिकाइ सहजीकरण* – *सिकाइ प्रक्रियालाई सहज बनाउने काम*

*समालोचना* – *कुनै विषयवस्तुको राम्रा नराम्रा पक्षको निष्पक्षताका साथ मूल्याङ्कन गर्ने काम*

*सहकार्यात्मक सिकाइ* – *सिकाइ सहजीकरणमा विद्यार्थीले सँगसँगै छलफल गरेर सिक्ने कार्य*

## शब्दभण्डार

**१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| तालिम | बन्दोबस्त |
| विज्ञ | कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य |
| अन्तरक्रिया | कुनै काम वा विषयमा व्यवस्थित रूपमा दिइने प्रशिक्षण |
| प्रयोगपरक | व्यावहारिक |
| उद्देश्य | चाहना गरिएको काम, ध्येय |
| आयोजना | छलफल |
| | जटिलता |
| | विद्वान् |

**२. दिइएका शब्दको पर्यायवाची शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

वेत्ता, काम, पत्यार, नवीन, रूपान्तरित, प्रसङ्ग, शिक्षार्थी

**३. दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

शिक्षण, पाठ्यक्रम, बहुबौद्धिकता, विकास, विश्वास

## *बोध र अभिव्यक्ति*

**१. दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :**

प्रभावकारी, केन्द्र, बौद्धिकता, शैक्षिक, सञ्चालन, परिवर्तित, क्रियाकलाप, पाठ्यक्रम

**२. माथिको पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् । सँगैका साथीको वाचन समय, हाउभाउ, शुद्धता आदि ख्याल गर्नुहोस् ।**

**३. दिइएको अंश पढ्नुहोस् र कार्यालयीय चिठीको संरचना र शैलीअनुसारका कुरा माथिका चिठीमा कहाँ कहाँ परेका छन्, पत्ता लगाउनुहोस् :**

एउटा कार्यालयले अर्को कार्यालय वा व्यक्तिलाई पठाउने चिठी कार्यालयीय चिठी हो । यस्तो

प्रकारको चिठीमा सबैभन्दा माथि दायाँतिर मिति लेखिन्छ । बायाँतिर सम्बन्धित कार्यालयको नाम र ठेगाना वा कार्यालय प्रमुखलाई उचित सम्बोधन गरी कार्यालयको ठेगाना लेखिन्छ । त्यसभन्दा तल विषय लेखिन्छ । त्यसपछि विषयको केन्द्रीयतामा आवश्यक सूचना र विवरण नछुट्ने गरी प्रस्तुत गरिन्छ । विवरणको समाप्तिपछि कार्यालयका तर्फबाट चिठीमा सही गर्ने व्यक्तिको नाम, पद र कार्यालयको नाम राखिन्छ । अन्य कार्यालयलाई बोधार्थ दिनुपर्ने हो भने बोधार्थ दिइएका व्यक्ति वा कार्यालयको नामावलीसमेत दिइन्छ ।

## ४. दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) तालिमको विषयवस्तु के रहेछ ?

(ग) तालिमको मुख्य उद्देश्य के हो ?

(घ) तालिम केन्द्र प्रमुखले के अपेक्षा गरेका छन् ?

## ५. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :

प्रस्तुत विषयमा यस तालिम केन्द्रले माध्यमिक शिक्षा (कक्षा ९-१०) नेपाली भाषा विषयका शिक्षकका लागि शिक्षण विधि र प्रविधिसम्बन्धी तालिमको आयोजना गर्न लागेको छ। त्यस केन्द्रबाट नेपाली भाषा पाठ्यक्रममा समयानुकूल परिमार्जन गरी सोहीअनुरूप नयाँ पाठ्यपुस्तक विकास गर्ने कार्य भएको छ। परिवर्तित पाठ्यक्रमअनुरूप विकास गरिएका पाठ्यपुस्तक प्रयोगमा आइसकेका छन्। यसै सन्दर्भमा परिमार्जन गरिएका माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम, २०७८ अनुरूप नेपाली विषयको शिक्षणमा अपनाउनुपर्ने सिकाइ सहजीकरणका विभिन्न प्रक्रिया र शिक्षणविधिबारे छलफल र अन्तरक्रिया गरी सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य यस तालिम केन्द्रले लिएको छ ।

**प्रश्नहरू**

(क) तालिम कहिलेदेखि कहिलेसम्म आयोजना गरिएको छ ?

(ख) तालिम कति कक्षाका शिक्षकका लागि आयोजना गर्न लागिएको हो ?

(ग) तालिम कुन विषयका शिक्षकका लागि दिन लागिएको छ ?

(घ) तालिमको आयोजना किन गरिएको रहेछ ?

## ६. तालिम केन्द्रबाट लेखिएको पत्र पाएपछि पाठ्यक्रम विकास केन्द्रले विज्ञ खटाएको पत्रको नमुना तयार पार्नुहोस् ।

**७. तपाईँको विद्यालयले रजिस्ट्रेसन फाराम भरी शिक्षा विकास तथा समन्वय एकाइलाई पठाउने पत्रको नमुना तयार गर्नुहोस् ।**

**८. दिइएको घरायसी चिठीको नमुना पढी आफ्नो क्षेत्रमा रहेको कुनै ऐतिहासिक वा सांस्कृतिक स्थलको भ्रमण गर्न अनुरोध गर्दै साथीलाई चिठी लेख्नुहोस् :**

### *भाइलाई चिठी*

२०७९।०८।१४
दुनै, डोल्पा

प्यारो भाइ समीर,

सप्रेम सम्झना ।


म यहाँ आराम छु, आरामको कामना गर्दछु । तिमीले पठाएको पत्र पाएँ । तिमीले पत्रमा आफ्नो पढाइलाई अझ कसरी राम्रो पार्न सकिन्छ भनी जिज्ञासा राखेका रहेछौ । मलाई त्यो पत्र पढ्दा साह्रै खुसी लाग्यो किनभने तिमी त्यसै पनि पढाइमा अब्बल नै छौ । तिमीमा पढ्ने भोक जागेको देखेर मलाई आनन्द आयो । तिमीमा यस्तै जिज्ञासा रह्यो भने यो दशकभित्र राष्ट्रको होनहार नागरिक बन्ने सङ्केत तिमीमा पाएकी छु । प्रधानाध्यापकको जिम्मेवारी वहन गरेकी दिदीबाट पक्कै पनि उचित मार्गनिर्देश होला भनेर तिमीले पत्र लेखेका हौला भन्ने मलाई लाग्यो ।

भाइ समीर, पढाइलाई कसरी अझ राम्रो पार्ने भन्ने तिम्रो प्रश्नका अनेकौँ उत्तर हुन सक्छन् । कक्षाकोठामा पढेका कुरालाई राम्ररी बुझेर आफ्नै शब्दमा भन्न सक्नु, लेख्न सक्नु र पढेका कुरालाई व्यवहारमा प्रयोग गर्न सक्नु पनि पढाइ नै हो । त्यसैले तिमीले पढ्ने वेला सरसर्ती पाठ पढेर सक्ने मात्र होइन, हरेक अनुच्छेदमा मुख्य मुख्य कुरा कहाँ छन् तिनलाई पहिचान गरेर पढ्यौ भने बुझाइ दिगो हुन सक्छ । पढ्ने सबैभन्दा राम्रो अर्को तरिका आफ्नो नोट आफैँ बनाउनु हो । मुख्य मुख्य कुरा टिपेर नोट बनाउँदा सम्झन सजिलो हुन्छ । शिक्षकले पढाएका वेला मुख्य मुख्य कुरा टिपोट गर्ने र घरमा गई पाठ्यपुस्तक पढेर आफ्नै भाषामा नोट बनाई पढ्ने तरिका नै उत्तम तरिका हो । आफूले लेखेका कुरा प्रायः मानिसले बिर्संदैनन् । प्रायजसो विद्यार्थीमा लेखाइलाई पटक पटक अभ्यास, परिष्कार र परिमार्जन गर्ने बानी देखिँदैन । तिमी जस्तो अध्ययनशील भई वर्षभरि पढेर एकै पटक परीक्षामा मात्र राम्ररी लेख्छु भन्यो भने त्यसको राम्रो नतिजा नआउन सक्छ । नयाँ विषयवस्तुका बारेमा प्रशस्त खोजनिती गर्नुपर्छ । पढ्ने विद्यार्थी आफैँले पाठबाट अनेक खालका प्रश्न बनाउने, ती प्रश्नको उत्तर मनमनै गुन्ने अनि लेखेर अभ्यास गर्ने बानी बसाल्यो भन्यो परीक्षासँग त्रसित हुने बानी हट्नुका साथै विद्यार्थीमा आत्मबल बढ्ने हुँदा तिमीले यस कुराको हेक्का राख्ने नै छौ भन्ने मैले विश्वास लिएकी छु ।

भाइ, राम्ररी पढ्नका लागि सैद्धान्तिक कुरालाई पनि प्रायोगिक र व्यावहारिक बनाएर पढ्ने बानी गऱ्यो भने पढाइ प्रभावकारी हुन्छ । नेपाली विषयमा कथा, कविता, निबन्ध लेख्नका लागि कतिपय विद्यार्थी घोक्न वा कण्ठ गर्नेतिर लागेको पाइन्छ । कथा कविता कसरी लेख्ने भन्ने सिद्धान्त पढेर मात्र कथा कविता लेख्न सकिन्न । आफूले यस्तो रचना गर्नुपर्ने छ भने अरूले लेखेका कथा, कविता पढ्दा सजिलैसँग कथा, कविता लेख्ने आत्मबल बढ्छ । प्रयोगात्मक कार्यबाट हुने सिकाइ स्मरणका लागि बढी प्रभावकारी हुन्छ । उदाहरणका लागि खिर पकाउने तरिका जान्न पढेरभन्दा भान्छामा गएर पकाएको हेरेर वा आफैँ पकाएर राम्रोसँग सिक्न सकिन्छ । पढेका विषयवस्तुमा साथीहरूसँग अन्तरक्रिया गर्ने अनि नबुझेका कुरा शिक्षकलाई सोध्ने गर्नुपर्छ । त्यसै गरी पढेका कुरालाई मनमनै गुन्ने, पढ्ने समयतालिका बनाउने र बुँदाहरूको तालिका बनाएर देखिने गरी टाँस्ने गर्दा राम्रो हुन्छ । आफूले पढेका कुरालाई बारम्बार स्मृतिमा ल्याउने र पठन संस्कृतिलाई निरन्तरता दिने गऱ्यौ भने पक्कै पनि तिम्रो पढाइमा झन् प्रगति हुने छ । म घर आउँदा तिमीलाई केही ज्ञानवर्धक किताबहरू ल्याइदिने छु । आफ्नो लक्ष्यमा पुग्न तिमीले थप मिहिनेत र प्रयास गर्ने छौ भन्ने विश्वास गरेकी छु । ल त बाबु आजको पत्र यतिमा टुङ्ग्याउँछु । केही बाँकी भए फोनमा कुरा गर्दै गरौँला ।

तिम्री प्यारी दिदी
सङ्गीता ढकाल

खामको नमुना



९. दिइएको निमन्त्रणा पत्र पढी विद्यालयमा आयोजना हुन लागेको कुनै साहित्यिक कार्यक्रममा उपस्थितिका लागि एउटा निमन्त्रणा पत्र तयार पार्नुहोस् :

श्री .......................................................ज्यू,

## निमन्त्रणा

हाम्रा आयुष्मान् नाति अमितविक्रम कार्की (सुपुत्र : हर्कविक्रम कार्की तथा सुप्रिया कार्की) को व्यास नगरपालिका ७, कलेस्ती तनहुँ निवासी शूरवीर थापा तथा सुमती थापाकी आयुष्मती सुपुत्री सुरक्षा थापाका साथ सुसम्पन्न हुने शुभविवाहमा उपस्थित भई वरबधूलाई आशीर्वाद प्रदान गर्नका लागि सादर निमन्त्रणा गर्दछौँ ।

| कार्यक्रम | दर्शनाभिलाषी | प्रार्थी |
|---|---|---|
| जन्ती प्रस्थान : २०७९/०२/२५ | राजकुमार कार्की | सागरविक्रम कार्की |
| समय : बिहान ९ बजे | वृषमान कार्की | सविना कार्की |
| प्रीतिभोज : २०७९/०२/२६ | एवम् समस्त कार्की परिवार | |
| समय : दिउँसो ३ देखि ७ बजेसम्म | | |
| स्थान : शुभकामना पार्टी प्यालेस, अमरसिंह चोक, पोखरा | | |

१०. दिइएको सूचना पढी सरुवा रोगको रोकथामका लागि स्वास्थ्य कार्यालयले जारी गर्ने सूचना तयार गर्नुहोस् :

### गुनासो दर्तासम्बन्धी सूचना

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमति पत्र प्राप्त सेवा प्रदायकले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताले सम्बन्धित सेवा प्रदायकलाई नै गुनासो गर्ने प्रावधान राखिएको छ । यस्तो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेलमार्फत गुनासो व्यवस्थापनको प्रयास गरिएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताको गुनासोलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि कार्यालयको सम्पर्क नम्बर, इमेल तथा अतिरिक्त गुनासो व्यवस्थापन प्रणालीसमेत तयार गरी प्राधिकरणको वेबसाइटमा राखिएको बेहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवालाको जानकारीका लागि अनुरोध छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
उपभोक्ता हित संरक्षण शाखा

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

तपाईं श्री भीमा उपाध्याय उच्च शिक्षा अध्ययनका लागि पूर्ण छात्रवृत्तिसहित त्रिभुवन विश्वविद्यालयमा भर्ना हुनुभएकामा खुसी व्यक्त गर्दै यहाँको सक्रिय अध्ययनका लागि थप हौसला, मिहिनेत र आत्मविश्वासको कामनासहित उच्च शिक्षा अध्ययनको अभिलाषा पूर्णतः सफल रहोस् भनी हाम्रो परिवारको तर्फबाट शुभेच्छा प्रकट गर्दछु ।

मीनप्रसाद उपाध्याय तथा परिवार

**आफ्नो घरपरिवारको सदस्यलाई कुनै कामको पूर्णताका लागि दिने शुभेच्छा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १३ सुन्नुहोस् र खाली ठाउँमा उपयुक्त शब्द राख्नुहोस् :**

(क) मुरलीधर दुलहीका घरमा पुगेर सुटुक्क ............मा बसे ।

(ख) मुरलीधरले छोरालाई ............ भनेर आशिष दिए ।

(ग) श्रीधर र मुरलीधरले जिउनीका विषयमा .................. मुद्दा लडेका थिए ।

(घ) मुरलीधरले बखत बखतमा कर्महरू..............सिकाइदिन्थे ।

२. **मुरलीधर किन विवाहमा गएका होलान्, कक्षामा छलफल गर्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **तालिकामा दिइएका वाक्य पढ्नुहोस् :**

| विश्लेषित वाक्य | संश्लेषित वाक्य |
|---|---|
| सरकारले शिक्षामा प्राथमिकता दिएको छ । सरकारले स्वास्थ्यमा प्राथमिकता दिएको छ । सरकारले रोजगारीमा प्राथमिकता दिएको छ । सरकारले शान्ति सुरक्षामा प्राथमिकता दिएको छ । | सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी र शान्ति सुरक्षामा प्राथमिकता दिएको छ । |

२. **पाठको पहिलो अनुच्छेदमा प्रयोग भएका कुनै दुई संश्लेषित वाक्य पहिचान गरी सरल वाक्यमा विश्लेषण गर्नुहोस् ।**

३. **दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) सञ्जय गुरुङ लमजुङका बासिन्दा हुन् । उनकै सक्रियतामा लमजुङ साहित्य प्रतिष्ठान खोलिएको छ । प्रतिष्ठानले प्रत्येक शनिबार साहित्यिक कार्यक्रम आयोजना गर्छ । साहित्यकार उक्त कार्यक्रममा सहभागी हुन्छन् ।

(ख) सिन्धुली जिल्ला बागमती प्रदेशमा पर्छ । यहाँका किसान जुनार खेती गर्छन् । उनीहरू जुनार बिक्री गर्छन् । उनीहरूले प्रशस्त आर्थिक लाभ लिन्छन् ।

४. **दिइएका वाक्यलाई सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**

(क) शिक्षण पेसामा समर्पित शिक्षक कर्मशील हुनाले प्राज्ञिक व्यक्तित्वका रूपमा स्थापित छन् ।

(ख) जब विद्यार्थी परिश्रम गर्छन् तब उनीहरू सफल हुन्छन् अनि उनीहरूको भविष्य उज्ज्वल बन्छ ।

(ग) मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा बस्छ र एकअर्काको दुःखसुखमा साथ दिन्छ ।

५. **दिइएको अनुच्छेद पढी 'क्ष' र 'छ्य' बाट बनेका शब्द पहिचान गरी लेख्नुहोस् :**

सक्षम क्षत्री ओछ्यानमा सुतिरहेको थियो । आमाले छ्यास्छ्यास् गर्दै चामल केलाएको आवाजले ऊ बिउँझियो । छ्या ! यो छोराले त दिक्क गरायो भन्दै आमा कराउनुभयो । बिहान ढिलोसम्म सुतेकामा आमासँग क्षमा माग्दै आफ्नो कमजोर पक्ष स्विकार्‍यो । त्यसपछि शिक्षकले कक्षामा दिएको गृहकार्य राम्रो अक्षर पारेर लेख्न थाल्यो ।

६. **दिइएका शब्द शुद्ध पारेर लेख्नुहोस् :**

सछ्यम, छ्यण, क्ष्युँ, पक्ष्याउनु, दछ्य, रछ्या

## *सिर्जना र परियोजना कार्य*

१. **तपाईंको टोलमा रहेको खानेपानी समस्या समाधानका लागि स्थानीय खानेपानी उपभोक्ता समितिका अध्यक्षलाई निवेदन लेख्नुहोस् ।**

२. **परिवारको सहयोगमा अनलाइन पत्रिकाबाट कुनै एउटा सूचना खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ १४

# नेपाली लोकबाजा



दसैं र तिहार रमाइला हाम्रा चुट्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको झ्यालीले
बैंसको तालमा नाचौँला कहाँ मादलै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

माधव घिमिरे

हाम्रो नेपाली धर्ती अनेकौँ मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । यहाँ फुलेका र फक्रेका अनेकौँ सांस्कृतिक वैभवमध्ये हाम्रा लोकबाजा गौरव गर्न लायक सम्पत्ति हुन् । हाम्रो समाजमा प्रचलित तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई विभिन्न अवसरमा बजाइने यस्ता यन्त्रविशेष वा वाद्यलाई नै लोकबाजा भनिन्छ । यिनीहरू नेपाली समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, महोत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन् । यी नेपाली लोकबाजा नेपाली समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचानसमेत हुन् । नेपाली समाज सांस्कृतिक र जातीय विविधताले युक्त छ । यहाँका जातजातिले विभिन्न पर्व र संस्कारका अवसरमा बजाउने बाजामा पनि त्यस्तै विविधता पाइन्छ । हाम्रा नेपाली लोकबाजाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यता जत्तिकै पुरानो हुनुपर्छ । पुराण वा मिथकमा वर्णित शिवजीले हातमा लिने डमरु, विष्णुका हातको शङ्ख र कृष्णका हातका

*शब्दार्थ*

*अनुपम - उपमा दिन नसकिने, अतुलनीय*
*मेलापात - खेतबारीमा धेरै जना मिलेर गरिने कामकाज*

मुरलीबाट पौराणिक कालदेखि नै बाजाको सुरुआत भएको मानिन्छ । नेपालमा वाद्यवादनको विकास प्राचीन कालदेखि हुँदै आएको कुरा विभिन्न अभिलेखले सङ्केत गर्छन् । जुन कुरा वसन्तदेवको संवत् ४३४ को टिस्टुङको अभिलेखमा कुँदिएको शङ्खको सन्दर्भले पनि पुष्टि गर्छ । हाँडीगाउँको अंशुवर्माको अभिलेखमा मङ्गल बाजा बजाउने र पूजाको अवसरमा शङ्ख बजाउने कामका लागि रकम छुट्याइएको प्रसङ्गले पनि लोकबाजाको प्राचीनतालाई सङ्केत गर्छ । त्यस्तै गरी ललितपुर लेलेको अभिलेखमा परेको वादित्र गोष्ठीको प्रसङ्गले पनि लिच्छवि कालमा वाद्यवादनलाई महत्त्व दिइन्थ्यो भन्ने बुझिन्छ । मल्ल कालमा चाहिँ वाद्यवादन र वाद्यसामग्रीको व्यापक रूपमा विकास भएको मानिन्छ । त्यस वेला राजाहरूले पनि स्वयम् वाद्यवादनमा भाग लिई बाजा बजाउँथे । यस कुरालाई हनुमान ढोकाको एक मूर्तिमा प्रताप मल्लले बाजा बजाइरहेको दृश्य अङ्कित हुनुले पनि पुष्टि गर्छ ।

संस्कृति र परम्पराअनुरूप लोकबाजाका तालबाजा र सुरबाजा गरी दुई प्रकार छन् । हजारौँ वर्ष पहिले नाट्यशास्त्रका लेखक भरतमुनिले बजाउने शैलीका साथै बनोटका आधारमा लोकबाजालाई तत वाद्य, वितत वाद्य, शुषिर वाद्य, घन वाद्य र अवन वाद्य वर्गमा वर्गीकरण गरेका छन् । त्यसैका आधारमा नेपाली लोकबाजालाई पनि वर्गीकृत गर्न सकिन्छ । जसमध्ये पहिलो वर्गमा कोट्याएर वा आघात पारेर बजाइने एकतारे, वीणा, टुङ्ना जस्ता तारका बाजा पर्छन् । यिनलाई तत वाद्य भनिन्छ । दोस्रो वर्गमा रेटेर बजाइने सारङ्गी जस्ता तारका बाजा पर्छन् यस्तालाई वितत वाद्यअन्तर्गत राखिन्छ । तेस्रो वर्गमा हावा वा सास फुकेर बजाइने मुरली, बाँसुरी, सहनाई, नरसिंहा, शङ्ख आदि बाजा पर्छन् । यिनलाई शुषिर वाद्यका नामले चिनिन्छ । चौथोमा ठोकेर बजाइने घन्टी, झ्यालीझ्याम्टा, खैँजडी आदि बाजा पर्छन् जसलाई घन वाद्य भनिन्छ भने अर्को वर्गमा छालाले मोडिएका ढोल, मादल, नगरा, दमाहा, ट्याम्को, डमरू आदि तालबाजा पर्छन् जसलाई अवन वाद्यको वर्गमा राखिन्छ ।

बहुजातीय र बहुसांस्कृतिक मुलुक हुनु नेपालको गौरवमय अतीत मात्र होइन सुन्दर वर्तमान पनि हो । वास्तवमा यो मुलुकमा बस्ने हरेक व्यक्तिको सम्बन्ध कुनै न कुनै जातिसँग गाँसिएकै हुन्छ । यस अर्थमा हामी नेपाली कुनै न कुनै जात वा जातिको समुदायका सदस्य हौँ । नेपालमा आफ्नै बाजा, गीत, सङ्गीत नभएका कुनै पनि जाति छैनन् । नेपालमा नेवार जातिका धिमे, ढाँचा, करखिङ, नगरा, पोङ्गा, पोना, झ्यालिन्चालगायत सबैभन्दा बढी ६० का हाराहारीमा बाजा छन् भने अति अल्पसङ्ख्यक कुसुन्डा जातिको चाहिँ एउटा मात्र पिर्लुङ पिपरी नामको बाजा छ भनिन्छ । नौमती र पञ्चेबाजा नेपालका प्रचलित र चर्चित बाजा हुन् । लिम्बू जातिका च्याब्रुङ, तुङ्गेवा र फेन्जे बाजा, मगरजातिका मादल, डम्फु र मुर्चुङ्गा बाजा नेपालका अमूल्य निधि हुन् । त्यस्तै तामाङ जातिका ग्यापुङ, सरुङ्गे र सिनडुङ बाजा, राई किराँतका बाँसतुम्बा, टुङ्ना र बिनायो बाजाले नेपाली संस्कृतिलाई समृद्ध तुल्याएका छन् । त्यस्तै थारू जातिका खँजडा झिलमिले र तमौरा बाजाले पनि नेपाली लोकसंस्कृतिलाई अझ समृद्ध तुल्याएका छन् । त्यति मात्रै होइन शेर्पा जातिका चौँरी घण्ट, लावा र पिवाङ् बाजा, ब्राह्मण क्षेत्रीका शङ्ख, घण्ट, खैँजडी र मुजुरा बाजाका साथै नेपालमा

*वादित्र* - *बाजा*
*नगरा* - *गजाले बजाइने एक तालबाजा, ठूलो दमाहा*
*अल्पसङ्ख्यक* - *कम सङ्ख्या भएको*

बसोबास गर्ने सबै जातिका हरेक बाजा नेपालका अमूल्य सम्पदा हुन् । नेपाली लोकबाजा संरक्षणका क्षेत्रमा लागेका संस्कृतिकर्मी रामप्रसाद कँडेलले 'लोकबाजा' पुस्तकमा नेपालमा ३७५ ओटा लोकबाजा रहेको सचित्र उल्लेख गरेका छन् । सबै जातजातिले आआफ्ना समुदायका लोकबाजालाई जगेर्ना गर्नु अत्यन्त जरुरी देखिएको छ ।

नेपालमा हिजो कुनै जातिविशेषले र जातिविशेषका मात्र भनेर चिनिने र बजाइने यी लोकबाजा आज समग्र नेपाली जातिका आफ्नै बाजा बनेका छन् । जुनसुकै जातिका विवाहमा बजाइने यी पञ्चेबाजा र नौमतीको लोकप्रियताले आकाश छुँदो छ । स्वरोजगारमूलक व्यवसायका रूपमा अन्य जातिले पनि नौमती र पञ्चेबाजा बजाउँदै आर्थिक उपार्जनसमेत गरिरहेका छन् । मगर जातिमा लोकप्रिय मानिने मादल अब सिङ्गो नेपाली जातिको बाजा बनेको कुरा रोदीघरमा यसको लोकप्रियताले साक्ष्य प्रस्तुत गरेकै छ । शङ्खघण्ट ब्राह्मणको मात्र रहेन नेपालमा बसोबास गर्ने ठुलो जनसङ्ख्याले आफ्ना धार्मिक अनुष्ठानमा यिनको प्रयोग गरिरहेकै छन् । यसरी नेपाली समाजमा देखा पर्दै गरेको सांस्कृतिक अन्तर्घुलनको प्रत्यक्ष प्रभावसमेत नेपाली लोकबाजाका क्षेत्रमा समेत देखापर्दो छ ।

हाम्रा नेपाली लोकबाजा हाम्रै नेपाली मौलिक लोकसंस्कृतिको महत्त्वपूर्ण उपकरणका रूपमा रहेका सङ्गीतका अभिन्न अङ्ग हुन् । नेपाली लोकबाजा नेपाली लोकजीवनका धुकधुकी हुन् । 'सङ्गीत रत्नकोश' मा लेखिएको छ, "गीतं, वाद्यं तथा नृत्यं त्रयं सङ्गीतमुच्यते" अर्थात् गीत, वाद्य र नृत्यको सामूहिक नाम नै सङ्गीत हो । सङ्गीतमा प्राण भर्ने काम वाद्यले गरेको हुन्छ । नेपाली लोकबाजामा विश्वसङ्गीतलाई मार्गदर्शन गर्न सक्ने शक्ति छ भन्दा अत्युक्ति नहोला । नेपाली लोकबाजामा नेपाली जीवनको पिर र व्यथा बोलेको हुन्छ, आँसु रसाएको हुन्छ र हाँसो पनि मुस्कुराएको हुन्छ । नेपाली लोकबाजाका क्षेत्रमा गहन अनुसन्धान गर्नेहरू पनि छन् । लोकबाजामा हामी गौरवशाली पुर्खालाई देख्न र उनीहरूका आवाज सुन्न सक्छौँ । हुन पनि हो, बाजा एक्लो हुँदैन र एक्लै बज्दैन । ऊसँग ताल, बोल, स्वर, राग, गीत तथा नाच साथीका रूपमा रहेका हुन्छन् । यी सबै मिलेर हाम्रो गौरवमय लोकसंस्कृति जन्मन्छ । यस्तै यस्तै लोकसंस्कृति र लोकभाकाले नेपाली लोकजीवनका आँखामा बगेका आँसु पुछेका छन् । यिनै लोकभाकाले नेपाली वीरताको गाथा गाएका छन् । नेपाली लोकहृदयका कहिल्यै पनि नपुरिने दुःख, पीडा र व्यथाका घाउको सहज उपचार गरिदिएका छन् । जब नेपाली लोकजीवनमा सन्तान वृद्धिको खुसियाली छाउँछ, त्यति वेला छैटीमा नवजात शिशुको दीर्घायुका लागि खैँजडी र मजुरा बज्छन् । विवाहको अवसरमा बज्ने नौमती या पञ्चेबाजाले पैदा गर्ने रौनकको त बयान गरी के नै साध्य छ र ? देवदेवीका थानमा बज्ने मङ्गल धुन र विभिन्न उत्सव र पर्वहरूमा बज्ने बाजागाजाले नेपाली लोकको सङ्घर्षशील जीवनलाई पनि निकै मनोरञ्जन र आनन्द प्रदान गरेका छन् । नेपाली समाजमा कुनै पनि धर्मिक अनुष्ठान र

*अमूल्य* - *मोल गर्न नसकिने, बहुमूल्य*
*जगेर्ना* - *जोगाएर राख्ने, सुरक्षा*
*अत्युक्ति* - *बढाइचढाइ गरिने वर्णन, अतिशयोक्ति*
*गहन* - *गहिरो, गम्भीर*
*अनुष्ठान* - *धार्मिक कार्य, विधिमुताबिक गरिने पूजा पाठ वा आराधना*

सामाजिक संस्कार साङ्गीतिक अनुष्ठानबिना सम्पन्न हुँदैनन् भने हरेक यस्ता साङ्गीतिक अनुष्ठान नेपाली लोकबाजाबिना अधुरा नै रहन्छन् ।

आयातित बाजाबाट नेपालका मौलिक र रैथाने लोकबाजा लखेटिने स्थिति आउनुहुँदैन । आजभोलि हाम्रा लोकबाजाप्रति नयाँ पुस्ताको चासो घट्न थालको हो कि भन्ने आभास हुन थालेको छ। सारङ्गी, मादल, मुर्चुङ्गा, विनायो, ट्याम्को, सनाही, झ्याम्टा आदि हाम्रा लोकबाजा हुन् तर नेपालीहरू हार्मोनियम, गिटार, किबोर्ड, तबला र बिंजुको धुनमा समेत रमाउन थालेका छन् । दिन प्रतिदिन देशमा लोकबाजा बजाउने मान्छेको अभाव हुँदै जानु चिन्ताको विषय हो। लोकबाजा लोकको सम्पत्ति हो। त्यसैले यसको संरक्षणमा सरकार र समाज दुवै जिम्मेवार हुनुपर्छ। नेपालमा लोकबाजाको संरक्षणका लागि लोकबाजा सङ्ग्रहालय नामक संस्था छ । व्यक्तिगत रूपमा कतिपय व्यक्ति आज यसको संरक्षणका लागि दिलोज्यानले समर्पित पनि छन् । सुशील गन्धर्वलगायतले यसको संरक्षणको अभियानमा देखाएको अग्रसरता प्रशंसायोग्य छ ।

हाम्रा नेपाली लोकबाजामा मान्छेलाई लठ्याउने शक्ति र कलाको अनन्त जादु भएकैले यिनको ठुलो महत्त्व छ । नेपालका पञ्चेबाजाले शुभकार्यको सङ्केत दिन्छन्, त्यसैले त विवाह होस् वा अन्य कुनै शुभकार्य पञ्चेबाजालाई अघि लगाइन्छ । ती बाजा घन्किन थालेपछि सारा अशुभ सङ्केत कुलेलम ठोक्छन् भन्ने विश्वास गरिन्छ । मलामी जाँदा बजाउने एकोहोरो शङ्खमा भूतप्रेत भगाउन सक्ने शक्ति हुन्छ भन्ने परम्परित विश्वास एकातिर छ भने अर्कोतिर शङ्ख फुक्दा फोक्सोको व्यायाम हुन्छ भन्ने पनि मानिन्छ । त्यसो त हरेक बाजा बजाउँदा शारीरिक एवम् मानसिक स्वास्थ्यमा समेत अनुकूल प्रभाव पर्छ । मुरली वा बाँसुरी बजाएरै पौराणिक कालमा कृष्णले मच्चाएको प्रेमलीलाको किंवदन्तीले मुरलीमा रहेको शक्तिलाई द्योतन गरेकै छ । युद्धको घोषणा गर्ने 'नगरा' र सामाजिक भेलाको निम्ति सूचित गर्ने 'पुङ' जस्ता बाजाहरूभित्र लुकेको शक्ति विचित्रको छ । आजभोलि त कतिपयले बाजा बजाउनुलाई व्यवसाय र पेसाकै रूपमा विकसित गरी आयआर्जनसमेत गरिरहेको पाइन्छ । यसरी बाजाबाट निस्कने धुनले व्यक्तिमा परिवेश अनुकूलको भाव पैदा गर्ने, शुभाशुभ सङ्केत गर्ने र व्यक्तिको शारीरिक एवम् मानसिक स्वास्थ्यसमेत स्वस्थ राख्न मदत पुऱ्याउने हुँदा यसको महत्त्व छ ।

नेपालका विभिन्न जातिका अनेक चाडपर्व, विवाह, धार्मिक कार्य आदिमा गाउँसहर जताततै नेपाली लोकबाजा बज्नुपर्छ । आधुनिकताका नाममा पप, ऱ्याप, डिस्को होइन नेपाली लोकगीत तथा लोक सङ्गीतका तालमा नेपाली बाजा नै घन्किनुपर्छ । आधुनिकतालाई अँगाल्नु समयको माग होला तर यसैमा डुबेर आफ्नो मौलिकतालाई भुल्नु कदापि राम्रो होइन । आफ्नो संस्कृतिका यी अमूल्य लोकबाजाको प्रयोग र संरक्षणप्रति राज्य र नागरिकसमेत जागरूक हुनु जरुरी छ । संस्कृति भनेको हरेक राष्ट्रको आत्मा हो र मौलिकताको पर्याय हो । मौलिकता भाषा र रहनसहनले मात्र होइन, त्यहाँको बहुसांस्कृतिक सुवास र त्यसमा अटाउने गीत, सङ्गीतले पनि बोक्छ । हाम्रा मौलिक बाजा सङ्कटमा

आभास - कुनै कुरा हो कि जस्तो लाग्नु, झल्को
व्यायाम - शरीरलाई स्वस्थ तथा तन्दुरुस्त बनाउन नियमित रूपमा गरिने श्रम वा कसरत
द्योतन - सङ्केत गर्ने, सूचना दिने काम

पर्दा हाम्रो पहिचानसमेत सङ्कटमा पर्ने हुँदा यसको संरक्षण र संवर्धनका लागि सम्पूर्ण मुलुक एक ढिक्का हुनु आवश्यक छ। नेपाल लोकबाजाका दृष्टिले समेत वैभवशाली छ। यो वैभवलाई बचाए मात्र हामी आफ्नै संस्कृति, परम्परा र कलालाई अझै समृद्ध तुल्याउन सक्छौँ । राष्ट्रकवि माधव घिमिरेको गीति कविताका माथिका हृदयस्पर्शी हरफमा झ्याली र मादलले समग्र लोकबाजाको प्रतिनिधित्व गर्दै यी रहे भने मात्र नेपाल रहन्छ भन्ने मार्मिक भाव व्यक्त छ। अतः राष्ट्रको अस्तित्व बचाउन मुलुकको मौलिक लोकबाजाको संरक्षण जरुरी छ।

*अस्तित्व - कुनै वस्तु हुनाको भाव वा अवस्था*

## शब्दभण्डार

**१ दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| उपेक्षा | प्राकृतिक सम्पत्ति |
| विविध | आशा |
| अङ्कित | पुरानो बासिन्दा |
| सम्पदा | चित्रित |
| दीर्घायु | पठाइएको |
| रैथाने | दीर्घजीवी |
| जागरूक | अनेक प्रकारका |
| | तिरष्कार, बेवास्ता |
| | सचेत |

**२. 'नेपाली लोकबाजा' निबन्धमा विभिन्न जातजातिमा प्रचलित बाजाका नाम दिइएको छ। ती बाजासँग सम्बन्धित शब्द पहिचान गरी साथीसँग छलफल गर्नुहोस्।**

**३. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

विविधता, लोकपरम्परा, खैंजडी, अल्पसङ्ख्यक, धुकधुकी, संवर्धन

**४. भन्ज्याङ चौतारी, चिया नास्ता, साथी भाइ, सन्चो बिसन्चो जस्ता अन्य पाँचओटा जोडी शब्द खोज्नुहोस्।**

## बोध र अभिव्यक्ति

### १. दिइएका शब्दको शुद्धसँग उच्चारण गर्नुहोस् :

वैभव, वाद्य, वीणा, सांस्कृतिक, शक्ति, दीर्घायु, अनुष्ठान, सङ्ग्रहालय

### २. निबन्धका अनुच्छेद पालैपालो सस्वरवाचन गर्नुहोस् र साथीले पढ्दा लागेको समय टिपोट गरी कक्षामा सुनाउनुहोस् ।

### ३. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'नेपाली लोकबाजा' पाठ कति अनुच्छेदमा संरचित छ ?

(ख) निबन्धको तेस्रो अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ग) वाक्य सङ्ख्या का दृष्टिले सानो र ठुलो अनुच्छेद कुन हो ?

(घ) कुन अनुच्छेदमा विभिन्न जातिका बाजाका नाम उल्लेख गरिएको छ ?

### ४. दिइएको निबन्धांशको सन्दर्भ पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

हाम्रो नेपाली धर्ती अनेकौँ मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । यहाँ फुलेका र फक्रेका अनेकौँ सांस्कृतिक वैभवमध्ये हाम्रा लोकबाजा गौरव गर्न लायक सम्पत्ति हुन् । हाम्रो समाजमा प्रचलित तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई विभिन्न अवसरमा बजाइने यस्ता यन्त्रविशेष वा वाद्यलाई नै लोकबाजा भनिन्छ। यिनीहरू नेपाली समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, महोत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन्। यी नेपाली लोकबाजा नेपाली समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचानसमेत हुन् । नेपाली समाज सांस्कृतिक र जातीय विविधताले युक्त छ । यहाँका जातजातिले विभिन्न पर्व र संस्कारका अवसरमा बजाउने बाजामा पनि त्यस्तै विविधता पाइन्छ। हाम्रा नेपाली लोकबाजाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यता जत्तिकै पुरानो हुनुपर्छ। पुराण वा मिथकमा वर्णित शिवजीले हातमा लिने डमरु, विष्णुका हातको शङ्ख र कृष्णका हातका मुरलीबाट पौराणिक कालदेखि नै बाजाको सुरुआत भएको मानिन्छ ।

#### प्रश्नहरू

(क) नेपाली धर्तीलाई कुन कुराको अनुपम सङ्ग्रहालय मानिएको छ ?

(ख) लोकबाजालाई कसरी बजाइन्छ ?

(ग) कस्ता कस्ता संस्कारमा लोकबाजाको प्रयोग गरिन्छ ?

(घ) 'संस्कृतिको शङ्खनाद' भन्नाले के अर्थ बुझिन्छ ?

## ५. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाली लोकबाजाको विकास कसरी भएको छ ?

(ख) बजाउने शैली र बनोटका आधारमा लोकबाजालाई कति किसिमले वर्गीकरण गर्न सकिन्छ ?

(ग) नेपाली लोकबाजाको महत्त्वबारे चर्चा गर्नुहोस् ।

## ६. व्याख्या गर्नुहोस् :

(क) बहुजातीय र बहुसांस्कृतिक मुलुक हुनु नेपालको गौरवमय अतीत मात्र होइन सुन्दर वर्तमान पनि हो ।

(ख) मौलिक बाजा सङ्कटमा पर्नु भनेको हाम्रो पहिचानसमेत सङ्कटमा पर्नु हो ।

## ७. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत कञ्चनपुर जिल्लामा दोधारा चाँदनी नगरपालिका पर्छ । नेपालको महाकाली नदीपारि रहेका साबिकका चाँदनी र दोधारा दुई गा.वि.स. समावेश गरी यस नगरपालिकाको नाम दोधारा चाँदनी नगरपालिका जुराइएको हो । यस नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारत रहेको छ भने पूर्वमा महाकालीपारि भीमदत्त नगरपालिका र शुक्लाफाँट वन्यजन्तु आरक्ष रहेका छन् । यहाँ विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिको बसोबास रहेको छ । यहाँका स्थानीय बासिन्दाको औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायले सबैभन्दा ठुलो हिस्सा ओगटेको छ । यसका साथै उनीहरूको आम्दानीका अन्य स्रोतमा व्यापार, नोकरी र वैदेशिक रोजगारी रहेका छन् । यहाँ विभिन्न जातजाति र समुदायका मानिसको बसोबास रहेको छ । यहाँ दसैं, तिहार, माघी, होली, गौरा, कृष्णजन्माष्टमी, आइतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिस्मस आदि प्रमुख चाडपर्वका रूपमा मनाइन्छन् । महाकाली नदीमा रहेको नेपालको सबैभन्दा लामो झोलुङ्गे पुल तरेर यहाँका मानिस आवतजावत गर्छन् । यस नगरपालिकामा पुग्न महाकालीमा नयाँ पक्की पुल बनेको छ । यसले यहाँको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) दोधारा चाँदनी नगरपालिकाको नाम कसरी जुराइएको हो ?

(आ) त्यहाँको जनजीवन कस्तो रहेको छ ?

(इ) त्यस क्षेत्रमा मनाइने मुख्य चाडपर्वका नाम लेख्नुहोस् ।

(ई) अनुच्छेदका आधारमा त्यहाँको विकास निर्माणको अवस्थाबारे अनुमान गर्नुहोस् ।

(ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) पक्की, अपेक्षा, कृषि शब्दको अर्थ शब्दकोश हेरी लेख्नुहोस् ।

(आ) 'आरक्ष' को अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

(इ) 'यसले यहाँको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।' वाक्यलाई अकरण बनाउनुहोस् ।

(ई) 'यहाँ विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिको बसोबास रहेको छ ।' वाक्यलाई अकरण बनाउनुहोस् ।

**८. नेपाली लोकबाजाका विशेषता कस्ता छन्, निबन्धका आधारमा समीक्षा गर्नुहोस् ।**

**९. निबन्धको चौथो अनुच्छेदको आशय बोध हुने गरी पाँचओटा प्रश्न निर्माण गर्नुहोस् ।**

**१०. नौमती बाजाका विषयमा सूचनामूलक अनुच्छेद तयार गर्नुहोस् ।**

**११. निबन्धको तेस्रो अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

**१२. रेडियोमा प्रसारित शैक्षिक कार्यक्रम सुनेर त्यसको विषयवस्तु कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

**१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

म जनता माध्यमिक विद्यालयमा पढ्छु । मेरो विद्यालयमा आधारभूत र माध्यमिक तहको पठनपाठनका लागि अलग अलग भवन छन् । विद्यालयको बिचमा ठुलो चउर छ । उक्त चउरमा हामी खेल खेल्छौँ । चउरनजिकै रहेको भवनमा हाम्रो कक्षाकोठा छ । कक्षाकोठामा बेन्च र डेस्क मिलाएर राखिएको छ । कक्षाकोठामा किताब राख्न मिल्ने र्‍याकसहितको टेबुल छ । प्रत्येक विषयका महत्त्वपूर्ण शैक्षिक सामग्री भित्तामा सजाएर राखिएको छ । कक्षाकोठाको सौन्दर्य देखेर सबै शिक्षकले हाम्रो प्रशंसा गर्नुहुन्छ ।

माथिको सन्दर्भ जस्तै तपाईं पनि आफ्नो विद्यालयको अवस्था वर्णन गर्नुहोस् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १४ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) हाक्पारे गीत कुन समुदायमा प्रचलित छ ?

(ख) हाक्पारे गीत गाउनेले कसरी श्रोतालाई मन्त्रमुग्ध पार्छन् ?

(ग) गीतलाई कसरी अन्त्य गरिन्छ ?

(घ) हाक्पारे गीतका मुख्य मुख्य विशेषता भन्नुहोस् ।

२. **हाक्पारे गीत जस्तै तपाईँको समुदायमा प्रचलित गीत कक्षामा सुनाउनुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको सन्दर्भ पढी त्यसको भिन्नताबारे कक्षामा छलफल गर्नुहोस् :**

| करण | अकरण |
|---|---|
| विनयले बसपार्कबाट टिकट लियो । बिहान ६ बजे गाडी छुट्यो । बाटो बिग्रिएको रहेछ । बाटामा गाडी र मान्छेको भिड थियो । बाहिर निस्कनासाथ उसले साथी भेट्यो । दुवै जनाले खाजा खाए । खाजाको ऊर्जाले उनीहरू भलाकुसारीमा व्यस्त होलान् । | विनयले बसपार्कबाट टिकट लिएन । बिहान ६ बजे गाडी छुटेन । बाटो बिग्रिएको रहेनछ । बाटामा गाडी र मान्छेको भिड थिएन । बाहिर निस्कनासाथ उसले साथी भेटेन । दुवै जनाले खाजा खाएनन् । खाजाको ऊर्जाले उनीहरू भलाकुसारीमा व्यस्त नहोलान् । |

२. **दिइएको अनुच्छेद पढी करण र अकरण क्रियापद पहिचान गर्नुहोस् :**

मलाई पढाइको चिन्ता लागिरहेको थियो । सबै जना काममा व्यस्त थिए । मसँग कोही पनि खुलेर कुरा गर्दैनथे । एक प्रकारले उनीहरू मसँग केही कुरा लुकाए झैँ व्यवहार गरिरहेका थिए । आमा मलाई केही भन्नुहुन्नथ्यो । दिदीहरू थाहा पाए पनि मौन रहन्थे । म पनि केही थाहा नपाए जस्तो हिँड्थेँ । मलाई पढ्न सहर जानु थियो । पढाइलाई छोड्न सक्दिनथेँ । त्यसैमा म अलमलिरहेको थिएँ । मैले अरू केही ख्याल गरिनँ । बुबा भन्नुहुन्थ्यो, "गाउँमै कलेज खुलेको छ, सहर नजाऊ ।" म दोधार भएँ ।

३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) विद्यार्थी फुटबल खेल्दै थिए । (अकरण)

(ख) बुबाले नबोलाउनुभएको भए म फर्किन्नथेँ । (करण)

(ग) जहाँ पनि असल मान्छेको सधैँ अभाव हुन्छ । (अकरण)

(घ) उसले भनेको कुरा कसैले पनि मान्दैनन् । (करण)

(ङ) आज पानी पर्ला । (करण)

४. **निबन्धबाट दशओटा करण क्रियापद टिपी तिनलाई अकरणमा परिवर्तन गर्नुहोस् ।**

५. **दिइएको अनुच्छेद पढ्नुहोस् । अनुच्छेदबाट 'ज्ञ' र 'ग्य' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

ज्ञानेश्वरका ज्ञानबहादुर ज्ञवालीले एउटा ग्याँस सिलिन्डर किने । उनी बिहान खाजा खाएर विज्ञान विषय पढ्न बसे । त्यही वेला यज्ञप्रसाद आए र ग्यालेन लिएर पानी लिन गए । बाटामा मोटर ग्यारेज थियो । उनले मोटर ग्यारेजका छेउको धाराबाट पानी ल्याए र खाना पकाए । ज्ञानबहादुर र यज्ञप्रसादले खाना खाए । यज्ञ पनि विज्ञानमा योग्य थिए । दुवैले विज्ञानको परीक्षा राम्रो गरे ।

६. **शब्दकोशको सहायताले 'ज्ञ' र 'ग्य' प्रयोग भएका पाँच पाँचओटा शब्द टिप्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'साइबर अपराधको रोकथाम' विषयमा एउटा निबन्ध तयार गर्नुहोस् ।**

२. **तपाईँको समुदायमा प्रचलित लोकबाजाको नाम टिपी ती बाजा कुन कुन अवसरमा बजाइन्छन्, कक्षामा सुनाउनुहोस् ।**

पाठ १५

# आमाको तस्बिर

भूपिन

यही डल्ले जाँतो झैँ फनफनी घुमाएर
आफ्नो उमेर
अँजुलीभरि सपनाहरूको घान हालेर
तिमीले मेरा लागि घुमाइरह्यौ जाँतो
जीवनभरि ।
दिदीको फेसबुकमा
जब देखेँ तिम्रो तस्बिर
ओहो ! मलाई कठिन भैरहेछ सास फेर्न
बन्द भए झैँ लाग्दै छ रगत बग्न
धमिलो धमिलो सम्झिएँ

मलाई पिठिउँमा बोकेर
तिमीले लोरी गाउँदै जाँतो घुमाएको ।
सम्झिएँ,
उमेरका पाँच छओटा अखेटा चढेपछि
मलाई जाँतो नजिकै राखेर
तिमीले सुनकेसरी मैयाको कथा सुनाएको ।
तिमीले मधुमालतीको कथा सुनाएको ।
सम्झिएँ,
मैले जाँतो घुमाउने जिद्दी गर्दा
तिमीले स्नेहले भनेको,
"सक्दैनस् बाबु अहिले
ठेला उठ्छ कलिलो हत्केलामा ।"
जब जाँतो घुमाउन सक्ने भएँ
मेरै जीवनको चक्र घुम्यो त्यही जाँतो झैँ
र म उड्नुपर्‍यो सात समुद्रपारि ।



शब्दार्थ

जाँतो – चाक्ला र गोलाकार ढुङ्गाका दुई फल्लेटाबाट बनाइएको मकै, गहुँ, कोदो आदि पिस्न प्रयोग गरिने एक प्रकारको घरेलु यन्त्र

घान – एक पटक भुट्न, कुट्न वा पिस्नका लागि छुट्याइएको वस्तुको मात्रा

लोरी – नानीबाबुलाई सुताउन आमाले गाउने गीत वा त्यसको लय

अखेटा – अघि बढ्न वा उचाइतिर जानका लागि रुख वा बोटमा नचिप्लिने गरी टेकिने भाग, ससाना होँचा

मलाई डोकाको घाँसमाथि राखेर
तिमीले उकाली ओराली गऱ्यौ
र तिम्रो ढाड कुप्रियो ।
मलाई सधैँ सुखमा राखेर
तिमीले हातमा ठेला उठायौ
र तिम्रो भाग्यरेखा मेटियो ।
अब त फेरिनु पर्थ्यो तिम्रो दैनिकी
तर दिदीले लेखिन् फेसबुकमा
"आमाको पृथ्वीमा
दु:खको मौसम अझै पनि ।"

आमा !
मैले यहाँ दु:खले कमाएको पैसाले
म जन्मेको घरको दैलो पोतेनछ
झिसमिसेमै गएर ल्याएनछ पानी पँधेराबाट
गोठको भकारो फालेनछ
घाँस काटेनछ खोरियाबाट
दाउरा ल्याएनछ जङ्गलबाट ।
सोचेथेँ,
मैले यति कमाएपछि
अब त तिम्रा दु:खहरू यसै सकिए होलान् ।
अल्सरले बितेका बुबाको
झल्को पनि कम हुँदै गयो होला
"बचेराहरू गुँड छोडेर जानका लागि जन्मन्छन् ।"
तिमीले चित्त बुझायौ होला ।
आमा !
यता म फसेको छु जीवनको दलदलेमा
जति निस्कन खोज्छु यो देशबाट
उति नै जोडले भासिन्छु तल
अझ तल
झनै तल ।

*दैलो* - *घरमा पस्न वा निस्किनका निम्ति राखिएको ढोका, दहिलो*
*खोरिया* - *बाली लगाउनका लागि जङ्गलका रुख, बुट्यान आदि काटेर लगाएर बनाइएको जमिन*
*गुँड* - *चराको बासस्थान*

धेरै ढिला गरेर आत्मसमीक्षा गर्दै छु
आमा !
मैले तिम्रा लागि केही सोचेनछु
मैले सोचेनछु आमा,
तिम्रो दमको रोग
आङ खस्ने बिमार
र जाँतोसँगै एक्लै बर्बराएर बाँच्नुपर्ने
एउटा जिन्दगीका बारेमा ।
पासपोर्ट, भिसा वा पिआरको चक्कर लगाउँदा लगाउँदा
घर, गाडी र सम्पत्तिको किस्ता तिर्दा तिर्दा
मैले बिर्सेछु,
दुनियाँको सबैभन्दा प्यारो काखलाई ।

आमा !
छुट्टीको दिन
जब आकाश चिर्दै उडिरहेका जहाजहरू देख्छु
सोच्छु,
यीमध्ये कुनै जहाज मेरो देशमा पनि जान्छ ।
जब हल्ला गर्दै उडिरहेका कन्याङकुरुङ देख्छु
सोच्छु,
यिनीहरूको लस्कर मेरो गाउँमा पनि पुग्छ ।

म त्यो जहाजको
एक यात्री बन्न पनि सकेनछु
म त्यो बथानको
एउटा चरा बन्न पनि सकेनछु

आमा !
दिदीको फेसबुकमा जब तिम्रो फोटो देखेँ
म मानी फुक्लिएको जाँतो झैँ भएको छु ।

*आत्मसमीक्षा – आफ्नै गुणदोषको विवेचना*
*लस्कर – ताँती, लर्को*

## शब्दभण्डार

**१. दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
| --- | --- |
| अँजुली | काम गर्दा हातगोडामा उठ्ने छालाको साह्रो डल्लो |
| धमिलो | गोलो घेरा |
| ठेला | धर्ती |
| चक्र | दुई उत्ताना हत्केला जोडी बनाइएको हातको मुद्रा |
| पृथ्वी | ठुला नदी वा समुद्रमा सामान वा मान्छे ओसारपसार गर्ने साधन |
| भकारो | विदेश जानका निम्ति सरकारले दिने अनुमतिपत्र, राहदानी |
| पासपोर्ट | काम |
| पानीजहाज | गाई, भैँसी आदि पशुहरूको मल, मलमूत्र |
| | राम्रोसँग नदेखिने |
| | उज्यालो |

**२. दिइएका शब्दको विपरीतार्थी शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

बिपना, सहज, उकाली, सुख, माथि, पाताल

**३. दिइएका पद तथा पदावलीलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

जाँतो, पिठिउँ, सात समुद्र, बिमारी, भासिनु, पिआर

## बोध र अभिव्यक्ति

**१. दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अँजुली, चक्र, समुद्र, पृथ्वी, आङ, दलदले

**२. कविता गति, यति र लय मिलाई सस्वरवाचन गर्नुहोस् ।**

## ३. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :

मलाई डोकाको घाँसमाथि राखेर
तिमीले उकाली ओराली गर्‍यौ
र तिम्रो ढाड कुप्रियो ।
मलाई सधैँ सुखमा राखेर
तिमीले हातमा ठेला उठायौ
र तिम्रो भाग्यरेखा मेटियो ।
अब त फेरिनु पर्थ्यो तिम्रो दैनिकी
तर दिदीले लेखिन् फेसबुकमा
"आमाको पृथ्वीमा
दुःखको मौसम अझै पनि ।"

**प्रश्नहरू**

(क) माथिको कवितांशमा सबैभन्दा बढी र सबैभन्दा कम शब्द सङ्ख्या भएका पङ्क्ति भन्नुहोस् ।

(ख) कवितांशको सातौँ पङ्क्तिलाई व्याकरणिक पदक्रम मिलाई भन्नुहोस् ।

(ग) 'आमाको पृथ्वीमा दुःखको मौसम' भन्नुको अर्थ के हो ?

(घ) आमाको ढाड कुप्रिनाको खास कारण के हो ?

## ४. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कवितामा कविले आमाका बारेमा धमिलोसँग सम्झेका कुरा के के हुन् ?

(ख) दुनियाँको सबैभन्दा प्यारो आमाको काखलाई म पात्रले किन बिर्सेका रहेछन् ?

(ग) विदेशमा कमाएको पैसाले आमाका लागि के के गर्न सकेको देखिँदैन ?

(घ) 'म' पात्र देश फर्कने जहाजको यात्री बन्न नसक्नुको कारण के होला ?

## ५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

मोबाइल तथा कम्प्युटरमा इन्टरनेटका माध्यमबाट समुदायमा आधारित सामग्री आदानप्रदान गर्ने एक प्रकारको सञ्चारमाध्यम सामाजिक सञ्जाल हो । यसका माध्यमबाट हामी आफूले

प्राप्त गरेका सूचना, विचार, फोटो, भिडियोलगायतका सामग्री आफन्त, साथीभाइ तथा शुभेच्छुमाझ आदानप्रदान गर्छौं। ग्रामीण भेगमा समेत इन्टरनेटको पहुँच विस्तार भएसँगै सामाजिक सञ्जाल प्रयोगको दायरा निकै फराकिलो भएको छ। सूचना र प्रविधिको विकाससँगै युवाहरूको त कुरै छोडिदिऊँ, बालबालिकादेखि ज्येष्ठ नागरिकसमेतका हात हातमा मोबाइल चलाइरहेको देखिन्छ । यसैबाट सबै उमेर समूहको सामाजिक सञ्जालप्रति आकर्षण बढ्दै गएको देखिन्छ । यसैमा सबै जना रमाउँछन् । यसले मानिसलाई सशक्त रूपमा जोड्ने काम गर्नुका साथै यो मानव जीवनको अभिन्न अङ्ग जस्तै बनेको छ । सूचना तथा जानकारी लिन, समाचार हेर्न मानिसले सामाजिक सञ्जालकै सहारा लिइरहेका हुन्छन् । त्यस्तै सामाजिक सञ्जालको प्रयोगले सामाजिक सचेतनाको स्तर वृद्धिमा सहयोग पुऱ्याएको छ । एकातर्फ यसले हाम्रो दैनिकीलाई अझ सरल बनाइदिएको छ भने अर्कातर्फ प्रयोगकर्ताको असावधानीका कारण कतिपय संवेदनशील घडीमा मानसिक त्रास र जोखिमसमेत थपिदिएको देखिन्छ ।

**(क) उत्तर दिनुहोस् :**

(अ) सामाजिक सञ्जाल भनेको के हो ?

(आ) सामाजिक सञ्जालको सदुपयोग कसरी गर्न सकिन्छ ?

(इ) सामाजिक सञ्जाल प्रयोगकर्ताले कुन कुरामा सावधानी अपनाउनुपर्छ ?

(ई) किन सामाजिक सञ्जालप्रति आकर्षण बढ्दै गएको देखिन्छ ?

**(ख) भाषा संरचना पहिचान गर्नुहोस् :**

(अ) 'आशा' शब्दको विपरीतार्थी शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।

(आ) 'साँघुरो' र 'विकर्षण' शब्दको विपरीतार्थी शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् ।

(इ) अनुच्छेदमा रहेको 'कतिपय संवेदनशील घडीमा मानसिक त्रास र जोखिमसमेत थपिदिएको देखिन्छ' वाक्यलाई कर्तृवाच्यमा बदल्नुहोस् ।

(ई) 'यसैमा सबै जना रमाउँछन्' वाक्यलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् ।

**६. 'आमाको तस्बिर' कविताका आधारमा आमाले छोराछोरीप्रति गर्ने माया ममताको चर्चा गर्नुहोस् ।**

**७. 'म' पात्र स्वदेशमै रहेको भए आमाको दुःख कसरी हटाउँथ्यो होला, कविताका आधारमा लेख्नुहोस् ।**

८. **दिइएका श्लोकलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् :**

(क) मेरै जीवनको चक्र घुम्यो त्यही जाँतो भैँ ।

(ख) भिसमिसेमै गएर ल्याएनछ पानी पँधेराबाट ।

९. **दिइएको कवितांशको व्याख्या गर्नुहोस् :**

जब जाँतो घुमाउन सक्ने भएँ
मेरै जीवनको चक्र घुम्यो त्यही जाँतो भैँ
र म उड्नुपऱ्यो सात समुद्रपारि ।

१०. **दिइएको अनुच्छेद पढ्नुहोस् । त्यस्तै गरी 'मलाई मन पर्ने ठाउँ' शीर्षकमा भावात्मक अनुच्छेद तयार पार्नुहोस् :**

**मेरो देश**

हिमालको सेतो फेटा, पहाडको हरियो भोटो र तराईको पहेँलो कछाड फेरेर बसेको मेरो देश मेरो मुटुको टुक्रा हो । सिन्धुमा हराएको बिन्दु जस्तै विश्वको भूमण्डलमा सानो देखिए पनि मेरो देश मेरो हृदयको धड्कन हो । मेरो देश सगरमाथालाई माथमा लिएर हाँसेको छ अनि पर्वतबाट नित्य निरन्तर बगिरहेका अमृत धारा पिएर बाँचेको छ। पूर्वमा मेची र पश्चिममा कालीको साँध कोरेर उत्तरतर्फ हिमशृङ्खलाको प्राकृतिक पर्खाल लगाई स्वयम् प्रकृति नै मेरो देशको रक्षामा खटिएकी छन् । मेरो देशको चार किल्लाभित्र प्रकृतिदेवी रमाउँदै छमछम नाचेकी छन् । सूर्यका सुनौला र सुकोमल किरण जब हिमाललाई स्पर्श गर्छन् अनि मेरो देशमा उज्यालो पोखिन्छ । सूर्यका किरण हिमालयबाट बिदा भएपछि पुनः यहाँ अँध्यारो पोतिन्छ । रहस्यको सरोवर मेरो देश अनेकताभित्र एकता भएको देश हो । यी सबै पक्षका आधारमा हेर्दा विश्वभरिकै प्राकृतिक सौन्दर्यलाई यही खन्याएको जस्तो लाग्छ ।

११. **दिइएको अनुच्छेद पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

सुनिता र अनिता नौ कक्षामा पढ्छन् । दुवै खुब मिल्ने साथी हुन् । सुनिता कक्षामा नेपाली शिक्षकले पढाएका र पाठ्यपुस्तकमा भएका कुरा मात्र पढ्छिन् । अनिता चाहिँ त्यसबाहेक खाली घन्टीमा पुस्तकालयमा गएर शिक्षकले पढाएका विषयसँग मिल्ने अरू किताब पनि पढ्छिन् । अनितालाई उनका बुबाले शिक्षकले पढाएका कुरा मात्र पढ्ने विद्यार्थीभन्दा आफैँले खोजेर पढ्नेलेख्ने विद्यार्थीको पढाइलेखाइ राम्रो हुन्छ भन्नुभएको छ । त्यसैले उनी पुस्तकालय जान्छिन् । केही समयपछि जब निबन्ध प्रतियोगितामा विद्यालयका तर्फबाट दुवै जना छनोट भए । घोकेर र शिक्षकले लेखाएका नोटको मात्र भर परेर गएकी सुनिता चौथो भइन् तर पुस्तकालयमा गई आफैले सामग्री खोजेर निबन्ध प्रतियोगितामा सामेल भएकी अनिता प्रथम भइन् ।

तपाईंलाई मनपर्ने कुनै पनि विधाको प्रतियोगितामा पुरस्कृत हुनका लागि गरेको परिकल्पना कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

### १. सुनाइ पाठ १५ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) फूलहरू के के भए ?

(ख) भावुक फूलहरूको जीवन केमा डुब्यो ?

(ग) फूलहरूले कस्ता विषयमा कविता लेखे ?

(घ) 'बिहानीको किरणले फूलबारी रङ्गियो' भन्नुको तात्पर्य के होला ?

### २. कवितामा फूलले केका लागि विद्रोह गरेका होलान्, भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

### १. दिइएको संवाद पढ्नुहोस् र बुझ्नुहोस् :

| संवाद १ | संवाद २ |
|---|---|
| हरिहर : कता हिँड्नुभयो हँ, धरणीधरज्यू ? | हरिहर : कता हिँडियो हँ, धरणीधरज्यू ? |
| धरणीधर : हैन यत्तिकै घुम्न हिँडे नि म त । | धरणीधर : हैन यत्तिकै घुम्न हिँडियो नि आफू त । |
| हरिहर : ए, घुम्न पो हिँड्नुभएको रहेछ, हैन ? | हरिहर : ए, घुम्न पो हिँडिएको रहेछ, हैन ? |
| धरणीधर : हो, जथाभावी काम बिना चाहिँ नहिँड्नुहोस् है । | धरणीधर : हो, जथाभावी काम बिना चाहिँ नहिँडियोस् है । |
| हरिहर : हैन धरणीधरज्यू एक छिनमा आउँछु । | हरिहर : हैन धरणीधरज्यू एक छिनमा आइन्छ । |

माथिको तालिका १ मा कर्तृवाच्यमा संवाद भएको छ । तालिका २ मा भाववाच्यमा संवाद भएको छ ।

### २. दिइएको अनुच्छेदबाट कर्तृवाच्य र भाववाच्यका क्रियापद टिप्नुहोस् :

म भोलि बिहान छ बजे उठ्छु । हरि भने बिहानै ५ बजे उठ्छ । हामी सात बजे सौराहातिर लाग्ने छौँ । हामी १२ बजे चितवन पुग्छौँ । हामी एक दिन सौराहा घुम्ने छौँ । हामी त्यस दिन त्यही बस्छौँ । अर्को दिन हामी काठमाडौँ फर्कन्छौँ । भोलि बिहानै उठेर हिँडिने छ । आठ बजे गजुरी पुगिने छ । १२ बजे चितवन पुगिने छ । एक दिन सौराहा घुमिने छ । एक दिन त्यही बसिने छ । अर्को दिन काठमाडौँ आइने छ ।

३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) हामी भ्रमणमा गएका थियौँ । (भाववाच्य)

(ख) हिलामा लडिएछ । (कर्तृवाच्य)

(ग) समयमा बासस्थान पुगियोस् । (कर्तृवाच्य)

(घ) हामी नौ बजे विद्यालय हिँड्थ्यौँ । (भाववाच्य)

(ङ) साथीहरू कक्षामा ध्यानपूर्वक बस्दै हुने छन् । (भाववाच्य)

(च) तरकारी किन्न बजार हिँडियो । (कर्तृवाच्य)

४. **पाठबाट कुनै पाँचओटा अकर्मक क्रियापद टिपोट गरी भाववाच्यमा परिवर्तन गर्नुहोस् ।**

५. **हिँड्नु, डुल्नु, जानु, बस्नु जस्ता धातुबाट बन्ने क्रियापदको प्रयोग गरी दुई जना साथीका बिचमा भाववाच्यमा कुराकानी गर्नुहोस् ।**

६. **दिइएको अनुच्छेद पढ्नुहोस् र 'ऋ' र 'रि' लागेर बनेका शब्द कापीमा टिप्नुहोस् :**

ऋषभको घर रिडी बजारमा पर्छ । ऊ वेदका ऋचा पाठ गर्छ । ऋषभका बुबा ऋषिकेश रिजाल आफ्नो रीतिरिवाज र धर्मकर्ममा खुब विश्वास राख्नुहुन्छ । ऋषभकी बहिनी ऋचा सधैँ रिबनले कपाल बाटेर पढ्न जान्छिन् ।

७. **दिइएको अनुच्छेदलाई 'ऋ' र 'रि' को उपयुक्त प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :**

वसन्त रितुमा पृथ्वीमा हऋयाली छाउने हुनाले कृषक अत्यन्त खुसी हुन्छन् । उनीहरू रिण खोजेर भए पनि खेतीपातीमा जुट्छन् । किसानहरू पऋश्रमी हुनाले उनीहरूको हात ऋत्तो हुँदैन । उनीहरू आफ्नो संस्कार, संस्कृति तथा ऋतिऋवाजलाई कहिल्यै बिर्सँदैनन् ।

## सिर्जना र परियोजना कार्य

१. **आफूलाई मन परेको शीर्षकमा एउटा कविता तयार पार्नुहोस् ।**

२. **विद्युतीय वा पत्रपत्रिकाको स्रोत प्रयोग गरी एउटा गद्य कविता खोजेर कक्षामा सुनाउनुहोस् ।**

# भविष्य निर्माण

देवकुमारी थापा



दार्जिलिङको तुङसुङ बस्तीमा एउटा सानो चिटिक्क परेको घर छ । त्यस घरको अगिल्तिर सुग्घर आँगनका दुवैपट्टि साना साना फूलबारी छन् । घर काठको एकतले छ । घरको छानाको रङ रातो छ । त्यसको भित्ता हरियो रङले पोतेको छ । सङ्घारका दुवैपट्टि गमलामा चमेलियाका बोट छन् । गमला रातो माटाले लिपेको छ । ढोका र झ्यालमा हरियो रङको पर्दा छ । तुङसुङ बस्तीतिर जाने मानिस त्यस घरतर्फ आकर्षित हुन्छन् ।

पार्वती हुन् त्यस घरकी गृहलक्ष्मी । तिनी शिक्षित र गुणवती थिइन् । साह्रै सुन्दरी नभए पनि तिनमा स्त्रीसुलभ सौन्दर्य अवश्य थियो । यसैले कप्तान कृष्णबहादुर सुखी छन् । दोस्रो महायुद्धमा तिनी लप्टन भएका थिए । पछि कप्तान भए । युद्ध थामियो, तिनी पल्टनबाट फर्केपछि आफ्नै सानोतिनो व्यापार गरेर अहिले जीवन बिताइरहेका छन् ।

तिनको पाँच वर्षको एउटा छोरो छ, नरेश । पार्वती योग्य गृहिणी भएकी हुनाले छोराको पालनपोषणमा विशेष ध्यान दिन्थिन् । छोरालाई यस देशको एक जना श्रेष्ठ व्यक्ति बनाउने तिनको एकान्त स्वप्न थियो तर यो स्वप्न तिनले पतिसम्मलाई पनि भनेकी थिइनन् । तिनको स्वभाव नै भावुक थियो ।

*शब्दार्थ*

*सङ्घार — ढोकाको डैलो*

*श्रेष्ठ — असल, उत्तम*

*भावुक — कोमल भाव भएको, भावनामा डुबेको*

एक आइतबार तिनी एउटा दैनिक अखबार पढ्दै थिइन् । धेरै दिनदेखि तिनको हृदय भारी थियो, दाम्पत्यभारले । कोरियाको युद्ध, तिब्बतमा भएको आक्रमण, नेपालको जनक्रान्ति, रुस र अमेरिकाको मतभेद, विश्वमा कतै शान्ति छैन । यो विश्वयुद्धले घर घर अशान्तिको आगो सल्काइसक्यो । केटाकेटी युद्धकै खेल खेल्छन् । खेलमा कोही कप्तान हुने, कोही कर्णेल हुने अभिनय गर्छन् । यस्तो विश्वको अशान्त वातावरणमा छोरो कसरी बढ्ला ? तिनी यस्तै कुरा गमिरहन्थिन् । आफ्ना पतिसँग पनि तिनी यस्तो विषय लिएर कुरा गर्थिन् । दुवै पतिपत्नी छोरालाई यस्तै सम्पर्कदेखि अलग्ग राख्ने कोसिस गर्थे । सुत्ने कोठामा उनीहरूले बुद्धवाणी, गान्धीवाणी जस्ता धेरै शान्तिका सन्देश नेपालीमा लेखेर टाँगेका थिए । नरेशलाई युद्धवीर होइन, शान्तिवीर बनाउने उनीहरूको स्वप्न थियो ।

यो आइतबार पनि अखबारमा तिनले कोरियाका युद्धसम्बन्धी खबर पढिन् । कृष्णबहादुर घरभित्र आराम गरिरहेका थिए । नरेश तिनीसँग खेलिरहेको थियो । हठात् उसको दृष्टि आफ्ना बुबाको पाखुराको लामो दागमा पऱ्यो र सोध्यो, "बा, यहाँ के भयो हैं ?" कृष्णबहादुरले भने "लडाइँमा गोली लागेको बाबु ।"

नरेश, "कसले गोली हानेको थियो बुबा ?"

कृष्ण, "जर्मनहरूले ।"

नरेश, "गोली लाग्दा तपाईंलाई दुखेन ?"

कृष्ण, "दुखेर के गर्नु ? लडाइँमा यस्तै हुन्छ, बाबु । शत्रुलाई मार्नै पर्छ ।"

नरेशले फेरि हठात् प्रश्न गऱ्यो "बुबा, तपाईंले पनि मानिस मार्नुभयो ?" छोराको यस प्रश्नले तिनी एकछिन गम्भीर भए र भने, "हो, धेरै जर्मनलाई मारेर त म कप्तान भएँ ।" यति मात्र भनेका थिए, तिनी आफै झसङ्ग भएर छोराको अनुहारमा पुलुक्क हेरे । नरेशको निर्दोष अनुहारमा जिज्ञासा र द्विविधा झल्किरहेको थियो । तिनलाई आफ्नो भुल थाहा भयो । अब पार्वतीले के भन्लिन् भन्ने तिनका मनमा पऱ्यो । कुरा सम्हाल्नु व्यर्थ थियो किनभने नरेश बाहिर गइसकेको थियो ।

पतिपत्नी बिचका कुरा भइरहेको थियो, नरेश एउटा लामो काठ बोकेर अजिब चालले कोठामा प्रवेश गऱ्यो । दुवैले हेरिरहेका थिए । नरेशले काठ देखाएर भन्यो, "बुबा, हेर्नोस् त बन्दुक, यसैले म ठुलो भएर पछि जर्मनहरूलाई मार्छु ।"

पार्वतीले पतितिर जिज्ञासु दृष्टिले हेरिन् । दुवैका आँखा जुधे । कृष्णबहादुरको अनुहारको रङ उडिसकेको थियो । पार्वतीले केही भनिनन्, केवल टोलिँदै छोरालाई हप्काइन् । एउटा उड्दै आएको पुतलीतिर देखाएर छोरालाई टोलाइन्, "उः ! हेर कस्ती राम्री पुतली ।" नरेश पुतलीका पछि पछि दगुऱ्यो ।

*मतभेद* – *मत वा विचारमा भिन्नता*
*हठात्* – *अचानक, एक्कासि*
*दाग* – *घाउ निको भएपछि रहेको टाटो, खत*
*निर्दोष* – *कुनै दोष नभएको*
*अजिब* – *अनौठो, आश्चर्य लाग्दो*

राती सुत्ने वेलामा नरेशले फेरि आमासित सोध्यो, "आमा, जर्मनहरू साह्रै खराब, हुन्छन् रे हो ?" पार्वतीले भनिन्, "होइन बाबु, सबै जर्मनहरू खराब हुँदैनन्, तिनीहरू बडा ज्ञानी पनि हुन्छन्। रोगीलाई निको पार्ने अनेकौं औषधी उनीहरू नै बनाउँछन्। कलकाँटाको काममा पनि उनीहरू सिपालु हुन्छन्।"

नरेश, "उसो भए बुबालाई किन गोली हाने त ?"

पार्वती, "उनीहरूले हानेनन्। अरू दुष्टहरूले हानेका थिए।"

नरेश, "दुष्टहरू को हुन् आमा ?"

पार्वती, "जो अरूलाई दुःख दिन्छ, आफू मात्र खान्छ, ठुलाको अर्ती मान्दैन, त्यो नै दुष्ट हो।" यस कुराले नरेशको मनमा गहिरो प्रभाव पर्‍यो। आमालाई हेरेर उसले सोध्यो, "आमा, म खराब छु कि राम्रो छु ?"

छोराको प्रश्नले पार्वती मनमनै हाँसिन् र भनिन्, "तिमी राम्रा छौ, सबैभन्दा राम्रा छौ, बाबु।"

त्यो रात पार्वती निकै बेरसम्म छटपटाइरहिन्। कृष्णबहादुर पनि आफ्नो बेसुद्धीमा खिन्न थिए।

भोलिपल्ट पनि नरेशले आमा चाहिँलाई जर्मनहरूकै कुरा सोध्यो। पार्वतीले त्यस अबोध बालकको मनदेखि प्रतिहिंसाको भाव हटाउने नै चेष्टा गरिरहिन्।

त्यही रात भान्सा सकेर पार्वती छोरालाई सुताउने कोसिस गर्दै थिइन्। नरेशले आफ्ना साना साना बाहुले आमाको गाला छोपेर लाडे स्वरमा भन्यो, "आमा, आजदेखि मैले बन्दुक फालिदिएँ है। पछि म ठुलो भएर जर्मनी जान्छु, जर्मनहरूलाई साथी बनाउँछु र म पनि उनीहरूले जस्तै रोगीलाई निको पार्ने औषधी बनाउँछु।" छोराको कुरा सुनेर पार्वतीको कण्ठ भरिएर आयो। तिनले "हुन्छ बाबु" सम्म भन्न सकिनन्। तिनको गला रुद्ध थियो, आँखामा हर्षाश्रु थियो। छोराको भविष्य आज तिनले निर्माण गर्न सकिन्। छोरो निदाइसकेर मिठो स्वप्नमा खेलिरहँदा पनि आमा चाहिँ छोराको भविष्य निर्माणमा झुलिरहेकी थिइन्।

*दुष्ट – अर्कालाई दुःख दिने*

*बेसुद्धी – सचेत नभएको*

*चेष्टा – कोसिस, प्रयत्न*

*हर्षाश्रु – हर्ष वा खुसीको आँसु*

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| स्वप्न | समाचार पत्र |
| अखबार | घाँटी |
| अलग्गै | केही नबुझ्ने |
| गम्भीर | कोसिस |
| व्यर्थ | धीर |
| कलकाँटा | एकान्त |
| अबोध | यान्त्रिक उपकरण |
| कण्ठ | भिन्नै |
| | निरर्थक |
| | सपना |

२. **दिइएका टुक्काको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

झसङ्ग हुनु, रङ उड्नु, खिन्न हुनु, कण्ठ भरिनु, गला रुद्ध हुनु

३. **पाँचओटा अनुकरणात्मक शब्दको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् ।**

भित्तो, झ्याल, शिक्षित, हृदय, द्विविधा, औषधी, प्रार्थना, प्रतिहिंसा

२. **नरेश, पार्वती र कृष्णबहादुरको संवाद हाउभाउसहित पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) कथाको प्रारम्भ कुन घटनाबाट भएको छ ?

(ख) 'नरेशले .... गइसकेको थियो' अनुच्छेदको मुख्य घटना के हो ?

(ग) कथामा उपस्थित भएका पात्रको नाम भन्नुहोस् ।

(घ) कथाको अन्त्यतिर नरेशमा कस्तो परिवर्तन आएको छ ?

**४. दिइएको कथांश शिक्षकले तोकेको समयभित्र मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

एक आइतबार तिनी एउटा दैनिक अखबार पढ्दै थिइन् । धेरै दिनदेखि तिनको हृदय भारी थियो, दाम्पत्यभारले । कोरियाको युद्ध, तिब्बतमा भएको आक्रमण, नेपालको जनक्रान्ति, रुस र अमेरिकाको मतभेद, विश्वमा कतै शान्ति छैन । यो विश्वयुद्धले घर घर अशान्तिको आगो सल्काइसक्यो । केटाकेटी युद्धकै खेल खेल्छन् । खेलमा कोही कप्तान हुने, कोही कर्णेल हुने अभिनय गर्छन् । यस्तो विश्वको अशान्त वातावरणमा छोरो कसरी बढ्ला ? तिनी यस्तै कुरा गमिरहन्थिन् । आफ्ना पतिसँग पनि तिनी यस्तो विषय लिएर कुरा गर्थिन् । दुवै पतिपत्नी छोरालाई यस्तै सम्पर्कदेखि अलग्ग राख्ने कोसिस गर्थे । सुत्ने कोठामा उनीहरूले बुद्धवाणी, गान्धीवाणी जस्ता धेरै शान्तिका सन्देश नेपालीमा लेखेर टाँगेका थिए । नरेशलाई युद्धवीर होइन, शान्तिवीर बनाउने उनीहरूको स्वप्न थियो ।

प्रश्नहरू

(क) पार्वतीको हृदय किन भारी थियो ?

(ख) युद्धका घटनाले बाल मस्तिष्कमा कस्तो प्रभाव पार्न सक्छ ?

(ग) नरेशका आमाबुबाले छोरालाई कुन कुराबाट अलग राख्न खोजेका थिए ?

(घ) पार्वतीले छोरालाई शान्तिवीर बनाउन कस्तो प्रयास गरिन् ?

**५. कथा पढी दिइएका संवाद कसले कोसँग भनेका हुन्, पहिल्याउनुहोस् :**

(क) यस्तो विश्वको अशान्त वातावरणमा छोरो कसरी बढ्ला ?

(ख) गोली लाग्दा तपाईंलाई दुखेन ?

(ग) उः ! हेर कस्ती राम्री पुतली ।

(घ) सबै जर्मनहरू खराब हुँदैनन्, तिनीहरू बडा ज्ञानी पनि हुन्छन् ।

**६. 'दार्जिलिङको तुङसुङ ... हुन्छ' भन्ने अनुच्छेदबाट चारओटा प्रश्न बनाई तिनका**

उत्तरबारे साथीसँग छलफल गर्नुहोस् ।

## ७. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कथाका आधारमा पार्वतीका राम्रा गुण उल्लेख गर्नुहोस् ।

(ख) कथामा उल्लेख भएको परिवेशको वर्णन गर्नुहोस् ।

(ग) कथाबाट के सन्देश पाइन्छ ?

## ८. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सहकार्य सिकाइ भनेको समूहमा क्रियाकलाप गरेर सिक्ने सिकाइ विधि हो । यस प्रणालीको सिकाइमा सिकारुले कुनै पनि विषयको विषयवस्तुको सिकाइ, उक्त विषयवस्तुमा प्राप्त गरेका सूचना तथा अनुभवलाई एकआपसमा आदान प्रदान गरेर सिक्छन् । सिकाइका लागि उनीहरूले एकआपसमा सहयोगपूर्ण वातावरणको निर्माण गर्छन् । जहाँ कुनै पनि विषयवस्तुको सम्बन्धमा आफूले प्राप्त गरेका सूचना तथा ज्ञानलाई एकआपसमा आदानप्रदान गर्छन् । यस्तो आदानप्रदानबाट उनीहरूले आफ्नो अनुभव र आफूमा भएको ज्ञानलाई परिमार्जन र परिष्कृत बनाउँछन् । यसरी सहकार्य शिक्षण कक्षाका विद्यार्थीको ससाना समूहमा आपसी सहयोगद्वारा गरिने शिक्षण सिकाइ प्रणाली हो । यसमा शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउने प्रयत्न गरिएको हुन्छ साथै विद्यार्थीले आफूले सिक्ने तरिका र सिकाइको प्रक्रिया आफैँले रोज्ने छुट दिइएको हुन्छ । यसमा शिक्षक एउटा सहयोगी मित्र तथा सिकारुको मार्गदर्शकको भूमिकामा हुन्छ । विद्यार्थीले एकआपसमा सहयोगको आदानप्रदान गर्दै सिक्ने वातावरण तयार गरिएको हुन्छ । त्यसो गर्दा विद्यार्थी एकआपसमा स्वस्थ र सहयोगीपूर्ण अन्तरक्रिया गरेर सिक्छन् । यसमा एक्लाएक्लै काम गर्नु वा अध्ययन गर्नुको सट्टा एकआपसमा मिलीजुली काम गर्ने, आफूले प्राप्त गरेका सूचना र अनुभवलाई साथीसमक्ष आदानप्रदान गरेर सिक्दा सिकाइ प्रभावकारी हुन्छ । यसमा व्यक्तिगत मूल्याङ्कनको सट्टा समूह र समूहका सदस्यको समग्र उपलब्धिको मूल्याङ्कनमा जोड दिइन्छ ।

### (क) उत्तर दिनुहोस् :

(अ) सहकार्य सिकाइ भनेको के हो ?

(आ) सहकार्य सिकाइमा सिकारुले कसरी सिक्छन् ?

(इ) यस विधिमा शिक्षकको भूमिका कस्तो रहन्छ ?

(ई) यस विधिलाई किन प्रभावकारी मानिन्छ ?

### (ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'अन्तरक्रिया' र 'सिकारु' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(आ) अनुच्छेदको 'जहाँ कुनै पनि विषयवस्तुको सम्बन्धमा आफूले प्राप्त गरेका सूचना तथा ज्ञानलाई एकआपसमा आदानप्रदान गर्छन् ।' वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।

(इ) माथिको अनुच्छेदबाट 'कृत्' र 'तद्धित्' प्रत्यय लागेर बनेका एक एकओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

(ई) माथिको अनुच्छेदबाट 'र' को फरक फरक रूप प्रयोग भएका तीनओटा शब्द टिपोट गर्नुहोस् ।

**९. 'भविष्य निर्माण' कथाका आधारमा दिइएका घटनाको क्रम मिलाउनुहोस् :**

(क) सबै केटोकेटीले युद्धको खेल खेल्नु

(ख) पार्वतीले छोराको भविष्य निर्माण गर्नु

(ग) तुङसुङ बस्तीतिर जाने मानिस घरतर्फ आकर्षित हुनु

(घ) कृष्णबहादुर पनि आफ्नो बेसुद्धीमा खिन्न हुनु

(ङ) पार्वतीले पतितिर जिज्ञासु दृष्टिले हेर्नु

(च) पाँच वर्षको एउटा छोरो हुनु

(छ) नरेशलाई शान्तिवीर बनाउन चाहनु

(ज) नरेश एउटा लामो काठ बोकेर अजिब चालले कोठामा प्रवेश गर्नु

**१०. व्याख्या गर्नुहोस् :**

जो अरूलाई दु:ख दिन्छ, आफू मात्र खान्छ, ठुलाको अर्ती मान्दैन, त्यो नै दुष्ट हो ।

**११. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) घरायसी वातावरणले बालबालिकाको स्वभाव र व्यवहारमा कस्तो परिवर्तन ल्याउन सक्छ, कथाका आधारमा तर्क गर्नुहोस् ।

(ख) नरेशको जर्मनप्रतिको सोच यदि परिवर्तन नभएको भए आमाबुबाले कसरी सुधार गर्थे होलान्, अनुमान गरी समीक्षा गर्नुहोस् ।

**१२. नरेशको मानसिक अवस्थाको चित्रण कथामा कुन कुन सन्दर्भमा भएको छ, वर्णन गर्नुहोस् ।**

**१३. विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने विषयमा एउटा अन्तरक्रिया**

गर्नुहोस् ।

१४. **एक अनुच्छेदमा कथाको मुख्य सार लेख्नुहोस् ।**

१५. **डर, रिस, दुःख, खुसी जस्ता संवेग मानवीय र मानवेतर दुवै पात्रमा हुन्छन् । यस्ता संवेगको प्रस्तुतिमा के भिन्नता हुन्छ, कक्षामा छलफल गर्नुहोस् ।**

१६. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

सुरेन्द्र पहिलो पटक विमानस्थल पुगेको थियो । ऊ जहाज चढेर काठमाडौँबाट पोखरा जाँदै थियो । उसलाई विमानस्थलमा गर्नुपर्ने कामबारे केही थाहा भएन । उसले त्यहाँ रहेका सुरक्षाकर्मीलाई सोध्यो । त्यसपछि ऊ सोधपुछ कक्षमा पुग्यो । उसले टिकट जाँचस्थल, झोला पहिचान गर्ने र राख्ने ठाउँ, उडान समय, प्रतीक्षालय आदि सबै कुराको जानकारी त्यहाँबाट पायो । आफूलाई आवश्यक परेका सबै जानकारी पाएपछि ऊ ढुक्क भयो ।

तपाईँ नयाँ ठाउँमा जाँदा बाटो भुलेर अलमलमा पर्नुभयो भने कसरी अरूसँग सोधपुछ गर्नुहुन्छ, कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १६ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) काग के गर्ने दाउमा थियो ?

(ख) कागले गुँड कसरी बनाउँथ्यो ?

(ग) भँगेरालाई सहरमा बस्न मन नलाग्नुको कारण के हो ?

(घ) मान्छेले कागलाई गर्ने पहिले र अहिलेको व्यवहारमा के परिवर्तन देखिन्छ ?

२. **मानवले पशुपन्छीलाई कस्तो व्यवहार गर्नुपर्ने ठान्नुहुन्छ, आफ्ना धारणा प्रस्तुत गर्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् :**

हिजो एउटा मात्र कविता पढियो तर आज धेरै कविता पढिए । पढ्न अल्छी लागेर टेलिभिजन हेरियो । डुल्न जाँदा बाटामा मामा भेटिनुभयो । माइजू पनि भेटिनुभयो । भाइ भेटिए र बहिनी पनि भेटिइन् । तँ हिजो पनि यही भेटिइस्, भोलि पनि भेटिएलास् नि ।

माथिका वाक्यमा आएका पढियो, पढिए, हेरियो, भेटिनुभयो, भेटिए, भेटिइन्, भेटिइस्, भेटिएलास् क्रिया कर्मवाच्यका हुन् ।

२. **दिइएको अनुच्छेदलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :**

हरि कथा लेख्छ । उसले कथा छपाएको छ । ऊ साथीभाइलाई कथाको किताब दिन्छ । धेरैले

उसको किताब पढ्दै छन् । हीरा हरिको किताबको समीक्षा गर्छे ।

३. **दिइएका कर्मवाच्यका वाक्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

मद्वारा आँप ल्याइयो । परिवारका सदस्यलाई आँप बाँडियो । धन्यवाद पाइयो । मिलेर आँप खाइयो ।

४. **पाठबाट पाँचओटा कर्तृवाच्य टिपी कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।**

५. **कर्मवाच्यको प्रयोग गरी साथीसँग वनभोज जाँदाका रमाइला घटना वर्णन गर्नुहोस् ।**

६. **दिइएको अनुच्छेद पढी कृदन्त तथा तद्धितान्त शब्दको पहिचान गर्नुहोस् :**

कविता, दीप्ति र श्रुतिले गाएर, नाचेर अनि खाएर रमाइलो गरे । दयालु दीपक भने दैनिक सामाजिक सेवामा लाग्ने मानवता भएका व्यक्ति हुन् । उनको पढाइ, लेखाइ राम्रो छ । उनी निकै हक्की, बोलक्कड र हँसिला छन् ।

७. **पाठमा प्रयोग भएका कृदन्त र तद्धितान्त शब्द पहिचान गरी तिनीहरूको बनोट प्रक्रिया देखाउनुहोस् ।**

८. **दिइएको सन्दर्भ पढी 'र' का विविध रूप प्रयोग भएका पद टिप्नुहोस् :**

सानो छोराका लागि र्‍याले किन्न सूर्यप्रसाद कीर्तिपुर बजार गए । बाटामा जाँदा रुद्र गन्धर्वले र्‍याइर्‍याइँ सारङ्गी बजाएर गाएको राष्ट्रिय गीत सुने ।

९. **पाठबाट 'र' को फरक फरक रूप प्रयोग भएका कुनै दशओटा शब्द टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **दिइएको सन्दर्भलाई मुख्य आधार मानी एउटा कथा तयार गर्नुहोस् :**

कुखुराको फुल बेच्ने अनिल..........फुल बेच्न पसल गइरहेको............कल्पनामा मस्त.................फुल बेचेर आएको पैसाले बारी किन्ने..............बारीमा प्रशस्त तरकारी लगाउने...........तरकारी बेचेको पैसाले घडेरी किन्ने.........घडेरीमा ठुलो महल बनाउने..........घरका कोठा भाडामा लगाउने.........भाडाबाट आएको पैसाले सेयर कारोबार गर्ने..........यतिकैमा ढुङ्गामा ठेस लाग्नु............पसल पुग्नु अघि नै सबै फुल फुट्नु..... कामभन्दा अनावश्यक कल्पना गर्ने प्रवृत्ति अनुचित .......

२. **पुस्तकालयबाट आफूलाई मन पर्ने कुनै एक कथा खोजेर ल्याउनुहोस् र कक्षामा सुनाउनुहोस् ।**

# परिशिष्ट

## सुनाइ पाठ १

### म

'मैत्रीसूत्र' म देशको हुँ सबमा एकत्व छर्दै छु म
'धर्तीपुत्र' मधेसको हुँ धरती सम्पन्न गर्दै छु म
पाखामा खनजोत गर्छु श्रमले कर्मी र लाठे म हुँ
इन्द्रेनीमय यो समाज यसको रङ्गीन डाँफे म हुँ ।

मेला, पर्व, दसैँ, तिहार, छठको ल्होसारको सार हुँ
होली, क्रिस्मसको, पवित्र इदको प्राचीन आधार हुँ
आस्था, मानवता, उदार समता बस्ने फलैँचा हुँ म
लाखौँ सुन्दर पुष्प पुष्पित हुने साझा बगैँचा हुँ म ।

रामप्रसाद ज्ञवाली

## सुनाइ पाठ २

### एक मुठा अखबार

काठमाडौँमा जन्मेको एक युवक पहिलो पटक पुर्ख्यौली पहाडको घरमा जाँदै थिए । गाउँमा उसका मामामाइजू बस्थे । मामामाइजूलाई कुनै कुराको कमी थिएन । गोठभरि दुहुना भैँसी थिए । भकारीभरि अन्न, बारीमा ताजा तरकारी । घरको छेउमै पानीको कलकलाउँदो मूल ।

पहिलो पटक भान्जा आउने भनेपछि मामामाइजू खुसी भए । भान्जालाई के खुवाउने भनेर दुई जनाबिच सल्लाह भयो । माइजुले भनिन्, "म सेल पकाउँछु । दुध घोटेर कुराउनी बनाउँछु । मार्सी धान कुटेर ठिक्क पार्छु । मासको दाल भइहाल्छ । तरकारीका लागि बारीमा तरुल र गाभा छँदै छ । अलिकति मस्यौरा र गुन्द्रुकको अचार बनाउँछु ।"

"हाम्रा भान्जाले त्यस्ता कुरा खान्छन् र ! पोहोरसाल दिदीकहाँ बस्दा उनीहरूले के के खान्छन् भन्ने मैले थाहा पाएको छु । बरु म बजार गएर भान्जालाई मनपर्ने कुरा लिएर आउँछु," मामाले हाँस्दै भने । मामा एक वर्षअघि सहरमा दिदीभिनाजुको घरमा केही दिन बसेका थिए । दिदीभिनाजु र भान्जाभान्जीले के खान्छन् भन्ने मामालाई थाहा थियो । भान्जा आउने दिन बिहान मामाले बजार गएर भान्जाका लागि चाहिने कुरा किनेर ल्याए ।

साँझपख भान्जा सहरबाट आइपुगे । मामामाइजूले मन फुकाएर भान्जाको स्वागत सत्कार गरे । भोलिपल्ट भान्जा झ्यालबाट बाहिर हेरिरहेका थिए । चारैतिर हरिया रुखपात, वनजङ्गल, चराचुरुङ्गीको स्वर, स्वच्छ हावा, शान्त गाउँ देखेर भान्जा मुग्ध हुँदै मनमनै कविता कोर्दै थिए ।

"भान्जा ! ब्रेकफास्ट खान आऊ," मामाको स्वर सुनेर उनी झल्याँस्स भए । मनमनै भने, 'गाउँमा पनि ब्रेकफास्ट !'

"हस् मामा !" भन्दै उनी तल झरे ।

मझेरीमा टेबुल कुर्सी राखिएको थियो । टेबुलमाथि फूलदानमा ताजा फूल । एउटा प्लेटमा काँटा चम्चा । ठुलो प्लेटमा पाउरोटीसँगै सुन्तलाको जाम र नौनी थियो । कपमा चिया थियो ।

खानेकुराको बन्दोबस्त देखेर भान्जा एकमनले खुसी भए भने अर्को मनले आश्चर्य मान्दै मामालाई भने, "मामा ! तपाईँहरूकहाँ दुहुना भैँसी छन् । दुध, दही, घिउ, कुराउनी, ताजा तरकारी खान पाइन्छ भनेर आमाले भन्नुहुन्थ्यो । तपाईँहरू त हामीले सहरमा खाने जस्तै खानेकुरा खानुहुँदो रहेछ !"

"पहिलो पटक गाउँमा आएका भान्जालाई किन रुखोसुखो खुवाउनु भनेर यो सबै किनेर ल्याएको हो । हामीले गाउँमा यस्ता कुरा कहाँ खान्छौँ र ? म पोहोर तिमीकहाँ बस्दा यी सबै कुरा मलाई थाहा छ ।"

हैन मामा, मलाई त गाउँमा गाउँको अर्गानिक चिज खान पो मन छ त ? मलाई आमाले भन्नु भए जस्तै दुध, दही र कुराउनी नै मन पर्छ ।

ल ल हुन्छ भान्जा ! त्यसो भए त झन् जाती भयो नि ! हामीले घरकै चिजले भान्जा बाबुलाई स्वागत गर्ने भयौँ ।

अनि उनले केही सम्झेँ झैँ गरी भने, "मैले अखबार पनि किनेर ल्याएको छु । ब्रेकफास्ट खाँदा अखबार पढ्ने तिमीहरूको बानी मलाई थाहा छ ।"

यति भन्दै मामा माथि कोठामा गए र एकैछिनमा एक मुठा अखबार लिएर आए ।

विनय कसजू

## सुनाइ पाठ ३

### सुकुल

मलाई एक दिन टेबुल र मेचको चिच्याहटले बगैँचामा गएर एउटा सुकुल ओछ्याएर बस्न मन लाग्यो । कोठाभन्दा बगैँचामा मनुष्य प्रकृतिको नजिक भए जस्तो हुन्छ । हरियो रङको समीपमा उसलाई बिसौँ शताब्दी छाडेर चटाईको भर्खर आविष्कार भइरहेको युगको दार्शनिक बनेर जाईको बोटनेर घोरिरहे झैँ लाग्छ । मलाई त्यस वेला सच्चा नेपाली भए झैँ लाग्यो । मेच र टेबुलको अत्याचार छुटेको वेलामा मैले याद पाएँ कि पहिले प्राकृतिक अवस्थामा मानवजाति दुई खुट्टा झुन्ड्याएर बनकर जस्तो गरी बस्दो रहेछ ।

मलाई यस्तो लाग्यो कि मेचमा बस्ने व्यक्तिमा चञ्चलता हुन्छ, किनकि अप्राकृतिक तवरले आधुनिक आसनीमा गोडा पिँडौलालाई प्राकृतिक तालिम छैन । ऋषिमुनिहरू पलेँटी कसेर बस्थे समाहित

पद्मासनमा, एक भाग शरीर पनि रौंप्रमाण हिल्दैनथ्यो । उनीहरू मेरुदण्ड सिधा गरेर खटिया र ग्खी पढ्ने या ध्यान गर्ने गर्थे तर मेचविराजनमान भलादमीका कि त खुट्टा हल्लिन्छन् कि पिङ खेल्छन् । टेबुलको र मेचको बिचमा कुच्चिएका अङ्ग ठिङ्गुरामा हाले जस्तो हुन्छन् । अभागी आधुनिकताको कैदीलाई कहिले यता हिल्न मन लाग्छ कहिले उता । फर्कँदा पनि खऱ्याकखुरुक आवाज नगरी फर्कन सक्दैन र यसको मुख्य अवगुण त्यस वेला थाहा हुन्छ, जब भाषा परिषद्‌मा मग्न भएर मिहीन विचार उब्जाइरहेको लेखनदासका मगजमा गिर्खा खर्खराउँछन् ।

फेरि टेबुलले या डेस्कले मान्छेको शिर घोप्ट्याउँछ र छातीको भरले लेख्न लगाउँछ तर खटिया कति प्राकृतिक छ उसले बुझ्दछ जसले प्रयोग गऱ्यो । आजकालका ठिटासँग खालि घन्टौंसम्म बहस गर्नु उनीहरू बुझ्दैनन् । टेबुल मेचको भक्तले भन्छ, "हामी पनि त के अप्राकृतिक छौं ? कति सजिलोसँग उच्च आसनमा बसेर, रबाफिलो तवरले लेखपढ गर्छौं, मानौं सिंहासन छ । सुकुल लेखकका मगजबाट के फुर्ती र रवाफ निक्लन सक्ला ?"

लक्ष्मीप्रसाद देवकोटा

## सुनाइ पाठ ४

विद्या धनं सर्वधनं प्रधानम्

**अभिभावक शिक्षक सङ्घ**

**मानसरोवर माध्यमिक विद्यालय हुम्ला**

**उत्कृष्ट प्रधानाध्यापक सम्मान**

तपाईं श्री मीना अधिकारीले यस मानसरोवर विद्यालयको भौतिक समुन्नति, विद्यार्थी शिक्षक अभिभावक अन्तरक्रिया, शिक्षकको वृत्तिविकास र विद्यार्थीमैत्री वातावरण सिर्जना गर्नुभएको छ । तपाईंबाट हरेक विद्यार्थीमा पठन संस्कृतिको विकासका निम्ति बालपुस्तकालय, बालक्लब गठन जस्ता बालोपयोगी संस्थामार्फत विद्यालयमा स्वस्थ प्राज्ञिक वातावरण सिर्जना हुन पुगेको छ । यस विद्यालयको शिक्षण सिकाइमा समेत आमूल परिवर्तन ल्याउनुभएकाले यहाँलाई उत्कृष्ट प्रधानाध्यापक सम्मानबाट सम्मान गर्न पाउँदा अभिभावक शिक्षक सङ्घ हुम्ला गौरव बोध गर्दछ । धनकुटामा जन्मेर नेपालको कर्णाली प्रदेशको हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटमा आएर यहाँले देखाएको प्राज्ञिक र प्रशासनिक कौशल मुलुकका आम महिलाका लागि समेत अनुकरणीय रहेको छ । यो सङ्घ यहाँको उत्तरोत्तर प्रगति र स्वर्णिम भविष्यको कामनासमेत गर्दछ ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| अतिथि | प्रमुख अतिथि | अध्यक्ष |
| अध्यक्ष | प्रमुख जिल्ला अधिकारी | अभिभावक शिक्षक सङ्घ |
| सिमकोट गाउँपालिका, हुम्ला | हुम्ला | मानसरोवर मावि, हुम्ला |

मिति : २०७८ असार १५ गते

## सुनाइ पाठ ५

### पान खाँदा जोकर भएको क्षण

आजभन्दा ४५ वर्ष अघिको कुरा हो । गाउँबाट दिल्ली आएको साता दिन पनि भएको थिएन । दिल्लीमा काम गर्ने मावली छिमेकी मित्र आए र उनले मलाई घुम्न जाऔँ भने । भर्खर गाउँबाट आएको केटो न परियो, निस्क्यो कि हराउने सम्भावना ! त्यस्तो अवस्थाको मलाई घुम्न जाऊँ भन्दा लागेको खुसी व्यक्त गर्ने शब्द म अहिले पनि भेट्टाइरहेको छैन । अँ, उनले मलाई अलिबेर हिँडाए ! दुई चाओटा गल्ली डुलाए । जता हेऱ्यो उतै मान्छे नै मान्छे, किरै सरी ! कोही कोही मान्छे मतिर अनौठो नजरले हेर्थे र हाँस्थे । पछि थाहा भो, तिनले मलाई होइन, मेरो टुप्पीलाई हेरेर हाँसेका रहेछन् । म भाइलाई नयाँ चिज खुवाउँछु भनेर छिमेकी मित्रले मलाई भने । के के न खुवाउने भए भनेर मक्ख परेँ । तिनले मलाई पान पसल अगाडि लगे र पसलेलाई दुइटा पान बनाउन लगाए । पसलेले थोरै थोरै के के जाति खऱ्याङखुत्रुङ एउटा सानो पातमा पोको पारेर दाइलाई दियो । उनले पहिले खाएनन्, त्यो पोको ल खाऊ भन्दै मलाई दिए । उनले पसलेले बनाउँदै गरेको अर्को पोको पर्खे । मैले गाउँमा पूजाआजा आदिमा पातमा पोको पारेर दिने प्रसाद जस्तै ठानेँ ! मनमनै "कति थोरै दिएको होला" भन्ने मलाई लाग्या त थियो ! मैले हत्त न पत्त पातको पोको फुकाएँ र भित्रका खिच्रिङमिच्रिङलाई दाहिने हातको बुढी औँला र चोर औँलाले भिक्दै खान थालेँ । पान पसले मलाई देखेर खित्का छाडेर हाँस्न थाल्यो । दाइले पनि खित्का छाडेर हाँस्दै भने, "भाइ ! त्यसरी होइन, पातैसितको पोको मुखमा राख्नुपर्छ ।" मलाई पातैसितको पोको मुखमा राख्ने कुराले झनै अनौठो लाग्यो ! त्यसरी खाने हो भन्ने कुरामा अझै पत्यार लागेन । दाइले 'यी यसरी खाने हो' भन्दै पानको पोको मुखमा हालेर चपाउँदा मात्र हो रहेछ भन्ने लाग्यो । हातमा पान लिएर एकछिन पर्खेको भए अरूले खाएको हेरेर खाँदा पनि हुन्थ्यो, भन्ने मलाई लाग्यो । यसरी म आफू अरूको हाँसोको पात्र हुँदा मलाई ग्लानि भयो र त्यस कालखण्डको त्यो घटना सम्झँदा आफैँलाई हाँसो उठ्छ ।

## सुनाइ पाठ ६

### भोलिवाद

मान्छेको मनोवृत्ति ससाना कुरामा पनि भोलिवादी नभई छोड्दो रहेनछ । इमानजमान नछोडिकन भनिदिऊँ भने भोलि भोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ । पढ्नु थियो भोलि पढुँला, जानु थियो भोलि जाउँला, गर्नु थियो भोलि गरुँला भन्दाभन्दै कहिलेकाहीँ राती दिसा लाग्यो भने पनि निस्कनाका गाह्राले भोलि गरुँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटी ।

भोलिको अपवाद के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्दैन । भोलि दुःख पर्ला कि भन्ने डर पनि नमानी 'रात रहे अग्राख पलाउँछ' भन्दै भएभरको आजै बुत्याउन ऊ तम्सन्छ । उदाहरणको निम्ति एउटा छोटो कुरा सुनाइहालूँ ।

एक पटक काठमाडौंको ठुलो होटेलमा बफे डिनर थियो । त्यहाँ कहिल्यै कतै नहिँड्ने एक जना जरसाहेब पनि खान आएका रहेछन् । उनले खाएपिएको देख्दा म छक्क परेँ, भन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकै जनाले बुत्याइदिए । आखिरी, खसखस थाम्न नसकेर मैले सोधेँ, होइन जरसाहेबलाई आराम नहोला नि । उनले सजिलैसित भने, "आराम नभए भोलि औषधी खाउँला ।" उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ, मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खँदैन । यो उसको ठुलो गुण हो ।

यसबाहेक अरू सबै हाम्रा क्रियाकलाप भोलिवादी छन् । भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैँ जेलिइरहन्छ । हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भने झैँ पर्सि हामी सबैले "बम भोलेनाथकी जय" भन्दै झोली बोकेर डाँडैडाँडा कुद्नु त नपर्ला ? के बेर ? आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालिका सारा काम आर्घौं पन्छन के बेर ? यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ? अनि बिसौँ शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काइसौँ शताब्दीका लागि डिपोजिट रहन के बेर ? यसो हुँदाहुँदै कतै पृथ्वी भोलि घुमौँला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौँला भनेर विश्राम नगरिदेओस्, जय भोलि ।

भैरव अर्याल

सुनाइ पाठ ७

## डल्ला र टपरीको कथा

उहिले उहिले अरुण उपत्यकामा परिश्रमी कुमालहरूको ठुलो बस्ती थियो । कुमालहरू वास्तवमा माटाका भाँडा बनाउने कुशल शिल्पी थिए । उनीहरू चिम्ट्याइलो माटो जहाँ जहाँ पाइन्छ, त्यहीँ त्यहीँ बस्थे । अरुण र सभा नदीले बनाएका टारबेँसीहरूमा यस्तो चिम्ट्याइलो माटो पाइने हुँदा उनीहरू त्यहाँ बसोबास गर्थे । उनीहरूको मुख्य पेसा माटाका भाँडा बनाउनु थियो । माटाका भाँडा बनाउनुका अतिरिक्त उनीहरू खेतीपातीको काम पनि गर्थे । विशेषतः कात्तिक मङ्सिर महिनामा बाली उठाइसकेपछि र माघ फागुनमा झरी परेपछि बारी जोतिन्थ्यो । चिम्ट्याइलो माटो भएकाले त्यसरी बाली जोत्दा ठुल्ठुला र असङ्ख्य डल्लाहरू निस्कन्थे । त्यस्ता डल्लामध्ये ठुल्ठुला डल्ला टिपेर लाँदा उनीहरूलाई माटो छिटो छिटो उठाउन सजिलो पर्थ्यो । त्यसैले कुमालहरूले ती डल्ला टिपेर लैजान्थे र मुङ्ग्राले कुटेर धुलो बनाई त्यसैबाट माटाका भाँडा बनाउँथे ।

एक दिन एक जना कुमालले मकै छर्नुभन्दा पहिले आफ्नो बारीको बाँझो मार्न बारी जोतेछ । बाँझो बारी जोत्दा यस वर्ष पनि ठुल्ठुला डल्ला निस्किएछन् । आम्मै नि ! यसपल्टका डल्ला चाहिँ पहिले पहिलेका डल्ला भन्दा अलि फरक किसिमका रहेछन् । तिनीहरू मान्छेले जस्तै बोल्ने र कुरा पो गर्ने रहेछन् । माटाका डल्ला भाँडा बनाउन उपयुक्त हुने देखेर कुमालहरूले घरतिर ओसार्न थाले र

मुङ्ग्राले पिटेर मसिनो धुलो पनि पार्न थाले । धुलो माटो हुँदाहुँदै हामीलाई मात्र किन खोजी खोजी लगेका होलान् भनेर डल्लालाई पिर परेछ । माटाका डल्लाहरूले बर्सेनि भोग्नु परेको यो नियतिविरुद्ध आफ्नो डल्ला समूहको रक्षा कसरी गर्ने भन्नेबारेमा सल्लाह गर्न माटाका डल्लाहरूको बैठक बसेछ ।

मातृका तिमल्सिना

### सुनाइ पाठ ८

## यो नेपाली ठिटो

मागी मिठो खाँदैन
चोरी राम्रो लाउँदैन
सधैँ आफ्नो पाखुरीमा खान्छ, सिटो पिठो
यो नेपाली ठिटो ।

खुकुरीको भरमा विश्व थर्काउने यो ठिटो
वीर भनी नेपालीलाई चिनाउने यो ठिटो
पसिनाले भिजाउँछ है आफ्नै देशको माटो
आफ्नै पौरखले खन्छ आफू हिँड्ने बाटो
यो नेपाली ठिटो ।

अन्यायमा झुक्दैन परी आउँदा लुक्दैन
लक्ष्यमा पुग्नलाई हिँड्छ छिटो छिटो
यो नेपाली ठिटो ।

विश्वसित मितेरीको हात मिलाउने ठिटो
जातिपाती रङ्गभेद मान्दैन यो ठिटो
शोषणरहित समाजको निर्माण गर्ने ठिटो
डर नमानी धक नमानी हिँड्छ छिटो छिटो ।

गणेश रसिक

## सुनाइ पाठ ९

### इज्जत

इज्जत मागेर होइन, स्वतःस्फूर्त रूपले अरूबाट प्राप्त हुने चिज हो । आफूले इज्जत पाउनका लागि अरूलाई इज्जत दिनुपर्छ । अरूले तपाईँलाई प्रशंसा गरेको मन पर्छ भने अरूका राम्रा कामलाई प्रशंसा गर्ने बानी आजैदेखि बसाल्नुहोस् । तपाईँले कसैलाई तारिफ गरेको कुरा सुनेपछि उसले पनि तपाईँलाई तारिफ गर्न सुरु गरिहाल्छ । गालीले गाली फर्काउँछ, तारिफले तारिफ निम्त्याउँछ । ईर्ष्या र जलनले मानिसलाई सबैभन्दा दुःखी बनाउँछ । कसैले राम्रो काम गरेर वाह वाह कमाउँछ वा दुःख गरेर दुईचार पैसा कमाउँछ भने उसको ईर्ष्या गर्ने होइन । झन् उसबाट प्रेरणा लिएर आफूले पनि केही गर्ने जाँगर विकास गर्नु नै एउटा उद्यमशील मान्छेको कर्तव्य हो । काम गर्नेलाई गर्न दिइएन भने अन्ततोगत्वा समाजले नै दुःख पाउँछ । राम्रोलाई राम्रो भन्नु, काम गरेकालाई स्याबास दिनु हामी सबैको कर्तव्य हो ।

आफूले जे देख्यो त्यही ठिक, आफूले जे सोच्यो त्यही जायज, आफ्नो चस्माले जे हेर्‍यो त्यही सत्य भन्ने एकतर्फी मानसिकता सभ्य समाजको सबैभन्दा ठुला अवगुण हुन् । कुनै चिजको अवधारणा बनाउँदा आफ्ना आँखाबाट मात्र होइन अरूको आँखाबाट पनि हेर्न सक्नुपर्छ । यो मानिस मात्रको सबैभन्दा ठुलो कर्तव्य हो । त्यसैले कसैलाई हामीले आलोचना गर्दा एकचोटि अर्को दृष्टिकोणबाट पनि हेरौँ । यदि अर्को दृष्टिकोणबाट पनि त्यो गलत हो भने त्यसलाई धुत्कार्न सकिन्छ । अन्यथा कसैलाई त्यसै आलोचना गर्ने हाम्रो कर्तव्य होइन । साच्चै भन्ने हो भने हतार सबैलाई हुन्छ । यसको उचित समाधान एउटै मात्र हो सबैले आफ्नो पालो पर्खनुपर्छ । धाक र रवाफ जमाएर लाइन मिच्ने काम स्वार्थी र असभ्य मानिसले मात्र गर्छ । आफूले आफ्नो इज्जत जोगाएर अरूको इज्जतलाई सम्मान गर्दै अगाडि बढ्नु असल मान्छेको कर्तव्य हो ।

कर्ण शाक्य

## सुनाइ पाठ १०

### भाषण कला

व्यक्तिले औपचारिक सन्दर्भमा आफ्ना विचार, भावना तथा दृष्टिकोण क्रमबद्ध रूपमा निर्भीकताका साथ राख्नु भाषण हो । यसमा श्रोताको ध्यान केन्द्रित गरी आफ्ना भनाइ आकर्षक, प्रभावशाली एवम् कलात्मक शैलीमा व्यक्त गर्ने कुरामा ध्यान दिनुपर्छ । आफ्ना सन्देश स्पष्ट, रोचक एवम् मनोरञ्जनपूर्ण तरिकाले श्रोतासमक्ष पुऱ्याउने कला भएकाले यसलाई भाषण कला भनिएको हो । मानिसको मनमुटुलाई तरङ्गित पार्न सक्ने र श्रोताका भावनाको प्रतिनिधित्व हुन सक्ने खालको भाषण बढी प्रभावकारी हुन्छ । कक्षाकोठामा गरिने छलफल तथा संवादबाट बोल्ने बानीको विकास गराउँदै वादविवाद, वक्तृता जस्ता कार्यक्रममा सहभागी गराएर विद्यार्थीमा यस्तो कलाको विकास गराउन सकिन्छ । भाषण सभासमारोह तथा औपचारिक कार्यक्रममा प्रस्तुत गरिने भएकाले यसको भाषा औपचारिक र शिष्ट हुनुपर्छ । व्यक्तिले आफ्नो प्रतिभा प्रस्फुटन गर्ने र आफ्नो व्यक्तित्वको परिचय दिने आधार पनि भाषण

कला नै हो । विभिन्न सभासमारोह, वाक्प्रतियोगिता, संवाद, अन्तरक्रिया, दैनिक जनजीवन सञ्चालन जस्ता विविध क्षेत्रमा यस्तो कलाको महत्त्व रहन्छ । अहिलेको युग प्रतिस्पर्धाको युग हो । विज्ञान र प्रविधिको विकास र विस्तारका कारण हाम्रो जीवनमा चुनौतीका साथै अनेकौँ अवसरसमेत सिर्जना भइरहेका छन् । यस्तो अवस्थामा आफ्नो वाक्कला विकास गर्न सकियो भने अनेकौँ अवसर आउन सक्छन् । विद्यार्थीको व्यक्तित्त्व विकासमा भाषणकलाको महत्त्वपूर्ण स्थान रहन्छ । यस्तो कलाको विकासका लागि घरपरिवार, विद्यालयका साथै व्यक्ति स्वयम् सचेत रहनु जरुरी हुन्छ ।

### सुनाइ पाठ ११

## गाउँले खोजेको मुस्कान

अहिले गाउँलाई बाडुली लागिरहेको होला । नलागोस् पनि किन ? सन्तानहरू सहर पुगेर पढीले खी, ज्ञान, सिप र सभ्यता सिकेर गाउँ फर्केलान् र आफूलाई सिँगार्लान् र चिरिच्याट्ट पार्लान् कि भन्ने आश गर्नु पनि त स्वाभाविकै थियो । गाउँले सिक्न भनी सहर पठायो तर ऊ गाउँ आएन उतै हरायो । सन्तानले गाउँ नछोडेको वेला गाउँका खेतपाखा हराभरा थिए । बारी र खेतलाई बाँझो र निःसन्तान हुनु पर्दाको पीडा थिएन । अहिले गाउँ पुरै अपाहिज बनेको छ । गाउँका खेत र बारीमा बाली नलाएर ती बाँझा छन् अझ भनौँ निःसन्तान छन् । उसलाई गाउँको सयौँ रोपनी आफ्नो खेत र बारीसँग रिस उठ्छ र सहरको तीन आना वा पाँच धुरसँग मितेरी गाँस्छ । आफैले आटोपिठो खुवाएर पठाएका सन्तान जब सहरबाट चिटिक्क परेर आउँछ र गाउँको गन्ध मन पर्दैन तब आफ्ना सन्तानको चर्तीकला देखेर गाउँ विस्मित हुन्छ । हिजो फाटेको चप्पल लगाएर सहर पसेको सन्तान सहरको कृत्रिम लेप जिउभरि दलेर गाउँका अगाडि आई शान देखाउँछ, मानौँ ऊ गाउँलाई सन्देश दिन खोज्दै छ ।

आज कोरोना महामारीका कारण गाउँ निकै बदलिँदो छ । आज सहरको साखभन्दा गाउँको काखले मोहनी लाउन थाले जस्तो छ । सहरमा सङ्कट पर्दा गुहार माग्दै गाउँ जानेहरूका कारण गाउँ पनि गुल्जार अर्थात् सुन्दर हुँदै छ । हिजो हरेक दसैँ, छठ वा इदमा मात्र आफ्ना सन्तानको मुख देख्न पाउँदा गाउँ मक्ख पर्थ्यो । अहिले सन्तानलाई सङ्कट परेका वेला पीडाका घाउमा मलम लगाउन पाउँदा गाउँ दङ्ग छ । गाउँको ओठमा हराएको मुस्कान फर्किन थाले जस्तो छ किनभने गाउँ हाँस्दा पुरै देश हाँस्छ, गाउँ रोयो भने पुरै देश रुन्छ ।

### सुनाइ पाठ १२

## एक मुठी माटो र एक टुक्रो फलाम

ऊ धनी किसानको छोरो भए पनि अंशमा पाएको सम्पत्ति सबै स्वाहा बनाएर अर्काको दयामा बाँच्नुपर्ने स्थितिमा पुग्यो तर उसले अझै पनि आफ्नो कुनै दोष देख्न सकेन । आफ्नो भाग्यलाई नै दोष दिइरह्यो । उसलाई धेरैले उद्यम गर्ने, जागिर खाने, व्यापार गर्ने सल्लाह दिएका भए पनि चिन्तन र सम्पत्ति दुवै नभएकाले घरको पिँढीमा ढिकी लडे झैँ लडेर कर्मरहित दिन बिताउँथ्यो ऊ ।

त्यस्तैमा एक दिन, उसको आँगनमा साँझपख एक जना तेजस्वी मानिस आएर उभिए । उनको कान्ति अचम्मको थियो । ती पुरुषलाई साक्षात् भगवान् सम्झियो । उसले धन र आशीर्वाद माग्यो । उसको त्यो हीनताभाव बुझेर आगन्तुक पुरुषले आँगनबाट एक मुठी माटो र एउटा मिल्किएको फलामको टुक्रो उठाएर उसलाई दिँदै 'मेरो आशीर्वाद र प्रसाद दुवै यही हो, यसको उचित उपयोग गर, तिम्रो भाग्यको सूर्य झैँ चम्किने छ' भनी हातमा दिए ।

आफूले साक्षात् भगवान् सम्झिएको व्यक्तिले दिएको उपहारबाट ऊ अचम्मित भयो । ती पुरुषले आफूउपर ठट्टा गरेको जस्तो लाग्यो उसलाई तर उपेक्षा गर्न पनि सकेन । उसले धेरै रात सोच र अनिद्राको छट्पटीमा बितायो । एक रात आँखा लोलाउनासाथ उसले सपना देख्यो । उनै अस्तिका तेजस्वी पुरुष फलामे फाली जडिएको ट्र्याक्टरले उसैको घरअगाडि जमिन जोतिरहेका थिए । तब मात्र उसको मस्तिष्कमा माटो र फलामको टुक्राको अर्थ पस्यो र सपनालाई बिपनामा उपयोग गरी कर्मशील बन्यो । उसको हराएको भाग्य र गुमेको सम्पत्तिलाई कर्मशीलताले पुन: चम्काइदियो ।

रमेश विकल

## सुनाइ पाठ १३

### कर्तव्य

बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछि पछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे । मुरलीधर पुग्दा दुलहीका बुबा वरणी गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् । वरणी सिद्धिएपछि केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधर अलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर फलैँचामा मुसुमुसु हाँस्न लागे ।

दुलाहादुलही यज्ञमा बसेपछि दुलहीका बुबाले यताउति हेरेर भने "खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभए हुन्थ्यो ।" दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने, "ज्यू, म यहीँ छु, आउन लागेँ ।"

मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसले ढोगिदिए । जेठाबुबालाई अचानक आफूनेर उभिएको देखेर शशीधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई "नानी चिरञ्जीवी भए" भनेर आशिष दिए र उसको पछाडिपट्टि बसी उसलाई काखनेर ताने । बुबाको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटा परस्पर कानेखुसी गर्न लागे ।

मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिस चिन्दथे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बुढापाकाहरूले भने, "त्यस्ता महापुरुषका सन्तानहरू आफ्नो कर्तव्य किन छोड्थे । तब पो मानिसहरू कुलघरान भन्छन् ।"

विवाह विधि आरम्भ भो । पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठा बुबाका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखत बखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाहविधि समाप्त भयो ।

गुरुप्रसाद मैनाली

## सुनाइ पाठ १४

### हाक्पारे

पूर्वी पहाडका किराँती समुदायमा प्रचलित गीतको नाम हाक्पारे हो । मानिस जम्मा हुँदा एक्लै वा समूहमा यो गीत गाइन्छ । यो गीत गाउनेले प्रारम्भमा उपस्थित मान्यजन र दौँतरीका अगाडि विनम्रतापूर्वक केही नजान्ने भए पनि गीत गाउने रहर भएकाले उपस्थित भएको कुरा जनाउँछ । ऊ जीवनका अनुभव आफ्नै मातृभाषामा वा नेपालीमा सजिलो ढङ्गले भन्दै जान्छ । अभिव्यक्तिको सरलता, लयको माधुर्य र भावनाको अविरल प्रवाहले गर्दा श्रोता मन्त्रमुग्ध बन्छन् । आफ्ना कुरा सकिएपछि एक्लै वा समूहमा विभाजित भएर गाएपछि गीतमै बिदा मागेर गाउने व्यक्ति आफ्नो बाटो लाग्छन् । उपस्थित सबैको आज्ञा लिई नम्रतापूर्वक हाक्पारे प्रारम्भ गरिन्छ :

एऽऽऽ नबोलेसम्म को हो न को हो

बोलेर पछि झन् मायामोह

नदेखेसम्म को हो न को हो

देखेर पछि लोभैमा लाग्ने

यो आँखा लोभी यो मनै पापी

आँखाले देख्यो भावीले लेख्यो ।

(चूडामणि बन्धु, नेपाली लोक साहित्यबाट साभार)

सुनाइ पाठ १५

## फूलको कथा

एक दिन
अनायास यौटा फूल हरायो
सारा फूलहरू रोए
असङ्ख्य भावुक फूलहरूको जीवन
दुःखमा डुब्यो ।

अर्को दिन
अर्को फूल हरायो
फूलको संसारभरि हाहाकार मच्चियो
सारा फूलहरू आगो भए ।

फूलहरू नेता भए
किसान भए
मजदुर भए
अफसोच ! फूलले फूललाई नै शोषण गर्न
सुरु गऱ्यो !

कवि फूलहरूले विद्रोह गरे
न्याय र समानताका कविता लेखे
मुक्ति र स्वतन्त्रताका कविता लेखे
शोषित फूलहरू जुरमुराए
उठाए हतियार र भिरे आआफ्ना कम्मरमा
असङ्ख्य फूलहरू फूलहरूबाटै सहिद भए
सारा फूलबारी रङ्गियो
प्रभाती किरणले ।

श्रवण मुकारुङ

सुनाइ पाठ १६

## कागको काम

काग ! काग ! काग !

सुबोल बोल !

काग छानामा बसी पल्याकपुलुक हेर्दै थियो । बुढी आमाले देखिहालिन्, आँप ठुङ्ने दाउ गर्दै छ ।

उनले जति हा हा गरे पनि कागले टेरपुच्छर लाएन । त्यहाँ नजिकै भँगेरा थियो । भँगेराले चिरबिर चिरबिर गर्दै कागलाई भन्यो, "चोरेर पनि खानु हुन्छ ? ए काग दाइ तपाईंको काम त फोहोर सफा गर्ने हो नि । तपाईंलाई काग काग भनेर बोलाएको वेला आउने गर्नोस् न अनि बुढी आमैले पातमा भात दिन्छिन् । किन चोरेर खाने ? चोरेर, ठगेर, कामै नगरी खानेलाई त लुच्चो, फटाहा, भ्रष्ट, चोर भन्छन् । लुटेर, चोरेर खानु हुँदैन ।"

पहिला पहिलाका मान्छेले आफूले खाना खानुअघि पातमा भात हालेर आफ्नै हातले बाहिर डिलमा राखेर काग काग भनेर बोलाउँथे र भात दिन्थे । अहिले खोइ त दिँदैनन् । हामी मान्छेको बारी, बगैँचा, आँगनका फोहोर टिपेर सफा गर्छौं । सर्प आयो भने, बाँदर आयो भने हामी कराएर मान्छेलाई सूचना दिन्छौँ । कोही पाहुना टाढाबाट आएकोमा पनि हामी काग काग भन्दै घर नजिक कराएर थाहा दिन्छौँ । बुढी आमैले सुबोल सुबोल त भन्छिन् तर भात दिँदै दिन्नन् । अनि पेट भर्नुपर्‍यो । त्यसैले यो आँप काँचो छ कि पाकेको भनेर हेर्न ठुङेको । खाएको त छैन नि ।

भँगेरालाई कागको कुरा ठिक लाग्यो । उसले पनि कागसँग गुनासो गर्दै भन्यो, "पहिला पहिला आँगनमा धान सुकाउँथे, तोरी चुट्थे र हामी खान पाउँथ्यौँ । अहिले त्यस्तो गरेको देखिँदैन, हामीलाई त परिवार पाल्नै गाह्रो भो । घर बनाउँदा हामी बस्ने प्वाल पनि बनाउँथे, राख्थे, हामी मान्छेको नजिकका साथी थियौँ तर अहिले कसैले विचारै गर्दैनन् ।" कागले थप्यो, "त्यही त भन्या । हामी पनि अग्लो रुखमाथि सिन्का छेस्का जे जे भेटिन्छ, भाँचेर लगी सुकेको साना हाँगाबिँगा भिँजा टुक्राटाक्री रुखमै बसेर गुँड बनाउँथ्यौँ । अहिले रुख त्यति छैन । ठुलो रुख त छँदै छैन । ठुलो रुख दुर्लभ भयो अनि कहाँ घर बनाउनु ? सानो रुखमा गुँड बनाउँदा बदमासहरूले हिर्काइहाल्छन् । कोही कोही खराब मान्छे पनि बाँदर भएका छन् ।"

भँगेराले भन्यो, "त्यही त भन्या । हामी त सहरमा बस्नै छोडिसक्यौँ । तिमी पनि अब बस्न सक्दैनौ । खाना नदिएपछि चोरेर खानु पर्‍यो । चोरेको देखे ढुङ्गाले हान्छन्, घाउचोट लाग्छ । अनि के गर्ने ?" काग, त्यही त भन्या । घाउ चोटपटक लागे अस्पतालमा इन्जेक्सनले घोच्दा दुख्छ । घाउ भएर औषधी गर्नुभन्दा घाउ नै नहुने गर्नुपर्छ । किन इन्जेक्सन दिने ?"

रामकुमार पाँडे